वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित,
बहुभाषी राष्ट्रिय दैनिक

हाम्रो गौरव, राष्ट्रको पत्रिका

# गोरखापत्र

gorkhapatraonline.com

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।




राष्ट्रिय संस्करण | विचार | चिनियाँ आधुनिकीकरण | अर्थतन्त्रको अवस्था फेर्ने गरी नयाँ बजेट १४

वर्ष १२३ | अङ्क १५ | २०८० साल जेठ ७ गते आइतबार | ज्येष्ठ शुक्ल द्वितीया | नेपाल संवत् ११४३ तछलाथ्व २ | 2023 May 21 Sunday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ

## ‘श्रमिक र तल्लो वर्गलाई राहत प्राथमिकतामा’



प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’

जनताको भरोसा र विश्वास रहेसम्म जस्तोसुकै घेराबन्दी र दबाब झेलेर पनि सुशासन र समृद्धिको पक्षमा सरकार अघि बढ्छ ।

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ ६ गते*

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले सरकारले श्रमिक र तल्लो वर्गलाई राहत दिने विषयलाई प्राथमिकता दिएको बताउनुभएको छ। अखिल नेपाल ट्रेड युनियन महासङ्घका नवनिर्वाचित पदाधिकारीको पदस्थापन तथा शपथग्रहण कार्यक्रममा शुक्रबार उहाँले आर्थिक वर्ष २०८०/८१ का लागि प्रस्तुत नीति र कार्यक्रमले उत्पादन र रोजगारी सिर्जना गर्ने विषयलाई उच्च प्राथमिकता दिएको र बजेटमार्फत थप सम्बोधन गरिने बताउनुभयो। उहाँले उत्पादन वृद्धि र रोजगारी सिर्जनामा वर्तमान सरकार दृढ रहेको पनि उल्लेख गर्नुभयो।

उहाँले गणतन्त्र निरङ्कुशतन्त्र र राजतन्त्रभन्दा गुणात्मक ढङ्ले राम्रो रहेको बताउँदै सङ्घीय लोकतान्त्रिक गणतन्त्रको घोषणापछि सबै क्षेत्रमा उल्लेख्य प्रगति हासिल भएको उल्लेख गर्नुभयो। झन्डै साढे दुई सय वर्षसम्म राजतन्त्रले देशलाई कङ्गाल पारेको, विकृति र विसङ्गति, सांस्कृतिक विचलन धेरै नै ल्याएको उल्लेख गर्दै उहाँले गणतन्त्रपछि विकास र समृद्धि, शिक्षा, स्वास्थ्य सबै क्षेत्रमा प्रगति भएको बताउनुभयो।

सरकारले ठुला दबाब र घेराबन्दीका बाबजुद सुशासनको पक्षमा काम गरिरहेको पनि स्पष्ट पार्नुभयो। नक्कली भुटानी शरणार्थी प्रकरणको अनुसन्धान त्यसैको एउटा पाटो भएको बताउँदै यो मात्रै नभई भ्रष्टाचारका सबै फाइल खोलिने जानकारी दिनुभयो।

» बाँकी पृष्ठ २ मा

### मिलेनियम च्यालेन्ज कर्पोरेसन

# औपचारिक काम भदौदेखि थालिने



*तस्बिर : उपप्रधानमन्त्रीको सचिवालय*

**उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठसँग एमसिसीका उपाध्यक्ष जोनाथन ब्रुक्स शनिबार शिष्टाचार भेट गर्नुहुँदै ।**

जग्गा अधिग्रहणको काम सुरु भयो, १० जिल्ला छोएर जाने ३१५ किलोमिटर प्रसारण लाइनका लागि जग्गा प्राप्ति ऐन अनुसार सुरु भएको जग्गा अधिग्रहणको प्रक्रिया अनुसार अबको तीन महिनाभित्र मूल्य निर्धारण कार्य सम्पन्न हुने छ ।



**खड्गबहादुर विष्ट,** कार्यकारी निर्देशक, एमसिसी

**चाँदनी हमाल**
*काठमाडौँ, जेठ ६ गते*

अमेरिकी सहयोग नियोग मिलेनियम च्यालेन्ज कर्पोरेसनसँगको सम्झौता अनुसार नेपालमा गठित मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समितिले प्रारम्भिक काम थालेको छ। नेपालसँग ५० करोड डलर (करिब ५० अर्ब रुपियाँ) बराबरको एमसिसी सम्झौता सन् २०१७ मा भएको हो।

एमसिसी र सरकारबिच भएको सहमति अनुसार ५० करोड अमेरिकी डलरमा नेपाल सरकारले १३ करोड अमेरिकी डलर परिचालन गर्नुपर्ने छ। यस अनुसार कुल ७१ अर्ब नेपाली रुपियाँ बराबरको खर्च विकासमा हुने छ। संसद्बाट परियोजना अनुमोदित भएसँगै नेपालमा कामको थालनी भएको समितिका कार्यकारी निर्देशक खड्गबहादुर विष्टले बताउनुभयो। हालसम्म पूर्वतयारीका कामको प्रक्रिया जारी छ। उहाँले भन्नुभयो, “जग्गा अधिग्रहणको काम सुरु भयो, १० जिल्ला छोएर जाने ३१५ किलोमिटर प्रसारण लाइनका लागि जग्गा आवश्यक छ।”

जग्गा प्राप्ति ऐन अनुसार सुरु भएको जग्गा अधिग्रहणको प्रक्रिया अनुसार अबको तीन महिनाभित्र जग्गाको मूल्य निर्धारण कार्य सम्पन्न हुने उहाँले बताउनुभयो। अर्को कामका रूपमा परियोजना निर्माणकर्ताको छनोट प्रक्रिया सुरु भएको जानकारी उहाँले दिनुभयो। प्रतिस्पर्धाका आधारमा छनोट हुने

» बाँकी पृष्ठ २ मा

## बुढामगरद्वारा सगरमाथा आरोहण

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ ६ गते*

आत्मबल भए संसारमा असम्भव भन्ने कुरा नरहेको रोल्पाका हरि बुढामगरले साबित गरिदिनुभएको छ। घुँडामाथिसम्म दुवै खुट्टा गुमाउनुभएका पूर्वगोरखा सैनिकसमेत रहनुभएका बुढामगरले कृत्रिम खुट्टा (प्रोस्थेटिक) को सहयोगमा सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गर्नुभएको छ।

चैत २२ गते सगरमाथा आरोहणका लागि काठमाडौँबाट आधार शिविरतर्फ लाग्नुभएका उहाँले शुक्रबार दिउँसो ३ बजे सगरमाथाको दक्षिणी मोहडाबाट सगरमाथा आरोहण गर्नुभएको हो। शारीरिक अशक्त भएका व्यक्ति पनि कमजोर

» बाँकी पृष्ठ २ मा




## अनुसन्धान प्रतिवेदन तयार

अनुसन्धानमा संलग्न प्रहरी अधिकारीका अनुसार पीडितको सङ्ख्या झन्डै नौ सयको हाराहारीमा रहेको र सङ्गठित गिरोहले एक अर्ब रुपियाँभन्दा बढी रकम ठगी गरेको पाइएको छ ।

**मित्र भण्डारी**
*काठमाडौँ, जेठ ६ गते*

नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाई अमेरिका पठाउने गिरोहबारे प्रहरीले झन्डै दुई महिना लगाएर तयार पारेको अनुसन्धान प्रतिवेदन आइतबार जिल्ला सरकारी वकिलको कार्यालयमा बुझाउने तयारी गरेको छ। पीडितहरूको उजुरीका आधारमा नेपाल प्रहरीले चैत १२ गतेदेखि नक्कली भुटानी शराणार्थी प्रकरणको अनुसन्धान सुरु गरेको थियो।

**नक्कली भुटानी शरणार्थी प्रकरण**

जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता सीताराम रिजालले अनुसन्धानमा देखिएका कतिपय विषयमा थप प्रमाणसहित पूरक प्रतिवेदन पेस गर्ने गरी अनुसन्धान प्रतिवेदन बुझाउने तयारी भइरहेको जानकारी दिनुभयो। यस प्रकरणमा प्रहरीले पूर्वउपप्रधानमन्त्री, पूर्वगृहमन्त्री, तत्कालीन गृहसचिवसहित १६ जनालाई नियन्त्रणमा लिएर अनुसन्धान सुरु गरेको थियो। २०७९ चैत १२ गते ललितपुरका सानु भण्डारी, मोरङका केशव दुलाल र टङ्क गुरुङलाई पक्राउ गरी अनुसन्धान सुरु गरिएको थियो।

अनुसन्धानका क्रममा सागर राई र सन्देश शर्मा पक्राउ परेसँगै फेलापरेका प्रमाणका आधारमा तत्कालीन गृहमन्त्री र गृहसचिवसहित ठूलो गिरोहको मिलेमतो देखिएको थियो। वैशाख १९ गते इन्द्रजित राई र २० गते पूर्वगृहसचिव टेकनारायण पाण्डेको बयानसँगै रकम लेनदेनको प्रमाणका आधारमा वैशाख २७ गते पूर्वगृहमन्त्री बालकृष्ण खाण र उहाँका सहयोगी नरेन्द्र केसीलाई प्रहरीले नियन्त्रणमा लिएको थियो। वैशाख २० गते पक्राउ पुर्जी जारी भएपछि फरार भएका पूर्वउपप्रधानमन्त्री तथा नेपाल कम्युनिस्ट पार्टी (एमाले) का सचिव (निलम्बित) टोपबहादुर रायमाझीलाई वैशाख ३१ गते र संविधान सभा सदस्य आङ्टावा शेर्पालाई जेठ १ गते पक्राउ गरिएको थियो।

त्यस्तै नेपाल हज कमिटीका अध्यक्ष शमशेर मियाँ र भुटानी मानव अधिकारकर्मी नेता टेकनाथ रिजाललाई जेठ ४ गते पक्राउ गरिएको थियो। पक्राउ परेका १६ जनालाई अनुसन्धान प्रतिवेदनसहित आइतबार जिल्ला सरकारी वकिलको कार्यालयमा बुझाउने तयारी भएको छ।

परिसर स्रोतका अनुसार पक्राउ पुर्जी जारी भएपछि फरार रहेका रामबहादुर थापा ‘बादल’का छोरा प्रतीक थापा, इन्द्रजित राईका छोरा निरज राई प्रत्यक्ष रूपमा रकम लेनदेनमा संलग्न रहेको र अन्य १४ जनाको भूमिका बिचौलिया र सहयोगीको रहेको पाइएको छ।

छुट भएका भुटानी शरणार्थीलाई तेस्रो मुलुकमा पुनर्स्थापना गराउने योजना अनुरूप

» बाँकी पृष्ठ २ मा




### क्यान अब नियामक र सेवा प्रदायक

# दुई विधेयक कानुन मन्त्रालयमा

**मीनराज भण्डारी**
*काठमाडौँ, जेठ ६ गते*

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) लाई नियामक निकाय र सेवा प्रदायक संस्थाका रूपमा विभाजन गर्ने दुई विधेयकको मस्यौदा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पुगेको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार प्राधिकरणलाई नियामक र सेवा प्रदायक संस्थाका रूपमा टुक्र्याउने गरी तयार पारेको विधेयकको मस्यौदा अध्ययन र स्वीकृतिका लागि कानुन मन्त्रालयमा पठाइएको हो।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव सुरेश अधिकारीले अहिले मुलुकको हवाई क्षेत्रलाई नेपाल नागरिक उड्डयन प्राधिकरण ऐनले नियमन गरिरहेको र छुट्टाछुट्टै

इयुले प्राधिकरणको वर्तमान संस्थागत संरचनालाई नियामक र सेवा प्रदायक छुट्टाछुट्टै निकायका रूपमा विभाजनलाई अनिवार्य सर्त मान्दै आएको छ ।

ऐनमार्फत सेवा प्रदायक र नियमनकारी निकायका रूपमा नियमन गराउने विधेयक कानुन मन्त्रालयमा पुगेको जानकारी दिनुभयो।

“हाल उड्डयन क्षेत्रको सञ्चालन र नियमन एउटै निकायले गर्दै आएको छ,” उहाँले भन्नुभयो, “यही कारण देखाएर युरोपेली सङ्घ (इयु)ले नेपाली वायुसेवालाई कालोसूचीमा राख्दै आएकाले छुट्टाछुट्टै ऐन निर्माणका लागि विधेयक अध्ययन तथा स्वीकृतिका लागि कानुन मन्त्रालयमा पुगेको छ।”

उहाँले नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक र नेपाल हवाई सेवा प्राधिकरण विधेयक कानुन मन्त्रालयबाट स्वीकृत भएपछि मन्त्रीपरिषद् हुँदै संसद्मा लगिने जानकारी दिनुभयो।

२०७० मङ्सिर २० गतेदेखि नेपालका सम्पूर्ण वायुसेवाका विमान इयुअन्तर्गतका मुलुकमा उडान गर्न प्रतिबन्धित छन्। इयुले प्राधिकरणको वर्तमान संस्थागत संरचनालाई नियामक र सेवा प्रदायक छुट्टाछुट्टै निकायका रूपमा विभाजनलाई अनिवार्य सर्त मान्दै आएको छ। इयुको मुख्य चासो प्राधिकरण ऐन र यसले लिने संरचनागत परिवर्तनमा केन्द्रित रहँदै आएपछि एक दशकदेखि नेपालमाथिको प्रतिबन्ध हट्न सकेको छैन। इयुको

» बाँकी पृष्ठ २ मा

# मन्त्री निवास चाँडो सक्न ताकिता

कोभिड-१९ को महामारी तथा निर्माण कार्य सुरु भएयता पटक पटक भएका निर्वाचनका कारण निर्धारित समयमा निर्माण सम्पन्न हुन नसकेको दाबी

**भउचप्रसाद यादव**
*भैँसेपाटी (ललितपुर), जेठ ६ गते*



तस्बिर : गोरखापत्र

**सहरी विकासमन्त्री सीता गुरुङ शनिबार आवास आयोजनाको स्थलगत निरीक्षण गर्नुहुँदै ।**

ललितपुरको भैँसेपाटीमा निर्माणाधीन राष्ट्रिय सभाका अध्यक्ष र उपाध्यक्ष, प्रतिनिधि सभाका उपाध्यक्ष, सङ्घीयमन्त्री निवास, प्रदेश प्रमुख र मुख्यमन्त्रीहरूको आवास तथा सम्पर्क कार्यालय निर्माण अझै सम्पन्न हुन सकेको छैन। दुई वर्षभित्र निर्माण सक्ने गरी सङ्घीयमन्त्री निवासका लागि सहरी विकास मन्त्रालय र निर्माण कम्पनीबिच २०७६ कातिक २७ गते र प्रदेश प्रमुख तथा मुख्यमन्त्रीको आवास तथा सम्पर्क कार्यालय निर्माणको सम्झौता २०७६ असोज २७ गते भएको थियो।

ती निवासको निर्माण सम्पन्न गर्न यसअघि तीन/तीन पटक निर्माण अवधि थपिसकिएको छ । यस वर्षको वैशाखमा तेस्रो पटक थप गरिएको म्याद भदौसम्म छ । २०७९ सालको आमचुनावअगावै मन्त्रीहरूको सरकारी निवास पुल्चोकबाट भैँसेपाटी सार्ने तयारी थियो तर निर्माण सम्पन्न हुन नसक्दा मन्त्री निवास स्थानान्तरण गर्ने सरकारको योजना सफल हुन सकेन। सहरी विकास तथा भवन विभाग मातहतको विशेष भवन निर्माण आयोजना समन्वय कार्यालयका निर्देशक माचाकाजी महर्जनले कोभिड-१९ को महामारी तथा निर्माण कार्य सुरु भएयता पटक पटक भएका निर्वाचनका कारण निर्धारित समयमा निर्माण सम्पन्न हुन नसकेको र पटक पटक म्याद थप गर्नु परेको तर्क गर्नुभयो।

ढिलो हुन गएको समयलाई समेत व्यवस्थापन गर्दै कामलाई तीव्रता दिन निर्माण कम्पनीहरूलाई ताकिता गरिएको र अहिले सोही अनुसार काम भइरहेको निर्देशक महर्जनका अनुसार आयोजनाको मुख्य संरचनाको काम सम्पन्न गरी 'फिनिसिङ' तथा भित्री बाटो निर्माणको काम भइरहेको छ। ती आवासको अहिलेसम्मको भौतिक प्रगति ९० र आर्थिक प्रगति ७० प्रतिशत छ।

उहाँका अनुसार मन्त्री निवास अन्तर्गत कुल २७ वटा भवन निर्माण भइरहेका छन्। जसमध्ये २४ वटा मन्त्रीका लागि, दुई वटा राष्ट्रिय सभाका अध्यक्ष तथा उपाध्यक्षका लागि र एउटा सङ्घीय प्रतिनिधि सभाको उपाध्यक्ष निवासका लागि निर्माण भइरहेका छन्। यो निवास ९६ रोपनी क्षेत्रफलमा निर्माण भइरहेको छ।

त्यसैगरी प्रदेश प्रमुख र मुख्यमन्त्रीको आवास तथा सम्पर्क कार्यालय निर्माण कुल २७ रोपनी १२ आना क्षेत्रफलमा भइरहेको छ। सात वटै प्रदेश प्रमुख र मुख्यमन्त्रीका लागि सात वटा भवन निर्माण भइरहेका छन्। एउटा भवनको निर्माण क्षेत्रफल साढे चार आना रहेको छ। काठमाडौँ उपत्यकाको परम्परागत सम्भाता र शैलीमा यी भवनको निर्माण भइरहेको बताइएको छ।

२०७५ मङ्सिर १७ गते बसेको मन्त्रीपरिषद् बैठकले प्रधानमन्त्री, प्रदेश प्रमुख, मुख्यमन्त्री, राष्ट्रिय सभाका अध्यक्षसहित मन्त्रीहरूका लागि आवास निर्माण गर्ने निर्णय गरेको थियो । सोही निर्णय अनुसार हेलिप्याड, हेल्थ क्लब, ग्रोसरी, कम्युनिटी हल, व्यवस्थापन कार्यालय, स्विमिङपुल र पार्किङसहितको सो आवास क्षेत्रको निर्माण भइरहेको छ। कुल दुई अर्ब सात करोड ४७ लाख रुपियाँको लागतमा यी आवासको निर्माण भइरहेको हो। हाल मन्त्री निवास रहेको पुल्चोकमा २०२८ सालमा १४ वटा र २०५४ सालमा पाँच वटा भवन निर्माण गरिएको थियो।

### छिटो काम सम्पन्न गर्न मन्त्रीको निर्देशन

यसैबिच सहरी विकासमन्त्री सीता गुरुङले शनिबार यी आवास आयोजनाको स्थलगत निरीक्षण गरी छिटो काम सम्पन्न गर्न सम्बन्धित निकाय र निर्माण कम्पनीलाई निर्देशन दिनुभएको छ। भवन निर्माणको प्रगतिबारे जानकारी लिँदै उहाँले निर्माण व्यवसायीलाई सम्झौताबमोजिम बाँकी काम यथाशक्य छिटो पूरा गर्न निर्देशन दिनुभयो।

मन्त्री गुरुङले समयमा काम नसकिए सरकारले म्याद थपिहाल्छ भन्ने मान्यताबाट काममा ढिलासुस्ती नगर्न निर्माण व्यवसायीलाई सचेत गराउनुभयो। उहाँले भन्नुभयो, "बेलामा काम सक्यो भने तपाईंहरूलाई पनि ढुक्क हुन्छ। सरकारको पनि एउटा योजना पूरा हुन्छ। बरु कामदारको सङ्ख्या बढाउनुस्। दिनरात गरेर भए पनि काम गर्नुस् तर सम्झौताबमोजिम यथाशक्य काम सम्पन्न गर्नुहोस्।"

मन्त्री गुरुङले भवन निर्माण क्षेत्र वरपरका स्थानीयवासीहरूसँग समेत छलफल गर्नुभयो । भवन निर्माणसँगै आसपासको सडक निर्माण, ढल निर्माणलगायतका योजनामा समेत सरकारले लगानी गरिदिनुपर्ने माग स्थानीयवासीको छ । उहाँले स्थानीयवासीका माग सुनेपछि ती मागबारे आवश्यक समन्वय गरेर काम अघि बढाउने आश्वासन दिनुभयो । मन्त्री गुरुङसहित सहरी विकास मन्त्रालयका सचिव रवीन्द्रनाथ श्रेष्ठ, सहरी विकास तथा भवन निर्माण डिभिजनका महानिर्देशक सुरेन्द्रमोहन श्रेष्ठलगायतको टोलीले आयोजनाको स्थलगत अनुगमन गर्नुभएको थियो।

# भ्रष्टाचार नियन्त्रण अभियान सुरु

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ ६ गते*



**सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मा**

सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सरकारले सुशासन प्रत्याभूतिका लागि भ्रष्टाचार नियन्त्रण अभियान सुरु गरेको बताउनुभएको छ। प्रेस सेन्टर नेपाल, प्रतिष्ठान प्रदेश समितिको शनिबार सम्पन्न वार्षिक साधारण सभामा उहाँले जनअपेक्षा पूरा गर्ने गरी सरकारले कामकारबाही अघि बढाएको स्पष्ट पार्नुभयो।

सरकारले गरेका काम जनतामाझ लैजान सञ्चार माध्यमको महत्त्वपूर्ण भूमिका हुने चर्चा गर्दै सञ्चारमन्त्री शर्माले भन्नुभयो, "सरकारले राम्रो कामको सुरुवात गरेको छ। जे जति काम भएका छन्, ती माओवादी केन्द्रका मन्त्रीहरू भएकाले सम्भव भएका हुन्।" सङ्घीय लोकतान्त्रिक गणतन्त्रसहितका उपलब्धिमाथि प्रहार गर्ने क्रम बढिरहेकोमा प्रतिगमनविरुद्ध एक हुन आग्रह गर्नुभयो। उहाँले भन्नुभयो, "गणतन्त्र, समावेशिता, सङ्घीयतामाथि चौतर्फी आक्रमण भइरहेको छ। यो व्यवस्थामाथि प्रहार गर्नेविरुद्ध एक हुनु आवश्यक छ।"

उहाँले सरकारको नीति तथा कार्यक्रमले सञ्चार क्षेत्रलाई थप व्यवस्थित गर्न खोजेको बताउनुभयो। "सरकारले नीति तथा कार्यक्रम ल्याएको छ, सञ्चार माध्यमलाई ज्ञानको उद्योगका रूपमा विकास गर्ने भनेका छौँ," उहाँले भन्नुभयो, "समानुपातिक विज्ञापनलाई कार्यान्वयन गर्ने भनेका छौँ। पत्रकारिता क्षेत्रलाई थप व्यवस्थित बनाउन लागिरहेका छौँ।"

बागमती प्रदेश सभा सदस्य सरल सहयात्री पौडेलले तथ्यमा आधारित रहेर जनताको पक्षमा कलम चलाउन आग्रह गर्दै पेसागत जिम्मेवारी, दक्षता हेरेर कर्म गर्न सुझाव दिनुभयो। प्रेस सेन्टर नेपालका इन्चार्ज महेश्वर दाहालले राष्ट्रियता र उत्पीडित वर्गलाई केन्द्रमा राखेर पत्रकारिता गरिनुपर्ने बताउनुभयो। प्रेस सेन्टरका अध्यक्ष विष्णु सापकोटाले नकारात्मक पत्रकारिताको प्रवृत्ति बढिरहेको अवस्थामा पत्रकारले त्यसलाई चिर्न सक्नुपर्ने चर्चा गर्नुभयो।

# व्यवस्थित सहरी योजना निर्माण हुने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ ६ गते*

सङ्घ, प्रदेश र स्थानीय तहको समन्वयमा उपत्यकाको एकीकृत सहरी योजना निर्माण गरिने

उपत्यकाका महानगरपालिका र नगरपालिकाको सहभागितामा एकीकृत संयन्त्र निर्माण गरी सहरी विकास योजनाका कार्यक्रम सञ्चालन गरिने भएको छ।

सरकारले प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रममा उपत्यकाको एकीकृत विकासका लागि १८ वटै नगरपालिकाको सहभागितामा एकीकृत संयन्त्र निर्माण गरी व्यवस्थित सहरी योजना बनाउने उल्लेख गरिएको छ।

साबिक स्थानीय तह पुनर्संरचना आयोगले सरकारलाई बुझाएको प्रतिवेदनमा पनि उपत्यकाको एकीकृत विकास गर्नका लागि उपत्यकामा मेट्रोसिटी निर्माण गर्न सरकारलाई सुझाव दिएको थियो। त्यसपछि २०७४ सालमा भएको स्थानीय तहको निर्वाचनपछि उपत्यकाका सबै नगरपालिका प्रमुख र उपप्रमुख सम्मिलित उपत्यका नगरपालिका फोरम निर्माण गरिएको थियो । उक्त फोरमले उपत्यकाको एकीकृत विकासका लागि सहरी योजना बनाउन पटक पटक छलफल गरे पनि योजना बन्न सकेको थिएन।

गत चैतमा ललितपुर महानगरपालिका प्रमुख चिरीबाबु महर्जनको अध्यक्षतामा उपत्यका एकीकृत सहरी योजना निर्माण गर्नका लागि नगरपालिका फोरम निर्माण गरिएको थियो। फोरमका महासचिव एवं चन्द्रागिरि नगरपालिका प्रमुख घनश्याम गिरीले उपत्यका नगरपालिका फोरमको योजना अनुसार नै सरकारले उपत्यकाको एकीकृत संयन्त्रण निर्माण गरी एकीकृत सहरी योजनासम्बन्धी नीति तथा कार्यक्रममा उल्लेख गर्नु स्वागतयोग्य भएको बताउनुभयो।

उहाँले भन्नुभयो, "अब उपत्यका नगरपालिका फोरमलाई थप कार्यक्रम अगाडि बढाउनसमेत सहयोग पुगेको फोरमले सङ्घ, प्रदेश र स्थानीय तहको समन्वयमा उपत्यकाको एकीकृत सहरी योजना निर्माण गरिने छ।"

उहाँका अनुसार उपत्यकामा देखिएका फोहोरमैला व्यवस्थापन, पर्यटकीय पूर्वाधारको विकास, ट्राफिक समस्याको समाधान, खानेपानीको उपलब्धता, सांस्कृतिक सम्पदाको संरक्षण, उत्पादित कृषियोग्य जमिनको संरक्षण गर्ने एकीकृत सहरी योजनामा समावेश गरिने छ।

त्यस्तै तरकारी बजारको व्यवस्थापन, उपत्यकाका सबै नगरपालिकामा करको दर र दायरा फरक फरक भएकाले करको दर तथा दायरामा एकरूपता कायम गर्नेलगायतका सामूहिक समस्याको सामूहिक रूपमा सामाधान गर्दै उपत्यकाका दिगो सहरी विकासका लागि उपत्यकाका एकीकृत सहरी विकास योजना सञ्चालन गर्न सकिने बताउनुभयो।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सहरी विकास मन्त्रालयसमेतको सहभागितामा उपत्यकाको एकीकृत सहरी विकास योजनासम्बन्धी कार्य निर्माण गर्नुपर्ने र त्यसपछि सहरी विकासको योजना अगाडि बढ्ने जनाएको छ।

## औपचारिक काम...

कम्पनी नेपालमा काम गर्ने गरी पाँच महिनाभित्र उपस्थित भइसक्ने छन्। आगामी भदौदेखि एमसिसी परियोजनाको कार्यान्वयन औपचारिक रूपमा सुरु हुने गरी तयारी तीव्र बनेको विष्टले बताउनुभयो। भदौदेखि नै नेपालले परियोजना सम्पन्न गर्न सम्झौता अनुसार पाएको पाँच वर्षको अवधिको सुरुवात हुने छ।

नेपालसँग भएको सम्झौताका केही पूर्वसर्त भने नेपालले बनाउन लागेको विद्युत् प्रसारण लाइनसँग आबद्ध छन्। जस अनुसार नेपालले ऊर्जा र सडक गरी दुई परियोजनालाई प्राथमिकतामा राखेको छ। पहिलोमा लप्सीफेदीदेखि नवलपरासीको नेपाल–भारत सिमानासम्मको ३१२ किलोमिटरको प्रसारण लाइन १० जिल्लामा जोडिन्छ। यसो हुँदा स्थानीय तहसँग जोडिएर काम गर्नुपर्ने चुनौती समितिसँग छ।

ऊर्जा व्यापार सहजीकरणसम्बन्धी अन्तरदेशीय प्रसारण लाइन र सडकको रणनीतिक स्तरोन्नतिलाई नेपालले अघि सारेको छ। सम्झौता अनुसार एमसिसीको सहायता रकमसँगै नेपाल सरकारको सहलगानी र कार्यान्वयनको दायित्व रहने छ। विशेष गरेर विद्युत् प्रसारण लाइन र सडक मर्मतमा परियोजनाकेन्द्रित हुने छ।

एमसिसीसँग भएको सम्झौता द्विपक्षीय भए पनि नेपालले प्रस्ताव गरेको प्रसारण लाइनको परियोजना अन्तरदेशीय भएकोले भारतको समेत अनुमति लिएर काम गर्नुपर्ने हुन्छ।

### 'कार्यान्वयनमा सरकारले सघाउँछ'

उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठसमक्ष अमेरिकी सहयोग नियोग मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी)का उपाध्यक्ष जोनाथन ब्रुक्सले शनिबार शिष्टाचार भेट गर्नुभयो। नेपालमा एमसिसी परियोजनाको कार्यान्वयनको विषयमा बुझ्न उहाँ नेपाल भ्रमणमा आउनुभएको हो। उहाँ युरोप, एसिया, प्रशान्त र ल्याटिन अमेरिका क्षेत्रको परियोजना कार्यान्वयन हेर्ने उपाध्यक्ष हुनुहुन्छ।

परियोजनाका लागि नेपालस्थित मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समितिले स्वामित्व लिएर काम थालेको छ। उपप्रधानमन्त्री श्रेष्ठसँग उपाध्यक्ष ब्रुक्सले सम्झौता अनुसार काम सम्पन्न गर्न परियोजनाका लागि आवश्यक जग्गा प्राप्ति, सुरक्षा र समन्वयनको काममा सहयोग उपलब्ध गराइदिन आग्रह गर्नुभयो।

जवाफमा उपप्रधानमन्त्री श्रेष्ठले एमसिसी परियोजना समयमै सम्पन्न हुने गरी अघि बढाउन गृह मन्त्रालय र मातहतका प्रशासनिक निकायको आवश्यक सहयोग हुने आश्वासन ब्रुक्ससहितको प्रतिनिधिमण्डललाई दिनुभयो।

गृहसचिव दिनेश भट्टराईले भेटमा उपप्रधानमन्त्री श्रेष्ठको भनाइ उद्धृत गर्दै परियोजनाका लागि मन्त्रालयका तर्फबाट पर्याप्त र आवश्यक सहयोग उपलब्ध गराउने प्रतिबद्धता जनाउनुभएको जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "परियोजनाका आगामी गतिविधिमा मूल रूपमा प्रमुख जिल्ला अधिकारी संलग्न भई गर्नुपर्ने काम जग्गा प्राप्ति, परियोजनालाई उपलब्ध गराउनुपर्ने सुरक्षा तथा समन्वयको क्षेत्रमा गृह मन्त्रालयको तर्फबाट हुन सक्ने सहयोगका लागि आग्रह गर्नुभएको छ।"

उहाँका अनुसार परियोजनाको सफल कार्यान्वयन, समयमै सम्पन्न गर्ने गरेर कार्यान्वयन गर्न मन्त्रालयको प्रशासन र प्रमुख जिल्ला अधिकारीबाट पर्याप्त र आवश्यक सहयोग हुने आश्वासन उपप्रधानमन्त्री श्रेष्ठले दिनुभएको हो।

## अनुसन्धान प्रतिवेदन...

२०७६ वैशाखमा कार्यदल गठन भएको थियो तर सो कार्यदलको प्रतिवेदनमा नै अनुसूची थपेर नेपाली नागरिकको समेत नाम थपी अमेरिका लैजाने गिरोहको योजनामा यो घटना भएको हो।

तत्कालीन गृहमन्त्री रामबहादुर थापा 'बादल'को निर्देशनमा पूर्वसहसचिव बालकृष्ण पन्थी संयोजक तथा गणेशबहादुर केसी विज्ञ र दीपकप्रसाद न्यौपाने सदस्यसचिव रहेको कार्यदलले तत्कालीन गृहमन्त्री रामबहादुर थापा 'बादल'लाई बुझाएको प्रतिवेदन नै हेरफेर गरी रकम असुली गरेको अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ।

अनुसन्धानमा संलग्न प्रहरी अधिकारीका अनुसार पीडितको सङ्ख्या झन्डै नौ सयको हाराहारीमा रहेको र सङ्गठित गिरोहले एक अर्ब रुपियाँभन्दा बढी रकम ठगी गरेको पाइएको छ।

# गौतमको अनशन स्थगित

**मुकुन्द सुवेदी**
*बर्दिया, जेठ ६ गते*

सरकार र अनशनरत सांसद सञ्जयकुमार गौतमबिच शनिबार ११ बुँदे सहमति भएको छ। सहमतिपछि सांसद गौतमले अनशन तोड्नुभएको छ । सरकारका तर्फबाट भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले अनशनरत गौतमलाई जुस खुवाउनुभएको थियो।

सांसद गौतमले जब्दीघाटमा पुल निर्माण, राष्ट्रिय गौरवको बबई सिँचाइ आयोजना तोकिएकै समयमा सम्पन्न गर्नका लागि बजेटको सुनिश्चितता, बबई नदी तटबन्ध निर्माण कार्यमा निरन्तरता हुनुपर्नेलगायत विभिन्न १५ सूत्रीय माग राख्दै बबई नदीस्थित जब्दीघाट पुलमुनि आठ दिनदेखि आमरण अनशन बस्नुभएको थियो।

सहमतिमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसँग सम्बद्ध रहेका माग पूरा गर्नका लागि तत्काल अगाडि बढ्ने र बाँकी अन्य मागका सम्बन्धमा सम्बन्धित विषयगत मन्त्रालयसँग छलफल तथा प्रक्रियागत कार्य पूरा गरी अगाडि बढ्ने उल्लेख छ।

भौतिक पूर्वाधारमन्त्री ज्वालाले सांसद गौतमको मागबमोजिम जब्दीघाटमा भत्किएको पुलको संरचना हटाई त्यसकै आसपासमा नयाँ पुल निर्माणका लागि एक महिनाभित्र ठेक्का प्रक्रियामा जाने बताउनुभयो।

उहाँले भन्नुभयो, "बहुचर्चित र अति विवादित पुलबारे कुरा आएपछि सबैभन्दा बढी हाम्रो मन्त्रालयलाई दबाब परेको छ। त्यसैले पनि सक्रियता देखाएर सहमति गर्न यहाँ आयौँ।" निर्माण कम्पनी पप्पु कन्स्ट्रक्सनले २०६५ सालदेखि निर्माण सुरु गरेको पुल करिब १० वर्षपछि सम्पन्न भएको थियो। ४२५ मिटर लम्बाइको उक्त पुल १६ करोड ६८ लाख रुपियाँको लागतमा २०७४ सालमा सम्पन्न भएको थियो।

## श्रमिक र...

पुँजीबजारसँग सम्बन्धित सेटिङलाई भत्काएको, राजस्व वृद्धि गर्न त्यसलाई सुदृढ गर्न लागेको, विप्रेषण वृद्धि गर्न गम्भीर कदम चालेको, विदेशमा रहेका लाखौँ श्रमिकको जीवन र भविष्य सुनिश्चित गर्न सामाजिक सुरक्षा कोषमा आबद्धता गरेको उहाँले बताउनुभयो। प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, "हामीले काम गर्दै जाँदा धेरै खालका अप्ठ्यारा छन्। सुशासन र आर्थिक समृद्धिका पक्षमा, मुख्य त भ्रष्टाचारविरुद्ध कदम चालेको हुनाले जनतामा निकै आशा र भरोसाको सञ्चार भएको छ। जस्तोसुकै अप्ठ्याराहरू सामना गरेर अघि बढ्न सरकारको शक्तिको स्रोत भनेकै जनताको विश्वास र भरोसा हो।"

प्रधानमन्त्री प्रचण्डले जनताको भरोसा र विश्वास रहेसम्म जस्तोसुकै घेराबन्दी र दबाब झेलेर पनि सुशासन र समृद्धिको पक्षमा सरकार अघि बढ्ने बताउनुभयो। शेरबहादुर देउवा र केपी ओलीसँगको आफ्नो छलफल संसद् सञ्चालनको विषयमा हुने गरेको स्पष्ट पार्दै प्रधानमन्त्रीले भन्नुभयो, "सदनलाई कसरी प्रभावकारी रूपमा सुचारु गर्ने भन्नेमै हाम्राबीच छलफल भएको हो।"

सङ्घीय लोकतान्त्रिक गणतन्त्रमाथि हिलो छ्याप्ने कोसिस हुने गरेको भन्दै परिवर्तनका पक्षमा फेरि एकचोटि सहकार्यको आवश्यकता हुन सक्छ भनेर आफूहरू छलफलमा बस्ने गरेको प्रधानमन्त्रीको भनाइ थियो। उहाँले एक अर्को प्रसङ्गमा छिमेकी मुलुक भारतको भ्रमणमा केही नयाँ रेकर्ड बनाउने गरी तयारी भएको बताउनुभयो।

## बुढामगरद्वारा...

हुँदैनन् भन्ने आत्मविश्वास आफूजस्तै अन्य साथीमा जगाउनका लागि आरोहणमा जानुभएका उहाँले घुँडामाथिसम्म खुट्टा गुमाएका पहिलो आरोहीका रूपमा विश्व कीर्तिमान कायम गर्नुभएको छ। उहाँले चार जना सहयोगीको मद्दतमा आरोहण पूरा गर्नुभएको हो। पर्यटन विभागका अनुसार घुँडामुनि खुट्टा नभएका उहाँ तेस्रो आरोही हुनुहुन्छ। यसअघि चिनियाँ पर्वतारोही सिया बोयू र न्युजिल्यान्डका मार्क इङ्ग्लिसले तिब्बती मोहडाबाट सगरमाथाको आरोहण गर्नुभएको थियो।

बेलायती सेनामा कार्यरत रहेका बेलामा सन् २०१० मा अफगानिस्तानको लडाइँमा दुवै खुट्टा गुमाउनुभएका बुढामगर कृत्रिम खुट्टाको सहारामा सगरमाथा आधार शिविरसम्म पदयात्रा गर्ने र आधार शिविरबाट 'स्काई ड्राइभिङ' गर्ने पहिलो व्यक्तिसमेत हुनुहुन्छ।

## दुई विधेयक...

मुख्य चासोबीच ती दुई विधेयक गत वर्ष संसद्मा दर्ता नभई फिर्ता भएका थिए। अहिले वायुसेवा कम्पनी, विमानचालक, एयर ट्राफिक कन्ट्रोलर र हवाई सेवासँग सम्बन्धित विभिन्न निकायलाई अनुमति दिने र विमानस्थल सञ्चालन, एयर ट्राफिक कन्ट्रोलरलगायतका सेवा दिने काम नेपाल नागरिक उड्डयन प्राधिकरणले गर्दै आएको छ। छुट्टाछुट्टै ऐन बने देशभरका सबै विमानस्थलको निर्माण, सञ्चालन, मर्मत तथा व्यवस्थापनको काम सेवा प्रदायकतर्फ नेपाल हवाई सेवा प्राधिकरणले गर्ने छ।

त्यस्तै समग्र हवाई सेवाको नियमन, कम्पनी तथा वायुयान दर्ता, उडान अनुमति, हवाई दुर्घटना छानबिनलगायतका पक्षको नियमन नेपाल नागरिक उड्डयन प्राधिकरणले गर्ने छ। अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आइकाओ) ले गत भदौमा प्राधिकरणलाई बुझाएको सेफ्टीसम्बन्धी अडिट प्रतिवेदनमा सेवा प्रदायक र नियामकको काम छुट्टाछुट्टै निकायबाट हुनुपर्ने विषय उठाएको थियो। सेवा दिने र नियमन पनि एउटै निकायले गर्दा प्रभावकारी काम नहुने भन्दै आइकाओले प्राधिकरण छुट्टिनुपर्ने विषय बारम्बार उठाउँदै आएको छ।

यसैबिच संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले युरोपेली सङ्घद्वारा नेपाली आकाशलाई कालोसूचीबाट हटाई सिधा उडान गर्न पहल गर्ने सम्बन्धमा नेपालस्थित बेलायतका राजदूत निकोला पोलिटसँग छलफल भएको जनाउनुभएको छ।


**सुदूरपश्चिम विश्वविद्यालय**
**सेवा आयोगको कार्यालय**
**महेन्द्रनगर, कञ्चनपुर**

**उपप्राध्यापक पदको परीक्षा मिति सारिएको सम्बन्धी सूचना**

**मितिः २०८०/०२/०५**

सुदूरपश्चिम विश्वविद्यालयबाट प्रकाशित सूचना अनुसार विज्ञापन नं. १ देखि २१/२०७९/०८० सम्म आवेदन गर्ने विभिन्न विषयका उपप्राध्यापक पदको लिखित परीक्षा मिति २०८०/०२/१३, १४ र १५ गते तोकिएकोमा विशेष कारणवस सो मितिमा परीक्षा सञ्चालन हुन नसक्ने देखिएकाले उक्त लिखित परीक्षा मिति २०८०/०२/२७, २८ र २९ गते सञ्चालन हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । परीक्षाको विस्तृत तालिका आयोगको वेबसाइट https://www.servicecomission.fwu.edu.np मा हेर्न सकिने छ । परीक्षाको प्रवेश पत्र आयोगको वेबसाइटमा लगइन गरी मिति २०८०/०२/१० गतेपछि प्रिन्ट गर्न सकिने छ । कुनै कारणवस प्रवेशपत्र प्रिन्ट हुन नसकेमा आयोगको कार्यालयमा सम्पर्क गर्नु हुन समेत सूचित गरिन्छ। लिखित परीक्षामा आउँदा प्रवेशपत्रका साथै नागरिकता प्रमाणपत्रको सक्कल प्रति ल्याउनु पर्ने छ।

**सेवा आयोग**



**कृषि तथा वन विज्ञान विश्वविद्यालय**
**कृषि सङ्काय**
**डिनको कार्यालय**
**रामपुर, चितवन, नेपाल**

**क्याटलग सपिङ विधिबाट जेनेरेटर खरिद सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८०।०२।०६**

यस सङ्कायका लागि आवश्यक डिजेल जेनेरेटर (१२५ के.भी.) थान १ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा १ (क८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम ३१ ख बमोजिम क्याटलग सपिङ विधिबाट खरिद कार्य गर्नुपर्ने भएको हुँदा इजाजत प्राप्त उत्पादक वा अधिकृत बिक्रेताले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र नवीकरण भएको इजाजत पत्र, आयकर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रहरू र आ.व. २०७८।०७९ को कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि समेत राखी उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ) खरिद गर्ने कार्यविधि, २०७४ को दफा ८ बमोजिम सूची दर्ता गर्नहुन यो सूचना प्रकाशित गरिएको छ। रीत नपुगी वा म्याद नाघी आएको सूची उपर कुनै कारबाही हुनेछैन। थप जानकारीका लागि यस सङ्कायको वेबसाइट www.afu.edu.np वा सूचना पाटीमा हेर्नहुन समेत अनुरोध गराइन्छ।

**डिन**



**काठमाडौँ महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**

**सिलबन्दी प्रस्ताव आह्वानको सूचना**

**सूचना नं.:- 15- ENV-KMC-079-80**
**सूचना प्रकाशन मिति : २०८०।०२।०७**

यस कार्यालयबाट तपसिल बमोजिमको सेवा खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त फर्म, संस्था वा कम्पनीले आफ्नो फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणपत्र, स्थायी लेखा नं./मू.अ.क. दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र का.म.पा. को NIC Asia बैंकमा रहेको काठमाडौँ महानगरपालिका, खरिद एकाइ, खाता नं. ००१२०५००६१४७५०४३ मा दस्तुर बापतको रु. २०,०००।– (पछि फिर्ता नहुने गरी) जम्मा गरी सोको भौचर सहितको निवेदन संलग्न गरी वातावरण व्यवस्थापन विभाग, कमलादीबाट खरिद गरिएको दरखास्त फाराम रीतपूर्वक भरी बैंक जमानत बापतको रकम नगद का.म.पा. को NIC Asia बैंकमा रहेको काठमाडौँ महानगरपालिका, डिपोजिट एकाउन्ट, खाता नं. ००१२०५००६१४९३००५ मा जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वित्तीय संस्थाबाट जारी भएको बैंक जमानत पत्र संलग्न गरी मिति २०८०।०३।०५ गते दिनको १२:०० बजेभित्र का.म.पा., वातावरण व्यवस्थापन विभागमा सिलबन्दी प्रस्ताव दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। दर्ता भएका प्रस्ताव सोही दिन दिउँसो १४:०० बजे खरिद एकाइमा खोलिनेछ।

| ठेक्का नं. | विवरण | प्रस्ताव फाराम दस्तुर (रु.) | बैंक जमानत रकम (रु.) | प्रस्ताव फाराम बुझाउने अन्तिम मिति | प्रस्ताव फाराम खोलिने मिति |
|---|---|---|---|---|---|
| 15-21-OS-079-080-ENV-KMC | Hiring of Cleaning Persons at KMC | २०,०००/– (बीस हजार मात्र) | ३२,००,०००/– (बत्तीस लाख मात्र) | २०८०/०३/०५ १२:०० बजे | २०८०/०३/०५ १४:०० बजे |

**वातावरण व्यवस्थापन विभाग**

# अलपत्र बन्यो प्रदेश गौरवको आयोजना



मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयको निर्माणाधीन सभा हल ।

**राममणि दाहाल**
*हेटौँडा, जेठ ६ गते*

बागमती प्रदेश सरकारको पहिलो कार्यकालमा सुरु भएका ठुला योजना अधुरा र अलपत्र पर्ने क्रम बढ्दै गएको छ। प्रदेशका अन्य जिल्लामा मात्र होइन, प्रदेश राजधानी रहेकै जिल्लामा निर्माण सुरु भएका प्रदेश सरकारका ठुला लगानीका पूर्वाधार निर्माण योजना अलपत्र बनेका छन् ।

त्यो पनि मुख्यमन्त्री कार्यालयको नजिकै रहेको प्रदेश सरकारले गौरवको आयोजनाको रूपमा अगाडि बढाइएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको सभा हलको निर्माण अढाई वर्षदेखि अलपत्र बनेका हो। प्रदेश सभाको भवन निर्माण सुरु भएको लामो समय भइसक्दा पनि अझै पूर्णता पाउन सकेको छैन।

मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयको सभा हल निर्माण स्थल हेटौँडा उपमहानगरपालिका कार्यालय र प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयको बिचमा रहेको छ। मुख्यमन्त्री कार्यालयबाट एक मिनेटमा पुगिने सभा हल निर्माण स्थल अगाडिको बाटो भएर मुख्यमन्त्री, मन्त्री, प्रमुख सचिवलगायतका उच्च अधिकारी दैनिक आवतजावत गर्छन् तर तोकिएको समयमा निर्माण पूरा नहुँदासमेत कुनै चासो र सरोकारको विषय बन्न सकेको छैन।

मन्त्रीपरिषद् कार्यालयको सभा हल १८ महिनामा पूरा गर्ने गरी २०७७ मङ्सिर १० गते हेटौँडा उपमहानगरपालिका कार्यालयले भोगचलन गर्दै आएको हेटौँडा–२ मा शिलान्यास गरिएको थियो। निर्माण कम्पनी संरक्षण इन्जिनियरिङ कन्स्ट्रक्सन जेभीले शिलान्यासको समयमा तोकिएको समयमा निर्माण पूरा गर्ने बताए पनि अहिलेसम्म सभा हलको डिपीसी गरी फलामे पोल मात्रै ठड्याइएको छ।

तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले सभा हल शिलान्यास गर्दै प्रदेश राजधानी हेटौँडामा ठुला कार्यक्रम आयोजना गर्न सुविधा सम्पन्न सभा हल आवश्यक रहेकाले यो सभा हल निर्माणले गर्न लागिएको बताउनुभएको थियो। तर पौडेलपछि तीन जना मुख्यमन्त्री बन्नुभए पनि सभा हल निर्माण अधुरै रहेको छ। यस अवधिमा एक जना राज्यमन्त्री र चार जना भौतिक पूर्वाधार विकासमन्त्री फेरिइसक्नुभएको छ। हल निर्माण नहुँदा अझै प्रदेशका साना कार्यक्रमसमेत महँगा होटलमा गरिन्छ।

निर्माण कम्पनीका कारण लामो समयदेखि अलपत्र बनेको भन्दै भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतको सहरी विकास तथा भवन कार्यालयले निर्माण कम्पनीमाथि कारबाही प्रक्रिया अगाडि बढाउने तयारी गरिरहेको जनाइएको छ। सहरी विकास तथा भवन कार्यालयका प्रमुख घनश्याम श्रेष्ठले निर्माण कम्पनीका कारण सभा हल समयमा निर्माण हुन नसकेको दाबी गर्नुभयो। निर्माण कम्पनीले सरकारसँग पेस्की रकम लिएर पनि सम्झौता र प्रतिबद्धता अनुसार काम नगरेको भन्दै उहाँले विभिन्न बहानाबाजी गरेर तोकिए अनुसारको काम नगर्दा अहिले समस्या देखिएको गोरखापत्रलाई बताउनुभयो।

## निर्माण कम्पनी म्याद थप्ने मेसोमा

सम्झौता अनुसार तोकिएको समयमा काम सम्पन्न गर्न नसकेको निर्माण कम्पनी संरक्षण इन्जिनियरिङ कन्स्ट्रक्सन जेभी पछिल्लो समय म्याद थप्ने प्रयासमा लागेको छ। निर्माण कम्पनी र कार्यालयबिच १८ महिनामा काम सम्पन्न गर्ने गरी २०७७ कात्तिक १७ गते निर्माण सम्झौता भएको थियो। मूल्य अभिवृद्धि करसहित पाँच करोड २६ लाख ८३ हजार ३६० रुपियाँको लागतमा निर्माण गर्ने गरी सम्झौता भएको सभा हलको हालसम्मको भौतिक प्रगति २५ प्रतिशतभन्दा कम रहेको कार्यालय प्रमुख श्रेष्ठले बताउनुभयो।

निर्माण कम्पनीले गरेको काममा समेत सुरुदेखि गुणस्तरमाथि प्रश्न उठ्दै आएको छ। निर्माण सम्झौताअनुसार काम नभएको र गुणस्तरहीन काम भएको भन्दै निर्माण कम्पनीको कामप्रति प्रश्न उठाइएको हो।

कार्यालय प्रमुख श्रेष्ठले भन्नुभयो, “निर्माण कम्पनीले आफ्नै कारणले निर्माणको काममा ढिलाइ भएको भन्दै आगामी असार मसान्तसम्ममा निर्माणको काम सम्पन्न गर्ने प्रतिबद्धतासहित म्याद थपका लागि कागजपत्र लिएर आएको छ, हामी स्वीकार गर्ने पक्षमा छैनौँ, कारबाही प्रक्रिया अगाडि बढाएका छौँ।”

गोरखापत्रसँगको कुराकानीमा श्रेष्ठले म्याद थप नगर्ने र कारबाही प्रक्रिया अगाडि बढाउने क्रममा निर्माण कम्पनीको बैङ्कमा रहेको धरौटी रोक्कालगायतका लागि प्रक्रिया अगाडि बढाइएको जानकारी दिनुभयो। निर्माण कम्पनीले कार्यालयबाट ७५ लाख रुपियाँ पेस्की र अहिलेसम्मको कामबापतको ४७ लाख ५४ हजार रुपियाँ भुक्तानी लगिसकेको छ।

## उपमहानगर आफैँ बनाउने तयारीमा

मन्त्रीपरिषद् कार्यालयको सभा हल समयमा निर्माण नभएपछि जग्गा उपलब्ध गराएको हेटौँडा उपमहानगरपालिकाले आफ्नै लगानीमा संरचना निर्माणको तयारी थालेको छ। उपमहानगरले प्रदेश सरकारलाई हल निर्माण गर्न निर्णय नभई सहमतिपत्रसहित २०७७ वैशाख १८ गते पत्राचार गरेको थियो। हल निर्माणको खर्च प्रदेशले गर्ने, कार्यक्रम हुँदा प्रयोग गर्ने र हलको रेखदेख उपमहानगरले गर्ने सहमतिसहित जग्गा उपलब्ध गराइएको थियो। समयमा काम नभएको र भएको कामसमेत गुणस्तरीय नभएको भन्दै उपमहानगरले आफूलाई आवश्यक संरचना निर्माण गर्ने निर्णय गरेको छ।

हेटौँडा उपमहानगरपालिकाका प्रवक्ता सविन न्यौपानेले प्रदेश राजधानीमा हल अभाव भएको र हेटौँडामा प्रदेश राजधानी टिकाउनुपर्ने अवस्था रहेकाले प्रदेश सरकारलाई जग्गा उपलब्ध गराइएको बताउँदै तीन वर्ष हुँदासमेत काम पूरा नभएकाले जग्गा फिर्ता गराउने र उपमहानगरलाई आवश्यक पूर्वाधार निर्माण गर्ने निर्णयमा पुगेको जानकारी दिनुभयो।

“गत माघ २९ गते उपमहानरको कार्यपालिका बैठकले हल निर्माणाधीन ११ कट्ठा १६ धुर जग्गा उपमहानगरको स्वामित्वमा ल्याउन प्रक्रिया अगाडि बढाइएको छ। प्रदेशले हलका लागि बनाएको संरचना कमजोर र गुणस्तरहीन पाइयो, जग कमजोर छ, बिम चर्केका छन्, पूरै भत्काएर बनाउनुपर्ने हुन्छ तर निर्माण कम्पनीले मानेको छैन, त्यसैले थप संरचना बनाउन दिने पक्षमा छैनौँ,” प्रवक्ता न्यौपानेले भन्नुभयो। उहाँले भूमिगत पार्किङसहित विषगत शाखाका लागि बहुउपयोगी हुने गरी आफैँले भवन निर्माण गर्न लागेको जानकारी दिनुभयो।

# ‘सुशासन समृद्धिको पूर्वसर्त’



**बनेपा समाचारदाता**
*काभ्रेपलाञ्चोक, जेठ ६ गते*

उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले मुलुकलाई कमिसन र भ्रष्टाचारको जालोबाट मुक्त गर्नुपर्ने बताउनुभएको छ। शनिबार धुलिखेलमा आयोजित प्रेस सेन्टर नेपाल बागमती प्रदेश समितिको वार्षिक साधारण सभालाई सम्बोधन गर्दै उहाँले कमिसन र भ्रष्टाचारलाई अन्त्य नगरेसम्म मुलुकको सामाजिक र आर्थिक रूपान्तरणको अभियान अगाडि बढाउन नसकिने बताउनुभयो।

गृहमन्त्री श्रेष्ठले सरकारले भ्रष्टाचारको जालोलाई फोड्ने गरी काम गर्नुपर्ने आवश्यकता औँल्याउँदै भ्रष्टाचारको नियन्त्रणसहितको सुशासनको स्थापना समृद्धिको पूर्वसर्त रहेको बताउनुभयो। उहाँले विकास र समृद्धिको लक्ष्य र सहिदको सपना पूरा गर्न, समाजवादको आधार तयार पार्न भ्रष्टाचारीलाई कारबाही एवं भ्रष्टाचार नियन्त्रण गरी सुशासन स्थापना गर्नुपर्ने बताउनुभयो।

“विगतमा हामीबाट भएका कमीकमजोरीको आत्मसमीक्षा र दृढ सङ्कल्प गर्दै प्रभावकारी ढङ्गले अगाडि बढ्ने प्रतिबद्धतासहित कसैसँग कुनै सम्झौता नगरी, निर्दोष नफसोस्, कुनै दोषी, अपराधी नछुटोस् भन्ने मान्यतामा काम गर्दै छौँ,” गृहमन्त्री श्रेष्ठले भन्नुभयो। उहाँले भ्रष्टाचार, कमिसन, तस्करी, कालोबजारी र ठगीमा संलग्न भएका जुनसुकै पार्टीका नेता तथा कार्यकर्तालाई नछोडिने बताउँदै भ्रष्टाचारीलाई कारबाही गर्ने काम चुनौतीपूर्ण भए पनि सरकार आफ्नो कदमबाट पछि नहट्ने बताउनुभयो।

उहाँले भन्नुभयो, “सरकारसँग राष्ट्रिय सार्वभौमसत्ता, राष्ट्रियता, राष्ट्रिय सुरक्षालाई बलियो बनाउने, लोकतन्त्रको उपलब्धिको रक्षा, शान्ति प्रक्रियाको बाँकी काम पूरा गर्ने र सामाजिक, आर्थिक रूपान्तरणको माध्यमबाट मुलुकको समृद्धिको यात्रा तय गर्नुपर्ने चार कार्यभार रहेको छ।”

कार्यक्रममा बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री गङ्गानारायण श्रेष्ठले प्रदेश सरकारले प्रदेशभित्रका सञ्चार माध्यमलाई कार्यविधि बनाएर लोककल्याणकारी विज्ञापन उपलब्ध गराउँदै आएको बताउनुभयो। उहाँले सङ्घीय सरकारलाई जनताले चिन्न नसकेको बताउँदै प्रदेश सरकारलाई संविधानमा उल्लेख गरिएका अधिकारसमेत नदिएर प्रदेशलाई निष्क्रिय बनाउने काम भइरहेको आरोप लगाउनुभयो। उहाँले सङ्घीय सरकारले गाँजालाई औषधीका रूपमा परिभाषित गर्नुपर्ने र स्थानीय कोदोको रक्सीलाई ब्रान्डिङ गरेर देशको अर्थतन्त्र बलियो बनाउन लाग्नुपर्ने बताउनुभयो।

# मिल्क एनालाइजर प्रदान

**भरतपुर समाचारदाता**
*चितवन, जेठ ६ गते*

भरतपुर महानगरपालिकाले महानगरभित्रका दुई दुग्ध सहकारी संस्थालाई मिल्क एनालाइजर हस्तान्तरण गरेको छ। भरतपुर–२० को लक्ष्मीदेवी दुग्ध सहकारी संस्था र भरतपुर–१५ को किसान कल्याण दुग्ध सहकारी संस्थालाई मिल्क एनालाइजर सेट हस्तारण गरिएको महानगर सहकारी शाखा प्रमुख रामबाबु पौडेलले जानकारी दिनुभयो।

महानगर प्रमुख रेनु दाहालले सम्बन्धित सहकारीका प्रतिनिधिलाई शुक्रबार मिल्क एनालाइजर सेट हस्तान्तरण गर्नुभएको हो। एनालाइजर सेटमा डिजिटल तराजु, कम्प्युटर, प्रिन्टर, इन्भर्टर तथा एनालाइजर उपकरण रहेका छन्। उक्त एनालाइजर दुधको गुणस्तर र शुद्धता मापन गर्न प्रयोग गरिन्छ। ल्याक्टोमिटरबाट दुधको शुद्धता परीक्षण गर्दा धेरै समय खर्चिनुपर्ने र झन्झटिलो भएकाले नयाँ प्रविधिको मिल्क एनालाइजर प्रयोगमा आएको हो। यसको प्रयोगबाट तुरुन्तै दुधको शुद्धता, पानीको मात्रा, फ्याट, प्रोटिनलगायत पत्ता लगाउन सकिन्छ।



मिल्क एनालाइजर प्रदान गर्दै भरतपुर महानगरपालिका प्रमुख रेनु दाहाल ।

राष्ट्रको सञ्चार
नेपाल टेलिकम

**नेपाल टेलिकम**
**नेपाल दूरसञ्चार कम्पनी लिमिटेड**
**प्रादेशिक निर्देशनालय काठमाडौँ**
**बागमती प्रदेश, त्रिपुरेश्वर, काठमाडौँ**

**निर्माण कार्य सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**सिलबन्दी दरभाउपत्र नं. NDCL/PD-KTM/SQ-08/2079-80**
**(प्रथम पटक प्रकाशित मिति : २०८०।०२।०७)**

यस निर्देशनालय अन्तर्गत दू.सं.का. सिन्धुलीको परिसरमा पुरानो भवन भत्काउने, मर्मत गर्ने, नयाँ भवन बनाउने तथा कम्पाउन्ड वालको उचाइ बढाउने आदि निर्माण कार्य सिलबन्दी दरभाउपत्र प्रक्रियाबाट गराउनुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त योग्य इच्छुक नेपाली निर्माण व्यवसायीहरूलाई सिलबन्दी दरभाउपत्र पुस्तिकाको अधीनमा रही रीतपूर्वकको सिलबन्दी दरभाउपत्र पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. सिलबन्दी दरभाउपत्र पुस्तिका दस्तुर रु.३,०००।०० (रु.तीन हजार मात्र, फिर्ता नहुने गरी) यस निर्देशनालयको Siddhartha Bank Limited, New Road, Kathmandu Branch मा रहेको खाता नं. **००४०६७९०१६०** मा रकम जम्मा गरेको सक्कल बैंक भौचर सहित लिखित निवेदनको साथमा इजाजत प्रमाणपत्र, फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/७९ को आयकर चुक्ता गरेको प्रमाणपत्रहरू नोटरीबाट प्रमाणित गराइएका प्रतिलिपिहरू संलग्न गरी निर्देशनालयबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५औँ दिनको कार्यालय समयभित्र खरिद गरी १६औँ दिन, दिनको ११:४५ बजेसम्म यस निर्देशनालयमा दर्ता गराइसक्नुपर्नेछ।
२. सिलबन्दी दरभाउपत्र फाराम दर्ता गर्दा खाम बाहिर नेपाल टेलिकम, प्रादेशिक निर्देशनालय काठमाडौँ, बागमती प्रदेश, त्रिपुरेश्वर, काठमाडौँलाई सम्बोधन गरी निर्माण कार्यको विवरण प्रस्ट उल्लेख गर्नुपर्नेछ।
३. सिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन, दिनको १२:०० बजे यस निर्देशनालयमा सिलबन्दी दरभाउपत्र दाता वा निजका प्रतिनिधिको उपस्थितिमा सिलबन्दी दरभाउपत्रहरू खोलिने छ तर निजका प्रतिनिधिहरूको अनुपस्थितिमा समेत सिलबन्दी दरभाउपत्र खोल्न बाधा पुग्नेछैन।
४. म्याद नाघी आएको, रीत नपुगेको वा सर्त राखी पेस भएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारबाही गरिनेछैन।
५. सिलबन्दी दरभाउपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन बिदा पर्न गएमा त्यसको लगत्तै कार्यालय खुलेको दिन क्रमशः सिलबन्दी दरभाउपत्र खरिद गर्न र दर्ता गर्न सकिनेछ।
६. सिलबन्दी दरभाउपत्र पेस गर्दा सिलबन्दी दरभाउपत्र साथ रु. १,०५,५००।०० को धरौटी बापतको रकम सिद्धार्थ बैंक लिमिटेड, न्युरोड शाखामा रहेको यस निर्देशनालयको धरौटी खाता नं. **००४०६७९०१६०** मा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त ‘क’ वर्गको वाणिज्य बैंकबाट दरभाउपत्र दर्ता गर्ने अन्तिम मितिले कम्तीमा ९० दिनको म्याद रहेको यस निर्देशनालयको नाममा जारी सक्कल बैंक जमानी पत्र (Bid Security) अनिवार्य संलग्न हुनुपर्नेछ।
७. कुनै सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कम्पनीमा सुरक्षित रहनेछ।

# थोरै राजस्व बुझाउँछन् क्रसर उद्योग

**नमराज सुवेदी**
*नुवाकोट, जेठ ६ गते*



नुवाकोटमा सञ्चालित क्रसर उद्योग ।

अवैध रूपमा सञ्चालन गरेको भन्दै जिल्ला प्रशासन कार्यालय नुवाकोटले ताला लगाएका क्रसर उद्योगमध्ये धेरैजसो अहिले सञ्चालन भइरहेका छन्। गत पुस २० गतको गृह मन्त्रालयको निर्देशनलगत्तै अवैध भनेर बन्द गरिएका क्रसर उद्योग अहिले सञ्चालन भएका हुन्।

नुवाकोट जिल्लामा सञ्चालित ४८ वटा क्रसर तथा बालुवा प्रशोधन उद्योगमध्ये ४५ वटा सञ्चालनमा आएको नुवाकोटका प्रमुख जिल्ला अधिकारी किरण थापाले जानकारी दिनुभयो।

गत माघ १५ गते गृह मन्त्रालयको परिपत्रअनुसार दर्ता भएर सञ्चालनमा रहेका तथा राजस्व बुझाएको कागजातको आधारमा बन्द गरिएको क्रसर उद्योग पुनः सञ्चालनमा ल्याइएको हो।

गृह मन्त्रालयको गत पुसको निर्णय अनुसार ‘दर्ता भएका तर नवीकरण नभएका’ क्रसर उद्योग बन्द गर्ने निर्णयपछि नुवाकोटका सबै क्रसर उद्योग बन्द भएका थिए तर गत माघ १५ गतेको परिपत्रले नवीकरण नभए पनि दर्ता भएका र राजस्व बुझाएका उद्योगलाई सञ्चालन गर्न दिने निर्णयले नुवाकोटका अधिकांश उद्योग पुनः सञ्चालनमा आएका हुन्।

ती उद्योगले जिल्ला प्रशासन कार्यालयमा बुझाएको कागजात अनुसार दर्ता भए पनि अधिकांशको धेरै वर्षदेखि नवीकरण नभएको र रावस्व पनि निकै कम बुझाएको पाइएको छ।

४८ मध्ये तीन क्रसर उद्योगले आवश्यक कागजात बुझाउन बाँकी रहेको जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत सुरेश श्रेष्ठले जानकारी दिनुभयो। उहाँका अनुसार सञ्चालनमा आएकामध्ये ४० वटा व्यावसायिक प्रयोजन र पाँच वटा विकास निर्माणका आयोजनाको प्रयोजनका लागि स्थापना भएको देखिन्छ। केहीले वार्षिक कारोबार एक लाख रुपियाँभन्दा बढी देखाएर राजस्व बुझाए पनि अधिकांशले त्योभन्दा कम कारोबार देखाएर कम राजस्व बुझाएको प्रशासकीय अधिकृत श्रेष्ठले जानकारी दिनुभयो तर यी क्रसर उद्योगको दर्तामा करोडौँ रुपियाँको कारोबार गर्ने उल्लेख गरिएको छ।

प्रशासकीय अधिकृत श्रेष्ठले भन्नुभयो, “अस्वाभाविक रूपमा कम कारोबार देखाएर राजस्व कम दाखिला गरेको सम्बन्धमा छानबिन हुने छ।”

# शीतभण्डार प्रयोगविहीन



तस्बिर : बाबुराम शर्मा

शैलुङमा निर्मित शीतभण्डार ।

**दोलखा समाचारदाता**
*दोलखा, जेठ ६ गते*

दोलखाको शैलुङ गाउँपालिका–३, बोथ्लेमा निर्माण गरिएको शीतभण्डार प्रयोग हुन सकेको छैन। बागमती प्रदेश सरकारको छ करोड रुपियाँ लगानीमा निर्माण भएको प्रदेशकै ठुलो तीन सय मेट्रिक टन क्षमताको यो शीतभण्डारमा तरकारी र आलु पकेट क्षेत्रका किसानले उत्पादित वस्तु राख्न चासो नदिएपछि प्रयोगविहीन बनेको हो।

निर्माण सम्पन्न भई शीतभण्डारमा आवश्यक सबै उपकरण जडान भइसकेको छ। किसानले बारीबाट सिधै व्यापारीलाई कृषि उत्पादन बिक्री गरेपछि भण्डार खाली भएको हो। शैलुङ आलु पकेट क्षेत्रका रूपमा रहे पनि किसानले निर्मित भण्डार अपायक स्थानमा बनेकाले राख्न इच्छा नै नदेखाएको स्थानीय मोहनसिंह तामाङले बताउनुभयो। यहाँ उत्पादित किवी र तरकारीसमेत किसानले शीतभण्डारमा राखेका छैनन्।

गाउँपालिकाले निश्चित रकम लिएर किसानलाई भण्डार प्रयोग गर्न दिन सूचना गर्दै आएको छ। भण्डार व्यवस्थापनको कार्यविधि बनाएर सञ्चालनको तयारी भइरहेको सो गाउँपालिकाले जनाएको छ।

बोलपत्र आव्हानको सूचना
श्री स्वदेश उपशाखा, सैनिक सामग्री प्राप्ती निर्देशनालय, संभारस्थी विभाग, जंगी अड्डा

नेपाली सेनाको लागि आवश्यक विभिन्न सामग्रीहरु खरिद्को बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति : २०८०/०२/०७ गते)

१. नेपाली सेनाको लागि आ.ब. ०७९/८० मा आवश्यक पर्ने निम्न अनुसारको सामानहरु e-GP System बाट खरिद गरिने हुंदा ईच्छुक योग्य बोलपत्रदाताहरुको लागि यसै सूचनाद्धारा यो बोलपत्र आव्हान गरिएको छ।

| ठेक्का नं. | सामानको विवरण | परिमाण | बैंक जमानि पेश गर्नुपर्ने ने.रु. | बोलपत्र दस्तुर ने.रु. | प्रि-बिड मिटिङ्ग मिति र समय | बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय | पहिलो पटक सूचना प्रकाशन मिति |
|---|---|---|---|---|---|---|---|---|
| पहिलो पटक सूचना प्रकाशन | | | | | | | | |
| ४२० | Catering Items for UN | विभिन्न | २,५०,०००।- | ३०००।- | २०८०।०२।२१ गतेको १४०० बजे | २०८०।०३।०५ गतेको १२०० बजे | २०८०।०३।०५ गतेको १३०० बजे | - |
| ४२१ | Electric Items and EME Workshop Tools & Equipments | विभिन्न | ७५,०००।- | ३०००।- | | | | - |
| ४२२ | Spare Parts for Ashok Leyland MPV | विभिन्न | ७,२५,०००।- | ५०००।- | | | | - |
| ४२३ | Spare Parts for TATA Vehicles | विभिन्न | १७,३५,०००।- | ५०००।- | | | | - |
| ४२४ | Miscellaneous General Store, Minor Engineering Items, Basic Fire Fighting and Field Defence Store | विभिन्न | २,१०,०००।- | ३०००।- | | | | - |

२. बोलपत्रदाताहरुले www.bolpatra.gov.np/egp सिष्टम मार्फत विड गर्नु हुन र उक्त सिष्टममा अपलोड भएको बोलपत्र सम्बन्धी कागजादमा उल्लेख भए अनुसारको राजश्व/धरौटी खाताहरुमा रकम जम्मा गरी सो को भौचर पेश गर्नु हुन। साथै सो सम्बन्धी थप जानकारीको लागि यस कार्यालयको फोन नं.: ०१-५९७९१२६ मा सम्पर्क गर्नु हुन समेत जानकारी गराईन्छ।



राजनीतिले श्रमजीवी वर्गमा चेतनाको सञ्चार गर्छ, यो चेतनाबाट वर्ग सङ्घर्षको जन्म हुन्छ।
- भी.आई. लेनिन

## सम्पादकीय

# नीति-कार्यक्रमको मर्म

नयाँ आर्थिक वर्ष २०८०/८१ का निम्ति सरकारको नीति तथा कार्यक्रम शुक्रबार संसद्मा प्रस्तुत भएको छ। सरकारका तर्फबाट राष्ट्रपति रामचन्द्र पौडेलले सङ्घीय संसद्को संयुक्त बैठकमा पेस गर्नुभएको नीति तथा कार्यक्रमले विगतको अर्थराजनीतिमा निर्मम समीक्षा गर्दै मुलुकलाई समृद्धि उन्मुख गराउन मार्गचित्र कोर्ने यत्न गरेको छ। त्यस क्रममा नीति तथा कार्यक्रमले संविधान र सङ्घीयताको कार्यान्वयनलाई आधार बनाउँदै अर्थतन्त्रको संरचनागत सुधारमा जोड दिएको छ। न्यून राजस्वले साधन र स्रोतमा परेको चापलाई व्यवस्थापन गर्न सार्वजनिक खर्चको मितव्ययितालाई मुख्य नीतिगत प्राथमिकतामा राखेको छ। गुणस्तरीय पूर्वाधार निर्माण, सार्वजनिक सेवा प्रवाहमा सुधार, भ्रष्टाचार नियन्त्रण, रोजगारी वृद्धि, आर्थिक तथा सामाजिक विभेदको अन्त्य र समावेशी विकासलाई मुख्य नीति बनाइएको छ। नीति तथा कार्यक्रमको प्रयास समग्र विषय समेट्नमा केन्द्रित हुनुलाई सकारात्मक नै मान्नु पर्छ।

न्यून आर्थिक वृद्धि, बेरोजगारी र विकास खर्चको शिथिलता चिर्नु वाञ्छनीय थियो। त्यसैले राष्ट्रिय गौरव र रूपान्तरणकारी योजनालाई मात्र बजेट विनियोजन गरिने सरकारको नीतिगत लक्ष्य छ। यसबाट बजेट छर्ने प्रवृत्ति हट्ने छ। पूर्वतयारी पूरा भएको योजनालाई मात्र बजेटमा समावेश गरिने यसैको प्रतिफल हो। गुणस्तर कायम गरेर निर्धारित समयमा आयोजना सक्ने सरकारको लक्ष्य साधनकै प्रभावकारितामा केन्द्रित देख्न सकिन्छ। आगामी विकास सरकार र निजी क्षेत्रको बलियो साझेदारीबाटै सम्भव देखिएकाले उत्पादन तथा उत्पादकत्व अभिवृद्धि र रोजगारी सिर्जनामा निजी क्षेत्रलाई प्रोत्साहन गरिनु सकारात्मक आयाम हो।

द्वन्द्व समाधानसँगै नयाँ संविधानमार्फत सङ्घीयतामा गई दोस्रो आमनिर्वाचनबाट बनेको वर्तमान सरकार शान्ति प्रक्रिया समाधानमा गम्भीर देखिएको छ। त्यसैले नीति तथा कार्यक्रममार्फत सरकारले शान्ति प्रक्रियाका कामलाई दुई वर्षभित्र पूरा गर्ने प्रतिबद्धता जनाएको छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्रका आधारस्तम्भ संस्थागत गर्दै राज्यका तीनवटै तहमा विधिको शासन कायम गर्ने दिशामा नीतिगत प्रतिबद्धता छ। सुशासन प्रवर्धन गर्न राष्ट्रिय परिचयपत्रलाई आधार बनाउन यसको वितरणलाई अभियानका रूपमा अघि अगाडि बढाइने भएको छ। एक वर्षभित्र सबै नेपालीलाई राष्ट्रिय परिचयपत्र वितरण गरिने छ। तीन वर्षभित्र जग्गाधनी प्रमाण पुर्जा, बैङ्क खाता, स्थायी लेखा नम्बर र सवारी चालक अनुमति पत्र जारी गर्दा अनिवार्य रूपमा राष्ट्रिय परिचयपत्र नम्बर उल्लेख गर्नुपर्ने व्यवस्थाले नागरिकको अधिकार र जिम्मेवारीलाई अर्थतन्त्रका आयामसित जोडिने छ।

नयाँ नीति कार्यक्रममा समग्र विकासका निम्ति केही महत्त्वपूर्ण अवधारणा र नारामा समेत विम्बित छन् 'मेक इन नेपाल, मेड इन नेपाल'नाराले औद्योगीकरणको दिशा निर्धारण गरेको छ। 'ल्याउने, सिकाउने र टिकाउने' अभियान अर्थतन्त्रको विकासमा केन्द्रित छ भने शिक्षाको गुणस्तर बढाउन 'हाम्रो स्कुल बनाऔँ,' राम्रो स्कुल' अभियान अगाडि बढ्ने छ। त्यसैगरी 'हाम्रो सम्पदा, राम्रो सम्पदा'ले ऐतिहासिक सम्पदाको संरक्षण हुने छ। युवा रोजगारीमा 'युवासँग सरकार, हुने छैनन् बेरोजगार' नारासहित पाँच लाख नयाँ रोजगारी सिर्जना गर्ने प्रतिबद्धता छ। आगामी दुई वर्षभित्र सबै घरमा बिजुली पुग्ने प्रतिबद्धता उल्यालो नेपालको अवधारणा हो।

कुनै पनि नीतिको कसी त्यसको कार्यान्वयनमा निर्भर रहन्छ। यो नीति र कार्यक्रम ल्याउनुअघि विधायिकामै आगामी बजेटको प्राथमिकता र सिद्धान्तमा व्यापक बहस भएको थियो। सरकारले सदनभित्र तथा बाहिर भएका यावत् बहस र सुझावका सारलाई नयाँ नीति तथा कार्यक्रममा समेट्ने यत्न गरेको देखिन्छ। यही जेठ १५ गते सरकारले नयाँ आर्थिक वर्षको बजेट संसद्मा प्रस्तुत गर्नुपर्ने संवैधानिक व्यवस्था छ। बजेट पेस गर्नुअघि प्रस्तुत नीति तथा कार्यक्रममा संसद्मा व्यापक विमर्श हुने छ। नीति तथा कार्यक्रम आगामी आर्थिक वर्षको बजेट निर्माणको मूलभूत आधार हुने छ। देशको अर्थतन्त्र सङ्कटपूर्ण अवस्थामा रहेको बेला न्यूनतम साधन र स्रोतले अधिकतम प्रतिफल हासिल गर्ने गरी काम गर्नुपर्ने बाध्यता हुन्छ। नीति तथा कार्यक्रमले त्यो मर्मलाई आत्मसात् गरेको देखिन्छ। अब नीति तथा कार्यक्रमलाई बजेटमा रूपान्तरण गरी लक्ष्य पूरा गर्न अग्रसर हुनुपर्ने छ। विगतमा कतिपय अब्बल नीति तथा कार्यक्रम अनि बजेट आए पनि तिनको कार्यान्वयन फितलो हुँदा मुलुकी सपना अपूरो रहेको छ। समृद्धि सपना पूरा गर्न कार्यमूलक अग्रसरता नै नीति तथा कार्यक्रमको मूल मन्त्र हुनुपर्ने स्पष्टै छ। यो नै नयाँ नीति तथा कार्यक्रमको मूल मर्म हो।

## १०० वर्ष अधिको

## गोर्खापत्र

१९७२ साल श्रावण १८ गते सोमबार



अनाज।
तौलिधान मोरु १ को ।३।६
मसिनुचावल मोरु १ को ।१।२
मार्सि चावल मोरु १ को ।१।४।५
तौलि चावल मोरु १ को ।१।६।५
हकुवा चावल मोरु १ को ।१।७।
रहरको दाल मोरु १ को ।०।७
मासको दालमोरु १ को ।१।४।५

### अनाज.

तौलिधान मोरू १ को ।३।६
मसिनुचामल मोरु १ को ।१।२
मार्सि चामल मोरु १ को ।१।४।५
तौलि चावल मोरु १ को ।१।६।५
हकुवा चामल मोरु १ को ।१।७।
रहरको दाल मोरु १ को ।०।७
मासको दाल मोरु १ को ।१।४।५

### चिन्तन

**जन्मतु द्रव्यरसयो:**
**अन्योन्यापेक्षिकं स्मृतम् ।**
**अन्योन्यापेक्षिकं जन्म**
**यथास्याद्देहदेहिनो: ॥**

प्राणी जन्मेदेखि नै देह (शरीर) र देही (आत्मा) को आपसमा नित्य सम्बन्ध हुन्छ, त्यसैगरी द्रव्य उत्पत्ति भएदेखि द्रव्य र रस (गुण) को सम्बन्ध हुन्छ।

**- सुश्रुत सूत्त**

**लेख प्रतिक्रियाका लागि**
gopafeature@gmail.com
gopashanibar@gmail.com (शनिबारका लागि)

# चिनियाँ आधुनिकीकरण



चेन सङ



आधुनिकीकरण मानव सभ्यताको विकास र प्रगतिको प्रमुख चिह्नको रूपमा आधुनिक काल प्रारम्भ भएदेखि विभिन्न देशका जनताको सङ्घर्षको लक्ष्य बनेको छ। इतिहासलाई फर्केर हेर्दा, पश्चिमेली विकसित मुलुकले केही सय वर्ष लगाएर पूरा गरेको औद्योगीकरणको ऐतिहासिक प्रक्रिया चिनियाँ कम्युनिस्ट पार्टीले चिनियाँ जनताको नेतृत्व गर्दै केही दशकको समयावधिमै सम्पन्न गरी चिनियाँ जाति पिछडिएको अवस्थाबाट सङ्घर्ष गर्दै दुःख कष्टबाट निस्केर समृद्धिमा पुग्ने भाग्य परिवर्तन गरी चिनियाँ शैलीको आधुनिकीकरणको नयाँ मार्ग प्रस्तुत गरेको छ। यो चमत्कार चीनको मात्र होइन, विश्वको पनि हो, यो चमत्कारले विश्वमा धेरै पक्षमा दूरगामी प्रभाव पारेको छ। "जब विश्वमा समानता सुशासन रहन्छ, यो विश्व सबैको साझा बन्न जान्छ।

विश्वको सबैभन्दा ठुलो विकासशील देशको रूपमा चीनले सधैँ सम्पूर्ण विश्वलाई महत्त्व दिँदै आएको छ। हामीले आधुनिकीकरण गर्नु आत्मरति र आत्म प्रशंसाका लागि होइन, हाम्रै देशले सबै कुरामा प्राथमिकता पाउनु पर्छ भन्नका लागि त झनै होइन। हामीले आधुनिकीकरण गर्नु आफ्नो विकासका साथ साथै विश्व शान्तिका लागि अझ बढी सकारात्मक ऊर्जा प्रदान गर्नका लागि र वैश्विक विकासका लागि अझ बढी अवसर प्रदान गर्नका लागि हो।

### शान्तिपूर्ण विकासका लागि नयाँ ऊर्जा

शान्तिपूर्ण विकासको मार्गमा अग्रसर हुनु चिनियाँ शैलीको आधुनिकीकरणको चिनियाँ विशेषतामध्ये एक हो। चीनको विकासको उद्देश्य आफ्नो प्रभुत्व बढाउनु होइन, चिनियाँ संस्कृतिमा 'देश शक्तिशाली भए पछि प्रभुत्ववादी हुने छ' भन्ने अवधारणा नै छैन। चिनियाँ कूटनीति आफ्नो चारित्रिक सामर्थ्यका कारण प्रभुत्ववादसँग भयभीत हुँदैन। सन् २०१८ मा शान्तिपूर्ण विकासको मार्गमा अडिग रहने कुरा चीनले आफ्नो संविधानमा उल्लेख गरी शान्तिपूर्ण विकासको मार्गमा अग्रसर हुने आफ्नो दृढ निर्णय विश्वसामु प्रस्तुत गरेको छ।

नयाँ चीनको स्थापना भएयताका सत्तरीभन्दा बढी वर्षमा चीनले कहिले पनि आफैँ आक्रमक भई कुनै युद्ध अथवा द्वन्द्वको प्रारम्भ गरेको छैन, अरू कुनै पनि देशको एक इन्च जमिन हडपेको छैन। चीनले सक्रिय रूपमा अन्तर राष्ट्रिय सैन्य शक्ति नियन्त्रण, सैनिक सङ्ख्या न्यूनीकरण, आणविक शक्ति विस्तार निषेध आदिको प्रक्रियालाई अघि बढाएको छ। सैन्य शक्ति विस्तारको प्रतियोगिताको विरोध गरी विश्वव्यापी रणनीतिक सन्तुलन र स्थिरताको रक्षा गर्दै अहिले चीन सबैभन्दा बढी शान्ति सेना पठाउने संयुक्त राष्ट्रसङ्घ शान्ति सुरक्षा परिषद्को स्थायी सदस्य र शान्ति सुरक्षा कार्यक्रम गर्न सबैभन्दा बढी रकम दिने दोस्रो देश बनेको छ।

चीन सदैव वस्तुगत सत्यमा विश्वास गर्दछ, संवाद र सरसल्लाहमा जोड दिने गर्दछ। चीनले केही समय अघि साउदी अरबिया र इरानको कूटनीतिक सम्बन्ध पुनर्स्थापना गर्न र अफगनिस्तान समस्या समाधान गर्न सक्रिय भूमिका निभाएको थियो। चीन सदैव स्वतन्त्र एवं सार्वभौम शान्तिपूर्ण पक्षधर रहँदै आएको छ। चीन शान्तिपूर्ण सहअस्तित्वका पञ्चशील सिद्धान्तका आधारमा विश्वका विभिन्न देशसँग मैत्रीपूर्ण सहयोगको सम्बन्ध विकास गर्न चाहन्छ, अन्तर्राष्ट्रिय सम्बन्धका आधारभूत नियमको रक्षा गर्न चाहन्छ, अन्तर्राष्ट्रिय न्याय र सत्यको रक्षा गर्न चाहन्छ र विश्व शान्तिको सबल रक्षक बन्न चाहन्छ।

### विश्वलाई नवीन अवसर प्रदान

चीन सदैव आपसी सम्मान, सहयोग, दुवै पक्षको जितको पक्षमा रहने छ र चीनले आफ्नो विकासको अवसरलाई विश्वको विकासको अवसरमा रूपान्तरण गर्ने छ। चीन विश्वका अन्य देशबिच सौहार्दपूर्ण आदानप्रदान गर्दै आपसी हित र दुवै पक्षको जित हुने परिस्थिति सिर्जना गर्दै अघि बढ्ने छ। चिनियाँ अर्थतन्त्रको धेरै वर्षसम्म स्थिर रूपमा अभिवृद्धि भई विगत दस वर्षमा विश्व अर्थतन्त्रको अभिवृद्धिमा त्यसको योगदान ३० प्रतिशतभन्दा बढी रहेको थियो। विश्वको गरिबी घटाउने र विकास कार्यको संवाहक, परिचालक एवं प्रयोगकर्ताको रूपमा चीनले विकासशील देश, अझ विशेष गरी सबैभन्दा अविकसित देशमा गरिबी निवारणका लागि सक्रिय सहयोग र समर्थन गरेको छ।

बीआरआईको संयुक्त रूपमा निर्माण गर्ने प्रस्तावना प्रस्तुत गरिएको दस वर्षमा ३००० भन्दा बढी परियोजना तयार भइसकेका छन्, करिब १० खर्ब अमेरिकी डलर बराबरको लगानी भइसकेको छ। बीआरआईमा पर्ने देशमा चार लाख २० हजारभन्दा बढी रोजगारीका अवसर सिर्जना गरिएका छन् र धेरै देशमा त्यहाँका जनताको 'रेलमार्गको सपना,' 'ठुलो पुलको सपना,' 'गरिबी निवारणको सपना' आदि साकार भएका छन्।

> चिनियाँ शैलीको आधुनिकीकरणको कपिराइट चीनको हो तर अवसर सम्पूर्ण विश्वको हो। यसबाट चिनियाँ जनता समृद्धिशाली बन्ने छन्, साथै यसले विश्वको साझा विकासलाई पनि अघि बढाउने छ। यसको सफलताले सम्पूर्ण विश्व, सम्पूर्ण मानव जाति, सम्पूर्ण संसारलाई समृद्ध र सुखी बनाउने छ।

वैश्विक विकासको प्रस्तावनालाई १०० भन्दा बढी देश र धेरैवटा अन्तर्राष्ट्रिय संस्थाले समर्थन जनाइसकेका छन्, करिब ७० वटा देशले वैश्विक विकास प्रस्तावनामैत्री सङ्घमा पनि प्रवेश गरेका छन्। यसबाट संयुक्त राष्ट्र सङ्घको २०३० दिगो विकासको लक्ष्य प्राप्तिका लागि महत्त्वपूर्ण ऊर्जा प्राप्त भएको छ। चीनले आपसी हित र दुवै पक्षको जित हुने खुला रणनीतिको अवलम्बन गरी विश्व अर्थतन्त्रको विकासलाई अघि बढाउने छ, अन्य देशसँग संयुक्त रूपमा वैश्विक विकासका लागि नयाँ ऊर्जा निर्माण गरी विकासका उपलब्धिलाई अझ राम्ररी सबै देशका जनतासम्म पुऱ्याउने छ। चिनियाँ शैलीको आधुनिकीकरणले विश्वलाई नयाँ अवसर, नयाँ ऊर्जा, नयाँ योगदान दिई चिनियाँ शैलीको आधुनिकीकरणको विश्वव्यापी महत्त्व र चीनको आफ्नो अन्तर्राष्ट्रिय जिम्मेदारी बोध प्रस्तुत गर्ने छ।

### विकासशील देशलाई एक नयाँ विकल्प प्रदान

चिनियाँ राष्ट्रपति सी चिनफिङले जोड दिएर भन्नुभएको छ, कुनै देशको आधुनिकीकरण प्रक्रिया आधुनिकीकरणका सामान्य नियमसँग मिल्नु पर्दछ, त्यस भन्दा बढी आफ्नो देशको वास्तविक परिस्थितिसँग मेल खाने हुनु पर्दछ, आफ्नो देशको विशेषतायुक्त हुनु पर्दछ। विकासशील देशले आफ्नो देशको परिस्थितिअनुरूप विशेषतायुक्त आधुनिकीकरणको मार्ग निर्माण गर्ने अधिकार र सामर्थ्य पनि रहेको छ। लामो समयदेखि अल्पसङ्ख्यक देशले आधुनिकीकरणबारे बोल्ने अधिकारलाई आफ्नै नियन्त्रणमा राखेर बसेका छन् र उनीहरू आधुनिकीकरण भनेकै पश्चिमेलीकरण हो, आधुनिक सभ्यता भनेकै पश्चिमेली सभ्यता हो भन्ने भ्रम हेर्दै बसेका छन्। चिनियाँ शैलीको आधुनिकीकरणले पश्चिमाको पुँजीलाई सर्वोपरि मान्ने, दुई ध्रुवमा ध्रुवीकरण गर्ने, वस्तुवादको फुस्रो विकासमा जोड दिने, अन्य देशमा आफ्नो प्रभाव विस्तार गरी तिनीहरूको शोषण गर्ने आदि आधुनिकीकरणको पुरातन मार्गको परित्याग गरी विश्वका लागि एक पूर्ण रूपले नयाँ आधुनिकीकरणको मोडेल प्रस्तुत गरेको छ।

चिनियाँ शैलीको आधुनिकीकरणले विश्वका विभिन्न देशको आधुनिकीकरणलाई साकार बनाउने आत्मविश्वास जागेको छ, अझ राम्रो सामाजिक व्यवस्थाबारे अन्वेषण गर्नका लागि मानव जातिलाई चिनियाँ शुभ प्रदान गरेको छ। चिनियाँ विकासको मार्गले सबै विकासशील देशहरूलाई प्रत्येक देशले अविकसित अवस्थाबाट विकास गर्न सक्दछ भनी प्रोत्साहित गरिरहेको छ। बेनिनका राष्ट्रपति तालोले भन्नुभएको छ, चिनियाँ मोडेल, स्वावलम्बन र सुशासनले सबै अविकसित देशहरूलाई प्रोत्साहित गरिरहेको छ किनकि प्रत्येक देश विकास गर्ने सामर्थ्य राख्दछन्।

### मानव जातिको साझा भाग्यको समष्टि निर्माणका लागि नयाँ दिशा निर्देश

मानव जातिको साझा भाग्यको समष्टिको निर्माण चिनियाँ शैलीको आधुनिकीकरणको मूलभूत लक्ष्य हो। वर्तमान अवस्थामा विश्वले नयाँ अस्थिर परिवर्तनको युगमा प्रवेश गरेको छ, धेरै प्रकारका सङ्कट र विश्वव्यापी चुनौती एक साथ देखा परिरहेका छन्, यसबाट मानव जातिको साझा भाग्यको समष्टिको निर्माणको अपरिहार्यता, नितान्त आवश्यकता र श्रेष्ठतालाई बारम्बार प्रमाणित गरेको छ। चीन सदैव इतिहासको सही पक्ष, मानव जातिको सभ्यताको प्रगतिको रहेको पक्षमा छ। चीन विश्व शान्ति र विकासका जगेर्ना गर्दै आफ्नो विकासमा जुटेको छ र आफ्नो विकासद्वारा पुनः विश्व शान्ति र विकासको अझ राम्ररी रक्षा गर्दै दियो शक्तियुक्त, सुरक्षित साझा समृद्धिशाली, खुला, समावेशी, स्वच्छ एवं सुन्दर विश्वको निर्माणलाई अघि बढाउँदै छ। यसै प्रक्रियाद्वारा चीनले आफ्नो वैश्विक दृष्टिकोण, विशाल विश्वको हार्दिकता र ऐतिहासिक जिम्मेदारीबोधलाई सबल रूपमा प्रस्तुत गरेको छ।

चिनियाँ शैलीको आधुनिकीकरणका लागि हामीले शान्ति, विकास, सहयोग, दुवै पक्षको जिनको झन्डालाई उँचो बनाई साँच्चैको बहुलवादलाई व्यवहारमा उतारी मानव जातिका साझा मूल्य मान्यताको प्रचार गरी वैश्विक विकासको प्रस्तावना, वैश्विक सुरक्षाको प्रस्तावना, वैश्विक सभ्यताको प्रस्तावनालाई साकार बनाउन विभिन्न देशले हातमा हात मिलाई मानव जातिका साझा भाग्यको समष्टिको निर्माणलाई अझ अगाडि बढायौँ। संयुक्त राष्ट्र सङ्घ साधारण सभाको ६९ औँ बैठकका अध्यक्ष पिटर थमसनले भन्नुभएको छ, "चीनले प्रस्तुत गरेको मानव जातिको साझा भाग्यको समष्टिको अवधारणा यस ग्रहमा मानव जातिको एक मात्र भविष्य है।"

चिनियाँ शैलीको आधुनिकीकरणको कपीराइट चीनको हो, तर अवसर सम्पूर्ण विश्वको हो। यसबाट चिनियाँ जनता समृद्धिशाली बन्ने छन्, साथै यसले विश्वको साझा विकासलाई पनि अघि बढाउने छ। यसको सफलताले सम्पूर्ण विश्व, सम्पूर्ण मानव जाति, सम्पूर्ण संसारलाई समृद्ध र सुखी बनाउने छ। चीन नेपाललगायत सम्पूर्ण देश हातमा हात मिलाई आधुनिकीकरणको मार्गमा अघि बढ्न चाहन्छ; विश्वमा सुव्यवस्था कायम गर्न चाहन्छ; मानव जातिको साझा भाग्यको समष्टिको निर्माणको मार्गमा ठुला ठुला पाइला चाल्दै अघि बढ्न चाहन्छ; विभिन्न विशेषतायुक्त आधुनिकीकरण कार्यलाई अघि बढाउन चाहन्छ; विश्वको अझ सुन्दर भविष्यको निर्माण गर्न चाहन्छ।

**लेखक नेपालका लागि चिनियाँ राजदूत हुनुहुन्छ।**

# कूटनीतिक क्षेत्रको मर्यादा



डा सुमनकुमार रेग्मी

कूटनीतिक मामला व्यवस्थापन तथा समन्वयमा खास गरी परराष्ट्र क्षेत्रको कमजोरी पनि उजगार बेलाबेलामा हुँदै आएको छ। प्रस्ट नीतिगत व्यवस्थाको अभाव र सम्बन्धित अधिकारीका अविवेकका कारण सरकारी अधिकारी तथा राजनीतिक नेताहरूबाट कूटनीतिक मर्यादाविपरीत भइरहेको भेटघाट र आइरहेका अभिव्यक्तिका पछिल्ला नमुना हुन सक्छन्।

नेपालमा खड्किएको विषय भनेकै विदेशी कूटनीतिज्ञको राजनीतिक दलका नेता तथा सार्वजनिक पदाधिकारी, कर्मचारीसँगको निर्वाध खुला पहुँच हो। विदेशी सरकार, बाह्य सङ्घसंस्था र तिनका कूटनीतिक प्रतिनिधि र अन्य पदाधिकारीसँगको औपचारिक भेटघाट, वार्तामा कसरी प्रस्तुत र कस्ता विषय उठाउने भन्नेमा नीति तथा नियम बन्ने गरे पनि व्यक्तिको हाबी प्रशस्त हुने गरेको छ। २०६८ सालमा र पछि जारी कूटनीतिक आचारसंहिता परिमार्जन पटक पटक गरे पनि मागबमोजिम नतिजामूलक भएको पाइँदैन। कूटनीतिक व्यवहारलाई अझ मर्यादित बनाउन समय सान्दर्भिक परराष्ट्र नीति अवलम्बन गर्न आवश्यक छ।

कूटनीतिको निश्चित उद्देश्य, गन्तव्य र लक्ष्य हुन्छ। त्यो पहिल्याउने क्रममा देश सधैँ अगाडि बढ्दै आएको छ। नेपालले विगत सात वर्षको अवधिमा जम्मा २४ देशसँग कूटनीतिक सम्बन्ध स्थापना गरेकोमा २०७४ सालमा मात्र दर्जनभन्दा बढी देशसँग कूटनीतिक सम्बन्ध स्थापना गरेको थियो। समृद्धि र दिगो विकास देशको स्थायित्वसँग जोडिएको छ। आत्मनिर्भरतामूलक विश्वव्यापीकरणको वर्तमान समय पनि आधारभूत मानव सुरक्षाको विषयमा आत्मनिर्भर हुँदै व्यापार, पारवहन र लगानीमा सुनियोजित रूपमा दीर्घकालीन उद्देश्यलाई दृष्टिगत गर्दै संस्थागत रूपमा नै विविधीकरण गरिनु पर्दछ। यो विषय हाम्रो राष्ट्रिय हित र स्वार्थसँग प्रत्यक्ष रूपमा गाँसिएको हो। विशेष गरी हाम्रो जस्तो भौगोलिक अवस्थामा रहेका र न्यून आर्थिक विकास भएका हरेक देशले आफ्नो बृहतर देशको स्वार्थ रक्षाका लागि आधारभूत आत्मनिर्भता र विविधीकरणलाई देशको राष्ट्रिय तथा परराष्ट्र नीतिको अभिन्न अङ्गका रूपमा लिएको हुन्छ।

विश्वको आर्थिक संरचनालाई हेर्दा नेपाल गरिब मुलुकमा पर्दछ। यस स्थितिमा परिवर्तत ल्याउन हाम्रा कूटनीतिक नियोगले महत्त्वपूर्ण ध्यान दिनपर्ने क्षेत्रमा जलस्रोतको विकास, पर्यटन क्षेत्रको विकास, निर्यात प्रवर्धनमा जोड, वैदेशिक लगानी र प्रविधिलाई आकर्षण गर्ने र वैदेशिक रोजगारको अवसरको सिर्जना गर्ने मुख्य छन्।

### भेटघाटसम्बन्धी निर्देशिका

बेलाबेलामा चर्चामा आउने कूटनीतिक संहिता पालनाका विषय देश सङ्घीय संरचनामा प्रवेश गरेको केही वर्ष भए पनि अझ पूर्णता पाउन सकेको देखिँदैन। विश्वव्यापी प्रचलन अनुसार सङ्घीय पद्धति अपनाइएका देशमा मौद्रिक, रक्षा र परराष्ट्र मामिला केन्द्रले हेर्ने र प्रादेशिक सरकारले ती मामलामा केन्द्रीय निर्देशनअनुरूप मात्र काम देखिन्छ। अन्य विषयमा केन्द्र र प्रदेशको क्षेत्राधिकार विवाद उठ्न सक्छ तर यी तीन सवाल निर्विवाद केन्द्रका अधिकार देखिन्छन्। नेपालको संविधानले पनि पनि परराष्ट्र मामिलालाई केन्द्र सरकारको अधिकार मानेको छ।

प्रदेश प्रमुख, मुख्यमन्त्री र कर्मचारीलगायत कूटनीतिक भेटघाट नियमन गर्न सरकारले कूटनीतिक निर्देशिका केही वर्षअगाडि जारी गर्ने तयारीमा थियो। त्यस्ता भेटघाटको उद्देश्य र उपलब्धिसमेत प्रस्ट खुलाउने पर्ने व्यवस्था हुनु पर्दछ। यस्ता पदाधिकारीले पूर्वस्वीकृति बिना जस्तोसुकै भेटघाट गरे पनि सरकारले भियना कन्भेन्सन र संविधान अनुसार कारबाही गर्न सक्ने जानकारी कूटनीतिक पदाधिकारीलाई पहिलेदेखि नै दिँदै आएको छ। केही वर्षअघि नेपालका लागि भारतीय पूर्वराजदूत रणजित, श्यामसुन्दर र देव एकैसाथ नेपालको डोल्पामा पुगेको थिए। यस्तो क्षेत्र पनि कूटनीतिक मर्यादा र आचरणभित्र पारिनु पर्दछ। यस्ता भेटमा मन्दिर निर्माणका लागि तीन करोड रुपियाँ आर्थिक सहयोग गरेका थिए। यस्ता सहयोग कूटनीतिक मर्यादामा पारिनु पर्छ।

कूटनीतिक मर्यादाबाहिर रहेर दुवैतिरका छिमेकी देशले नेपालमा सिधा सहयोग गर्दै आएका छन्। यस्ता सिधा सहयोग भविष्यमा रोकिएला त ? कूटनीतिक पक्षमा कमीकमजोरीका रूपमा लिँदा नेपाल र जापानबिच विगत ६६ वर्षजतिको अवधिदेखि मैत्री सम्बन्ध भए तर राष्ट्रिय प्रतिनिधित्व गर्ने दूतावासको आफ्नै भवन नहुनु राम्रो मानिएको छैन। पछिल्ला समय नेपालले थाइल्यान्डमा भवनसहितको सम्पत्ति जोडिएको छ भने अस्ट्रेलियामा जग्गा खरिद गरिएको छ। अमेरिकामा पनि खरिद गरिने र अन्य जग्गा भएका मुलुकमा भवन बनाउने कार्य अघि बढाइँदै आएको छ।

राजधानीस्थित विदेशी दूतावासबाट सिधा वा नजानिँदो पाराले प्रत्यक्ष सहयोग कार्यक्रम सञ्चालन गर्ने र परियोजना शिलान्यास एवं उद्घाटनमा राजदूत आफैँ पुग्ने प्रवृत्तिलाई अझ सरकारले रोक्न सकेको देखिँदैन। स्थानीय सरकार आए पनि यस्तो संलग्नता हट्न सकेको देखिँदैन। भारतीय दूतावासले साना सहयोग सम्झौता अन्तर्गत सिधा सहयोग कार्यक्रम चलाउँदै आएको छ भने अन्य देशका दूतावासले विभिन्न कोषका नाममा काठमाडौँस्थित विभिन्न दूतावासले आफ्नो प्रभावमा सहयोग गर्दै आएका छन्। यस्ता कार्यक्रम जिल्ला समन्वय समितिमार्फत गर्दै आउनु पर्दथ्यो। चीनले पनि आफ्नो देशसँग जोडिएको नेपाली हिमाली जिल्लामा यस्तै प्रकारका सहयोग कार्यक्रम चलाउने प्रस्ताव राख्दै आएको छ। अन्य केही देशले समेत नेपालमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामार्फत यस्तो सहयागे बढाउँदै आएका छन्। साना विकास परियोजनालाई राष्ट्रिय बजेट वा प्रणालीबाट लैजान आवश्यक भएको भनिँदै आए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन।

### राजदूत नियुक्तिका आधार

राजदूत नियुक्ति गर्दा राज्यको हितलाई उचित तवरले प्रवर्धन गर्ने प्रभावकारी रूपमा राज्यको प्रतिनिधित्व गर्न योग्यतम व्यक्तिको नियुक्ति अनिवार्य उचित हुन्छ। आचारसंहिता, आचरण र अरू दाग नलागेको व्यक्ति राजदूतका रूपमा सिफारिस गरिनु पर्छ। संविधानले पनि सरकारको सिफारिसमा राष्ट्रपतिबाट राजदूत नियुक्ति गर्ने व्यवस्था गरेको छ। पछिल्ला वर्षमा कूटनीतिक सेवाबाट ५० प्रतिशत र बाँकी आधा राजनीतिक कोटामा राजदूत नियुक्ति हुँदै आएका छन्। राष्ट्रिय हित प्रवर्धन गर्न सक्ने व्यक्तिलाई राजदूत बनाउन पर्नेमा दलहरूले वाञ्छित योग्यता नै नपुगेको कार्यकर्तालाई छान्ने गरिएको देखिन्छ। २०६९ सालतिर परराष्ट्र सेवा ऐन ल्याई त्यसमै मापदण्ड समेट्न खोज पनि त्यस कार्य कतिको अगाडि बढ्न सफल भयो।

### समस्या, सुझाव तथा निष्कर्ष

भियना कन्भेन्सनले सम्बन्धित देशका अनुमतिबिना जुनसुकै गतिविधि गर्न कूटनीतिज्ञलाई रोक लगाएको छ। कूटनीतिक मर्यादा एवं बाह्य प्रचलनअनुसार विदेशी सरकार, बाह्य सङ्घसंस्था र तिनका कूटनीतिक प्रतिनिधिका साथै अन्य पदाधिकारीका औपचारिक भेटघाट, सम्पर्क र वार्ता। सम्बन्ध र सञ्चारलाई व्यवस्थित र मर्यादित बनाउन सरकारले आचारसंहिता परिमार्जन गर्दै आएको छ। परराष्ट्र क्षेत्र सुधार्न बेलाबेलामा नयाँ कार्ययोजना बन्दै आएको देखिन्छ। यस्ता कार्ययोजना मौलिक, स्वतन्त्र र स्वाधीन नेपाली परराष्ट्र नीति बाह्य सम्मान र राष्ट्रिय समृद्धिका लागि कूटनीतिक कार्ययोजना बेलाबेलामा ल्याउनु आवश्यक छ। कूटनीतिमा कहिले पनि कपट नीति हुनु हुँदैन।

**लेखक व्यापार तथा निकासी प्रवर्धन केन्द्रका पूर्वनायब कार्यकारी निर्देशक हुनुहुन्छ।**

# नगरिएको चिन्तन र देखिएको छटपटी





रामकुमार एलन

'देशको मेरुदण्ड त्यहाँका युवाको शिक्षामा लगानी हो।'
*– डिओजिन्स*

भुटानी सञ्चार माध्यमले भुटान ठुलो समस्यामा फस्दै छ भनेर एउटा तथ्य पस्केपछि घोत्लिएर पढेँ। तथ्य थियो, "गएको जनवरीसम्म भुटानका ३० हजार नागरिक संसारका ११३ देश हिँडे। तीमध्ये १२ हजार अस्ट्रेलिया गए।" भुटानले प्रक्षेपण गरेको छ कि यही गति हो भने अबको २४ वर्षमा भुटान वृद्धवृद्धाको बस्ती मात्रै हुने छ। ३७४ जना नर्सले सरकारी जागिर छाड्दा सेवा गर्नेको अभाव भयो भनिएको छ।

भुटानी कर्मचारी सेवाका अधिकांश डाक्टरदेखि सर्वसाधारणमा देश छाडेर अवसरका लागि विदेश भासिने मोहको पहिरोले भुटानी आक्रान्त भए भन्दै अनलाइनले भनेको छ, "अहिले ६५ वर्षमुनिकाहरू छ लाख दुई हजार ६७३ जना छन्। उनीहरूमध्ये सन् २०३७ अर्थात् १४ वर्षपछि एक लाख १७ हजार छ सयभन्दा बढी ६५ वर्षमाथिका ज्येष्ठ नागरिक भइसक्ने छन्।" देशमा भएका ५० हजारभन्दा बढी ज्येष्ठ नागरिकको सङ्ख्या बढेर एक लाख १८ हजार पुग्दा भुटानमा काम गर्ने युवा शक्ति हुने छैनन्। हरेक वर्ग र क्षेत्रका अवसरमै रहेकाहरू पनि राजीनामा दिएर अमेरिका, अस्ट्रेलियासहित ११३ वटा देश गइरहेका छन्। जनशक्ति पलायनले भुटानमा एउटा डाक्टरले एक हजार एक सय जनतालाई सेवा दिनुपर्नेमा प्रतिडाक्टर पाँच हजारलाई सेवा दिइरहनु परेको छ।

> नीति तथा कार्यक्रमका पाना प्रस्तुत भइरहँदा देशको यो अवस्थाको सपाट तस्बिर उत्रन्छ कि उत्रन्न ? नेपाली कांग्रेसमा नयाँ पुस्ता भनिएकाहरूले यो विषयलाई पेचिलोसँग प्रस्तुत गरेर नयाँ शक्तिको बढ्दो राजनीतिक हस्तक्षेपमा कांग्रेस जोगाउन सक्लान् ? या पुराना नेताहरूको विरोधमा बाँकी वय र काया खर्चेर बस्लान् ?

भुटानको यो जनशक्ति र युवाशक्ति पलायनको चिन्ताले नेपाललाई कति दशकअघि छुनुपर्ने हो ? खासगरी २०४८ सालमा बहुदलीय व्यवस्थामा मुलुक गएपछि भएका उद्योग, कलकारखानाको निजीकरण, व्यावसायीकरण बढ्यो। अवसर भएन। २०५२ पछि राष्ट्र सेवामा खटिएका सेना र प्रहरीलाई पनि जागिर छाडेर विदेशिन बाध्य पारियो। त्यति मात्र होइन, कैयौँ एनआरएनएका नेताहरू माओवादीपीडितको प्रमाण बोकेर विदेश पलायन भएका हुन्। अहिले त नक्कली भुटानी शरणार्थी बनेर पनि एनआरएनएको नेता भएको तथ्य बाहिर आएका छन्। २०५२ को आन्दोलन २०६३ मा गएर शान्ति प्रक्रियामा टुङ्गियो। २०६४ मा युद्धरत पक्ष सत्तामा गयो। २०६५ मा देश गणतन्त्रमा गयो। २०७४ पछि देश सङ्घीयताको अभ्यासमा छ।

यो डेढ दशकमा हामीले वैदेशिक रोजगारीमा गएकालाई नेपालमै फर्काउने, अवसर दिने, बोलाउने भनेर पुरानादेखि नयाँ भनिएका पार्टीका नेताहरूका मुखबाट बरोबर सुन्यौँ तर दिनहरू त्यस्ता आएनन्, जो नेपाल फर्कन लालायित छन्, फर्कने पालो कुरेर बसेका छन्। उद्योगधन्दा बन्दसँगै भएकामा पनि भारत र चीनलगायतका देशबाट सस्तोमा जनशक्ति ल्याएर काम लगाउने र यहाँका कामदारलाई कामदारभन्दा बढी युनियनको नेतागिरीमा भर्ती गरेर सत्तामा पुग्ने र अरूलाई गिराउने धन्दामा दलहरूले चलाएको उद्योग मात्र फस्टायो। फलतः नतिजामा चाहिँ धनी, गरिब, निम्न वर्ग, घराना सबैले सन्तान विदेश पठाउनेमा केन्द्रित रह्यो। आज देश इजरायलजस्तै ज्येष्ठ नागरिकको बस्ती हुँदै छ।

शिक्षा र स्वास्थ्य सेवा सबैभन्दा महँगो बनाइयो। मुट्ठीभरका वर्गको हातमा पुऱ्याइयो। नेकपाको सरकार हुँदा बनेका शैक्षिक र स्वास्थ्य प्रतिष्ठान १० वर्षपछि स्वतः सरकारलाई हस्तान्तरण गर्नुपर्ने भनेर तयारी गरिएको थियो तर सरकारमै रहेकाहरूले यसलाई यस्तोसँग किचिमिची पारिदिए कि यस्तो महँगीमा जोडेको बोर्डिङ, कलेज, मेडिकल कलेजका नाममा चलेका निजी अस्पताल राज्यलाई दिएर हामीलाई समाजवाद ल्याउनु छैन भन्दै सञ्चालकहरू सरकार ढालिदिने गरी बलियो घेरा हाल्ने शक्तिशाली हतियार भए। त्यसपछि शिक्षा र स्वास्थ्यको संस्थागत भ्रष्टाचार अरू चुलियो। महँगी बढ्यो। जनताका छोराछोरीलाई अवसरका लागि सरकारी विद्यालय पढेकालाई प्राथमिकता दिने छौँ भन्नुपर्ने गरी सरकारले मापदण्ड बनाउने अवस्था आयो।

यसरी आधारभूत सुविधाको शिक्षा र स्वास्थ्य फगत विदेशमा छोराछोरी पठाउने कारखानामा सीमित मात्र भएन, देशकै दक्ष जनशक्ति पनि १५ वर्षअघिदेखि नै राजीनामा दिएर विदेश भासिए। देशका उपप्राध्यापकहरू अमेरिका, अस्ट्रेलियामा सेल्स ब्वाई र मार्केटिङ अफिसर हुन जाँदा खुरुखुरु पठायौँ र त देश आज वृद्ध भत्ता थाप्ने केन्द्रमा परिणत हुँदै छ। गाउँ–सहरमा पुरुषको अभाव छ। युवाको अभाव छ। त्यही चिन्ता समयमै भुटानले पनि गरिरहेको छ। हामीले विदेशमा भएकालाई फर्क भनिरहेका पनि छैनौँ बरु अब यता भएको सम्पत्ति पनि बेचबिखन गरेर उतै सन्तानलाई घर, फ्लाट, गाडी किन्ने काममा पठाउन हतारिइएका छौँ।

अब नेपालको तथ्याङ्क हेरौँ। पछिल्लो समय विदेशमा पढ्न जाने नेपाली विद्यार्थीको सङ्ख्या बढ्दो छ। एक वर्षको मात्रै तथ्याङ्क हेरौँ। जब एसइई पास भइन्छ, त्यसपछि नेपालमा प्लस टु पढे पनि स्नातक पढ्ने नाममा हामीले छोराछोरी विदेश नै पठाइरहेका छौँ। उहाँ गएर पढ्दै कमाउन सकिन्छ। यहाँ कुनै अवसर नभएर मानसिक रोगी मात्र भइन्छ। नेपाल राष्ट्र बैङ्कले दिएको तथ्याङ्कमा चालु आर्थिक वर्षको नौ महिनामा विदेश पढ्न जाने विद्यार्थीले ६७ अर्ब रुपियाँभन्दा बढी पैसा बाहिर लगेका छन्। चैत अन्तिमसम्मको तथ्याङ्कमा ६७ अर्ब २२ करोड रुपियाँ बाहिरिएको छ। बिहीबार संसद्मा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले भन्नुभयो कि शैक्षिक अध्ययनकै नाममा देशको ठुलो रकम बाहिरिइरहेको छ। यो रकम भनेको लगभग देशको सबैभन्दा ठुलो र बढी बजेट भएको बागमती प्रदेश सरकारको एक वर्षको बजेट बराबर हो।

७५ अर्ब रुपियाँको बजेट भएको बागमती सरकारले आर्थिक सङ्कटका कारण केन्द्रले झैँ ३० प्रतिशत बजेट कटौती गर्दा ५२ अर्ब हुन्छ। अर्थात् बागमतीसँगै अर्को कुनै सानो प्रदेशको आधा वर्षको बजेट बराबर त हामीले ऋणपान गरेर, घरजग्गा बचेर छोराछोरी पढाउने नाममा पठाएछौँ। अघिल्लो वर्ष कोरोनाबाट उठ्दै गर्दा र डेङ्गुले थिलोथिलो हुँदा पनि हामीले ४३ अर्ब ६७ करोड रुपियाँ छोराछोरी पढाउने नाममा बाहिर पठाएछौँ। नेपाली युवाशक्ति अस्ट्रेलिया, अमेरिका, क्यानडा, जर्मनी, न्युजिल्यान्ड, जापानलगायतका देशमा अध्ययनका लागि गइरहेका छन्।

यही तथ्याङ्कलाई नेपालमा हेर्ने हो भने नौ महिनामा नेपाल पढ्न आउने विद्यार्थीले जम्मा दुई अर्ब ४२ करोड रुपियाँ मात्रै ल्याएका छन्। अर्थात् हामी युवाशक्ति र सम्पत्ति विदेश पठाइरहेका छौँ। भुटानले युवा र दक्ष शक्ति मात्रै बाहिरियो भनेर चिन्तन गरिरहँदा हामी झन् सकसपूर्ण अवस्थामा फसिसकेका छौँ। उत्रन निकै हम्मे हम्मे पर्ने अवस्थामा छौँ। यो नौ महिनामा चैत मसान्तसम्म नेपालीले घुम्ने बहानामा नौ अर्ब १६ करोड रुपियाँ खर्च गरिसकेका छन्। नेपाल आउने पर्यटकले जम्मा चार अर्ब ४१ करोड रुपियाँ ल्याएका छन्।

नौ महिनामा आयातको हिसाब गर्दा चैतसम्म ५१ अर्ब ८१ करोड रुपियाँ घाटामा छ। अघिल्लो वर्षको आयात घाटा पाँच खर्ब १० अर्ब ५८ करोड रुपियाँ छ। उसो त युवाशक्ति विदेश गएर परिवार पाल्ने काममा लागेकै छन्। त्यहाँ पनि नेपाली श्रमशक्तिलाई सहज छैन। मानव अधिकार आयोगले सार्वजनिक गरेको प्रतिवेदन अनुसार एक हजार ३० नेपाली विदेशी जेलमा छन्। जापानमा मात्रै १५ नेपाली जेलमा थुनिएका छन्। अर्ध दक्ष जनशक्ति र निम्नवर्गीय नेपालीको आकर्षण बनेको संयुक्त अरब इमिरेट्स (युएई) मा २६० नेपाली जेलमा छन्। मलेसियामा २२३ जना छन्। कुवेतको जेलमा १६८, साउदी अरबमा १५३ र हङकङमा ८८ नेपाली जेल जीवन बिताइरहेका छन्। जागिर, अध्ययन, व्यवसायको सिलसिलामा हरेक वर्ष ठुलो सङ्ख्यामा युवाशक्ति पलायन रोक्न दलहरूले सकेका छैनन्। विदेशबाट फर्कनेको तथ्याङ्क खोजीमा जुटेको स्थानीय तहले पनि खास प्याकेज ल्याउन सकेको छैन।

सरकारले नीति तथा कार्यक्रम ल्याइरहँदा यस्ता विषय पर्नु पर्छ। नीति तथा कार्यक्रम पुनर्लेखनमा हाम्रो माग पूरा भएन, सरकारलाई दिइएको समर्थन फिर्ता लियौँ भन्ने नयाँ शक्तिहरूले पनि के उल्लिखित तथ्यहरूमा राजनीति गरिरहेका छन् ? कक्षा १२ पढेर किन एनओसी नपाउने, किन हामी देशमै मानसिक रोगी बनेर बन्धक जीवन बिताउने भनेर आज किशोर पुस्ता सडकमा आन्दोलित भइरहँदा देशबारे के सोचेका छौँ ? के सार्वभौमसत्ताका नाममा, चुच्चे नक्साका बहानामा हाम्रो राजनीतिक जीवन सार्थक बनिरहने छ ?

एसइई गर्ने बित्तिकै विदेश जान लालायित किशोर पुस्तालाई देश, राष्ट्रियता, अवसरमा हामीले कहाँ जोड्न सकेका छौँ र उनीहरू वितृष्णित नबनून् ? उनीहरूलाई हामी उँभो नलाग्ने आन्दोलनमा बोलाएर पानीको फोहोरा हानेर मारिरहेका छौँ। अघिल्लो वर्ष एमसिसी पारित हुन्छ भन्ने हुँदाहुँदै बानेश्वरमा आन्दोलनमा बोलाएर पानीको फोहोरा खुवाएर प्राणान्त गरेका होइनौँ ? केही दिनपछि एमसिसी पारित भयो। यस्तो देखी देखी फेरि हाम्रा किशोर सडकमा उतार्ने नैतिक बल दलहरूसँग रहन्छ ?

नीति तथा कार्यक्रमका पाना प्रस्तुत भइरहँदा देशको यो अवस्थाको सपाट तस्बिर उत्रन्छ कि उत्रन्न ? नेपाली कांग्रेसमा नयाँ पुस्ता भनिएकाहरूले यो विषयलाई पेचिलोसँग प्रस्तुत गरेर नयाँ शक्तिको बढ्दो राजनीतिक हस्तक्षेपमा कांग्रेस जोगाउन सक्लान् ? या पुराना नेताहरूको विरोधमा बाँकी वय र काया खर्चेर बस्लान् ? चिन्तन गर्ने विषय यही हो तर भुटानले ३७४ नर्स पलायन हुँदा गरेको चिन्तनमा हामी विदेशमा कति युवा छन् भन्ने यकिन तथ्याङ्क नपाउने अवस्थामा पुगेका छौँ। हामीले युवाशक्ति पलायनको विषयमा चिन्तन गरेर अहिलेदेखि नै छटपटी नदेखाउने हो भने देश सिर्फ नक्सा, ढुङ्गा, माटोको थुप्रो हुनेमा शङ्का छैन। अहिले त हामीले छोराछोरीलाई मात्र पठाइरहेका छौँ। बिस्तारै यताको सम्पत्ति पनि बेचेर पैसा उतै पठाउनेवाला छौँ। देश रहला के, के रहला देश नागरिक नै नभएपछि ?

**लेखक समसामयिक राजनीतिक विषयका जानकार हुनुहुन्छ।**

# आशा र पीडाका दुई दशक


रूपा महर्जन श्रेष्ठ

मानिसको जन्मपश्चात् मृत्यु स्वाभाविकै हो तर कसैको व्यक्तिगत वा सामूहिक स्वार्थका कारण बेपत्ता बनाउने कार्य मानव अधिकारको गम्भीर उल्लङ्घन मात्र नभई मानवताविरुद्धको अपराध पनि हो। संविधान, कानुनले दिशा निर्देश गरेको मुलुकमा वर्षौंसम्म आफ्ना नागरिक बेपत्ता हुनु र सरकार गम्भीर नहुनु सुहाउने विषय होइन। सशस्त्र सङ्घर्षका क्रममा मात्र हैन, नेपालमा त्यसअघि पनि वैचारिक, राजनीतिक, सङ्गठनात्मक सङ्घर्षका क्रममा विभिन्न आन्दोलन भए।

००७ सालको आन्दोलन, पञ्चायतको आन्दोलन, जनआन्दोलन, सशस्त्र सङ्घर्ष, विभिन्न आन्दोलनमा विभिन्न व्यक्ति हराएका छन्। न कोही जबाफदेही भए न उत्तरदायी भए। बेपत्ता बनाउनेलाई कुनै कारबाही गर्न अर्को कानुन नभएसम्म कसैलाई कारबाही हुने अवस्था छैन। अहिले प्रस्ताव गरेको विधेयकमा पनि छैन। राणा शासन, पञ्चायती व्यवस्था, ०४२ सालकै बम काण्ड सेरोफेरो साकेतचन्द्र मिश्रलाई बेपत्ता बनाइयो।

०४६ सालको जनआन्दोलनको बेला पनि प्रभाकर सुवेदी, भुवन थापा मगर, दिलीप चौधरीलगायतका व्यक्तिलाई बेपत्ता बनाइएको थियो। सशस्त्र सङ्घर्षका क्रममा बेपत्ता हुने नागरिकको अधिकतम सङ्ख्या र उनीहरूको त्याग तथा तपस्याकै कारण शासन सत्ता नै परिवर्तन भएको कारण यो विषय संवेदनशील बन्यो। तत्कालीन माओवादीका शीर्ष नेताको सहमतिमा नेपालको आफ्नै मौलिकतामा जेठ ७ गतेलाई राष्ट्रिय बेपत्ता योद्धा स्मरण दिनका रूपमा घोषणा गर्ने सार्वजनिक गऱ्यो। त्यसो त अन्तर्राष्ट्रिय जगत्मा अगस्ट ३० का दिनलाई अन्तर्राष्ट्रिय बेपत्ता दिवसका रूपमा मनाइन्छ।

जुनसुकै कारणले हराएका, व्यक्तिगत रिसइबी, व्यक्तिगत स्वार्थ, कारोबारमा समस्या, परिवारसँगको मनमुटाव, शारीरिक वा मानसिक समस्यालगायतका अनेकन् कारणबाट समाजसँगको सम्पर्कमा नरहेको अवस्थालाई बेपत्ताको सूचीमा राख्ने गरिएको छ। मृत्युलाई हत्केलामा बोकी देश र जनताको मुक्तिका खातिर लाग्दै गरेका योद्धा राज्यद्वारा बेपत्ता बनाइएका हुन्। जेठ ७ गतेलाई माओवादी पार्टीको मात्र नभई बेपत्ता स्मरण दिनका रूपमा मात्र होइन, राष्ट्रले नै बेपत्ता योद्धाको सम्झनामा राष्ट्रिय बेपत्ता स्मरण दिनका रूपमा स्थापित गर्न जरुरी छ।

## नामैमा सीमित आयोग

सशस्त्र सङ्घर्षका क्रममा बेपत्ता भएका नागरिकको सम्बोधन गर्न विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधानमा पनि प्रतिबद्धता व्यक्त गरिएको थियो तर प्रयास निकै हुदाहुँदै पनि कार्यान्वयन हुन सकेन। शान्ति र मेलमिलापको वातावरण निर्माण गर्ने उद्देश्यले संसद्मा सत्य तथा मेलमिलाप आयोगसम्बन्धी विधेयक २०६६ मा पेस भयो तर टुङ्गोमा पुग्न सकेन।

२०६९ मा बेपत्ता भएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप अध्यादेश जारी भयो। अध्यादेशउपर रिट दायर भई सर्वोच्चबाट अन्तरिम आदेश जारी दुई छुट्टा छुट्टै आयोग गठन गर्न निर्देशनात्मक आदेश जारी भयो। उक्त आदेशपश्चात् २०७१ वैशाख २८ मा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ जारी भई २०७१ माघ २७ मा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन भएको हो तर कार्यान्वयन हुन सकेन। आयोग पनि गठन भयो।

सत्यको अन्वेषण उद्देश्यसहित बनेको आयोगको समयावधि सकिएर नेपाल सरकारको सचिवको नेतृत्व र सीमित कर्मचारीले धानेको अवस्था छ। आयोगका काम कारबाहीप्रति असन्तुष्टि जनाउँदै आफूहरूलाई पनि तलब खाँदै गर्दा हीनताबोध भएको कर्मचारीको गुनासो छ। कार्यावधि सकिएर नेतृत्वविहीन अवस्था बनेको आयोगले हालसम्म उजुरी सङ्कलन दर्ता, पीडितलाई परिचयपत्र वितरण गर्ने, बेपत्ता नागरिक सम्बन्धित विभिन्न पुस्तक प्रकाशन गर्ने, विभिन्न जिल्लामा समय–समयमा अन्तर्क्रियालगायतका कार्यबाहेक उद्देश्य अनुरूपको प्रभावकारी भूमिका निर्वाह गर्न सकिरहेको छैन। आयोग नामैमा मात्र सीमित देखिन्छ।

## सत्यको अन्वेषण, राहत र परिपूरणको प्रश्न

सास र लासको खोजीमा लागेका परिवारजनका ज्येष्ठ सदस्य आज हामीबाट धेरै टाढा पुगिसक्नु भो। उनीहरूको सन्तानको एक पटक अनुहार देख्ने आशा आसैमा सीमित भयो। साना लालाबाला सन्तान आज बालिग भई उच्च शिक्षा हासिल गर्ने अवस्थामा पुगिसके। सत्य तथ्य नै जानकारी नदिने सरकारले हाम्रा परिवारलाई बेपत्ता पार्ने व्यक्तिलाई कारबाही गर्छ होला भन्ने कल्पनाभन्दा बाहिर छ।

दुई दशकको पर्खाइ र पीडाले आज पनि दुःखी मनमा छटपटाहट उत्तिकै छन्। असह्य पीडा कस्तो हुन्छ भन्ने अनुभूति कसैले गरेको छ भने त्यो बेपत्ता योद्धाका परिवारजनले मात्र गरेको छ। दुई दशकसम्म आफ्ना नागरिकको सत्य तथ्य समाजलाई जानकारी गर्न नसक्नु भनेको हाम्रा सरकारहरू जनताप्रति उत्तरदायी छैनन् भन्ने हो। यथास्थितिको वास्तविकता मात्र परिवारले प्राप्त गर्न सकेको भए पीडाको ५० प्रतिशत कम हुन्थ्यो होला। सरकार जबाफदेही र जिम्मेवार बन्न सकिरहेको छैन।

आमजनमानसमा राहत भन्ने बित्तिकै अर्थसँग मात्र जोडेर हेर्ने गरिन्छ, त्यो सरासर गलत विषय हो। १० लाख सरकारले वितरण गऱ्यो भन्ने बित्तिकै सरकारको जिम्मेवारी नै पूरा भयो भन्ने विषय बेठिक छ। कसैले सन्तान गुमाएका छन् त कसैले अभिभावक। यसबाट पर्न गएको दीर्घकालीन असर र त्यसको निरूपणतिर कसैको ध्यान गएको छैन। आर्थिक विषय नै सबै हो पनि हैन पनि तर सरकारले परिवारलाई दैनिक जीवनमा प्रत्यक्ष असर गर्ने किसिमको सृजनात्मक विषयमा ध्यान दिन जरुरी छ।

परिवारले भौतिक परिपूरणको विषय आवश्यकता र माग अनुरूपको एकमुस्ट आर्थिक राहत, क्षतिपूर्ति, आवश्यकता अनुसार निःशुल्क स्वास्थ्य सेवा, बसोबास नभएकाहरूलाई बसोबासको व्यवस्था, निःशुल्क शिक्षा, योग्यता र इच्छा अनुरूपका सिपमूलक वा रोजगारमूलक तालिम, सहुलियत ब्याजदरमा ऋण र दक्षता अनुसारको रोजगारी सुनिश्चित गर्न जरुरी छ। साथै प्रत्यक्ष देखिने किसिमका पार्क, सडक, विद्यालय, बगैँचा, स्मरण भवन, सङ्ग्रहालय निर्माण प्रक्रियामार्फत पनि परिवारले राहतको अनुभूति गर्ने वातावरण बन्न सक्छ।

## सरकारलाई सुझाव

शान्ति प्रक्रियाको दुई दशकसम्म पुग्दा माओवादीको अस्तित्व नै धरापमा परेको अवस्था थियो। माओवादी नेतृत्वको सरकारले भ्रष्टाचारीविरुद्धको अभियानले राष्ट्रिय एकता जस्तै गरी साझा मुद्दा बन्ने सम्भावना बढ्दै गएको छ। यसले आमजनतामा आशाको किरण पलाएको छ। त्यस्तै यो बेपत्ता तथा द्वन्द्वकालीन घटनामा राष्ट्रिय राजनीतिक सहमतिसहित सत्य तथ्य सार्वजनिक गरी पीडितलाई राहत दिन सफल होस्।

केही फरक निर्णय गर्ने आँट गरौँ। उदाहरणका लागि द्वन्द्वका क्रममा एकै स्थानमा धेरै योद्धालाई बेपत्ता पारिएको थियो। बेपत्ता योद्धा राष्ट्रिय अध्ययन प्रतिष्ठान बनाउन आवश्यक छ। शिवपुरी जङ्गल; जहाँ बेपत्ता योद्धालाई गाडिएको भन्ने सुनिन्थ्यो त्यो स्थानमा राष्ट्रिय स्तरको बेपत्ता स्मरण पार्क निर्माण गरौँ। देशैभरिबाट सबैभन्दा बढी बेपत्ता भएको जिल्ला बर्दियामा राष्ट्रिय स्तरको बेपत्ता योद्धा स्मरण स्तम्भ निर्माण गर्नु पर्छ।

## अन्त्यमा

सशस्त्र सङ्घर्षको घोषणा गर्ने र सत्तामा बसेर दमन गर्ने दुवै पक्ष साझा सत्ताको बागडोरमा छन्। सङ्घर्षकै कारण आज सत्ता परिवर्तनसँगै जनताको संविधान स्थापित भइसकेको छ। शान्ति सम्झौतामा उल्लेख भए अनुसारको ६० दिन हैन, दुई दशक पुग्न लाग्दा पनि बेपत्ता नागरिकको सत्य तथ्य सार्वजनिक हुन सकेको छैन। बेपत्ता नागरिकको स्थिति सार्वजनिक गर्न योभन्दा सहज परिस्थिति कहिले हुन्छ र ? बेपत्ता नागरिकको लास र सास त दिन सायदै सम्भव नहोला तर कमसेकम स्थिति यो हो भनेर औपचारिक जानकारीसम्म दिए मन बुझाउने ठाउँ हुने थियो।

फागुन १ गते सरकारले 'जनयुद्ध' सुरु भएको दिनलाई राष्ट्रिय दिवसका रूपमा मनाउँदै सार्वजनिक बिदा दिनु, सङ्घर्षमा सहादत प्राप्त गर्नेलाई राष्ट्रिय सहिद घोषणा गर्ने आशा परिवारले गरेको छ। बेपत्ता नागरिक तथा सत्य निरूपणमा केन्द्रित विधेयक टेबुल भई छलफलको प्रक्रियामा अगाडि बढेको छ। सरकारले सम्भावना भएका केही उदाहरणीय कार्यको निर्णय गर्न जरुरी छ। बेपत्ता योद्धाको सार्वजनिकीकरणमा विशेष ध्यान दिनुका साथै माओवादीमा सीमित हुँदै गरेको बेपत्ता योद्धा स्मरण दिनले राष्ट्रिय दिनका रूपमा मान्यता प्राप्त गर्नेमा आशा पलाएको छ।

**लेखक संविधान सभा सदस्य एवं बेपत्ता योद्धा परिवारका सदस्य हुनुहुन्छ।**

पाठक आवाज

gopafeature@gmail.com
(प्रतिक्रियाका लागि)

# पशुको कल्याण नै मानव कल्याण



पृथ्वी सम्पूर्ण प्राणी जगत्को साझा घर हो। प्राणीकै कारणले पृथ्वीले जीवन्तता प्राप्त गरेको छ। मानव जाति पृथ्वीमा भएको सृष्टिको सबैभन्दा विवेकशील प्राणी हो। मानव जाति जस्तै सम्पूर्ण पशुपन्छी पनि यसै धर्तीका सृष्टि भएकाले उनीहरूलाई पनि यस धर्तीमा सहज रूपमा बाँच्ने पूर्ण अधिकार छ। सबैभन्दा विवेकशील प्राणी भए पनि मानव जातिले बिस्तारै आफ्नो विवेकशीलता गुमाउँदै गएको महसुस हुन्छ। प्रकृतिमा वातावरणमैत्री तवरले जीवनयापन गर्नका लागि मानिस, पशुपन्छीलगायत पर्यावरणीय सन्तुलन आवश्यक पर्दछ।

पशुपन्छी र मानव जातिबिचको अनोन्याश्रित सम्बन्ध निरन्तर रहिरहनुको औचित्य बिर्सेकाले मानिसले आफ्नो स्वार्थ सिद्धिका लागि अन्य प्राणी जगत्का साथै पर्यावरणको समेत अनुचित रूपमा दोहन गर्दै आएको पाइन्छ। महात्मा गान्धीले "कुनै पनि देशको प्रगति र समृद्धि त्यस देशमा पशुप्रति गरिने व्यवहारले मापन गर्न सकिन्छ" भनी उल्लेख गरेका थिए। यसबाट के बुझिन्छ भने पशुको कल्याण गर्ने देश नै समृद्धितर्फ लम्केका हुन्छन्। यो भनाइ नेपाललगायत अन्य कृषिप्रधान देशका लागि बढी सान्दर्भिक छ किनकि यी देशको अर्थतन्त्र कृषिमा आधारित छ भने आर्थिक उन्नतिमा कृषि तथा पशुपन्छीको महत्त्वपूर्ण योगदानमा निर्भर छ।

पशु कल्याण भनेको सारतः मानव कल्याण नै हो। पशुपन्छीको कल्याणबिना मानव जीवन नै सुरक्षित छैन। अहिले विश्वव्यापी स्वास्थ्य महामारीका रूपमा फैलिएको कोभिड–१९ समेत जनावरबाटै फैलिएको बताइन्छ। त्यसमा जनावरलाई राम्ररी संरक्षण र स्वस्थ राख्ने, उसको कल्याण सोचिदिएको भए अहिलेको महामारी सायदै देख्न पर्थ्यो होला। विभिन्न अध्ययनलाई नियाल्यौँ भने पनि धेरै रोग जनावरबाट मानिस र मानिसबाट जनावरमा फैलिने गरेको पाउँछौँ। त्यसकारण पनि त्यसो हुन नदिनका लागि पशुको हेरविचार, खानपिन, रोगव्याधीको उपचार, उचित वासस्थल जस्ता विषयमा पशु कल्याण आवश्यक छ।

झन्डै ८० प्रतिशत सनातन हिन्दु धर्मावलम्बी रहेको नेपालमा हिन्दु धर्ममा पूजा गरिने देशको राष्ट्रिय जनावर गाईको समेत उचित सम्मान नभएको विषय दुःखका साथ स्वीकार गर्नु पर्छ। पशु कल्याणको विषय हाम्रो समाजमा निकै नौलो जस्तो थियो। आज त्यो अवस्था फेरिएको छ। पशु कल्याणसम्बन्धी जनचेतना बढेको छ। अहिले नेपालमा जनावरसम्बन्धी पशु कल्याणका लागि आवश्यक कानुनको ड्राफ्ट तयार भएर मन्त्रीपरिषद्मा पुगेको छ। भारवाहक जनावरका लागि निर्देशिका तयार भएको छ। सरकार पनि पशु कल्याणको ऐन निर्माण गर्ने बाटोमा लागेको छ। यो सकारात्मक कुरा हो।

काठमाडौँ उपत्यकाकै कुरा गर्ने हो भने पनि १० वर्षअगाडि उपत्यकामा रेबिज डरलाग्दो अवस्थामा थियो। स्थानीय सरकारको सहयोगमा अहिले रेबिज नियन्त्रणमा निकै प्रगति हासिल भएको छ। त्योभन्दा अगाडि रेबिज नियन्त्रणको नाममा सामुदायिक कुकुरलाई विष खुवाएर मार्ने काम गरिन्थ्यो, त्यो आफैँमा जघन्य अपराध नै हो। अहिले पनि पशु स्वास्थ्यकर्मी तथा ललितपुर महानगरपालिका र लुम्बिनी नगरपालिकासँग मिलेर सामुदायिक कुकुर नियन्त्रणको क्षेत्रमा काम भइरहेका छन्। सम्बन्धित स्थानीय तहमा सर्भे गरेर त्यो क्षेत्रका ८० प्रतिशत कुकुरको बन्ध्याकरण भइरहेको छ। वैज्ञानिक तवरले काम गरेको खण्डमा सामुदायिक कुकुरको सहजै नियन्त्रण गर्न सकिने अवस्था छ। अन्यथा एउटा वयस्क कुकुरले छ वर्षमा औसत ६४ हजार कुकुर जन्माउन सक्छ। यसलाई नियन्त्रण गर्न बन्ध्याकरण सबैभन्दा सहज र वैज्ञानिक उपाय हो।

अर्कोतिर सन् २०२५ भित्र रेबिज नियन्त्रण गर्ने नेपाल सरकारको अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्ने उद्देश्यसाथ काम भइरहेको छ। पशु कल्याणका लागि अहिलेसम्म सरकारले ठोस तथा मूर्त रूपमा प्रयास गरेको पाइँदैन। स्वास्थ्यका लागि भन्दै मानव स्वास्थ्यको क्षेत्रमा बजेट विनियोजन भएको छ। सरकार, समाज र हामीले नबुझेको वा बुझ्न नसकेको कुरा के हो भने जनावरको स्वास्थ्य राम्रो भयो भने मान्छेको स्वास्थ्य राम्रो हुन्छ भन्ने कुरालाई हामी सबैले मनन गर्न आवश्यक छ। अहिलेसम्म सरकारको बढी लगानी मानव स्वास्थ्यमा केन्द्रित थियो। पशुपन्छीको स्वास्थ्य, वातावरणीय स्वास्थ्यलगायत जसलाई वान हेल्थ पोलिसी भनिन्छ, सरकार सचेत देखिएको छ। जनावर र मानिसको स्वास्थ्य र वातावरणीय स्वास्थ्यलाई समग्र स्वास्थ्य नीतिका रूपमा अगाडि बढाउन जरुरी छ। सरकार त्यो बाटोमा लाग्न प्रयत्न गरिरहेको जस्तो देखिएको छ।

पक्कै पनि पशु कल्याणको विषयलाई छोडेर मानव कल्याण वा मानवीय स्वास्थ्यको नजरले मात्रै हेर्ने हो भने पनि कुखुरा उत्पादन भएको मितिले कम्तीमा ९० दिनमा खानका लागि उपयुक्त हुन्छ तर हामीकहाँ ३५ दिनदेखि ४५ दिनसम्मको कुखुरा उपभोगका लागि बजारमा पठाइन्छ र त्यो आमउपभोक्ताले उपभोग गर्छन्। त्यसले जनस्वास्थ्यमा निकै ठुलो खतरा उत्पन्न गरेको छ। मानिसलाई करिब ६० प्रतिशत रोग जनावरबाट नै सर्ने गरेको तथ्याङ्क छ। यस्ता विषयबाट पनि पशु कल्याणबिना मानव कल्याण नहुने स्पष्ट छ।

मानव जातिले पशुका मुख्य पाँच स्वतन्त्रतालाई मनन गरी पशुपन्छीलाई कल्याणको अवस्थामा राख्दै यिनीहरूको समुचित र विवेकपूर्ण तवरले प्रयोग गर्नु पर्छ। पशुपन्छीको कल्याण सुनिश्चित गर्न उनीहरूका पाँच मुख्य स्वतन्त्रतालाई ध्यानमा राख्नु अति जरुरी देखिन्छ। पशुपन्छीको भोक, प्यास मेटाउन पाउनुपर्ने स्वतन्त्रता, आरामदायी ढङ्गले जीवन बिताउन पाउनुपर्ने स्वतन्त्रता, दुःख, दर्द, घाइते र रोग लाग्नबाट बच्न पाउने स्वतन्त्रता, आफ्नो सामान्य व्यवहार प्रस्तुत गर्न पाउनुपर्ने स्वतन्त्रता तथा डर, त्रास र तनावबाट मुक्त रहन पाउनुपर्ने स्वतन्त्रता। यी विश्वव्यापी पाँच स्वतन्त्रतालाई नेपाल सरकार, पशुपन्छी विकास मन्त्रालयको 'पशु कल्याण निर्देशिका – २० मा पनि स्पष्ट रूपमा उल्लेख गरिएको छ। सम्पूर्ण प्राणी मात्रको अस्तित्व रक्षा गरी वातावरण सन्तुलन राख्ने कार्यमा समेत ध्यान दिनु मानवको मुख्य कर्तव्य हो। मानव स्वयंले आफ्नो स्वास्थ्यप्रति सजग तथा सतर्क हुन पनि पशु कल्याणका विषयलाई लागु गर्नु अपरिहार्य छ।

**डा. केदार कार्की**
काठमाडौँ

नयाँ नेपाल

गोरखापत्र
gorkhapatraonline.com

समावेशीकरणको दिशामा एउटा
फड्को : गोरखापत्रद्वारा प्रकाशित
अछामि भाषा पृष्ठ



# छाउपडि रे धरम



■ देवी कुमारी शाह

छाउ हुन्या बैकिनि रे फल्याउटिको जनमजात गुड हो । छाउ हुन्याँ हुन्ताइ त बैकिनि रे लोग्न्या छुटियाआ हुन धेक्याआ । बैकिनिका बालबच्चा जर्माउन्या कुडासात पन छाउ जोडिनोछ धेक्याआ । छाउ भैनन् भन्या क्या पो हो भन्ना धेक्याआ । ज्यो फल्याउटि ठुलि पन्न सोर बस्स भइन भन्या हार्मोनल हद्वानखेरि डिम्बासयबाटि डिम्ब निक्लिकन पछ्या बाक्लिन्छ रे पाठ्याघरका भित्तथिर तुइकन रगत बग्न्यापटि छाउ भइ भन्ना । यो फल्याउटि कैलबाटि छाउ भइन भन्या कुडा हाम्रा हिन्दु धरमका कितापौडौ तेरता युगबाटि भयाआ हो भन्या छ ।

तेइ घरमसास्त्रमा छाउ हुन्या कुडाकि कथा बनाका छन । पैला स्वर्गका राजा इन्द जिमिमा आइ बैकिनिसात रमाइलो हरि रयाआ बेला ति इन्दओ स्वर्ग राज्य राचेसल फुडो लिया छन । ह्वाँपछ्या ति राजा रिसल चुर भया । यिनै बैकिनिका लाग्दा मेरो राज्य गयो भनिखन्ड तिनुकन छुइ हुन्या सराप दिया रे तेइ दिनिबाटि फल्याउटि छुइ हुन्या भइन । ऐल पन तेइ सराप लागिखन्ड छाउ हुनि छन भन्ना । एक अक्को कथा क्या छ भन्या इन्द रिसाइ चुर भइखन्ड बामन जातिको राछेसकि मार्याआ रैछ । बामन मार्यालपटि ज्यालै पाप मान्ना धेक्याआ, तेइ पाप पखाल्नाकिलाइ पिरथिबि, रुक, पानि रे बैकिनिकन बोज बिसाया । तेइ बोजल हद्वाभखेरि ऐल पन बैकिनि छाउ हुनि भन्या भनाइ रयाआ छ । फल्याउटिका बारे परासर इस्मिरति गरन्थमा पन केइ कुडा लेखियाआ छ । तेइ गरन्थउनि फल्याउटिका सोरुपका कुडा हर्या आ छ । सात बस्सकिकन देवि भन्या, आठ बस्सकिकन गौरि भन्या, नौ बस्सकिकन रोहिडि दस बस्सकि भयापटि मात्तइ फल्याउटि कन्या हुनि छन भन्या छ । कन्या भयापटि छाउ हुनि छन । छाउ भयापटि उनुबाटि आउन्या रगत ज्यालै बिसालु हुन्छ, तेइभयर अलग्याउने कुडा धरमसास्त्रमाइ लेख्याआ छ । तेइ सास्त्रमा फल्याउटि छाउ भयाआ बेला मुन्टो नखडाउन्या,एल्खै टाडा गोठ बैन नदिन्या भन्या लेख्याआ छ ।

आज भोलि त धरमले भन्याआ कुडा पन मान्नाइन रै छन। घरबाटि टाडा गोठ राख्ता । राख्ता क्या भन्या आपइ छाउ भया पटि गोठ बाइजानि धेक्याआ । उथा हाम्रो क्या लाग्न्याआ । जात्तिपित्ति छुइमुचो भयापटि पिट्ठोट भन्नि । धामि पन ज्यालै हद्वाड, फटकिनन् भन्या ज्या भया पन छुइमुचै हो भन्ना । काइथि कोइ फल्याउटि फटकिनन भन्या क्या भयो तेइकन छाउ भयाआ बेला पन फलानि त फटकनिन भन्ना, उथा क्या अन्या हो त समाजाआ रे घरमाआ पथ पन टाडिनु पड्यो भन्नि । बार्खा बागल मार्या पन छुइमोचो भयो, बल्ल लोट्या पन छुइमुचो भयो, दाडिम झड्या पन छुइमोचो भयो भन्ना ।

बुद्दइ धरममा छाउकि सामान्या मान्या पन हिन्दुका सातसंगतल ति पन छाउ भयाआ बेला पुजाआजा नहन्या, रुखबिरिस नछोइन्या भयाआ छन । ताइवान, जापन र चिनमा पन छाउका कुडा नाप छन भन्या सुनिन्छ । बेलातमा पनि छाउ भयाकिकन डुणमा हड नाउन नदिन्या चलन छ अरे । अन्तारि अमेरिकाथिर पन क्याम्पिनिङमा जान छाउ भयाकिलाइ दिदाइन रैछन् क्यानभन्या तेइतक बैकिनिका हडम्मो गन्न आउन्या हुन्ताइ बाग भयो अरु जनाबर दाड्डा भन्या छ। किरसियन पन छाउ नमान्या भन्या पन छाउ भयाइ बैकिनिकन आप्ना चर्चमा जान नाइ दिना। मुसलमानमा पन तेइबेला बर्त नबैन्या, मस्जितमा पार्थाना हन्न नदिन्या रे रमजानओ बर्त चोखियापटि हन्नु पड्न्या भन्या छ । यहुदि धरममा छाउ भयाकि बैकिनिकन निदा भन्ना यैबेला लोग्न्या बैकिनि इकाउडै सुन्न नहुन्या केइ पन नछुन्या रैछ । यि सबु धरमभन्ना सिख घरम भन्या नाहा बेग्लै रैछ । यइ धरमल त छाउ भयाआ बेला थान गइ पुजाआजा हन्नु भन्या रैछ । पुजाआजा चल्ना भन्यापटि ति त छाउ नमान्या रयाछन। क्यान होला कोजानि सबुल मान्या तिन्ल मात्तइ नमान्या रयाछन राव क्या।

झिक छाउपडि मान्या जिल्ला पन अछाम हो।ह्याँ झिक हिन्दु धरम मान्या बैथा । हिन्दु धरमकि छाउ झिक मान्या धरम भन्ना । अरु धरम भन्नो ज्यो धरमबाटि छाउ मान्या चल्याआ हुन्ताइ छाउपडि बैन्या पन यइ धरमकाल बनाको हो भन्ना । छाउपडि भन्याआ छाउ भयाकि बैकिनि पड्न्या ठौरोओ नाउ छाउपडि गोठ भन्ना धेक्याआ । त्याँ छाउ भयो भद्या घरबाटि टाडा सागुडो झुपिल्लामा बैनु पडन्या बाध्यता छ राव क्या । बैन्या मात्तइ काँ हो त खान्या कुडा पन तौलि दिदा। झोल्याइलो रे गोरस नाइ दिना । थान काट्याआ पाठाआ सिकार पन नाइ दिदा ।

फल्यारा रुखबिरिस छुन दिनाइन । लोग्न्या बैकिनि कसैका पन हड लाग्न पाइएइन । सबुको हड्न्या बाट हँटन पाइन । सबुल नाउन्या धारा नाउन पाइएइन । सबुल धेकन्या ठौर बैन पाइयइन । कपाल कोरिबाटि हन्न पाइयइन । देउताआ थान जान पाइयइन । अरु त अरु पडन लेख्नन पन पाइएइन । तबैत फल्याउटि लोग्न्या मान्ठ भन्ना पछाडि छन । छाउगोठ बैनाल झिक्कै फल्याउटि सापल चिलि मर्यायिइ छन ।

नचिन्याआ मान्ठ आइ डराउन्या पन छाउखुल्लामाइ हुनो धेक्याआ । किन हो त यसो भन्या पटि देउता रिसाउनो भन्नि। लोग्न्या रे धामि त धामि छिया बैकिनि आपइ पन घरभित्त बस भन्यो भन्या नाइ बैथि ।उथाआ धरमल हद्वा देवि देवताल हद्वाब छाउपडि मान्या चलन चल्याआ हो भन्या छ ।

# आतङ्कित सौडो

■ गगनसिंह थापा

चुरे महाभारत पर्वत सिलाको फेदि भाग। कन्नालि घाटआ छालउनो चाक्लो फाँट र भितडि मधेस । हिमाल, पहाड भितडि पहाडि गाउँबाटि सरि आयाका मान्ठओ बस्ति । आप्नाइ जातिय संस्कार संस्कृतिमा हुर्क्याका, बर्खाका, रयाका मान्छ्याको जमघट । दारकाठबाटि बनायाका ठाँटि रे भुइतल्या घर । आप्ना आप्ना खेतबारिका किनारका छेउछाउमा बनायाका गाइबस्तुका गोठ्या टहरा, बार्खाका खोड । कुखुडा खोड। नान्नाना हाँसाआ खोड । काइथिकाइथि घरउना झुड्यायाआ तोता मैनाका खरि । बाक्लो जंगल फेदको चारैतिरको घना जंगल र बिचौडाआ चाक्लो फाँट बस्ति ।

तेइ बस्ति भित्तको एक जना सात्याकन म भेट्न गया, बस्ति भित्तओ भागौडो । मित्त घरै छिया । दिन बुडि सक्याका छिया । पर पर चुरे महाभारतका टाकुरा र रूखका फिर्काम्मा घाम पड्न लाग्याआ छिया । मल्लो डाँडाबाटि छिरयाआ रारा घामआ सारा खलाबाटि छिद्वाइ कन्नालि छालतक पुगिकन बगरमा अडियाआ छिया । बगडआ बाटुला सुकिला पडा र बालुवा पेला भइकन सुनजसाइ टल्क्याका छिया । पानि किडाका वरिपरिउडो जम्मा भयाको फिज प्यालो धोति फिंजाया जन्दरै धेकियाआ छियो । कन्नालि घाटबाटि उठ्याका पानिका फोका कर्याङकुरूङ हद्वाइ बास बइन्या ठौर खोद्दाइ छिया । भाइर उराइठो छियो । सात्या उठ्या । हात मिलाया । बस भनिकन खटिया मैथिर सारि दिया । मैले क्या छ समाचार भनिकन सोध्याँ ।

यइ बस्तिको कथा व्यथा यो साल अक्कै छ । यै पालि बस्तिको छेउ किनारा पाखा रे भित्त प्याउँलि फुलेइन । पुल्ति उडेइन । आँखाउडा लत्पत्तियाका आँसु पुछिकन सात्याल भन्या रे रून्या अनार लाया । यो गाउँ बस्तिकन, सन्चो आछि । म रोयाको हैन यो सबै बस्ति रोयाआ छ, अहिल बस्तिको व्यथा भन्नैन पछ्या भनुलि । पैला घर भयाआ खानेकुडा खाऊ । सात्याल टाँडउनि फिनो फाल्यो । सात्याआ जाहन फिनाउनि बसि दुइ लोटा पानि राख्यो । हात धुया पटि कुल्ला हऱ्या । एक खर्कमा उमाल्याआ तौड रे एक बटको मइ पिन्याआ नुन खुसानिको चटनि राखि दियाकि छन । हामि दुबै बसिखेर बोक्डा फाल्लै उमाल्याआ तौडाआ सेला भकाभक खायउ । भोक मन्या हरि। धित मर्ने हरि । हामि मुख चुठर फिरि तेइ फिनामा बसेउ । सात्याकि परिवार जुठाभाडा उठाइकन रछिखाल्नातिर लागिन् ।

सात्याल कथा भित्तको कथा सुनाउन्या काम पैटाया । सात्याउ, यो सौडो लथालिङ्ग छ, भताभुङ्ग छ । महाभारत चुरे सिरिङखलाबाटि ओल्याका चडा जंगलि जनावर रे ह्याँका मस्तै प्रजातिका बनउडाआ परानि धेकिन लाग्याका छन् । ति पैला छियान। बस्तिमुथि अँज विपद रे जनावरको हमला बढ्दै गयाआ छ । अक्थि यै ठुलो अजिङ्गरल सेत्याआ खसि निलिदियो । यो सौडाका तिन जना दुइ वैकान र एक बैकिनिकन नरभक्षि बाघल दिन दाहाडै खाइदियो । पाल्तु जनावरमाथि माघ, भालु, चितुवा आदिको भइ छ । रात गोठमा गइखेर गोठ भित्तआ बार्खा पन स्याल, चितुवा, चडि बाघल लैजाँदो । भुसुना, उपियाँ, उडुस, प्युसा, मच्छर यइ साल दुगुना बड्याका छन् । औलो ज्वरोल सौडामा एगार जना किसानको मरु भैसक्याआ छ । सरकारको औलो उन्मुलन कार्यक्रमल औलो मेटिएन हरे। खेतबारिमा राति साइडा बदेलओ रजाइ हुन्छ । वर्खाको बाढिल चुरेको खहरे माटो बगाइकन पुरिदियो । पानि पड्याको पड्याइ हिउँनओ सित लहरे, बर्खाको घाम । खेतवारि र घाटका छाल ताल तलाउबाटि थर्किन्या ट्वार ट्वार राउटि । झिक्कै जातका भ्यागुताआ झिजो लाग्न्या डाँका पन तेसाइ। एक रात पन आनन्दसात सिन नपाइ भाँडाकुँडा जति ठटायापन हल्ला जति हऱ्या पन चराचुरूङ्गिल नछाडन्या अनाजका बाला । साइडो, बाँदर र स्यालल नछोड्न्या घोगाआ कोसा । गाउँको वरपर सुनिन्या बाघका गर्जन । स्यालको हुइया । घोगिगडा काग, सुगा र मैना नछाडन्या । हाँस कुखुडा चिलल लैजान्या। खानेकुडा र हडमा बसिदिन्या नान्नाना खैरा काला जौडा र चायाँ । ओछ्यानइनि आइदिन्या किर्मिलाका रल । अनाजको भकारिउना घरको धुरि खामामा लागिदिने, चबाइदिन्या धिउना । किथ्या साङ्ला । बालिनालि चरिदिन्या काग्याकिडा सलह, फटिङ्गा । बालिको पातमा लाग्याया खुरमुटे किरा । गान्थि किरा पातमा झुम्मिन्या । लुतो लाग्न्या, आगलागि हुन्या, झिक्कै अत्याचार छ सात्याउ यै बस्तिमा । जाँजाइबाटि आतङकै आतङक छ । यइ बस्तिका सन्तोसओ सास फेन्या फुर्सद आछि । यइ बस्तिमा पिडै पिड छ । कैल क्या हुन्या हो । यो दिनओ तुवालो हुस्सु मात्र छ । यहाँ लाहिवारिमा लाहि किडा छ । बसाल्या गडा झुसिलकिडा छ । सबुका पेट जुका छ । छातिभित्त क्षयरोगका किरा हुल्याका छन् । औंलो ज्वरो छ ।

स्वास्थ्यचौकि छ, ओक्तो आछि। स्कुल छ,मास्टर आछि । भयाका पन आउनाइन । यसो मिलाइ कोइ कैलइ कोइ कैलइ आउन्या खान्या । गरिबआ फल्याउटा फल्याउटि तिन्दराइ स्कुल छन धनिका भन्या त्याँ छैनन । त्याँको प्रकृति सौन्दर्य जैविक विविधता हेन्न पर्यटक आउन्या जान्या त हुदो छ । सुकुटिका बोरा ठुलाबडाकि खुवाउना । मुथिबाटि हेन्न आयाका खुसि हुनइ फिर्किदा । अँज फर्कन्या बाचा हद्दा । इन्दरै छ त्याँको चलन । हामुल आप्नै खेतबारि जोगाउनाकि लाइ बन्दुक पट्काया पछ्या कारवाहि हुन्या रे क्या हन्न सक्छ र कानुन हातउनि लियाका रे देसबासिकन कानुनि राज्यको पालना हन्न लगाउन्या । आपु भन्या कानुनकन घाट मिल्काइ दिदा । मन पडि हद्वा । प्रकृतिक स्रोतकन दुलर्भ जन्तु माद्वा, भैगो सात्याउ, म अब यो भावनाको वेगमा नाइ बगदो । यहाँका कथा व्यथा सकिदाइन । म अब अर्को पिडको कुडा सुनाउदो भयाँ ।आतङ्कवादीका पल्टनका पल्टन गाउँडो पस्या । फल्याउटाफल्याउटिकन घेऱ्या। घरघर पस्या । आतङ्कित सौडाआ झुपडिमाइ पाक्याआ रागा, खोल्या, सागपात आपुइ पेटभित्त हुल्यो ।

हामु तम्राइ अधिकारकिलाइ र समानताकिलाइ लड्याआ छु भन्नाइ खुपै नारा लाया । जबरजस्ति खेडिन लाया । गाउँका तन्नेडिकन छानि छानि, आप्ना ठौर लिया । छ कक्षाबाटि ८ कक्षातक सबु पड्नेराकि जबरजस्ति लिया । लत्ता कपडा राखेइन । ओढ्न्या ओछ्याउन्या राखेन । सौडो रित्तो बनायो । मलताल धाडि लियाको मौरिघार जसै बनाएदिया बस्तिकन । बस्ति खाल्लि भयो, हावाहुरिल रूख ढलिकन भताभुङ्ग भया जसो । निसास्सियाको कारण कन्दनमा अत्तालियाको । कठै बरा पुरे पण्डितल अस्ति भर्खर हो ब्वारि ल्यायाआ । बस्ति भरिका मुन्छेकन जन्ते भोज खान दियाआ । चार गोटा त ठुला ठुला खसि काट्यो । अहाँ एक बेउलाबेउलिको कसो मिलेका जोडा । मधुमास, मधुरातमा दलिमलि भयाका । ब्याका छ मास कम्तिमा मधुमास हुन् । कठै विचरा एकुरा भैकन हडिरन्या, काइकताइ जाँन्यातक बस्दा, उठ्दा खान खाँदा कति जिस्कन्या । कस्तो मायालु मिल्याआ जोडि। अज्याले फुल्याका सयपत्रि फुल जसा । कलिला रूखका डालि जसा ।दुखओ कुडा एक छकालै आतंकवादिका जनसेनाल घेर्यो । फुलकलीकन च्यातेर लियो । कता लियो थाहा भएन । पुरेत बाजेका जोइपोइ चल्ला चिलले खाइ दियाको रित्तो गुडझैं त्यो घरमा चिउडामा हात लायार बस्या । नापै दिनपछ्या सुनियो पुरे बाज्याको छेरा लम्की हान्दा शहिद भयो रे। बुहारि कता छिन् अत्तोपत्तो छैन । यो गाउँमा माने र श्रीया त सम्सेरगञ्ज हान्दा मारिए रे । गाउँ तन्नेडि नभयाका जस्तो छ । चले चल्ला उठाएर छोडेको गुँड जस्तो खङरङ्ग रित्तो । प्राणी जिङरिङ्ग कंकाल जस्तो ।आन्दोलनबाटि बाँच्याका तन्नेडि कता बरालिए कता अत्तोपत्तो छैन । असहाय बड्डा जोडि हरायाआ न्याउलिल न्वाहु न्वाहु हरेजसै मेरा छोरा, छोरि, मेरो ब्वारि कहाँ छौ तमि नछाडे हामिकन त्यसै अग्नि ज्वालमा ध्वस्त हन्न हिटलरको ग्याँस चेम्बरमा । लौन छोरो भनि करूणा क्रन्दनमा मनमष्तिस्क खुम्चाउन्या हरि दिनरात रोइ रयाका छन्।

दुमैतिरबाटि गोलि हामुकन पन मार देशका लागि ख्वै कै देशका लागि हो कसो देशको लागि हो के यो देशकन रित्तो बनाएर युद्धको ज्वालामा जलाइखेर निमुखाकन बारूदि सुरागमा हालेर मानव ढालमा हानि मारेर रित्ता बनाई राखेको रस निचोरेको कागतिभै बोक्रा बनायाको कस्तो देश हो यो देशको लागि हाम्रो मांस पिण्डको कंकाल हड्डिको खरानि बनाएर देशको माटोकन मलिलो बनाउन, देशकन उर्जा दिन लैजान बाबा लैजाउ छोरा, लैजाउ छोरि, बुहारि यसै छ यो बस्तिको रूवाबासि । यस्तै छ यो बस्तिको पिड । मानिस मर्न्यातक मलाम जान्या मान्छ्या छैन । नजिकै बारिमा गाइ डिंगो मर्या खाडलइदो हाल्न खाडल खनि पुरदिन्या मान्छ्या छैन । यि रित्तो घर उजाड छन् । त्रसित छन् । आतङ्क, चक्रव्यु भित्त छन् । वन्यजन्तु सुरक्षित छन् । अहा एक कति निको यि वन्यप्राणिकन । स्वतन्त्र आकाशमा स्वाधिन धर्तिमा स्वतन्त्र हडाइडुलाइ, स्वतन्त्र आगमन, स्वतन्त्र विचारण जिवनशैलि । कैकै आदेशमा चल्लु पड्दैन तिनुल । आप्नु जिविकोपार्जन आपुइ हर्छन् तिनुले । आप्नु निति नियम आपुइ बनाउँछन् तिनुले ।

# अछामओ पुरानो राजधानि बुडिथर्पु (सेरा)



*पास्तोलिको अख्खडि पखानबाटि पानिका धारा*

ज्या होस पैलाइधेइ नाउँ चल्याआ यइ बुडिथर्पँ (सेरा) कि पर्यटक आउन्या ठौर बनाको भया हेन्याराआ भिड लागन्या छियो । बाटोसाटो पन तेति बनाका नाइ, नेताल पन बिच्छिगयाइ क्या हो अछामओ इतिहास लेखिया ठौर ।

जुम्ला सिंजाआ राजा समुन्द पाल बि.सं. ११११२ थिर रानि तारादेवीकन पन ल्याइ बुडिथर्पँ आयाआ छिया, क्यानभद्यौ उनुकि फल्याउटि हारमताआ छोरा उनुका नाति देवचन्द्रकन राजगद्दिमा राख्न्या कामु छियो । उइबेला रैति बैन्या घरकन थर्पँ रे राजा बैन्या घरकि बुडिथर्पँ भन्या चलन छियो । तेइ भएर सेरा अछामि राजाआ पैलो राजधानि बुडिथर्पँ नामल चिनियो धेक्याआ । तेइ बुडिथर्पँको उत्तरथिर एक पास्तोलिको अख्खडि पखानबाटि तिन पानिका धारा निकल्याआ छन । ति धाराकि अच्छाम्भसि भन्नाछिया पछ्या ति पानिका धाराका नाउँबाटि अछाम जिल्लाआ नाउँ रयाआ हो भन्या छ । पछ्या त्याबाटि क्वाल्लेख राजधानि सार्या रे त्याँ खेतिपाति राम्डै हुन्या हुन्ताइ सेरा नाउँ राख्या भन्या छ । ज्या होस पैलाइधेइ नाउँ चल्याआ यइ बुडिथर्पँ (सेरा) कि पर्यटक आउन्या ठौर बनाको भया हेन्याराआ भिड लागन्या छियो । बाटोसाटो पन तेति बनाका नाइ, नेताल पन बिच्छिगयाइ क्या हो अछामओ इतिहास लेखिया ठौर ।

# ककल्तो

■ शिवप्रसाद जैशी

ककल्तो हो कि यो बेलि
अख्तिको
आस हो कि यो भोलि पस्सिको
सासनमा आसन हन्न्या
कतिकति
आप्नाइ भागौनो नुन हाल्ला
सासन चलाउन्या जति।
थोकाइ थोकाइ किराँतल
नापैनापै मल्लल केइ कामु हर्याका
विपना धेक्ने मठ मन्दिर बन्याका
पाटी पौवाल देस भर्याका ।

कोइकोइका त जोड्डाइ जोड्डाइ मर्या देसओ सिमाना
छाति थाप्या गोलि खाया सान सिमा जोगाउन
आँसिल छप्काया छुरिल घोप्या
ढङ्डा हान्या बाड हान्या
धनुकाड बोक्या दाब्लाल ठोक्या खुकुरिल
छप्काया
हप्काया दप्काया उदिमण्टे लगाया
पौठ्या लाग्या घोप्ट्या लाग्या पराइ भगाउन
जोवनओ बाजि थाप्या सत्रु बैरि धपाउन ।

फाट्याका कोटल राणा पसे दरवार
थाङ्नामाङ्नासात बनाया घरबार जनताल
पाया चोट निग्से रूपियाँका बोट,
थैला कसे डोका भर्या
लैगया भारि बनाइ ह्याँका रूप्पे सिमटि
अक्कौइ देसमा रजाइ
मुख्या धेक्यौ
पँच खेप्यौ ।

हुकुम मान्याऊ
पँचभलादमी मान्यौ
साइना लायौ सम्मान हयौं
रैती राजा भया
आप्नाइ भुँडी भर्या
कबिला धेकि गणतन्त्र सम्म
हाम्रो सासन ल्याउन
राम्णो सासन ल्याउन
ककल्तो रै गयो ।

# देवकोटमा महायग्य



महायग्य पैटाउन्या कार्यक्रममा पालिकाका नेता, जिल्ला समन्वय समिति प्रमुख लगायत झिक्कै मान्ठ खेडियाका छिया । देवकोटाकन देसै भरि था दिन्या, आन्तरिक पर्यटन बढाउन रे धार्मिक स्थलको विकास हन्न्या मुख्य उदेस्य रयाको देवकोटा बन्धु समाज प्रचारप्रसार समिति संयोजक कृष्णप्रसाद देवकोटाल था दिया ।

देसभरि रयाआ देवकोटा बन्धु खेडिकन सिरिमदभागवत सप्ताह ग्यान महायग्य वैसाख १८ गते धेइ २४ गते तक अछाम जिल्ला ढकारी गाउँपालिका वडा लम्बर ८ देवकोटमा सकियो। पैटाउनाकिलाइ मुख्यमन्त्रि कमल बहादुर शाह आयाआ छिया ।

उनुल धार्मिक पर्यटन बडाउनाकिलाइ सुदूरपश्चिम सरकार लागन्या कुडा भन्या । अछाम जिल्ला पुरानो धर्मकर्म हन्या जिल्ला भयाआ हुन्ताइ यइ जिल्लाको भौतिक, आर्थिक, सामाजिक रे सांस्कृतिक विकासकिलाइ केइ कसर नराखि कामु हन्या कुडा उनुल भन्या।

यइ कार्यक्रममा गतिला अतिथि रयाका प्रतिनिधि सभा सदस्य पुष्प बहादुर शाहल अछामको विकट छेत्रमा पन ठुलै महायग्य हन्न्या साहस हन्न्याआ हुन्ताइ देवकोटा बन्धु परिवारकन धन्यवाद दिया। उनुल वेतन कन्नालि परियोजना, चिसापानी जंगलघाट बेलखेत हुनइ हिल्सा जोड्न्या रास्टिय गौरवका योजनामा काइथि काइथि सदनमा कुडा उठायाको पन भन्याका छन् । अछमि जनताआ जिविकासात जोडियाका झिक्कै सामाजिक, धार्मिक, आर्थिक विकास रे समृद्धिका लागि आपु जइल पन अखाण्डि रहन्या प्रतिनिधि सभा सदस्य सांसद पुष्प बहादुर शाहल भन्या ।

तेइ कार्यक्रमउडाइ प्रदेश सभा सदस्य मेघराज खड्का रे मानबहादुर रावलल महाकवि लक्ष्मी प्रसाद देवकोटाआ सालिक बनाउन्या महायग्यओ उद्स्य भया हुनाल गर्व हर्याका छन् ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाको सालिक अछाममा बन्नु भन्याआ सपै अछामि साहित्यकारकिलाइ खुसिको कुडा भयाको उनुल भन्या । महायग्य पैटाउन्या कार्यक्रममा पालिकाका नेता, जिल्ला समन्वय समिति प्रमुख लगायत झिक्कै मान्ठ खेडियाका छिया ।

देवकोटाकन देसै भरि था दिन्या, आन्तरिक पर्यटन बढाउन रे धार्मिक स्थलको विकास हन्न्या मुख्य उदेस्य रयाको देवकोटा बन्धु समाज प्रचारप्रसार समिति संयोजक कृष्णप्रसाद देवकोटाल था दिया । उनुका कुडाबाटि कुल देवताको मन्दिर बनाइ देसकै सबु भन्ना ठुलो भारद्वाज रिसिको मुर्ति थापना हर्न्या, महाकवि लक्ष्मीप्रसाद देवकोटाआ सालिक बनाउन्या, सामुदायिक भवन बनाइकन ठुलै पुस्तकालय थापना सातै धर्मसाला बनाउन्या रे चालु हन्न्या महायग्यका उदेस्य रयाका छन् ।

देवकोटाकन राष्ट्र तथा अन्तर्राष्ट्रिय क्षेत्रसम्म चिनाउनकिलाइ प्रमुख कथा वाचक श्री नारायणप्रसाद शर्मा घोडासैनीको मुखारबिन्दबाटि सङ्गितमय सिरिमद भगवत ग्यान महायग्यको वाचन भयाको छियो ।

कन्लै कसैकन छेक्दैन तिनुले । आप्नु जिवन रक्षा आपुइ गर्छन् तिनुले ।

भैगो भैगयो सात्याउ, म कता हराए कता ? बगे भावनामा । अब यो सौडो फल्लैन । झाङिनैन । अब खोलानाला खेत खेतमा पानि कलकल हरि बग्दैन ।

अब बचेखुचेका टहरा जिर्ण घर कंकाल इमियाका बुडाबुडिकन मात्तै हेर्‍या छौ । जैविक जोगाउनाकिलाइ जैविक विविधताकिलाइ प्राकृतिक सम्पदाकिलाइ आत आताङ्गको सञ्जाल भित्त सबुको सदाइको आताङ्कको खाडल भित्त अब । यो आतङ्कको भुवरि भित्त खल्डोभित्त बाँच्न सक्दैन । आतङ्कित बस्ति भित्त ।

छाड्छौं अब आताङककाइलाइ यो आतङ्कित बस्तिकन भेटुला सात्याउ काइथि कताइ स्वतन्त्र संसारमा । बाच्यौं भने ।

# एकेगो टोलामे चौदह करोडके मकै



रौतहटके वृन्दावन नगरपालिकाके एकेगो टोलामे करिब चौदह करोडके मकै फरल प्रारम्भिक अनुमान कएलगेल हए। वृन्दावन नगरपालिकाके वार्ड नम्बर एकमे रहल बलरीमे मकैखेती बहुत भेल हए। करिब छओ सय बिगाहासे बेसीमे मकै खेती भेल अनुमान रहल हए।

मकैखेतीसे किसानके निमन आमद भी रहल स्थानीयके कहनाम हए। बलरीमे मकैके व्यावसायिक उत्पादन होरहल आ व्यावसायिक उत्पादनसे कृषक लाभान्वित होरहल स्थानीयवासीके कहनाम हए। बलरीमे कमसे कम एक कठामे छओ मनसे लेके साढे बारह मनतक मकै उत्पादन होरहल हए। बलरीमे मकै खेती निरन्तर करते आरहल अगुवा किसान बैजु पटेल सोचाइके अनुकुल ही मकैके उत्पादन भेल जानकारी करएले छत।

निमन उत्पादन करेबाला स्थानीय नितेश पटेल पुरस्कृत भी होगेल स्थानीय रामअधार पासवानके कहनाम हए। मकैखेती बहुत निमन होइते आइरहल आ किसानके निमन फाएदा भी रहल पासवानके कहनाम हए।

मकैखेतीके चलते किसानमे समृद्धि आरहल देखलगेल हए। बलरीके साथे जिलाके विभिन्न गाँओमे सर्वसाधारण किसानके हाथमे नगद आबेके एगो माध्यम मकैखेती भी देखल जारहल हए। मकैखेतीके अनुकुल माटी रहल, सिचाइके सुविधा भी रहल आ किसानमे उत्पादन करेके इच्छाशक्ति रहलासे बलरीमे मकैखेती हर साल बढरहल आ उत्पादन भी निमन होरहल हए।

मकैके उत्पादन होएलापर ओरहाला काँचे बाल बिक्री होखेसे लेके मकैके दानाके बिक्री करेला कौनो समस्या नहोएलासे किसानके हाथमे नगद आरहल हए। नगद आबेके होएलासे किसान मकैखेतीमे लगनसे लागल अगुवा किसान पटेलके कहनाम हए। मकैखेतीके विस्तार जिलाभरमे धिरेधिरे होरहल हए।

# बागबानी केन्द्रमे फरल एभोकाडो

गर्मी प्रदेशमे फरेबाला एभोकाडो सर्लाहीके बागबानी केन्द्रमे परल हए। उष्ण प्रदेशीय बागबानी केन्द्र नवलपुरमे एभोकाडो फरल हए। गाँओदेहातमे ओतना नाओ ही नसुनले आ सर्वसाधारण लोग बहूत कम देखले एभोकाडो महँगा फलमे आबइअ। मुख्य कके सहरी क्षेत्रमे बेपार होइते आरहल एभोकाडोके निमन उत्पादन होखेके केन्द्रके प्रमुख रामकुमार यादवके कहनाम हए।

केन्द्रमे रहल आम एक करोडसे बेसीमे टेन्डर भेल आ बारह लाखसे बेसीमे लिचीके बिक्री भेल हए। सर्लाही, रौतहट, महोत्तरीसहितके जिलामे बागबानी केन्द्रके आम अत्यन्त लोकप्रिय रहल हए।

केन्द्रके लोकप्रिय आमके नामपर दोसराओरसे लेआके केन्द्रके कहके बेचेके चलन भी देखलगेल हए। मुख्य कके तिनु जिलाके बजारमे केन्द्रके आम कहके दोसरा जगहसे आएल आम बेचेके देखलगेल हए। पर्हु सालसे बेसी एई साल आम फरल होएलासे आमके टेन्डर पर्हुसे बेसीमे भेल हए। केन्द्रके बाली संरक्षण अधिकृत सुनिल कुमार चौधरीके मोताबिक केन्द्रपर साधारण उपभोक्ताके भी बहुत विश्वास रहल हए। मुल रुपसे विभिन्न जातके थाला उत्पादन करेके उद्देश्य रहल केन्द्रमे उजिआएल एभोकाडो फल एई साल निमनसे फरल देखलगेल हए।

# कहाबतके निर्माण आ महत्व



विश्वराज अधिकारी

हजारो हजार बरसके अनुभव, सोंच, चिन्तन, मनन आदिके परिणाम हए कहाबत। कहाबत चाहे कहनामके निर्माणमे, कहनामके जनममे, हजारो साल लागल हए। मानव सभ्यताके बरसो बरसके चिन्तन आ मननके बादमे कहनाम बनल हए, ई जनम लेले हए। अनेक पुस्ताके अनुभव, भोगाइ आ सोचाइसे कहाबतके आकार ग्रहण कएले होई। कहाबतके मतलब सोझे कौनोके कहनाम नहए। अनेक कहनामके निचोड हए। कहनामके भितर जीवन हए, दर्शन आ जीवन–दर्शन हए। जीवन आ जगतके जीवन्त–अनुभव हए। 'जेतना चिडिया उडे आकाश, फेर करे धरतीके आश', ई एगो छोट कहाबतके भितर प्राणीके जीवनके दर्शन हए।

कहाबतके कुछ लोग कहनाम भी कहइअ मगर कहनाम आ कहाबतमे भिन्नता भी हए। कहनाम त साधारण बात भी होसकइअ, विशिष्ट बात चाहे जीवन दर्शन भी होसकइअ। कहाबत भी विशिष्ट बात हए मगर कहनाम नहए। कहनाम भी हए मगर एगो अलग विशिष्टतायुक्त कहनाम हए जेकरा कहाबत कहलापर ही पूर्णरुपसे बुझसकइछी। कहनाम कौनो एक व्यक्तिके होसकइअ चाहे समाजके भी मगर कहाबत कौनो व्यक्तिसे उपर उठके समाजके ही रहइअ। कहनामके कथइता कौनो होसकइअ मगर कहाबत सामाजिक सम्पत्ति हए। एही कारणसे कहलजाइअ कि कहाबत बहुत लोगके भोगाइसे जन्म लेले हए। एकर एगो उदाहरण कहनामसे ही देखलजाओ।

बहुत लोग जल्दीमे काम कएले होई। हडबडीमे कएल बहुत काम खराब भेल होई। काम खराब होगेलापर बुझाएल होई जे शान्त दिमागसे काम करेके चाहिं। हडबडीमे कएल काम बिगड जाई। ई सन्देश समुच्चा मानव प्राणीके देबेके लेल भोग्निहार सब मिलके एगो कहाबत बनादेलख ' हडबडीके बिआह कनपटीमे सेनुर'। जेना हडबडीमे बिआह कैलासे सेनुर माङमे नपरके कनपटीमे परजाई ओहिना हडबडीमे काम कएलासे काम बिगड जाई। जल्दीबाजीमे काम करेके एगो त होजाइअ दोसर। चाहे जहाँ निमन होखेबाला हए उहाँ नहोखे जहाँ कौनो अर्थ नराखेबाला जगहपर काम होजाई। सदाकालीन ई सत्य 'कौनो काम शान्तिपूर्वक करेके चाहि, सोचविचार कके करेके चाहि' बहुत सुन्दर कहाबतके जन्म होगेल 'हडबडीके बिआह कनपटीमे सेनुर' एक सदाकालीन शिक्षा होके आगेल।

कहावत हरेक भाषामे होखेके चाहिँ। कहाबतसे भाषाके भी महत्व बढले। साथे भाषाके समृद्ध बनाबेके काम भी कहाबत करले। भाषा जेतना समृद्ध होई उहे हिसाबसे ऊ भाषाके भितरसे कहाबत पैदा होई। बज्जिका भाषा एक उन्नत भाषा होएलासे बज्जिका भाषाके अन्दर बहुत कहाबत सब हए। बज्जिका बोलेमे एक अति सरल भाषा भी हए। लोकजीवनके एकर ग्राह्यता अपनेआपमे विशिष्टता हए। बज्जिका भाषामे अनेक कहाबत हए। कहाबतके अक्षय भन्डार भी कहलासे होई बज्जिका भाषा मगर आजकाल स्तरीय भाषाके प्रयोग आ प्रचलन बढइत गेलाके कारण बज्जिका कहाबतके उपयोग लोकजीवनमे कुछ कम होइत जारहल बुझाइअ। मगर तइओ लोकजीवनमे कहाबतके उपयोग अभी भी पर्याप्त होरहल हए। अधिकांश लोग अपना बोलीके क्रममे स्वाभाविक रुपसे एकर प्रयोग कररहल हए। एकर संरक्षण करनाइ जरुरी हए।

बज्जिका कहाबत चाहे कहनामके अध्ययन, संस्मरण आ चिन्तन एक सुन्दर अभ्यास हए। बज्जिका भाषाके संरक्षणके लागि भी अध्ययन आ संस्मरण जरुरी हए। इहाँ संस्मरणके अर्थ याद करनाइ हए। बज्जिका कहाबतके संरक्षण करेला भुलल बिसरल कहाबतके याद करनाइ अति जरुरी हए। अइसही कहनामके संकलन आ विश्लेषण भी महत्वपूर्ण बात हए।

बज्जिका भाषाके बहुअर्थी भाषा कहल जाइए। बज्जिका भाषामे एगो शब्दके बहुत अर्थ होसकइअ। एगो शब्दके अनेक अर्थ होसकलाके कारण बज्जिका भाषाके लोग बहु सन्दर्भ भाषा कहले। जैसे कि बज्जिका भाषामे पानीके अर्थ सिर्फ पिएबाला पानी मात्र नहए। पानीके मतलब लाज, सरम, इज्जत, लालच भी होसकइअ सन्दर्भके अनुसार। 'ओकर आँखमे एको रत्ति पानी नहए',

कहनाम भाषाके सुन्दर भी बनाबले। कहनाम सुनेमे निमन लगछई। कहनामके दोसर महत्व ई हए कि जौन बात बयान करेला बहुत वाक्य प्रयोग करेके स्थिति हए, त एहन स्थितिमे मात्र चार पाँच शब्दके एगो वाक्य कहके ओहन बयान करसकइछी।

इहँमा पानीके अर्थ हए लाज। कहेबाला कहरहल हए, 'ओकरा तन्को लाज नहए'। अंग्रेजीमे पानीके मतबल सिर्फ पानी होई। अंग्रेजीमे शब्दके वास्तविक अर्थ जे हए, प्रयोगमे भी उहे अर्थ होई। परिस्थिति मुताबिक शब्द अर्थ फरक फरक नहोई। जैसे कि अंग्रेजीमे 'हि हैज नो वाटर अन हिज आइज' कहलापर वाटरके अर्थ सिर्फ पानिए होई लेकिन बज्जिका भाषामे पानीके अइसे भी कहसकै छी। जैसे 'ओकरा आँखमे पानी नहए।"

कहनामके बहुत महत्व हए। एगो लम्हर कहानी सिर्फ एगो कहाबत कहके कहसकइछी। कहाबत कहके केकरोपर ब्यंग्य करसकइछी। कहनाम कहके छोटकरीमे हर्ष, पीडा, उत्साह, मोह, प्रेम, दुख, अचरज, घृणा, सदभाव, ब्यंग, परहेज, परिहास, निष्कर्ष आदि लोक–परलोकको साथे आस्था, विश्वास, आशा, निराशा जइसन जीवनके अनेक भाव व्यक्त करल जासकैअ।

कहनाम भाषाके सुन्दर भी बनाबले। कहनाम सुनेमे निमन लगछई। कहनामके दोसर महत्व ई हए कि जौन बात बयान करेला बहुत वाक्य प्रयोग करेके स्थिति हए, त एहन स्थितिमे मात्र चार पाँच शब्दके एगो वाक्य कहके ओहन बयान करसकइछी।

कहाबतके निर्माण कौनो एक जने कएले नहोई। समाज विकासके क्रममे स्वतः अर्जित भेल होई। भाषाके विकास होखेके प्रक्रिया आ कहाबतके विकासके प्रक्रियामे समानता होखेके चाहिँ। भाषाके एगो अंग कहाबत भी होएलासे भाषा आ कहाबतके बीच सकारात्मक सम्बन्ध रहल हए। भाषाके कलात्मक बनाबेके, साहित्यके लोकजीवनके नजदिकसे बुझेला बनाबेमे, साहित्यके सुमधुर बनाबेमे आ अपना कथ्यके सुन्दर बनाबेमे जइसन अनेक भूमिका कहाबतके रहल देखलगेल हए। कहाबतके आउरो भाषिक, साहित्यिक, सामाजिक आ अन्य किसिमके भूमिका भी होसकइअ।

हाल अमेरिका

# पुस्तकालयमे पाठकके अभाव



सर्लाहीके बरहथवामे बजारमे अवस्थित हए महाकवि लक्ष्मीप्रसाद देवकोटा पुस्तकालय। अपना जमिनपर बनल भव्य पुस्तकालय भवन आ पर्याप्त पुस्तक भी हए मगर पुस्तकालयमे आइकाल पाठकके अभाव रहल स्थानीयके कहनाम हए।

बरहथवा बजार लगाबेला करिब साठ बरस पहिले गठन भेल पहिल बजार समितिके सदस्य ७८ वर्षीय ध्रुवनाथ खनाल पुस्तकालयमे पाठकके अभाव रहल बतबइछत। पुस्तक आ पत्रिका पढेके प्रवृत्ति कम होगेलासे पाठकके अभाव रहल हुनकर कहनाम हए। पुस्तकालयके स्थापना करिब पन्द्रह बरस पहिले भेल कहइत खनाल बरहथवामे पुस्तक पत्रिका पढेके प्रवृत्ति खासे नरहल कहइछत।

अइसही बरहथवामे प्रजातन्त्र सेनानी कहके परिचय देबेबाला ६४ वर्षीय काशीनाथ अकेला स्थानीयवासीके प्रयाससे स्थापना भेल पुस्तकालयमे पाठकके अभाव रहल स्वीकार करइछत। कौनो समय पाठकसे भरल रहेवाला पुस्तकालय आइकाल पाठकके अभावमे निराश रहल बतबइछत।

पुस्तकालयमे लाखो रोपइआके हजारो किताब रहल हए। स्थानीय सरोज खनालके पहलमे स्थापित आ कोरियन संस्थासे समन्वय कके निर्मित विश्व शान्ति भवनमे संचालित पुस्तकालयके निर्माणमे तत्कालीन गाविस बरहथवाके साथे स्थानीयवासीके लगानी भी रहल रहे।

विश्व शान्ति भवनके निर्माणमे कुछ कोरियनसबके श्रमदान भी रहल हए। स्थानीयसे लेके विदेशके संयुक्त प्रयासमे निर्मित भवनमे रहल पुस्तकालयमे खासे पाठक नजाएके कारणसे पुस्तकालय अलगथलग परलजइसन होगेल हए।

अनेक किसिमके किताब रहल आ व्यवस्थापन भी निमन रहलापर भी पुस्तकालयमे खासे पाठक नपुग रहल बरहथवामे रहल महाकवि देवकोटा पुस्तकालयके ही समस्या नहए। दोसरा जगह रहल पुस्तकालय भी करिब करिब अइसने अवस्थासे गुजररहल हए।

सर्लाहीके अन्य भागमे रहल पुस्तकालयमे भी पाठकके अभाव रहल हए। सर्लाहीके हराहीसिमरामे रहल पुस्तकालयमे भी पाठकके अभाव रहल संस्थापक महानन्द झाके कहनाम हए। पुस्तक पढेला प्रोत्साहन कएलापर भी खासे

पुस्तकालयमे लाखो रोपइआके हजारो किताब रहल हए। स्थानीय सरोज खनालके पहलमे स्थापित आ कोरियन संस्थासे समन्वय कके निर्मित विश्व शान्ति भवनमे संचालित पुस्तकालयके निर्माणमे तत्कालीन गाविस बरहथवाके साथे स्थानीयवासीके लगानी भी रहल रहे।

लोग पढेला नपुगरहल झाके कहनाम हए।

एकओर पठन संस्कृतिमे गिरावट आएल आ दोसरओर मोबाइल–इन्टरनेटमे पढेके साधन मिलेके साथे मनोरंजनके अनेक उपाय आसानीसे प्राप्त होएलासे नवयुवकलोग पुस्तकालयके किताब पढेमे आकर्षित नहोरहल अकेलाके कहनाम हए।

पठन संस्कृतिके विकास करनाइ आ फेरसे पुस्तकालमे जाके वास्तविक ज्ञानके माध्यमसे परिचित करनाइ आजके जरुरत होगेल बुद्धिजीवीलोगके प्रतिक्रिया रहल हए। पुस्तकालय आ पुस्तक अध्ययनके महत्व बुझाबेला अभियान ही संचालन करनाइ जरुरी रहल बुद्धिजीवीलोगके कहनाम हए।

# चलरहल हए खेतमे बिजुली पुगाबेके अभियान

विद्युतके सहज पहुँच पुगल बारा आ रौतहटके हजारो बिगाहा खेतमे चैतीधानके खेती कएलगेल हए मगर बिजुली नपुगल अधिकांश जमिन ओहिना सुख्खा रहल देखलजारहल हए। विद्युतीय सिंचाइ पुगलापर किसानके हाथमे पानी होखेके आ माटीके साथे मौसमके आधारपर सही समयमे खेती करेमे आसानी होखेके कृषि ज्ञान केन्द्र गौरके विप्लवकुमार गुप्ताके कहनाम हए।



कृषिसे किसानके समृद्धि सम्भव करेला खेतखेतमे बिजुली पुगाबेके अभियान चलरहल हए। पहिलेके तुलनामे कृषि चेतना बढल आ बिजुलीके उपयोग भी बढइत जारहल अवस्थामे बारा, रौतहट, सर्लाहीसहितके जिलामे रहल गाँओदेहातके खेतमे बिजुली पुगाबेके अभियान चलरहल देखलगेल हए। बिजुली पुगलापर खाद्यान्न आ तरकारी दुनुके उत्पादनमे वृद्धि होखेके आ कृषिके व्यावसायीकरण होखेमे आसानी होखेके रौतहटके गरुडा नगरपालिकाके एगो वार्ड अध्यक्ष रामविनोद साह बतबइछत।

विद्युतके सहज पहुँच पुगल बारा आ रौतहटके हजारो बिगाहा खेतमे चैतीधानके खेती कएलगेल हए मगर बिजुली नपुगल अधिकांश जमिन ओहिना सुख्खा रहल देखलजारहल हए। विद्युतीय सिंचाइ पुगलापर किसानके हाथमे पानी होखेके आ माटीके साथे मौसमके आधारपर सही समयमे खेती करेमे आसानी होखेके कृषि ज्ञान केन्द्र गौरके विप्लवकुमार गुप्ताके कहनाम हए।

सम्भव होएलातक कृषक, पालिका आ प्रदेश तथा संघीय सरकार मिलके कृषि विद्युतीकरणके प्राथमिकता देनाइ जरुरी रहल कृषि प्राविधिज्ञलोगके कहनाम हए।

आकाशके भरपर खेती कएलापर पानीके अनिश्चितता रहले। बरखाके भरपर रहलापर कभी समयपर रोपनी नहोखेके त कभी पानीके अभावमे बाली सुखेके समस्या भी होइरहले। एई साल जादा सुखा होएलासे मुङखेती बहुत प्रभावित भेल हए।

अइसही तरकारी खेती करेबाला किसान भी बहुत परसान होरहल हए। किसानके सुविधाके देखइत अधिकांश पालिकाके कुछ अंश कृषिके विद्युतीकरणमे लगानी कररहल हए। कृषिके विद्युतीकरणमे राज्यके लगानी बढानाइ भी जरुरी रहल रौतहटके गढीमाई नगरपालिकाके नगर प्रमुख श्यामप्रसाद यादवके कहनाम हए।

कृषिके विद्युतीकरणसे सर्वसाधारण किसान स्वतः व्यावसायिक खेती कररहल आ जमिनके साथे समयके उपयोग कररहल नगर प्रमुख यादवके कहनाम हए।

किसानके हाथमे पानी होएलासे उत्पादनमे वृद्धि होएके निश्चित रहलाके कारण गढीमाई नगरपालिकाके ध्यान भी कृषि विद्युतीकरणके ओर रहल यादव बतबइछत। कृषि विद्युतीकरणसे तत्काल लाभ होखेके सम्भावना भी रहले।

# तारिखपर तारिख

■ गणेश कुमार लाल

कपिलवस्तु जिलामे रमेश चौधरीके पिता पंजा चौधरीके दस विगहा जमिन रहे। ओही जमिनके दक्षिण कातमे पवन दवाडीके जमिन रहे। दवाडीके जमिन रहे तीन विगहा। पंजा चौधरी अपना खेतके काते काते आमके गाछी लगा देलक तथा तीनगो कटहरके गाछी सेहो लगा देले रहे। ऊ बहुत आशाके साथ तथा उमेद रखैत आहारके लेल पहाड़ चढ़े।

अपन जीवनमे पंजा चौधरीके उमेद रहे जे जब आम फरेलागत त हम आमके बेपार करब। कोनो कामके कुशलता ध्यानपर निर्भर करैअ। खेतीपर ऊ ध्यानपूर्वक काम करे। दूध बेपारसे अपन लड़का रमेश चौधरीके अर्थशास्त्र पिषयसे स्नाकोतर स्तरतक शिक्षा अध्ययन करा देलक।

रमेश चौधरीके राष्ट्रिय वाणिज्य बैंकमे उपप्रबन्धकके पदपर नोकरी सिरहाके मिरचैया नगरपालिकामे भेट गेल। मिरचैया बजारके वसन्ती चौधरीसे चट मरबा पट विवाह होगेल। वसन्ती चौधरी ओही राष्ट्रिय वाणिज्य बैंकमे पहिलेसे ही कार्यरत रहे। विवाह होके जब रमेश चौधरी आ वसन्ती चौधरीके पालकी डेउढ़ीपर लड़काके घरे पहुँचल तब परछावन करेके समय गाँओके महिला वर्ग वसन्तीके देखैतके देखैत रहगेल। रुपवती एहन जे पधमावती रानीके फिका कदेलक। गाँओ–टोलाके सब महिला गण लड़कीके देखे खातिर आगेल, से उमडगेल। रमेशके माताजी घरके अङनामे गाईके गोबरसे पिढिआपर चाउरके आँटासे फूल बनाके राखले रहलन। पिढिआपर बइठाके पहिले एगो थारीमे पानी राखके पैर धोवाई ननद अंजली कुमारी कएलक। तब पिँढापर बइठाके विधिपूर्वक महिला सब गीत गाबे लागल। एही विधिके शुरुआतमे नवयुवती सब वसन्तीके देखके कलकंठी खिलखिला गेल आ रुपवतीके फूल झहरी गेल। चमेली विधिकरी अपन गोर गुदगार बाँही उघाडी, शरबती चुड़ीके कनेक ऊपरी खसका चम्पाकर्ण हाथमे फूल लेके नव कनियाके स्वागत कएलक। ओकर पोज भारी आ डिबा खाली रहे। एही भिडमभिडमे आशा कुमारी टुकुर–टुकुर तकैत रहे। ऊ घरके दुबर बाहरके बरुआर रहे।

एक दिन आठ बजे सबेरे पवन दवाड़ी पंजा चौधरीके दशगो आमके गाछी काट देलक। बहुत हसेरी लाएल रहे आ टेक्टरपर लादके चिरान मिलमे बेच देलक। पंजा चौधरीके हालत पोज भारी आ डिबा खाली होगेल। कतेकपर पंचैती भेल लेकिन पवन दवाड़ी एकेगो बात कहे – जतना गाछी कटलिह सब हमरे हए। ऊ अपन खेत नपाके देखलेओ। हम अपन गाछीके संरक्षण आ सम्वर्दन कएले छी। हम गुड गोबर नहोखे देव। पवन दवाड़ी भरल सभामे पंजा चौधरीके धुर चटवा देलक।

पंजा चौधरी अदालतमे मुद्दा देबे खातिर वकिल साहेबके झोरा ढोए लागल। उपयुक्त समयपर अदालतमे फिरादपत्र दर्ता होगेल। ऊ ओखरीमे मुडी लगादेल। ओही साल कोभिड–१९ के महामारी देशभर पसर गेल रहे। समुचा देशमे अदालत कचहरी, बैंक तथा अन्य कार्यलय सब सप्ताहसे एक–दू दिन मात्र खुले। एही अवस्थामे जनतासब अधिक परेशान होके कुकुरके मउअत जैसन हालत होगेल रहे। अदालत वादी–प्रतिवादीके जहि दिनके तारिख देबे ओही दिन अदालतके न्यायाधीश उपस्थित नभेलासे तारिखपर तारिख मात्र कागजपर चढ़ल जाए।

पंजा चौधरीके अवस्था एहन होगेल जे बाचल गाछीके ऊ प्रत्येक दिन निगरानी कआबे।

जे लोग होसियार होई, ऊ अपन कामके खेल बना लेइअ। खेलके मतलब ई हए कि व्यक्ति जे कुछो काम करइत हए, एतेक ध्यान, एतेक तलीनता, एतेक आनन्दमे डूबके करेके चाही जेसे बुझाए जे आदमी काममे डुबल हए। ठेस लगलापर अब पंजा चौधरीके होस आगेल रहे। ओकरा अपन कार्यके स्मरण रहे कि अपन काम ध्यानपूर्वक करेके चाहि। एई चेष्टा आ प्रयत्नके ऊ बोझ नसमझे।

रमेश चौधरी अपन पिताजीके अदालत आ वकिल साहेवके लागेवाला खर्च पेठा देबे लेकिन कहिओ अदालतमे तारिख लेबे नजाए। दू वर्ष वितलाके बाद एक बेर न्यायाधीशके समक्ष पेसीपर मुदा चढल त लेकिन वहस नहोएसकल। एमहर पवन दवाड़ी कचरम कुट कके अदालत लगके भोजनालयमे भोजन करे। गाछी विक्रीसे ओकर हाथ गरम होगेल रहे। दोसरके आँखमे धुर झोकके तारिखपर तारिख लेइत रहे। पवन दवाड़ीके घर नदीसे एक किलोमिटर दुर रहे। साओन महिनामे नदीमे बाढ आगेल। ओही बाढके पानी घरमे घुस गेलासे ओकर घरके देवाल ढहगेल।

बरसोसे जे चानी काटैत रहे, से घर मर्मतमे खर्च लागल त ओकर दोस्त सब औँठा देखावे लागल। केनहुसे मरमदत प्राप्त करे नसकल ऊ। बहुत प्रयासके बाद ग्रामीण विकास बैंकसे अठारह प्रतिशत ब्याजपर ऋण भेटगेल। अब ओकरा प्रति महिना एगारह हजार रुपैया बैंकके ब्याज बुझाबेके परसानी बढगेल। अब ओकरा छठीके दुध याद आवे लागल। जिल्ला अदालतसे हार भेलाके बाद पंजा चौधरी उच्च अदालत पाटनसे एक वर्षतक तारिखपर तारिख लेइत रहे।

एही क्रममे माघ महिनाके सोरह गते उच्च अदालत पवन दवाड़ीके दोषी ठहरा देलक। गाछी अनकर खेत जमिनके काट लेलाके फलस्वरुप बिगोसहित पन्द्रह हजार जुर्माना भी ठोक देलक। अबके अवस्थामे पवन दवाड़ीके आटा दालके भाओ मालुम भेल जइसनका अवस्था उत्पन्न होगेल रहे।

शहर–शहर, ग्राम–ग्राम ऋतुराज वसन्तके आगमन होगेल रहे कपिलवस्तु जिलामे एगो एफएमसे गीत बजैत रहे

जब आएल ऋतुराज वसन्त
शरद शिशिरके भेलई अन्त
बुझाएल जीव सब होरहल जीवन्त
जब आएल ऋतुराज वसन्त ...

अबके समय परिवर्तनशील होएलासे पंजा चौधरीमे चेतना जागृत भेल जे तारिखपर तारिख लेलासे नयाँ बैलके नयाँ सिंह, चल रे बैला डिड डिड।

# प्रदेश सरकार विस्तार

## तीन मन्त्री र एक राज्यमन्त्रीको शपथ



तस्बिर : प्रकाशविक्रम शाह

**सुदूरपश्चिम प्रदेशका प्रदेश प्रमुख देवराज जोशीले नवनियुक्त मन्त्रीहरूलाई पद तथा गोपनीयताको शपथग्रहण गराउँदै ।**

**कैलाली समाचारदाता**
*धनगढी, जेठ ६ गते*

सुदूरपश्चिम प्रदेश सरकारका मुख्यमन्त्री कमलबहादुर शाहले शनिबार मन्त्रीपरिषद् विस्तार गर्नुभएको छ। आफू मुख्यमन्त्री नियुक्त भएको एक सय दिनपछि तीन मन्त्री र एक राज्यमन्त्रीसहित मन्त्रीपरिषद् विस्तार गर्नुभएको हो।

नवनियुक्त मन्त्रीमा नेपाली कांग्रेस बझाङबाट निर्वाचित प्रदेश सभा सदस्य पृथ्वीबहादुर सिंहलाई आन्तरिक मामिला तथा कानुन मन्त्रालय, नेकपा (माओवादी केन्द्र) अछामबाट निर्वाचित झपटबहादुर साउद सामाजिक विकासमन्त्री र कैलालीबाट निर्वाचित माओवादीकै रमेशसिंह धामी उद्योग, वन तथा वातावरणमन्त्री बन्नुभएको छ।

त्यस्तै माओवादीबाटै डडेलधुराकी समानुपातिक प्रदेश सभा सदस्य गीता माललाई उद्योग, वन तथा वातावरण राज्यमन्त्री नियुक्त गरिएको छ। उहाँहरूले शनिबार नै पद तथा गोपनीयताको शपथग्रहण गर्नुभयो। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय खाली रहेको छ।

नवनियुक्त मन्त्रीहरूलाई प्रदेश प्रमुख देवराज जोशीले शनिबार नै पद तथा गोपनीयताको शपथग्रहण गराउनुभएको छ। शपथग्रहण कार्यक्रममा सभामुख भीमबहादुर भण्डारी, भौतिक पूर्वाधार विकासमन्त्री प्रकाशबहादुर देउवा, आर्थिक मामिलामन्त्री नरेशकुमार शाही र प्रदेश सभा सदस्यहरू उपस्थिति हुनुहुन्थ्यो।

त्यस्तै रेशम चौधरी संरक्षक रहेको जनता उन्मुक्ति पार्टीले दुई वटा मन्त्रालय मागेपछि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय खाली रहेको छ। सो पार्टीलाई भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मात्र दिन खोजिएको थियो। सरकार विस्तारपछि प्रतिक्रिया दिँदै मुख्यमन्त्री शाहले नागरिक उन्मुक्ति पार्टी पनि चाँडै सरकारमा सामेल हुने बताउनुभयो। उहाँले मन्त्रीपरिषद् विस्तारले आगामी वर्षको बजेट निर्माणमा समेत सहज हुने बताउनुभयो।

सुदूरपश्चिम प्रदेशमा मन्त्री सात र राज्यमन्त्री तीन गरेर १० जनालाई मन्त्री बनाउन सक्ने संवैधानिक व्यवस्था छ। मन्त्रीपरिषद् विस्तार भएपछि सो सङ्ख्या सात पुगेको छ। सात जनामध्ये छ जना मन्त्री र एक राज्यमन्त्री छन्।

नेपाली कांग्रेस संसदीय दलका नेता शाहको नेतृत्वमा रहेको सरकारमा कांग्रेसकै प्रकाशबहादुर देउवा भौतिक पूर्वाधार विकास र नेकपा (एकीकृत समाजवादी) का नरेशकुमार शाही आर्थिक मामिलामन्त्री हुनुहुन्छ।

गोरखापत्र समाचार प्रभाव

# ग्लोबल ओरियन्स पीडितको छब्बिस लाख फिर्ता

**टीकापुर समाचारदाता**
*टीकापुर, जेठ ६ गते*

आकर्षक तलब पाइने प्रलोभनमा इनभेस्ट नेटवर्क बनाएर पैसा असुली गरेको ग्लोबल ओरियन्सले टीकापुरमा ३१ जना पीडितको २६ लाख रुपियाँ फिर्ता गरेको छ। चैत पहिलो साता पीडित युवाले ग्लोबलका १२ जना सञ्चालक तथा कर्मचारीविरुद्ध उजुरी दिएपछि प्रहरीले आठ जनालाई पक्राउ गरेको थियो।

यो विषयमा गोरखापत्र दैनिकले पटक पटक समाचार प्रकाशित गरेको थियो। सो समाचार प्रकाशित भएपछि ग्लोबलका प्रतिनिधि तथा कर्मचारी २४ दिन प्रहरी हिरासतमा थुनिनुका साथै उजुरीकर्ताको पैसा तिरेको कागज देखाएर छुटेका छन्। टीकापुरमा महिनौँसम्म रुमल्लिरहेका पीडितहरू पैसा पाएपछि आआफ्नो घर फर्केका छन्।

कागज गर्दा सबैको पैसा पाइन्छ भने पनि कतिपयले पैसा नपाएको गुनासो पीडितहरूको छ। "मैले ४० हजार पाउनु थियो, १६ हजार मात्रै पाएँ," पीडित निशान रानामगर भन्नुहुन्छ, "जेठ ३ गते ग्लोबलका बिचौलिया कर्ण कुँवरले मैले लिँदै नलिएको सामानको १७ हजारको बिल थमाए।"

पीडितका अनुसार केहीलाई नगदै र केहीलाई बिचौलिया भनिएका कर्ण कुँवरमार्फत पैसा फिर्ता गरिरहेको छ। रानाका अनुसार ग्लोबल टीकापुर प्रमुख साजन चौधरीले पीडितको माग अनुसारको रकम बिचौलिया कुँवरलाई दिएको बताउनुभएको हो।

"पैसा पाइन्छ, मिलापत्रको कागज गरौँ भनेपछि सबै जना पैसा मिल्छ होला भनेर मिलापत्र गर्‍यौँ तर सबैको पैसा पाइएन," अर्को पीडित चिरञ्जीवी बुढाले भन्नुभयो, बैङ्क खातामा पैसा बुझाएकाहरूले पाए तर नगद दिएकाले पाएका छैनन्।" प्रत्यक्ष बिक्री गर्ने उद्देश्य राखी काठमाडौँमा दर्ता भएको ग्लोबल ओरियन्स प्रालिका नाममा टीकापुरमा कार्यालय खोली करिब नौ सय र व्यक्तिबाट करोडौँ रुपियाँ असुली गरेको बताइएको छ।

रुकुम, जाजरकोट, दैलेख, अछाम, डडेलधुराका युवा पैसा पाउने प्रतीक्षामा टीकापुरमै बसिरहेका छन्। उनीहरूले फरार सूचीमा रहेका साजन चौधरी, शिवराज सिजापती, हेमन्त शाही र डडेलधुरा परशुरामका निरज थापामगर, अमरगढीका सचिन ऐर, दैलेखका लवबहादुर भण्डारीलगायतका व्यक्तिलाई पक्राउ गरी पीडितको पैसा एकमुष्ट असुल हुनुपर्ने माग गरिरहेका छन्।

कैलालीका प्रमुख जिल्ला अधिकारी युवराज कट्टेलले ठगी गर्ने कम्पनीका कार्यालय तत्काल बन्द गर्न आदेश दिएको र ठगी मुद्दामा कारबाही गरिने बताउनुहुन्छ। लम्की–टीकापुर रोडमा पिपुल्स अस्पतालको माथिल्लो तलामा ग्लोबलको कार्यालय चलिरहेको छ। यस्तै भजनी नगरपालिका–३ स्थित भजनी–जोशीपुर सडकमा पनि ग्लोबलले कार्यालय राखेर काम भइरहेको छ।

यस संस्थाका सञ्चालकहरूले जागिरको प्रलोभन देखाई १५ हजार तिरे पहिलो लेभल, ४० हजार तिरे दोस्रो लेभल र एक लाख २० हजार वा सोभन्दा माथितिरे तेस्रो लेभल किन्न पाइने र तेस्रो लेभल किने मासिक ३५ हजार तलब पाइने आश्वासन दिने गरेका छन्।

सुगमभित्रको दुर्गम गाउँ

# बाजुरगडामा पानीको काकाकुल

**प्रकाशविक्रम शाह**
*धनगढी, जेठ ६ गते*



कैलाली जिल्लाको तत्कालीन निगाली गाविसबाट छविलाल साउद २०५१ सालमा हालको चुरे गाउँपालिका–४ को बाजुरगडा बसाइँ सर्नुभयो। सहजताको खोजीमा सपरिवार बाजुरगडा सर्नुभएका साउदले यस गाँउमा झन जटिलता झेल्नु परेको दुखेसो पोख्नुभयो।

तराईको जिल्ला भए पनि बाजुरगडा गाउँ विगत ३० वर्षदेखि जस्ताको त्यस्तै रहेको गुनासो उहाँले पोख्नुभयो। २०३० सालअघिबाट यो ठाउँमा बस्ती बसेको हो, २०५१ सालतिर म बसाइँ सरेर आएको हुँ। त्यो बेलादेखि यो गाउँ जस्ताको त्यस्तै छ। उहाँले थप्नुभयो, "केही परिवर्तन भएको छैन। देशमा ठुला आन्दोलन भए, परिवर्तन भए तर हाम्रो गाउँमा परिवर्तन केही पनि आएन।"

यहाँ सामान्य पूर्वाधार खानेपानी, सिँचाइ, शिक्षा, स्वास्थ्यलगायतका सेवा सहज रूपमा उपलब्ध हुन नसकेको र आफूहरू राज्यबाट नै उपेक्षा भएको भनाइ उहाँको छ। अर्का स्थानीय अगुवा हेम विष्ट पनि बाजुरगडामा खानेपानी र सिँचाइलगायतका आधारभूत आवश्यकता केही नपाएको बताउनुहुन्छ।

"यहाँ ६५ घरपरिवार छौँ, वर्षौंदेखि खानेपानीको समस्या भोग्दै आएका छौँ। खानेपानीको सानो मुहान मल्लोभावर भन्ने ठाउँमा छ तर सुक्खायाममा मुहान सुक्ने भएकाले खानेपानीको काकाकुल हुन्छ," उहाँले भन्नुभयो।

स्थानीयवासीका अनुसार बाजुरगडामा खानेपानीका लागि वैकल्पिक प्रबन्ध गरिएको छ। त्यसका लागि स्थानीयले मुहान (मल्लोभावर) मा ठुलो किसिमको ड्रम राखेका छन्। त्यो ड्रमजस्तै सबैका घरघरमा पनि ड्रम राखिएका छन्। मुहान र घरका ड्रमलाई पाइपमार्फत जोडिएको छ।

मुहानको पानी ड्रममा जम्मा गरेर एक दिन ड्रम खोल्ने र त्यो दिन एक घरपरिवारले करिब पाँच दिनका लागि पानी भण्डारण गर्ने गरेको बताइन्छ। एक परिवारले कम्तीमा पाँच दिनको फरकमा मात्रै खानेपानी उपभोग गर्न पाइरहेको स्थानीयवासीको भनाइ छ।

चुरे क्षेत्रमा पर्ने बाजुरगडा र गोदावरी नगरपालिका–४ वारिपारि पर्छन्। यसको बीचमा हाटखोली नदी छ। बाजुरगडाबाट पारिपट्टि पर्ने गोदावरी नगरपालिका–४ का क्षेत्रमा प्रशस्तै पानी छ। सिँचाइको पनि व्यवस्था छ। शिक्षा, स्वास्थ्य पनि राम्रै किसिमले विस्तार भइरहेको देखिन्छ।

तर, बाजुरगडाका स्थानीय भने पारि दृश्य हेर्दै एउटै देश तथा प्रदेशभित्रको विभेद र बाध्यतालाई देखेर चित्त बुझाउने गर्छन्। "पारिको विकास हेरेर वारिको तिर्सना मेटिन्न तर के गर्ने ? बाध्य छौँ," स्थानीय वसन्ती साउदले भन्नुभयो।

सो बस्तीमा पानीसँगै विद्युत्, पुलपुलेसा, पक्की बाटो, विद्यालय र स्वास्थ्य संस्थाको समेत अभाव छ। सो बस्तीका बालबालिका पढ्नलाई गोदावरी नगरपालिका–४ को पारिपट्टिको बस्ती जाने गर्दछन्। त्यहाँ भने १२ कक्षासम्म पढाइ हुने स्कुल छ।

### भूगोल पनि कठिन

चुरे गाउँपालिका–४ को बाजुरगडामा भौतिक पूर्वाधार अभाव मात्रै होइन, भौगोलिक बनावट पनि उस्तै कठिन रहेको छ। बाजुरगडाबाट एउटा सिफारिस ल्याउन आफ्नै वडा कार्यालयसम्म पुग्न कम्तीमा छ हजार खर्च लाग्ने गरेको वडा सदस्य प्रेमप्रसाद आचार्यले बताउनुभयो।

"गर्भा भन्ने क्षेत्रमा हाम्रो वडा कार्यालय छ। त्यहाँ पुग्नै (हिँडेर) एक दिन लाग्छ," उहाँले भन्नुभयो, "आफ्नै वडामा जान यस्तो सास्ती छ। पालिका जाँदा उस्तै समस्या हुन्छ, गाडीमा गए गोदावरी नगरपालिका र गौरीगङ्गा नगरपालिका हुँदै जानुपर्ने बाध्यता छ।"

### योजना नै पर्दैनन्

बाजुरगडामा खानेपानी ल्याउन र अन्य सेवासुविधा प्रत्याभूत गराउने ध्येयले टोलकै एक सङ्घर्ष समिति बनाइएको छ। युवा समूह (याक नेपाल) नामक संस्थाले सहजीकरण गरेर सो समिति बनाएको थियो। सो समिति र याक नेपाल अहिले पनि विकासका लागि लागिरहेका छन्।

स्थानीय, प्रदेश र सङ्घ सरकारबाट आफूहरूले अपेक्षित सहयोग र बजेट नपाएको स्थानीयको गुनासो छ। सङ्घर्ष समितिका संयोजकसमेत रहेका हेम विष्टले आफूलगायत याक नेपालको टिमले संयुक्त रूपमा स्थानीयदेखि प्रदेश सरकारसम्म धाउँदा पनि सरकारले चासो नदिएको बताउनुभयो।

# पालिका अध्यक्ष र समिति अध्यक्षबीच कुटाकुट

**बैतडी समाचारदाता**
*बैतडी, जेठ ६ गते*



तस्बिर : गोकर्ण दयाल

**बैतडी अस्पताल भर्ना भएका सडक निर्माण उपभोक्ता समितिका अध्यक्ष वीरेन्द्रसिंह धामी ।**

सिगास गाउँपालिका अध्यक्ष र सडक उपभोक्ता समितिका पदाधिकारीबिच २० लाख ४४ हजार रुपियाँको चेकका विषयमा विवाद हुँदा कुटाकुट भएको छ। कुटपिटबाट घाइते भएका सडक उपभोक्ता समितिका अध्यक्ष अस्पताल भर्ना भएका छन्।

सडक उपभोक्ता समितिलाई गाउँपालिकाको लेखा शाखाले उक्त रकम भुक्तानीका लागि दिइएको चेक गाउँपालिका अध्यक्षले बैङ्कलाई रोक्का गर्न निर्देशन दिएपछि कुटाकुट भएको हो।

गाउँपालिका अध्यक्ष हरिसिंह धामीले बैङ्कमा चेक रोक्का गरेर बिहीबार कार्यालयमा बोलाएर बिनाकारण कुटपिट गरेको उपभोक्ता समितिका अध्यक्ष वीरेन्द्रसिंह धामीले बताउनुभयो। उहाँ घाइते हुनुभएको छ। चालु आर्थिक वर्षमा सिगास गाउँपालिकाले वडा नम्बर ९ को देउलेकबाट सिगास–४, वडा कार्यालयको कान्धारसम्म दुई हजार सात सय मिटर सडक खन्न उपभोक्तासँग ३९ लाख रुपियाँको योजना सम्झौता गरेको थियो।

सो सम्झौता अनुसार निर्माण भएको सडकको प्राविधिकले नापजाँच गरेर २० लाख ४४ हजार रुपियाँ भुक्तानीका लागि चेक दिएको उपभोक्ता समितिका अध्यक्ष धामीले बताउनुभयो। "सम्झौता अनुसार कर्मचारी र लेखापालले रनिङ बिलको २० लाख ४४ हजार रुपियाँको चेक काटेर दिनुभएको हो," समितिका अध्यक्ष धामीले भन्नुभयो।

"गाउँपालिका अध्यक्षले बैङ्कमा फोन गरेर चेक रोक्न लगाए र मलाई फिर्ता बोलाए। त्यहाँ पुग्दा ओखलसैनी खेल मैदानका अध्यक्ष जयसिंह धामी र गाउँपालिका अध्यक्ष धामीले २० ड्रम तेलको सात लाख रुपियाँ मागे। त्यसपछि तेलको पैसा दिने हो तर बैङ्कमा फोन गरेरे चेक किन रोकेको हो ? भन्नेबित्तिकै गाउँपालिका अध्यक्षले लाठी, मुक्का र लात्ताले कुटपिट गर्नुभयो। कुटपिटबाट टाउको, छाती, पाखुरा, खुट्टा र तिघ्रामा चोट लागेको छ," समितिका अध्यक्ष धामीले घटना विवरण सुनाउँदै भन्नुभयो।

सो घटनाका विषयमा पालिका अध्यक्ष धामीले आफूले कसैमाथि कुटपिट नगरेको बरु उल्टै सडक समितिका अध्यक्षले मदिरा सेवन गरी पालिकाका कर्मचारी र आफूमाथि दुर्व्यवहार गरेको दाबी गर्नुभयो। अध्यक्ष धामीले भन्नुभयो, "सडक उपभोक्ता समितिका अध्यक्षले एक्साभेटरले गरेको कामको किर्ते हस्ताक्षर गरेर भुक्तानी लगेको थाहा पाएपछि चेक रोक्का गरिएको हो।"

### 'गाउँपालिका अध्यक्षले कुटेकै हो'

गाउँपालिका अध्यक्ष धामीले दादागिरी शैलीमा आमाचकारी गाली गर्दै सडक उपभोक्ता समितिका अध्यक्षमाथि लट्ठी, ढुङ्गा र लात्ताले कुटपिट गरेको प्रत्यक्षदर्शी शेरसिंह धामीले बताउनुभयो। उहाँले आफूसँग प्रमाणका रूपमा फोन रेकर्डसमेत भएको बताउनुभयो। घटनास्थलमा आफू प्रत्यक्षदर्शी भएको बताउँदै धामीले भन्नुभयो, "गाउँपालिकाका इन्जिनियर र लेखापालले समेत मलाई तपाईं यहाँ किन आएको भनेर निकै कडा रूपमा बोले।" मैले वीरेन्द्रसिंह मेरो भतिजा नाता पर्ने भएकाले बैङ्कमा चेक रोकिएपछि गाउँपालिका आएको हुँ भनैँ।

# विपत्विरुद्ध योजना बनाइँदै

**अछाम समाचारदाता**
*मङ्गलसेन, जेठ ६ गते*

मङ्गलसेन नगरपालिकाले विपत्लाई न्यूनीकरण, उद्धार, राहत र पुनर्स्थापनाको काम विपत् पूर्वतयारी तथा प्रतिकार्ययोजनाको निर्माण थालनी गरेको छ। विपत् जन्य घटनाको पूर्वयोजना, विपत् पश्चात् राहत, उद्धारको आवश्यकता, प्राथमिकता र व्यवस्थापनका कामलाई व्यवस्थित बनाउन योजना बनाउन थालेको हो।

नगर क्षेत्रभित्र हुन सक्ने भूकम्प, बाढीपहिरो, आगलागी, हावाहुरी, सडक दुर्घटना, जङ्गली जनावरको आतङ्क, असिनापानी, चट्याङलगायतका विपत्बाट सुरक्षित बनाउन योजना निर्माण थालनी गरिएको विपत् व्यवस्थापन शाखा प्रमुख नरेशबहादुर कठायतले जानकारी दिनुभयो।

नगर क्षेत्रमा हुन सक्ने विपत्जन्य घटनालाई न्यूनीकरणका लागि विपत् आउनुअघि र विपत् आइसकेपछि क्षेत्रगत समूहमार्फत परिभाषित काम गर्ने गरी योजना बनाउन थालिएको उहाँले स्पष्ट पार्नुभयो।

त्यस्तै राहत तथा उद्धार, स्वास्थ्य तथा पोषण, खानेपानी तथा सरसफाइ, शिक्षा, पुनर्स्थापना तथा पुनर्निर्माण समूहबाट पूर्वतयारी तथा प्रतिकार्यका कामहरू गर्ने गरेर योजना बनाउने काम भइरहेको शाखा प्रमुख कठायतको भनाइ छ।

विपत्विरुद्ध निर्माण गरिने योजनाका बारेमा नगरपालिका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र नगरपालिकाका विभिन्न शाखाका प्रमुखलाई अभिमुखीकरणसमेत गरिएको छ।

यस्तै विपत् पूर्वतयारी तथा प्रतिकार्ययोजना निर्माणका लागि वडा तहबाट विभिन्न तथ्य र तथ्याङ्क सङ्कलनको काम भइरहेको प्रमुख प्रशासकीय अधिकृत खकेन्द्रबहादुर सोडारीले जानकारी दिनुभयो। योजना निर्माणका लागि वडा तहमा यसपूर्व भएका विपत्का घटना, सम्भावित जोखिम, स्थानान्तरण गरिने स्थान र हेलिप्याड स्थानको पहिचानको काम भइरहेको छ।

यस कार्यले विपत् पूर्वतयारी तथा प्रतिकार्ययोजना निर्माणले विपत् जन्य घटना न्यूनीकरण, उद्धार, राहत र पुनर्स्थापनाका कार्य स्पष्ट, व्यवस्थित हुने नगर प्रमुख पदमबहादुर बोहराको भनाइ छ। योजनाबिना कुनै काम समयमै प्रभावकारी नहुने भएकाले विपत् जस्तो संवेदनशील कामलाई व्यवस्थित बनाउन विस्तृत योजना आवश्यक भएकाले नगरले योजना निर्माणको काम थालनी गरेको बोहराको भनाइ छ।

**नेपाल विद्युत प्राधिकरण**
**वितरण तथा ग्राहक सेवा निर्देशनालय**
**मधेश प्रदेश, प्रादेशिक कार्यालय जनकपुर**

**सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

(सूचना प्रकाशित मिति : २०८०।०२।०७)

१. जलेश्वर वितरण केन्द्र (Email: jaleshwor@nea.org.np, फोन नं. ०४४–५२०१६६)

| सि. नं. | बोलपत्र नं. | छनोट भएको दरभाउपत्र दाताको नाम, ठेगाना | कबोल रकम रु. (मू.अ.क. सहित) |
|---|---|---|---|
| 1. | NEA/JLDC/2079/080-SQ-08 | श्री जानकी इन्जिनियरिङ कन्सल्टेन्सी एन्ड कन्स्ट्रक्सन प्रा.लि., रामगोपालपुर ८, महोत्तरी । | ३,६२,०५२।०० |
| 2. | NEA/JLDC/2079/080-SQ-09 | श्री सुरज निर्माण सेवा, जनकपुर ७, धनुषा । | १०,६१,७२६।९८ |

२. वीरगञ्ज वितरण केन्द्र (Email: birgunj@nea.org.np, फोन नं. ०५१–५२६७९७)

| सि. नं. | बोलपत्र नं. | छनोट भएको दरभाउपत्र दाताको नाम, ठेगाना | कबोल रकम रु. (मू.अ.क. सहित) |
|---|---|---|---|
| 1. | NEA/BDC 2079/080-SQ-03 | श्री पकीजा कन्स्ट्रक्सन प्रा.लि., बधवान, कलैया १४ । | ५,०२,५६७।५० |

**नेपाल खानेपानी संस्थान**
**प्रधान कार्यालय, त्रिपुरेश्वर ।**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

प्रकाशित मिति : २०८०।०२।०७ गते

प्रस्तुत विषयमा यस संस्थानबाट मिति २०७९।११।१८ गतेको गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरुको सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम मूल्यांकन गरी सारभूत रुपमा प्रभावग्राही निर्धारण भएको बोलपत्रको आर्थिक प्रस्ताव मिति २०८०।०२।१४ गते दिनको १.०० बजे यस संस्थानको प्रधान कार्यालय, त्रिपुरेश्वरमा खोलिने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| Contact Name & Number | Substantially Responsive Bidder in Technical Evaluation |
|---|---|
| Supply and Delivery of PVC-O Pipes IFB No. NWSC-NCB-Goods-2079-080-02 | Arham Impex (P.) Ltd. Sinamangal, Kathmandu |

**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**हेभी ईक्वीप्मेन्ट डिभिजन, ईटहरी**

**लिलाम सम्बन्धी सूचना**

**बोलपत्र सुचना नं. HEDITH/AUCTION/01/2079-080**
**प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०२/०७**

१. यस डिभिजनमा रहेका पूराना लिलामी अवस्थाका पूराना उपकरण तथा सवारी साधन (७ थान), विभिन्न यान्त्रिक उपकरण/सवारी साधनहरुको लाइन आइटमहरु (५८५२ थान) विभिन्न साईजका पूराना टायरहरु (५३ थान), विभिन्न साईजका पूराना बेट्रीहरु (६३ थान), कार्यालय सम्बन्धी पुराना सामान तथा फर्निचर (५५ थान) तथा स्केप सामानहरु (अनुमानित ४०३७ के.जी.) लिलाम विकी गर्नका लागि प्रथम पटक सूचना प्रकाशित मितिले १५ दिनभित्र ईच्छुक खरिदकर्ताहरुबाट सिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

२. **बोलपत्र फाराम दस्तूर** :- रु.१०००/- (फिर्ता नहुने) बोलपत्र खरिद गर्न लाग्ने राजस्व दस्तूर कार्यालयको लेखा शाखामा नगदै जम्मा गरी प्राप्त नगदी रसिद निवेदन साथ तथा बुँदा नं. १० मा उल्लेख गरे अनूसारका कागजात पेश गरिसके पछि बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ ।

३. **बोलपत्र खरिद अन्तिम मिति र स्थान** :- २०८०।०२।२१ गते कार्यालय समयसम्म, श्री स.वि., हे.ई.डि.ईटहरी ।

४. **बोलपत्र दाखिला गर्नूपर्ने अन्तिम मिति र स्थान**:- २०८०।०२।२२ गते दिनको १२:०० बजेसम्म, श्री स.वि., हे.ई.डि. ईटहरी ।

५. **बोलपत्र खोलिने समय, मिति र स्थान**:- २०८०।०२।२२ गते दिउंसो २:०० बजे, श्री स.वि., हे.ई.डि.ईटहरी ।

६. **धरौटी रकम** :- कबोल अंकको १०% (भ्याट सहितको)

७. **धरौटी जम्मा गर्ने बैंकको नाम, खाता नं. र कार्यालय कोठ नं.** :- बोलपत्र दाखिला गर्दा बोलपत्र जमानत वापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, सुनसरीको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, ईनरुवा शाखामा रहेको धरौटी खाता नं. २२२०१००१०२०३००००, हे.ई.डि. ईटहरीको कार्यालय कोड नं. ३३७०११४०६ मा दाखिला गरेको सक्कल बैक भौचर वा मान्यता प्राप्त बैकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तिमा १२० दिन (बोलपत्र दाखिला गर्ने अन्तिम मिति देखी) म्याद भएको बैक जमानीपत्र (unconditional Bid Bond) बोलपत्र साथ पेश गर्नू पर्नेछ । यसरी पेश गरिने जमानत वापतको बैक भौचर, रसिद वा बैक जमानीपत्र यो सूचना प्रकाशित भएको मिति पछीको हूनूपर्नेछ ।

८. विस्तृत विवरण र लिलाम हुने सामानहरु हेर्नका लागि कार्यालय समय भित्र यस डिभिजनमा सम्पर्क राख्न सकिने छ ।

९. लिलाम गरिने सामानहरुको न्युनतम मुल्य रु. ८,०६,७०७- (आठ लाख छ हजार सात सय सात भ्याट बाहेक) कायम गरिएको छ ।

# प्रअ नदिएको रिसमा पठनपाठन बन्द

**कमल शर्मा**
*दैलेख, जेठ ६ गते*

आफूलाई प्रधानाध्यापक नबनाएको भन्दै विद्यालयका शिक्षकहरूले पठनपाठन बन्द गरेका छन् । यहाँको महाबु गाउँपालिका–३, बासीमा रहेको मालिका माध्यमिक विद्यालयका शिक्षक हरिप्रसाद शर्मालगायतका आठ जना शिक्षकले गत वैशाख ३१ गतेदेखि विद्यालयको पठनपाठन बन्द गरेका छन् ।

विद्यालय व्यवस्थापन समितिले विद्यालयका माध्यमिक तह (राहत) शिक्षक मनबहादुर बुढालाई गत माघ १४ गते प्रधानाध्यापक बनाउने निर्णय गरेको थियो । सो निर्णयसहितको पत्र गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा पठाए पनि पालिकाको शिक्षा युवा तथा खेलकुद शाखाले निम्न माध्यमिक तहका स्थायी शिक्षकलाई प्रअ बनाई कामकाज गर्न पत्राचार गरेपछि विवाद सिर्जना भएको हो ।

सो विद्यालयका नवनियुक्त प्रधानाध्यापक मनबहादुर बुढाले समितिले विद्यालयमा अनावश्यक राजनीति गरेका कारण समस्या सिर्जना भएको बताउनुभयो । प्रअ नियुक्तिको माग गर्दै आएका शर्मा भने मावि तहको अस्थायी शिक्षक हुन् ।

उहाँले विद्यालयको प्रअका लागि उच्च अदालत सुर्खेतमा उजुरी दिएको भए पनि माध्यमिक तहको शिक्षकको व्यवस्था गरी प्रअ नियुक्त गर्नु भन्ने आदेश गरेको तर विद्यालयले निम्न माध्यमिक तहका शिक्षक हरिप्रसाद शर्मालाई नै प्रधानाध्यापक बनाउनु भनेर विद्यालय व्यवस्थापन समितिलाई पत्र पठाएपछि समस्या भएको बताउनुभयो ।

उहाँले आफूलाई प्रअ बनाउनु पर्ने माग राखेर पठनपाठन बन्द गराएका आठ जना शिक्षकमध्ये तीन जना काममा फर्किएको र पाँच जना विद्यालयमा नआएको जानकारी दिनुभयो ।

उहाँहरूले विद्यालयको वरिपरि घुम्ने, पालिकामा गएर हाजिर गर्छौं भनेर थर्काउने गरेको बताइएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चन्द्र दहालले विद्यालय व्यवस्थापन समितिले गरेको निर्णयलाई चुनौती दिँदै पालिकाले निम्न माध्यमिक तहका शिक्षकलाई प्रधानाध्यापक नियुक्त गर्नु भनी पत्र लेखेपछि समस्या बढेको बताउनुभयो ।

उहाँले माध्यमिक तहमा स्थायी शिक्षकको दरबन्दी नभएका कारण राहत दरबन्दीमा रहेका शिक्षकलाई प्रधानाध्यापकको जिम्मेवारी दिएको दाबी गर्नुभयो । महाबु गाउँपालिकाका कार्यवाहक अध्यक्ष एवम् गाउँ शिक्षा समितिका अध्यक्ष मन्जुकुमारी शर्मा पाण्डेले प्रअ नियुक्तिमा लामो समयदेखि विवाद भइरहेको र त्यसको समाधानका लागि गाउँपालिकाले छिट्टै निर्णय गर्ने जानकारी दिनुभयो ।

जिल्ला प्रशासन कार्यालयमा भएको सहमति बमोजिम गाउँ शिक्षा समितिले निर्णय गरेर प्रधानाध्यापक तोक्ने पनि उहाँले बताउनुभयो । महाबु गाउँपालिकाभरि दुई वटा मात्र माध्यमिक तहको शिक्षक दरबन्दी रहेको बताउँदै उहाँले तत्काल माध्यमिक तहको शिक्षक पठाउन नसकिने उल्लेख गर्नुभयो ।



तस्बिर : प्रेमराज सिम्खडा

**हेर्नेमाढु आधारभूत विद्यालयमा निर्माण भएका बालमैत्री धारामा पानी पिउँदै विद्यार्थी ।**

## विद्यालयमा बालमैत्री धारा

**कालीकोट समाचारदाता**
*कालीकोट, जेठ ६ गते*

तिलागुफा नगरपालिकामा रहेका धेरैजसो सामुदायिक विद्यालयमा बालमैत्री धारा निर्माण गरिएका छन् । विद्यार्थीलाई पानी पिउन सहज होस् भनेर विद्यालय हातामा बालमैत्री धारा निर्माण गरिएका हुन् । विद्यार्थीको उमेर र उचाइलाई ध्यानमा राखेर विभिन्न आकारका धारा निर्माण भएपछि विद्यार्थीलाई पानी पिउन सहज भएको हेर्नेमाढु आधारभूत विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कमल चँदाराले बताउनुभयो ।

किर्डाक नेपाल नामक गैरसरकारी संस्थाले तिलागुफा नगरपालिकाभित्रका २२ वटा सामुदायिक विद्यालयमा खानेपानी र शौचालय निर्माणमा सहयोग गरेको छ । किर्डाका परियोजना संयोजक कृपराज जैसीले करिब ५५ लाख रुपियाँ बजेट खर्च गरेर २२ सामुदायिक विद्यालयमा बालमैत्री धारा निर्माण गरिएको बताउनुभयो । उहाँका अनुसार, कालीका माध्यमिक विद्यालय राँचुली, हेर्नेमाढु आधारभूत विद्यालय ओखरभिटा, कलाश आधारभूत विद्यालय छाप्रे, सत्यदेव आधारभूत विद्यालय जुबिथालगायतका २२ विद्यालयमा बालमैत्री धारासहितको पिउने पानी र शौचालय निर्माण भएका छन् ।

कालीका माध्यमिक विद्यालय राँचुलीका प्रधानाध्यापक खगेन्द्रबहादुर शाहीले सहयोगी निकायको निश्चित समयको कार्यक्रम भएकाले सकिने बित्तिकै विद्यालयका कक्षाकोठा व्यवस्थापनमा समस्या उत्पन्न हुने बताउनुभयो ।

## रुकुम पुनः प्रथम

**मुसीकोट समाचारदाता**
*रुकुमपश्चिम, जेठ ६ गते*

जिल्ला प्रशासन कार्यालय रुकुमपश्चिम आन्तरिक कार्यसम्पादन मूल्याङ्कनमा देशभरमा प्रथम भएको छ । गृह मन्त्रालयले गरेको तेस्रो त्रैमासिक कार्यसम्पादनको परिणामअनुसार रुकुमपश्चिम प्रशासन पुनः प्रथम भएको हो ।

आर्थिक वर्ष २०७९/८० को पहिलो र दोस्रो त्रैमासिक कार्यसम्पादनमा उत्कृष्ट बनेको जिल्ला प्रशासन कार्यालय रुकुमपश्चिम तेस्रो त्रैमासिकमा पनि प्रथम भएको कार्यालयले जनाएको छ ।

निमित्त प्रमुख जिल्ला अधिकारी प्रवेश बडुवालका अनुसार तेस्रो त्रैमासिकमा भएको मूल्याङ्कनको १४.५ पूर्णाङ्कमा रुकुम प्रशासनले १४.५ अङ्क ल्याएर देशभरका जिल्ला प्रशासनमध्ये पहिलो भएको हो । गृह मन्त्रालयले यसअघि गरेको कार्यसम्पादन मूल्याङ्कन अनुसार पहिलो त्रैमासिकको २४.५ पूर्णाङ्कमा २४.४ र दोस्रो त्रैमासिकको १६.५ पूर्णाङ्कमा १६.४ अङ्कसहित सर्वोत्कृष्ट भएको निमित्त प्रजिअ बडुवालले जानकारी दिनुभयो । गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालय र प्रजिअको कार्यसम्पादनलाई छ वटा समूहमा वर्गीकरण गर्ने गरेको छ ।

## अर्थिङ टावर निर्माण

**छिन्चु समाचारदाता**
*सुर्खेत, जेठ ६ गते*

वीरेन्द्रनगर नगरपालिका–१६, मेहलीको लेहँडामा चट्याङबाट मानव, बस्तुभाउ तथा घरगोठ जोगाउन अर्थिङ टावर निर्माण गरिएको छ । वीरेन्द्रनगर नगरपालिका, वातावरण सुधार समाज, अन्तरनिर्भर समाज र नेपाल रेडक्रस सोसाइटीको सहकार्यमा सञ्चालित उत्थानशील नगरका लागि सामूहिक पहल परियोजनासँगै स्थानीय नागरिकको श्रमदानमा अर्थिङ टावर निर्माण गरिएको हो ।

वीरेन्द्रनगरका मेहेली, पारेगाउँ, रतु, गर्पन गाउँ चट्याङको उच्च जोखिम रहेकाले जनधनको सुरक्षा गर्न अर्थिङ टावर राखेर सुरक्षित बनाइएको पालिकाले जनाएको छ । वीरेन्द्रनगर–१५ र १६ नम्बर वडामा चट्याङको शक्ति नष्ट गर्ने अर्थिङ टावर राखेर बस्तीलाई चट्याङबाट सुरक्षित बनाइएको हो ।

# सदरमुकाममा खानेपानीको हाहाकार



तस्बिर : राजन रावत

**खानेपानीको समस्या बढेपछि लाइनमा बसेर पानी भर्दै उपभोक्ता ।**

**हुम्ला समाचारदाता**
*हुम्ला, जेठ ६ गते*

सदरमुकाम सिमकोटमा खानेपानीको हाहाकार बढ्दै गएको छ । मुहानमा पानीको स्रोत सुक्दै गएपछि घर घरमा जडान गरिएका धारामा पानी आउन छाडेको छ ।

सिमकोट बजारका आङ्टेन्डी शेर्पा धारामा पानी आउन छोडेपछि खानेपानीको समस्या दैनिक रूपमा बढ्दै गएको बताउनुहुन्छ । उपाभोक्ताहरू जुन धारामा पानी आउने गर्छ त्यस धारामा लाइनमा बसेर पानी भर्न बाध्य छन् ।

उहाँले कति दिन त सिमकोट गाउँपालिका– ६ स्थित २० मिनेट टाढाको तीन धाराबाट पानी भरेर ल्याउन परेको गुनासो सुनाउनुभयो । सिमकोटमा एक महिना अगाडिदेखि खानेपानीको समस्या देखिँदै आएको थियो । यो समस्या दैनिक रूपमा बढ्दै जाँदा थप समस्या चुलिएको छ ।

सदरमुकाम सिमकोटलाई खानेपानीको व्यवस्था गर्दै आएको खानेपानी उपभोक्ता समितिका प्राविधिक रुपेन्द्र रोकायाले मुहानमा पानीको स्रोत कम भएपछि खानेपानीको व्यवस्था गर्न समस्या भइरहेको बताउनुभयो । सिमकोटको खानेपानीका लागि दुई वटा मुहानबाट पानीको व्यवस्था हुँदै आएकोमा दुवै मुहानमा पानीको स्रोत कम हुँदा समस्या भएको हो ।

उहाँले सात लाखभन्दा बढी लिटर पानी सिमकोट बजारमा आवश्यक पर्ने गरेकोमा साढे तीन लाख लिटरभन्दा कम पानी मुहानबाट आपूर्ति हुन थालेपछि समस्या भएको बताउनुभयो ।

सो समस्या जेठ महिना भर्खर लागेको र असार बाँकी नै भएका कारण अझै बढ्दै जाने देखिएको छ । यसका लागि ५० हजार लिटर क्षमताका दुई वटा र २० हजार लिटर क्षमताका चार वटा रिजर्भ ट्याङ्कीबाट पानी वितरण गरिँदै आएको छ । यसबाट समितिले चार सय निजी धारा र सात वटा सार्वजनिक धारामा पानी आउने गर्दछ ।

# छाना उडाएपछि विद्यालय बन्द

**कालीकोट समाचारदाता**
*कालीकोट, जेठ ६ गते*

आइतबार साँझ आएको हावाहुरीले कालीकोट जिल्लाका धेरै विद्यालयमा क्षति पुऱ्याएको छ । हावाहुरीले विद्यालयका छाना उडाएपछि पठनपाठन प्रभावित भएको छ । जिल्लाको सान्नीत्रिवेणी गाउँपालिका–१, लुसाको अम्बिका आधारभूत विद्यालयको छाना उडाएपछि विद्यालय बन्द छ । चौरमा राखेर पठनपाठन सुचारु गर्न पनि कठिन भएकाले विद्यालय बन्द गर्नु परेको बताइन्छ ।

गाउँपालिकाका उपाध्यक्ष पार्वतीसिंह सन्ज्यालले विद्यालयको छाना पूरै उडाएकाले तत्काल विद्यालय सञ्चालन हुने अवस्था नभएको बताउनुभयो । उहाँले जतिसक्दो छिटो छाना मर्मतका लागि पालिकाले आवश्यक बजेटको व्यवस्थापन गर्नेसमेत बताउनुभयो ।

उहाँका अनुसार पालिकाभरि १८ विद्यालयमा हावाले क्षति पुऱ्याएको छ । सबैभन्दा बढी क्षति अम्बिका आधारभूत विद्यालयमा पुगेको छ । सदरमुकाम मान्मको एकीकृत सरकारी भवनको छानासमेत उडाएको छ । हुरीले निजी घरमा पनि क्षति पुऱ्याएको बताइन्छ । हावाहुरीले जिल्लाभर किसानको गहुँबालीमा पनि क्षति पुऱ्याएको छ । केही ठाउँमा हावासँगै असिनासमेत परेको बताइन्छ । काटेर मुठा पारी खेतमा राखिएका गहुँसमेत हावाले उडाएर खोला खोल्सामा पुऱ्याएको जनाइएको छ । जिल्ला प्रहरी कार्यालय कालीकोटका सूचना अधिकारी प्रहरी निरीक्षक शुभराज बमले हुरीले जिल्लाभर पुऱ्याएको क्षतिको विवरण सङ्कलन हुँदै गरेको जानकारी दिनुभयो ।



तस्बिर : प्रेमराज सिम्खडा

**हावाहुरीले छाना उडाएको अम्बिकादेवी विद्यालय ।**

## अक्षयकोषबाट छात्रवृत्ति

**मुसीकोट समाचारदाता**
*रुकुमपश्चिम, जेठ ६ गते*

बाँफीकोटमा स्थापना गरिएको आमाबाबु स्मृति प्रतिष्ठान छात्रवृत्ति अक्षयकोषले १०४ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको छ । यस पालिकाभित्रका विभिन्न विद्यालयमा अध्ययनरत विपन्न, जेहेनदार, टुहुरा, संरक्षणविहीन र सहिद परिवारका बालबालिकालाई छात्रवृत्ति प्रदान गरिएको हो ।

अक्षयकोषबाट प्राप्त ब्याज रकमबाट एक शैक्षिक सत्रभरिमा पुग्ने गरी शैक्षिक सामग्री वितरण गरिएको अक्षयकोष सञ्चालक समितिका अध्यक्ष चन्द्रबहादुर केसीले जानकारी दिनुभयो । उहाँका अनुसार १४ जना जेहेनदार, ३२ जना टुहुरा, १२ जना सहिद परिवार र ४६ जना विपन्न बालबालिकालाई शैक्षिक सामग्री वितरण गरिएको हो । कापी, कलम, झोला, टिफिन बक्स, पोसाकलगायत एक वर्षलाई पुग्ने गरी शैक्षिक सामग्री वितरण गरिएको उहाँले बताउनुभयो ।

# उद्यमीलाई सामग्री हस्तान्तरण

**जुम्ला समाचारदाता**
*जुम्ला, जेठ ६ गते*

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयले उद्यमीलाई उपलब्ध गराउने कच्चा पदार्थलगायतका आवश्यक सामग्री हस्तान्तरण गरेको छ । कर्णाली प्रदेश सरकार उद्योग वन तथा पर्यटन मन्त्रालयको सहयोगमा सो कार्यालयले यस वर्षको कार्यक्रम अनुसार १० वटा उद्योगलाई उपयुक्त प्रविधि सामग्री उपलब्ध गराएको हो ।

विभिन्न प्रक्रियाबाट छनोट भएका उद्योगले खरिद गरेर ल्याएको सामग्री स्थानीय प्रशासन र उपभोक्ताको उपस्थितिमा हस्तान्तरण गरिएको हो । छ वटा स्थानीय कच्चा पदार्थमा आधारित उद्योग प्रवर्धन गर्ने उद्देश्यले सामग्रीहरू हस्तान्तरण गरिएको छ । उपयुक्त प्रविधि हस्तान्तरणमा सिलाइकटाइका सामग्री, जेनेरेटर, फर्निचर प्रविधि सामग्री, ढाका बुनाइसम्बन्धी सामग्रीलगायतका विभिन्न उपयुक्त सामग्री प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरे तथा उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयका प्रमुख श्रीकृष्ण देवकोटाले हस्तान्तरण गर्नुभयो ।

विगतका वर्षहरूमा सम्बन्धित व्यक्तिले खरिद गर्ने र कार्यालयले अनुगमन गर्ने भए पनि सामग्री नल्याइदिने जस्ता समस्या भएकाले यो वर्ष कार्यालयबाटै हस्तान्तरण गरिएको कार्यालय प्रमुख देवकोटाले बताउनुभयो ।

उहाँका अनुसार प्रक्रियामा छनोट भएका १८ वटा उपयुक्त प्रविधि हस्तान्तरण कार्यक्रम मध्ये १० जनाले मात्रै सामग्री खरिद गरेर ल्याउन सफल भएका छन् । प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरेले बेरोजगार भइरहेको समयमा उद्योगमा लगानी गर्ने काम महत्त्वपूर्ण रहेको बताउँदै प्रविधिको उपयुक्त प्रयोग गर्न उद्यमीलाई निर्देशन दिनुभयो ।

## स्याउमा झुसिलकिरा लागेपछि किसानलाई चिन्ता



तस्बिर : नेत्र शाही

**स्याउमा लागेको झुसिलकिरा ।**

**जुम्ला समाचारदाता**
*जुम्ला, जेठ ६ गते*

तातोपानी गाउँपालिका–१, तराफीमा लगाइएको स्याउको बोटमा झुसिलकिरा लागेपछि किसान चिन्तामा छन् । सो स्थानका किसानले लगाएका १५० वटा स्याउ बगैँचामा झुसिलकिरा लागेर स्याउको फल र फूल खान थालेको छ ।

तातोपानी गाउँपालिका र जिल्ला कृषि विकास समितिको पहलमा किराको प्रकोप व्यवस्थापन गर्न बसेको जिल्लास्तरीय बैठकले सो क्षेत्रमा तत्काल प्राविधिक टोली पठाउन प्रदेश र सङ्घीय सरकारलाई माग गरेको छ ।

स्याउ बगैँचामा झुसिलकिरा व्यापक रूपमा लागेपछि जिल्लाभर फैलिने डरले कृषि विकास समितिको पहलमा बैठक बसेको हो । एक महिनाअघिदेखि स्याउको बोटमा किरा लागेको भन्ने खबर पाएपछि गाउँपालिकाको कृषि शाखाका प्राविधिकले स्याउ बगैँचा निरीक्षण गरेका छन् ।

जिल्ला कृषि विकास कार्यालयका सूचना अधिकारी शेरबहादुर भण्डारीका अनुसार स्याउको चिचिला फलमा किराले जाली लगाएर सखाप पार्न थालेको छ । स्याउको हाँगामा जाली बनाएर किराले फल खान थालेको छ ।

तातोपानी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत तीर्थबहादुर कठायतका अनुसार तातोपानी गाउँपालिका–१ का चार सय किसानको स्याउ खेतीमा लागेको किरा नियन्त्रणमा ढिला भइसकेको छ ।


नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

प्र.का. सामान्य सेवा विभाग

**निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना**

(प्रकाशित मिति : २०८०।०२।०७)

यस बैंकको तपसिल बमोजिमका शाखाहरूमा कायम रहेका निक्षेप खातावालाहरूको मृत्यु भएको भनी विभिन्न मितिमा हकदाबी निवेदन पर्न आएको हुँदा तल उल्लेखित हकदार बाहेक अन्य कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अधिकारवाला हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आ–आफ्नो सबुत प्रमाण सहित सम्बन्धित शाखाहरूमा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम भइजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र दाबी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ ।

**तपसिल**

| सि. नं. | बैंक शाखा/खाता नं. | खातावाला मृतकको नाम र तीन पुस्ते विवरण | ठेगाना | हकदाबी गर्ने व्यक्ति/नाता |
|---|---|---|---|---|
| १. | **सि.अ. धरान शाखा** (०१६) ०१६०१०००२१०३११०००००१ ०१६१०३०६९००९५१००००००१ | मृतक – **सुर्ति देवी डोम** श्रीमान् – स्व.तपेश्वर डोम बाबु – अब्दी मरिक | कोशी प्रदेश, सुनसरी जिल्ला, धरान उप.म.न.पा. वडा नं. ०८ | सुनिल मरिक (साइला छोरा) |
| २ | **झुम्का शाखा** (१२९) १२९०१०००९४५४५४००००००१ | मृतक – **गिरजी देवी** श्रीमान् – हिरालाल कुम्हाल बाबु – नेमन कुम्हरा | कोशी प्रदेश, सुनसरी जिल्ला, रामधुनी नगरपालिका वडा नं. ०१ | हिरालाल कुम्हाल (श्रीमान्) |
| ३. | **ज.चु.का.क. शाखा** (०४१) ०४१०१०००९९७०७५००००००१ | मृतक – **मोहम्मद वारिश** बाबु – शेष खलिल बाजे – शेष रसुल | मधेश प्रदेश, धनुषा जिल्ला, जनकपुर उप म.न.पा. वडा नं. २५ | मोमिना खातुन (श्रीमती) |
| ४. | **श्रीपुर शाखा** (०४९) ०४९०१०००३१३६५७००००००१ | मृतक – **खेदु राउत अहिर** बाबु – नारायण राउत अहिर बाजे – शोखु राउत अहिर | मधेश प्रदेश, पर्सा जिल्ला, वीरगञ्ज म.न.पा. वडा नं. १५, भिस्वा | जादो लाल राउत, बाबुलाल प्रसाद यादव र सोनालाल यादव (छोराहरू) |
| ५. | **सि.अ. जनकपुर शाखा** (००८) ००८०१०००४५९१०७००००००१ | मृतक – **चन्द्रमा मिश्र** श्रीमान् – योगेन्द्र मिश्र बाबु – नागेश्वर झा | मधेश प्रदेश, धनुषा जिल्ला, विदेह न.पा. वडा नं. ०३ | योगेन्द्र मिश्र (श्रीमान्) |
| ६. | **ठिमी शाखा** (२३३) २३३०१०००६१३२०४००००००१ | मृतक – **पुर्ण बज्र बज्राचार्य** बाबु – जुजु रत्न बज्राचार्य बाजे – रत्न बज्र बज्राचार्य | बागमती प्रदेश, भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा. वडा नं.०५ | चन्द्र शोभा शाक्य (श्रीमती) |
| ७. | **रोल्पा शाखा** (०७६) ०७६०१००१२३३६१२००००००१ | मृतक – **चन्द्र बहादुर थापा** बाबु – अमृत थापा बाजे – जरे थापा | लुम्बिनी प्रदेश, रोल्पा जिल्ला, रोल्पा न.पा. वडा नं. ०२ | मुक्त बहादुर थापा र पदम बहादुर थापा (छोराहरू) |

**नेपाल विद्युत प्राधिकरण**
**वितरण तथा ग्राहक सेवा निर्देशनालय**
**बागमती प्रदेश, प्रदेश डिभिजन कार्यालय, हेटौंडा**

**सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

सूचना प्रकाशित मिति : २०८०।०२।०७

१. रत्ननगर टाँडी वितरण केन्द्र (Email: tandi@nea.org.np, फोन नं. ०५६–६०८१६)

| S.N. | SQ No. | Description of Works |
|---|---|---|
| 1. | NEA/TDC- 079/080-SQ 05(RE) | 33/11/0.4 kv Line Construction and Transformer Installation Works From Hardi to Parsa |
| 2. | NEA/TDC- 079/080-SQ 06(RE) | HT/LT Line Construction and Transformer Installation at Kalika Na.Pa.Ward-8. |

For Details, Please visit: **www.bolpatra.gov.np/egp**

**सिलबन्दी दरभाउपत्र नं.: NDCL/WCSD/C-01-SQ-079/80 For HDD Ducting & Handhole Construction works (Dakchhinkali OLT Area)**

**सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०८०।०२।०७)

यस नेपाल टेलिकम वायरलाइन तथा ग्राहक सेवा निर्देशनालय अन्तर्गत दक्षिणकाली OLT अन्तर्गत FTTH Network विस्तार कार्यका लागि सिलबन्दी दरभाउपत्र मार्फत HDD प्रविधिबाट 3 way PL-HDPE Pipe Ducting कार्य गराउनुपरेको हुँदा सो कार्य गर्न योग्य इच्छुक मू.अ. कर (VAT) र स्थायी लेखामा दर्ता भएका नेपाली फर्म/संस्था तथा कम्पनीबाट सिलबन्दी दरभाउपत्र खरिद गर्न आह्वान गरिन्छ ।

१) दरभाउपत्र पाइने स्थान : वायरलाइन तथा ग्राहक सेवा निर्देशनालय, छाउनी, काठमाडौँ ।
२) दरभाउपत्र दर्ता गर्ने स्थान : वायरलाइन तथा ग्राहक सेवा निर्देशनालय, छाउनी, काठमाडौँ ।
३) दरभाउपत्र शुल्क रु. ३,०००।– (पछि फिर्ता नहुने गरी) दू.स.का. छाउनी काउन्टरमा काउन्टर समयभित्र बुझाउनुपर्नेछ ।
४) दरभाउपत्र खरिद गर्ने मिति र समय : प्रथम पटक प्रकाशित मितिबाट १५औँ दिन अर्थात् मिति २०८०/०२/२१ गते कार्यालय समयभित्र ।
५) दरभाउपत्र दर्ता गर्ने मिति र समय : मिति २०८०/०२/२२ गते दिनको १२:०० बजेसम्म ।
६) दरभाउपत्र खोल्ने मिति र समय : मिति २०८०/०२/२२ गते दिनको १:०० बजे ।
७) दरभाउपत्र दाताले दरभाउपत्र दर्ता अवधिभित्र आयोजना स्थलको निरीक्षण गर्न सक्नेछ ।
८) धरौटी बापतको रकम मू.अ. कर समेत ने.रु. १,०५,५००/– (अक्षरुपी एक लाख पाँच हजार पाँच सय मात्र) रहेको छ ।
९) दरभाउपत्र स्वीकृत तथा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कम्पनीमा निहित हुनेछ ।

(दरभाउपत्र दर्ता तथा खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सो दिनको लगत्तै कार्यालय खुलेको दिनमा माथि उल्लेखित समयमा दरभाउपत्र दर्ता/खोलिनेछ ।)

**नेपाल टेलिकम**
**वायरलाइन तथा ग्राहक सेवा निर्देशनालय**
**छाउनी, काठमाडौँ, फोन नं. : ०१–५९१९११२ ।**

# मिटरब्याजसम्बन्धी उजुरी बढ्दै

**तौलिहवा समाचारदाता**
*तौलिहवा, जेठ ६ गते*

कपिलवस्तुमा अनुचित लेनदेन (मिटरब्याज) व्यवहार सम्बन्धमा अन्तर्क्रिया तथा सुझाव सङ्कलन गरिएको छ। मिटरब्याज छानबिन सम्बन्धमा बनेको आयोगका अध्यक्ष गौरीबहादुर कार्कीसहित सदस्यहरू गणेशबाबु अर्याल, उत्तमराज सुवेदीको उपस्थितिमा सर्वपक्षीय भेला आयोजना गरी जिल्लामा मिटरब्याज पीडितको अवस्थाबारे सुझाव लिइएको हो।

कपिलवस्तुका प्रमुख जिल्ला अधिकारी शङ्करहरि आचार्यले आयोग गठनअघि २० र गठनपछि ४४ वटा उजुरी दर्ता भएको जानकारी दिनुभयो। उहाँले उजुरीको अध्ययन भइरहेको बताउनुभयो।

मिटरब्याज पीडितलाई उजुरी दिनेबारे सबै सरोकारवालाले पहल गर्नुपर्ने उहाँको भनाइ छ। मिटरब्याजबाट पीडित भएकालाई उजुरी दिन सहजताका लागि प्रशासन कार्यालयमा मिटरब्याज पीडित सहायता कक्षसमेत स्थापना गरिएको छ।

आयोगका अध्यक्ष कार्कीले निर्धक्क भएर जिल्ला प्रशासन कार्यालयमा उजुरी दिन वास्तविक मिटरब्याज पीडितलाई आग्रह गर्नुभयो। उजुरीका आधारमा अध्ययन अनुसन्धान गरी पीडितलाई न्याय दिइने उहाँले बताउनुभयो। उहाँले सरकारले मिटरब्याज पीडितको पक्षमा काम गर्ने गरी कानुन ल्याएको भन्दै अनुचित लेनदेन अपराध भएको बताउनुभयो।

जिल्ला समन्वय समितिका प्रमुख बाबुराम आचार्यले मिटरब्याजबाट पीडित भएकालाई सरकारले छिट्टै न्याय दिनुपर्ने बताउनुभयो। मिटरब्याजीको चङ्गुलमा पढेलेखेका मानिससमेत पर्ने गरेको पाइएको उहाँले बताउनुभयो। छलफलमा भाग लिँदै भारतका लागि पूर्वराजदूत दीपकुमार उपाध्यायले नैतिकताको अभावमा मानिसले मिटरब्याज जस्तो अपराध गरिरहेको बताउनुभयो। यस विषयमा राज्य नै कडा रूपमा प्रस्तुत हुनुपर्ने धारणा उहाँले राख्नुभयो। समाज सञ्चालनका लागि लेनदेन आवश्यक भएको भन्दै अनुचित गर्नेलाई कडा कारबाही गर्नुपर्ने उहाँको भनाइ छ।

### दाङमा २८४ उजुरी

यसैबीच **घोराही समाचारदाता लीलाधर वली**का अनुसार सरकारले मिटरब्याजसम्बन्धी देखिएका समस्या समाधानका लागि अनलाइन निवेदनको व्यवस्था गरेपछि दाङमा उजुरी दिने पीडितहरूको सङ्ख्या बढेको छ।

जिल्ला प्रशासन कार्यालय घोराहीमा एक महिनाको अवधिमा करिब दुई सय बढी उजुरी परेका छन्। वैशाख ५ गतेदेखि जेठको ५ गतेसम्म २०१ वटा मिटरब्याज पीडितका उजुरी परेको प्रमुख जिल्ला अधिकारी सुशील वैद्यले जानकारी दिनुभयो। प्रमुख जिल्ला अधिकारी वैद्यका अनुसार योसँगै जिल्ला प्रशासन कार्यालयमा मिटरब्याज पीडितहरूको उजुरीको सङ्ख्या २८४ पुगेको हो। यसअघि २०७९ भदौको १२ गतेदेखि २०८० वैशाख ४ गतेसम्म जिल्ला प्रशासन कार्यालयमा ८३ वटा मिटरब्याजसम्बन्धी उजुरी परेका थिए।

प्रमुख जिल्ला अधिकारी वैद्यले भन्नुभयो, "गत वर्षको भदौदेखि यही वैशाख महिनासम्म ८३ वटा मिटरब्याजसम्बन्धी लिखित उजुरी परेका थिए भने अहिले अनलाइनका माध्यमबाट थप २०१ वटा उजुरी परेका छन्।" जिल्ला प्रशासन कार्यालयले ८३ उजुरीमध्ये २६ वटा उजुरीमा दुवै पक्षलाई छलफल गराएर मिलापत्र गरिएको जनाएको छ।

यसैगरी मिलापत्र हुन नसकेका ११ वटा उजुरी जिल्ला प्रशासनले जिल्ला अदालतमा पठाएको र चारवटा उजुरी जिल्ला प्रहरी कार्यालयमा पठाइएको प्रजिअ वैद्यले जानकारी दिनुभयो। बाँकी ४१ वटा निवेदनमा छलफल हुन बाँकी रहेका छन्।

पीडितले १० हजारदेखि एक करोड रुपियाँसम्म लेनदेन गरेको भन्दै उजुरी दिएका छन्। उजुरीहरूमध्ये अधिकांश अदालतबाट फैसला भएका, विचाराधीन रहेका, मालपोतबाट जग्गा छिनुवा पास भएका र दृष्टिबन्धक राखेका रहेका छन्। प्रजिअ वैद्यले पछिल्लो समय मिटरब्याजका पीडितले उजुरी दिने क्रम बढेको छ। अनलाइनबाट उजुरी दिने व्यवस्था गरिएपछि करिब ३५ वर्ष पुरानो २०४६ सालमा भएको लेनदेनसम्बन्धी उजुरीसमेत परेको छ

# गाउँ गाउँमा भुम्या नाचको रमझम

**रुकुमपूर्व समाचारदाता**
*रुकुमपूर्व, जेठ ६ गते*



झाँक्रीले तन्त्रमन्त्र गरी भुम्या नाच फुकुवा गर्दै।

रुकुम, रोल्पामा मगर समुदायको मुख्य पर्व भुम्या नाचको रमझम सुरु भएको छ। भुम्या पर्वलाई विशेष पूजा आराधना गरी धुमधामका साथ नाचगान गरी मनाउने गरिन्छ। मगर समुदायको ठुलो पर्व बल पूजा अर्थात् भुम्या जेठ महिना लागेसँगै सुरु हुन्छ। जेठ १ गतेदेखि सुरु हुने यो पर्व असार ५ गतेसम्म धुमधामसँग मनाइन्छ। जेठ १ गतेदेखि भुम्या नाच फुकुवा गरी हरेक साँझ गाउँघरमा नाच्ने गरिन्छ।

निश्चित विधिपूर्वक नाचिने यो पर्व जेठ मसान्तदेखि असारको पहिलो हप्तासम्म खुब रमाइलोका साथ मनाइने गरिन्छ। जेठ १ गतेदेखि जेठ मसान्तको अघिल्लो दिनको अवधिको नाचलाई भुम्या नाच फुकुवा अर्थात् भुम्या नाचको पूर्वतयारीको रूपमा हरेक साँझ गाउँघरका चोक तथा चौतारामा नाच्ने गर्ने गरिएको छ। वैशाखे पूर्णिमाको दिन सिद्ध पूजा लेकमा सुरु हुनुअगाडि स्थानीयले खोलामा झाँक्री बसेर रनवन बाँध्ने गर्दछन्। गाउँपञ्चबाट सिद्ध पूजा गरेर झरेपछि तल खोलामा झाँक्री बसी गाउँलाई तन्त्रमन्त्र गरी चार किल्ला बाँध्ने गरेको स्थानीय कला संस्कृतिका जानकार भुमे गाउँपालिका–३, क्याङ्सीका तिलकबहादुर रोका मगरले बताउनुभयो।

झाँक्री बसी खोलाको चौदोहाबाटै राक्षसलाई धपाउने गरेको रोका मगरले बताउनुभयो। उहाँले भन्नुभयो, "राक्षस धपाउने बेलामा प्रत्येक घरमा एक वनस्पतिको बोट धङ्किलाको हाँगा राखेको हुनुपर्छ।"

अहिले जिल्लाका प्रायः गाउँका चौतारा, चोकमा मानिसको भिड बढ्दै गएको छ। भुम्या नाच्ने, बजाउने, गाउने तथा रमाउनेले गाउँघरका चोक/चौतारा भरिँदै छन्। जेठ १ गतेदेखि हरेक बेलुकीपख चोक/चौतारामा सर्वसाधारण जम्मा हुने गरेका छन्। भुम्या नाच्ने आफैँले गाउँछन् भने बाजा बजाउनेको टोली अर्को छुट्टै हुन्छ। बालबालिकादेखि वृद्धवृद्धासम्म एउटै र मौलिक पोसाकमा लहरै गरी भुम्या नाचिन्छ।

स्थानीय कला संस्कृतिका जानकार रोका मगरले बर्सातको समयमा लेकबाट बाढीपहिरो नझरोस्, बेसीको बालीनाली खोलाले नबगाओस्, खेतबारीको कटान नहोस्, जनधनको क्षति नहोस् र बालीनाली सप्रियोस् भन्ने जनविश्वासका साथ बल पूजा गरिँदै आएको बताउनुभयो।

# 'सङ्कट टार्ने निर्विकल्प शक्ति एमाले'

**तुलसीपुर समाचारदाता**
*तुलसीपुर, जेठ ६*




नेकपा (एमाले) का महासचिव शङ्कर पोखरेलले देशको सङ्कट टार्ने विकल्प एमालेसँग मात्रै रहेको बताउनुभएको छ।

नेकपा (एमाले) जिल्ला कमिटी दाङले सहिद नेत्रलाल अभागीको ४० औँ स्मृति दिवसका अवसरमा आयोजित कार्यक्रममा बोल्दै महासचिव पोखरेलले एमालेले नेतृत्व गरेको समयमा कहिल्यै पनि देश सङ्कटको भूमरीमा नफसेको र अरू बेला देश अस्थिर हुँदै गएको धारणा व्यक्त गर्नुभयो।

उहाँले एमालेकै नेतृत्व सरकारबाट नेपाली समाजमा लोककल्याणकारी सामाजिक सुरक्षा कार्यक्रम अघि बढाइएको र विकास निर्माणका सवालमा समेत महत्त्वपूर्ण योगदान रहेको बताउनुभयो।

उहाँले एमाले नेतृत्व सरकारले जनमुखी काम गरे पनि बिचमै ढाल्ने काम भएकाले देश बर्बादीतर्फ धकेलिएको बताउनुभयो।

उहाँले एमालेलाई विभाजित गर्ने कानुनसमेत ल्याइएको दाबी गर्नुभयो। उहाँले भन्नुभयो, "त्यो कानुन जीवित रहेको भए समाजवादी सबै सांसद अहिलेसम्म एमालेमा आइसक्ने थिए।" उहाँले नेत्रलाल अभागीले दाङको कम्युनिस्ट आन्दोलन, शिक्षा र साहित्यको क्षेत्रमा महत्त्वपूर्ण योगदान रहेको चर्चा गर्नुभयो। सो अवसरमा नेपालको कम्युनिस्ट आन्दोलनमा सहयोग पुर्‍याउनु हुने विभिन्न व्यक्तित्वलाई सम्मान पनि गरिएको थियो।

# प्रेम प्रस्ताव अस्वीकार गर्दा युवतीको हत्या

**नेपालगन्ज समाचारदाता**
*नेपालगन्ज, जेठ ६ गते*

प्रेम प्रस्ताव अस्वीकार गर्दा नेपालगन्जमा एक युवतीको हत्या भएको छ। कोहलपुर–६, रझेनाकी २२ वर्षीय सुमद रानी थारूले बर्दियास्थित राजापुर–८, कोइरी गाउँका २६ वर्षीय शैलेन्द्र चौधरीको प्रेम प्रस्ताव अस्वीकार गर्दा थारूको बीभत्स हत्या गरिएको आरोप लगाउँदै शैलेन्द्रविरुद्ध जिल्ला प्रहरी कार्यालयमा जाहेरी परेको हो।

युवतीका भाइ निरेन थारूले जिल्ला प्रहरी कार्यालय बाँकेमा शैलेन्द्रविरुद्ध जाहेरी दर्ता गराउनुभएको हो वैशाख २९ गते नेपालगन्जस्थित आफू बस्ने कोठामै ती युवती मृत अवस्थामा भेटिएकी थिइन्। थारूको शरीरमा चोटपटकका निसान देखिएकाले जिल्ला प्रहरी कार्यालय बाँकेले थारूको हत्या आशङ्कामा अनुसन्धानसमेत सुरु गरेको थियो।

प्रहरीले ती युवती भेरी प्राविधिक शिक्षालय नेपालगन्जमा कम्प्युटरसम्बन्धी डिप्लोमा कोर्षका लागि आफ्नो भाइ निरेनसँगै नेपालगन्जमा बस्दै आएको जनाएको छ। निरेनले दर्ता गराएको जाहेरीमा मृत अवस्थामा फेला परेको थारूको कोठामा आरोपित चौधरीले प्रयोग गर्दै आएको रेड्मीको मोबाइल, निजले लगाएको जिन्स पाइन्ट र हेल्मेटको भाइजरका टुक्रा र चक्कु भेटिएको उल्लेख छ।

**सूचना**

**मिति २०७९/१२/२१ मा प्रकाशित Tender No., NEA/MPPOJ/2079/080-ER-ADM-03 (Supply and Delivery of Electric Rickshaw) को बोलपत्र रद्द गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।**

**Nepal Electricity Authority,**
**Distribution and Consumer Service Directorate,**
Madhesh Province, Provincial Office, Mujeliya, Janakpur
Phone No., +977-41-424075 & 424268

**Nepal Electricity Authority**
**Soil, Rock and Concrete Laboratory**
Banasthali, Balaju, Kathmandu

**Invitation for Electronic Bids**

Date of Publication: 2080/02/07

| S.N. | Tender No. | Description |
|---|---|---|
| 1 | 2079/80-SRCL-SQ-2 | Supply and Delivery of Additional Lab Equipment |

Please visit official website of PPMO (www.bolpatra.gov.np/egp) for more details.

**नेपाल विद्युत प्राधिकरण**
**उत्पादन निर्देशनालय**
**दरबार मार्ग, काठमाडौँ**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति : २०८०/०२/०७ गते)**

नेपाल विद्युत प्राधिकरण, उत्पादन निर्देशनालय अन्तर्गत सञ्चालित देहाय बमोजिमका कार्यका लागि बोलपत्र आह्वान गरिए बमोजिम दर्ता हुन आएका बोलपत्रहरूमध्ये तपसिलमा उल्लेखित बोलपत्र दाताहरूको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिका लागि सिफारिस भई आएको हुँदा ने.वि.प्रा. आर्थिक प्रशासन विनियमावली २०६८ (सं.स.) को विनियम १५६ तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | बोलपत्र नं. | कामको विवरण | छनोट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल अङ्क ने.रु. (ओभरहेड र भ्याट सहित) |
|---|---|---|---|---|
| Generation Directorate, Nepal Electricity Authority (01-4153014) | | | | |
| 1 | NEA-GEN-2079/80-AT-02 | हलुका सवारी चालक, प्राविधिक सहयोगी र सुरक्षाकर्मी आपूर्ति सम्बन्धी। | M/S Blue Heaven Security and Worker Services, Pokhara, Kaski. | 9,69,03,194.45 |
| 2 | NEA-GEN-2079/80-AT-03 | कार्यालय सहयोगी आपूर्ति सम्बन्धी। | M/S Pokhara Outsourcing Pvt. Ltd., Pokhara, Kaski. | 2,53,40,019.48 |

# गाडी भाडा नघटाएकोमा आपत्ति

**रुपन्देही समाचारदाता**
*रुपन्देही, जेठ ६ गते*

नेपाल आयल निगमले डिजेलको मूल्य दुई पटक घटाउँदा पनि विद्यालयले विद्यार्थी बोक्ने गाडीको भाडा नघटाएको भन्दै अभिभावक सङ्घ रुपन्देहीले आपत्ति जनाएको छ। विद्यालयले गाडी भाडा नघटाएको भन्दै गम्भीर ध्यानाकर्षण भएको सङ्घले जनाएको छ।

आयल निगमले दुई पटक गरी डिजेलको मूल्य प्रतिलिटर २० रुपियाँ घटाएको छ। सङ्घले शुक्रबार एक विज्ञप्ति जारी गर्दै डिजेलको मूल्य घटेसँगै सार्वजनिक यातायातको भाडासमेत घटाइएको तर विद्यालयले भने गाडी भाडा नघटाएर आर्थिक मन्दीका बेला अभिभावकमाथि भार थोपर्ने काम गरेको भन्दै आपत्ति जनाएको हो। सङ्घका अध्यक्ष लोकनाथ ज्ञवालीद्वारा जारी विज्ञप्तिमा मुलुक नै आर्थिक मन्दीको चपेटाबाट गुज्रिरहेका बेला अभिभावकलाई राहत र सहुलियत प्रदान गर्नुपर्नेमा उल्टै आर्थिक भार थोपर्ने कामले स्वयं विद्यालयकै पनि हित नहुने उल्लेख गरिएको छ। विद्यालयले लामो बिदाका बेलामा समेत यातायातलगायतको शुल्क मागेको भन्दै अभिभावकहरूको गुनासो र असन्तुष्टि प्रकट हुने गरेको भन्दै अभिभावक सङ्घले यो गुनासोलाई सम्बोधन गर्न पनि विद्यालयको ध्यानाकर्षण गराएको छ।

त्यस्तै सङ्घले विज्ञप्तिमा विद्यालयले लामो बिदाका बेलाको समेत गाडी भाडा लिने गरेको र यसले विद्यालय सञ्चालकहरू मोटाउने र अभिभावकलाई आर्थिक व्ययभार बढिरहेको भन्दै यसतर्फ सचेत रहन पनि आग्रह गरेको छ।

अर्कोतर्फ नयाँ शैक्षिक सत्र सुरु भएको एक महिना बित्दासमेत सबै पाठ्यपुस्तक उपलब्ध नभएको भन्दै सङ्घले सबै पाठ्यपुस्तक यथाशीघ्र उपलब्ध गराउन माग गरेको छ।

# रोकिएको स्ववियु निर्वाचन जेठ १४ मा

**रुपन्देही समाचारदाता**
*रुपन्देही, जेठ ६ गते*

विद्यार्थी सङ्गठनबिच भएको विवादले स्थगित बुटवलको लुम्बिनी वाणिज्य क्याम्पसको स्ववियु निर्वाचन यही जेठ १४ गते हुने भएको छ।

यस क्याम्पसमा गत चैत ५ गते स्ववियु निर्वाचन प्रक्रिया सुरु भए पनि विद्यार्थी सङ्गठनबिच विवाद हुँदा निर्वाचन रोकिएको थियो। यो क्याम्पस रुपन्देहीको दोस्रो ठूलो क्याम्पस हो।

निर्वाचन स्थगित भएपछि क्याम्पसका विद्यार्थीले निर्वाचन प्रक्रिया पुनः सञ्चालन गर्न माग गर्दै अदालतमा रिट निवेदन दिएका थिए। उच्च अदालत तुलसीपुर बुटवल इजलासले वैशाख ११ सम्म स्ववियु निर्वाचनको मिति तोक्न उत्प्रेषणयुक्त आदेश दिएको थियो।अदालतको आदेशपछि निर्वाचन समितिले क्याम्पसले सार्वजनिक गरेको निर्वाचन कार्यतालिका अनुसार जेठ ११ गते मनोनयन दर्ता र १४ गते मतदान गर्ने गरी तालिका सार्वजनिक गरेको निर्वाचन अधिकृत गोपालप्रसाद पाण्डेले जानकारी दिनुभयो। क्याम्पसमा चार हजारभन्दा बढी विद्यार्थी अध्ययनरत रहेको पाण्डेले बताउनुभयो।

**ललित कला क्याम्पस**
**भोटाहिटी, (हाल कीर्तिपुरको सूचना)**
**प्रकाशित मिति : २०८०।०२।०७**

यस क्याम्पसमा रिक्त दरबन्दीबाट कार्यालय सहयोगीको सेवा लिने गरी बढीमा एक वर्षका लागि दुई जना कामदार सेवा करारमा राख्न आवश्यकता भएकोले इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस क्याम्पसमा आवेदन दिनुहुन सूचित गरिन्छ । विस्तृत विवरण क्याम्पसको सूचना पाटीमा टाँस गरिएको व्यहोरा जानकारी गराइन्छ।

**पदपूर्ति समिति**

बासी र सडेगलेका खानेकुरा नखाऔं

**नेपाल विद्युत प्राधिकरण**
**(नेपाल सरकारको स्वामित्व)**
**वितरण तथा ग्राहक सेवा निर्देशनालय**
**सुदूरपश्चिम प्रदेश, प्रादेशिक कार्यालय**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति : २०८०।०२।०७)**

सुदूरपश्चिम प्रादेशिक कार्यालय, अत्तरिया अन्तर्गतका तपसिल बमोजिमका वितरण केन्द्रहरूका लागि विभिन्न मितिमा गोरखापत्र राष्ट्रिय दैनिक तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp मा प्रकाशित सूचना अनुसार प्राप्त हुन आएका बोलपत्रहरूमध्ये निम्न उल्लेखित बोलपत्रको प्रस्ताव न्यूनतम मूल्याङ्कित भई सारभूत रूपमा प्रभावग्राही रही स्वीकृतिका लागि छनोट भएको हुँदा नेपाल विद्युत प्राधिकरण, आर्थिक प्रशासन विनियमावली, २०६८ (सं.स.) को विनियम १५६ को उप विनियम २ बमोजिम सम्बन्धित बोलपत्र दाताको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

**धनगढी वितरण केन्द्र**

| सि.नं. | बोलपत्र नं. | कामको विवरण | छनोट भएको बोलपत्र दाताको नाम | कबोल रकम मू.अ. कर सहित |
|---|---|---|---|---|
| १. | NEA/DDC/2079/080-Civil-01 | Office Ground Floor Room Level Increment Work at Dhangadhi DCS | श्री खप्तड रामारोशन बिल्डर्स, धनगढी ०२, कैलाली | रु.१८,६०,४७६।९७ |
| २. | NEA/DDC/2079/080-Civil-03 | Gravel Filling and Hexagonal Cement Concrete Block Laying Work at Dhangadhi DCS Premices | श्री रानादेव कन्स्ट्रक्सन, धनगढी १३ कैलाली | रु.६५,८७,९००।०० |

**बझाङ वितरण केन्द्र**

| सि.नं. | बोलपत्र नं. | कामको विवरण | छनोट भएको बोलपत्र दाताको नाम | कबोल रकम मू.अ. कर सहित |
|---|---|---|---|---|
| १. | NEA/BAJ/2079/080-ST-06 | HT/LT line Constructions and Transformer installation at different place of Durgathali Ga.pa | श्री जे.बी. ट्रेडर्स पोखरा–१६ बाटुलेचौर | १८,३९,०७५।०० |
| २. | NEA/BAJ/2079/080-ST-08 | HT/LT line Constructions and Transformer installation at different place of Ja.Na.Pa | श्री जे.बी. ट्रेडर्स पोखरा–१६ बाटुलेचौर | ४२,४८,८००।०० |
| ३. | NEA/BAJ/2079/080-SQ-09 | Transportation of he meterial from ARO to Bajhang Dc | स्मार्ट सप्लायर्स एन्ड ट्रान्सपोर्टेसन सर्भिस प्रा.लि., काठमाडौँ म.न.पा ३२ | १०,६६,५६१।३८ |
| ४. | NEA/BAJ/2079/080-ST-10 | HT/LT line Constructions and Transformer installation at different place of Bithhadchir Ga.pa | हाउजिङ एन्ड हाइड्रो सर्भिसेज कम्पनी ललितपुर ६ | ३३,५१,४२४।३४ |
| ५. | NEA/BAJ/2079/080-SQ-11 | cannal maintennace work of Seldogadi 200 Kw mocro hydro at Bajhang DC | दिनेश बिल्डर एन्ड कन्स्ट्रक्सन काठमाडौँ म.न. १० थापागाउँ | ८,४७,३५८।७५ |

**उदयपुर सिमेन्ट उद्योग लि. को**
**पुनः सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८०/०२/०७** (2023/05/21)

उद्योगको पुनः सिल्ड कोटेसन नं. २–१/०७९–८० अन्तर्गत Supply and Delivery of Conveyor Chain Link for 2634 Chain Conveyor - 16 Set (1 Set = 25 Links) आपूर्तिका लागि इजाजत प्राप्त इच्छुक फर्महरूबाट रीत पूर्वकको सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ। सूचना सम्बन्धी विस्तृत विवरण www.bolpatra.gov.np/egp मा राखिएको छ। साथै थप जानकारी लिनुपरेमा उद्योगको प्रधान कार्यालय जलजले उदयपुरमा सम्पर्क राख्नुहुन समेत अनुरोध छ।

**बागमती प्रदेश सरकार**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
**हेटौँडा**

**क्याटलग सपिङ विधिबाट सवारी साधन खरिद सम्बन्धी सिलबन्दी प्रस्ताव आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८०/०२/०७**

यस मन्त्रालयको स्वीकृत स्पेसिफिकेसन अनुसार १ (एक) थान Veterinary Ambulance with Hydraulic lift Diesel Engine (Not less than 2900 CC) सम्मको सवारीसाधन खरिद (क्याटलग सपिङ विधिबाट) गर्नुपर्ने भएकोले इच्छुक उत्पादक वा अधिकृत बिक्रेताले मात्र मिति २०८०।०२।२१ गते दिनको १२:०० बजेसम्म सम्बन्धित सवारीसाधन उत्पादकको आधिकारिक स्पेसिफिकेसन, गुणस्तर र कम्पनीको आधिकारिक मूल्य खुल्ने कागजात (क्याटलग वा ब्रोसर), उत्पादक कम्पनीको आधिकारिक बिक्रेताको प्रमाणपत्र र आ.व. २०७८।०७९ को कर चुक्ता प्रमाणपत्र संलग्न राखी सिलबन्दी प्रस्ताव सहित सूचीकृत हुन यो सूचना प्रकाशित गरिएको छ।

१. सवारीसाधनको स्पेसिफिकेसन कृषि तथा पशुपन्छी विकास मन्त्रालयको वेबसाइट (molmac.bagamati.gov.np) र कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सूचना पाटीमा टाँस गरिएको छ।
२. **प्रस्ताव पेस गर्ने स्थान** : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, हेटौँडा, मकवानपुर।
३. **प्रस्ताव खोल्ने समय** : २०८०।०२।२१ गते दिनको २:०० बजे।

**सवारीसाधनको सङ्क्षिप्त विवरण**

| क्र.सं. | ठेक्का नं. | सवारी साधनको नाम | सङ्क्षिप्त विवरण | सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | MOALD/GOOD/079080/001 | Veterinary Ambulance | Veterinary Ambulance with Hydraulic lift Diesel Engine (Not less than 2900 CC) | १ (एक) | सङ्क्षिप्त विवरणमा उल्लेख नभएका कुराहरू Technical Specification बमोजिम हुनेछ। |

थप जानकारीका लागि टेलिफोन नं. ०५७–५२५९४७ वा मोबाइल नं. ९८४३२०६२५२/९८४३९३२१५८ मा सम्पर्क राख्न अनुरोध गरिन्छ।

**Nepal Oil Corporation Ltd.**
**Lumbini Provincial Office**
Bhalwari, Rupandehi

**Bid Cancellation Notice**

**Date of publication: 7 Jestha, 2080 (May 21, 2023)**

This is notify to all the concerned that, the electronically submitted bids through e-GP System of Public Procurement Monitoring Office in Following bid published in 'Gorkhapatra' National Daily on 22 March, 2023 (Chaitra 08, 2079) is hereby cancelled as per Public Procurement Act, 2063 (Amended) Section 26 Sub Section (1) Clause (Ga).

| Contract Identification No. | Contract Name |
|---|---|
| NCB/NOC/BHALWARI-02/2079/80 | Repair and Maintenance of Staff Quarter |

# आँधीखोलाको सरसफाइ प्रभावकारी

**राधाकृष्ण डुम्रे**
*वालिङ, जेठ ६ गते*

वालिङबाट सुरु भएको आँधीखोला सरसफाइ अभियानको प्रभाव जिल्लाभर परेको छ। जिल्लाको मध्य भागबाट बग्ने आँधीखोलाको मात्रै होइन अन्य खोलानालाको पनि सरसफाइ अभियानमा युवा लागेका छन्।

वालिङबाट २१ औँ हप्ता अगाडि सुरु भएको अभियानमा जुट्नेको सङ्ख्यासमेत बढिरहेको छ। धार्मिक तथा ऐतिहासिक महत्त्व रहेको आँधीखोलाको अस्तित्वलाई जोगाउन केही युवा मिलेर आँधीखोला सरोकार मञ्च गठन गरी सरसफाइ अभियान सुरु गरेका हुन्। पछिल्लो समय वालिङमा बजारीकरण तथा मानिसको जनघनत्व बढेसँगै धार्मिक महत्त्वको आँधीखोला सरसफाइ विसर्जन स्थल बन्दै गएको थियो।

आँधीखोलालाई सफा तथा स्वच्छ राखी धार्मिक गन्तव्यका रूपमा विकास गर्न छ महिनाअगाडि आँधीखोला सरोकार मञ्चमार्फत सरसफाइ अभियान सञ्चालन गरिएको अभियन्ता प्रकाश अर्यालले जानकारी दिनुभयो। २१ हप्तासम्म आइपुग्दा यहाँका विभिन्न समूह, क्लब, सहकारी, विद्यार्थी, शिक्षक, जनप्रतिनिधि, सुरक्षा निकाय, कर्मचारीलगायत सर्वसाधारणको उल्लेख्य उपस्थिति रहेको थियो।


राधाकृष्ण डुम्रे
**वालिङ– ९ स्थित आँधीखोलामा सरसफाइ गरिँदै।**

वालिङ–८, सुर्कौंदीबाट सरसफाइ अभियान सुरु गरिएको थियो।

आँधीखोलाको सभ्यता जोगाउनका वालिङ–१३ का युवा जुटेका छन्। आँधीखोलाको तीरमा रहेका शिवालय मन्दिर परिसरबाट गत हप्ता सुरु भएको अभियानमा युवाको राम्रो उपस्थिति छ। युवा समाजसेवी अर्जुन गौतमले भन्नुभयो, "युवाको सक्रियतामा हामीले हप्ताको दुई घण्टा आँधीखोला सरसफाइ गर्न र सचेतना कार्यक्रम गर्न जुटेका छौँ।" युवाको सक्रियताले सार्थकता पाउनेमा विश्वस्त रहेको बताउँदै गौतमले आँधीखोला संरक्षणका लागि सबै जुट्नु पर्नेमा जोड दिनुभयो।

यस्तै वालिङ–१ मा पनि आँधीखोला तथा मिर्दीखोला सरसफाइ अभियान तीव्र पारिएको छ। रामबाच्छा बजार भएर बग्ने अर्मादीखोलाको सरसफाइमा बजारवासी जुटेको वडाध्यक्ष पदमराज गुरुङले जानकारी दिनुभयो। उता फेदीखोलामा पनि युवाको सक्रियतामा फेदीखोलाको सरसफाइ कार्यलाई तीव्रता दिइएको छ। युवाको सक्रियतामा सुरु भएको अभियान तेस्रो हप्तामा पुगेको पुष्पराज शर्माले जानकारी दिनुभयो।

यता आँधीखोला सरोकार मञ्चले सरसफाइ अभियानसँगै जनचेतनामूलक र्‍याली, माइकिङसमेत गरी नागरिकस्तरमा चेतनाको विकास गर्ने प्रयास गरिरहेको छ। श्रवणकुमारको मातापिताको आँसुबाट उत्पत्ति भएको आँधीखोलाको धार्मिक महत्त्व रहे पनि सही संरक्षण हुन नसक्दा अभियान थालिएको हो। खोलाको महत्त्व कम हुँदै जाने, खोलामा भएका जलचर प्राणी सङ्कटमा आउने र वातावरणीय प्रदूषण हुने भन्दै युवाले सरसफाइ तथा संरक्षण अभियान थालेका हुन्।

# निःशुल्क आयुर्वेद स्वास्थ्य शिविर

**स्याङ्जा समाचारदाता**
*स्याङ्जा, जेठ ६ गते*

अर्जुनचौपारी गाउँपालिकाले बृहत् निःशुल्क आयुर्वेद स्वास्थ्य शिविर गरेको छ। गाउँपालिकाले गरेको शिविरमा ३६२ जनाको स्वास्थ्य परीक्षण गरी ३१ थरीका औषधी वितरण गरेको थियो।

शिविरमा गाउँपालिकाका अध्यक्ष प्रकाश तिवारीले स्थानीय रूपमा उत्पादन हुने जडीबुटीको संरक्षण गरी आफ्ना पालिकावासीको स्वास्थ्य, आयआर्जनमा जोड दिने बताउनुभयो। स्वास्थ्य रक्षाको निम्ति घरघरमा पुगेर स्वास्थ्य परीक्षण गर्ने लक्ष्य रहेको र सोहीबमोजिम गाउँपालिकाले काम गरिरहेको उहाँले बताउनुभयो। अर्जुनचौपारी–१ निवासी ९६ वर्षका वेदप्रसाद अर्याललाई बिरामी पुर्जा र डा. उत्सव पौडेलको बीपी सेट हस्तान्तरण गरेर कार्यक्रम शुभारम्भ गरिएको थियो। शिविरमा स्वास्थ्य केन्द्रका प्रमुख वरिष्ठ कविराज निरीक्षक देवेन्द्र आचार्य, डा. उत्सव पौडेल, डा. तुलसी श्रेष्ठ र डा. समीक्षा लामिछानेसहितको स्वास्थ्यकर्मीको टोलीले स्वास्थ्य परीक्षणसहित औषधी वितरण गरेको गाउँपालिकाका आयुर्वेद शाखा प्रमुख ललित थापाले जानकारी दिनुभयो।

> स्थानीय रूपमा उत्पादन हुने जडीबुटीको संरक्षण गरी आफ्ना पालिकावासीको स्वास्थ्य, आयआर्जनमा जोड दिने बताउनुभयो। स्वास्थ्य रक्षाको निम्ति घरघरमा पुगेर स्वास्थ्य परीक्षण गर्ने लक्ष्य रहेको र सोहीबमोजिम गाउँपालिकाले काम गरिरहेको छ।

शिविरमा पेट, छाती, बाथ तथा अमलपित्त र स्त्री रोगसम्बन्धी बिरामीको सङ्ख्या बढी रहेको थापाले बताउनुभयो। उपचार गर्दै वृद्ध अर्यालले पालिकाबाट पाउने आयुर्वेद औषधीले फाइदा पुगेको र डाक्टरसहितको सेवा पाएकोमा खुसी व्यक्त गर्नुभयो। पालिकामा दुई वटा आयुर्वेद औषधालय भए पनि नौ स्थानबाट घुम्ती शिविर साप्ताहिक रूपमा टोलटोलमा पुगेर सेवा उपलब्ध गराउँदै आएको छ। स्याङ्जामा एक जिल्ला आयुर्वेद, सात वटा आयुर्वेद औषधालय र चार वटा आरोग्य केन्द्र रहेका छन्।

## अध्यक्षमा सापकोटा

**कावासोती समाचारदाता**
*कावासोती, जेठ ६ गते*

नेपाल प्रेस युनियन नवलपुरको ११ औँ अधिवेशनले नयाँ कार्यसमिति चयन गरेको छ। नेपाल प्रेस युनियन नवलपुरको अधिवेशनबाट अध्यक्षमा खगराज सापकोटा निर्वाचित हुनुभएको छ। सापकोटाले ५६ मतले प्रतिस्पर्धी चोलाकान्त रेग्मीलाई पराजित गर्दै विजयी हुनुभएको हो।

उक्त साधारण सभा तथा अधिवेशन कार्यक्रममा बोल्दै नेपाली कांग्रेसका नेता सङ्घीय सांसद डा. शशाङ्क कोइरालाले निष्पक्ष भएर समाचार सम्प्रेषण गर्नु पत्रकारको कर्तव्य भएको बताउनुभएयो। नेता कोइरालाले समाज रूपान्तरणमा पत्रकारको ठूलो भूमिका रहने बताउनुभयो। उहाँले संसद्मा भ्रष्टाचारको विषयमा आफूले बोलेको प्रसङ्ग जोड्दै भन्नुभयो, "मैले भ्रष्टाचारका बारेमा भने, निर्मूल हुन त सक्दैन, कम गर्नुपर्छ भनेरभन्दा सबै हाँसे, निर्मूल गर्ने त प्रयत्न गर्नुपर्छ, प्रयत्न गर्नुपर्यो भन्ने मेरो भनाइ थियो।"

उक्त कार्यक्रममा चार जना पत्रकारलाई सम्मानितसमेत गरिएको छ। नेपाल प्रेस युनियन नवलपुर शाखाले प्रदान गर्दै आएको सूर्यभक्त पतनादेवी राष्ट्रिय पत्रकारिता पुरस्कार–२०७८ र २०७९ बाट सम्मानित गरिएको छ।

# 'तमुको भावना छिट्टै सम्बोधन गर्छु'

**पोखरा समाचारदाता**
*पोखरा, जेठ ६ गते*

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले तमुको दुःखेको मनको छिट्टै सम्बोधन गर्ने बताउनुभएको छ। तमु समुदायको अग्रणी सामाजिक संस्था तमु धिं नेपालको ३९ औँ वर्ष प्रवेश गरेको अवसरमा समाजले आयोजना गरेको स्थापना दिवस एवम् सम्मान कार्यक्रमको उद्घाटन गर्दै उहाँले उक्त कुरा बताउनुभएको हो।

मुख्यमन्त्री पाण्डेले वर्तमान गण्डकी प्रदेश सरकारमा तमु समुदायबाट कुनै मन्त्री समावेश नगरिएकोमा तमु सङ्घ संस्था र समुदायको मन बिझेको भन्दै भावनाको छिट्टै सम्बोधन गर्ने उहाँको भनाइ छ। उहाँले सरकार गठनमा तमुको आवाज सम्बोधन हुनु पर्दछ भन्ने लागे पनि बाध्यताले छुट्न गएको प्रस्ट पार्नुभयो।

विविधताको मुलुकमा सद्भावपूर्ण वातावरण भएकाले विगतका विषयलाई परिष्कृत गर्दै नीति तथा योजनामा पनि गण्डकी प्रदेश सरकारले तमुहरूले अपनत्व महसुस हुने गरी प्रस्तुत हुने उहाँको भनाइ थियो।

मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "तमुहरूको भाषा, संस्कृति जगेर्ना, समृद्धि र विकासमा लाग्छु, मलाई झकझकाउनूस्, केही गरौँ भनेर केन्द्रीय राजनीतिबाट प्रदेशमा आएको हुँ। नागरिकका चाहना र आवश्यकतालाई सीमित स्रोतसाधनबाट सक्दो सम्बोधन गर्नुका साथै आफ्ना कारणले गण्डकीका जनताले शिर झुकाउनुपर्ने छैन।" कार्यक्रममा शुभकामना व्यक्त गर्नुहुँदै गण्डकी प्रदेश सभा सदस्य, तमु धिं नेपालका निवर्तमान प्रथम उपाध्यक्ष सरस्वती गुरुङले हिजोका दिनमा तमुहरूको सेवक भएको, अहिले पनि सेवारत् र भोलि पनि सेवामै जुटिरहने बताउनुभयो।

तमु धिं नेपालकी संस्थापक अध्यक्ष कर्म तमुल संस्थाको ऐतिहासिकता र विगतलाई स्मरण गर्दै आगामी दिनका लागि क्रियाशील रहनुपर्नेमा जोड दिनुभयो। तमु समुदायको भावनाको सम्बोधन, गैरआवासीय नेपालीलाई दोहोरो नागरिकताका लागि तमुहरू जुट्नुपर्ने बताउनुभयो।


**गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे तमु धिं नेपालको स्थापना दिवस एवं सम्मान कार्यक्रमको उद्घाटनमा बोल्दै।**

तमु समाज युकेका अध्यक्ष शिवकुमार गुरुङ, तमु धिं नेपालका अध्यक्ष हुमबहादुर गुरुङलगायतले शुभकामना व्यक्त गर्नुहुँदै हाल गण्डकी प्रदेश सरकारमा कुनै पनि तमु सांसदलाई मन्त्री मण्डलमा समावेश नगराएकोमा आपत्ति जनाउनुभयो।

आगामी नीति, कार्यक्रम र बजेटले तमु समुदायलाई विशेष प्राथमिकता दिनुपर्ने माग उहाँहरूको थियो। कार्यक्रममा तमु धिं नेपालका संस्थापकहरू अध्यक्ष कर्म तमु उपाध्यक्ष शङ्कर गुरुङ, सचिव शेरबहादुर गुरुङ, सदस्यहरू डा. खड्ग सिंह गुरुङ, डिआइजी बुद्धिराज गुरुङलगायतलाई सम्मान गरिएको थियो।

## प्राज्ञिक क्षमता विकासका लागि तालिम

**पोखरा समाचारदाता**
*पोखरा, जेठ ६ गते*

विश्वविद्यालय अनुदान आयोगको आर्थिक सहयोगमा विन्ध्यवासिनी संस्कृत विद्यापीठको अनुसन्धान व्यवस्थापन एकाइद्वारा प्राध्यापकहरूको क्षमता विकासका लागि आयोजना गरिएको चार दिने तालिम सम्पन्न भएको छ। समयसापेक्ष रूपमा प्राध्यापकहरूको वृत्तिविकासका लागि उक्त तालिमको आयोजना गरिएको विन्ध्यवासिनी संस्कृत विद्यापीठका प्राचार्य डा. जगन्नाथ रेग्मीले बताउनुभयो।

जेठ २ गतेबाट सञ्चालित तालिममा नेपाल संस्कृत विश्वविद्यलाय, त्रिभुवन विश्वविद्यालय र पोखरा विश्वविद्यालयका प्राध्यापकद्वारा विभिन्न विषय र शीर्षकमा १२ वटा कार्यपत्र प्रस्तुत गरिएका थिए। प्रस्तुत भएका कार्यपत्रमाथि छलफल गरिएको डा रेग्मीले जानकारी दिनुभयो।

# विवाद समाधानका लागि मेलमिलापकर्ता छनोट

**पर्वत समाचारदाता**
*पर्वत, जेठ ६ गते*

वडामा हुने सानातिना विवादलाई स्थानीयस्तरमै समाधान गराउने उद्देश्यले पर्वतको कुस्मा नगरपालिकाले मेलमिलापकर्ता छनोट गरेको छ। घरायसी झैझगडा र अन्य विवादलाई मध्यस्थता गरी टोलस्तरमै समाधान गराउन मेलमिलापकर्ता छनोट गरी उनीहरूलाई तालिम दिन थालिएको कुस्मा नगरपालिकाका प्रमुख रामचन्द्र जोशीले बताउनुभयो।

जोशीले स्थानीयस्तरमै विवाद समाधान गर्न सकिएमा कानुनी झन्झट कम हुने तथा गाउँघरमा मेलमिलाको वातावरण हुने भएकाले प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले मेलमिलापकर्ता गाउँका न्यायाधीशको भूमिकामा रहनुपर्ने दायित्व भएको बताउनुभयो।

कुस्मा नगरपालिकाका उपप्रमुख तथा न्यायिक समितिका संयोजक स्वस्थानी रिजालले मेलमिलापकर्ताले पीडित र पीडक दुवै पक्षले न्यायको अनुभूति गर्ने गरी विवादको समाधान गर्नुपर्ने दायित्व रहेकाले उनीहरूमा गहन जिम्मेवारी रहेको धारणा व्यक्त गर्नुभयो। कतिपय गम्भीर खाले विवाद प्रहरी र अदालतसम्म पुऱ्याएर समाधान गर्नुपर्ने भएकाले यसमा चनाखो हुन पनि निर्देशन दिनुभयो। तालिमले मेलमिलापकर्ताको दक्षता र सिपमा व्यावहारिक परिवर्तन हुने अपेक्षा रहेको उहाँले बताउनुभयो।


**मेलमिलापसम्बन्धी आधारभूत तालिमका सहभागी।**

मेलमिलापकर्ताहरू कानुनका बारेमा जानकार भएमा उनीहरूले न्याय सम्पादनमा समेत सहजीकरण गर्ने प्रमुख प्रशासकीय अधिकृत चण्डिका पौडेलले बताउनुभयो।

न्यायिक समितिमा आउने अधिकांश उजुरी घरायसी झैझगडा, लेनदेन, जग्गा विवादलगायतका भएकाले यस्ता विवाद स्थानीयस्तरमै समाधान गर्न सकिने पौडेलको भनाइ छ।

कुस्मा नगरपालिकाका १४ वटा वडाबाट दुई जना मेलमिलापकर्ता छनोट गरी उनीहरूको क्षमता वृद्धिका लागि तालिम दिन सुरु गरिएको छ।

## कृषि क्याम्पसमा खाण

**स्याङ्जा समाचारदाता**
*स्याङ्जा, जेठ ६ गते*

चापाकोट नगरपालिका नगर प्रमुख देवबहादुर खाणको अध्यक्षमा प्राकृतिक स्रोत व्यवस्थापन कलेज (चापाकोट कृषि क्याम्पस) सञ्चालन सम्पर्क समिति गठन भएको छ। चापाकोट नगरपालिकाको कार्यालयमा बसेको सर्वदलीय बैठकले नगर प्रमुख खाणको अध्यक्षतामा उक्त समिति गठन गरेको हो। समितिको सदस्यहरूमा विक्रम सारु, राजु भट्टराई, विनोदप्रसाद खनाल, सीताराम गैह्रे, खेमराज आचार्य, राजु न्यौपाने र सदस्यसचिव खेमराज भट्टराई रहनुभएको छ।

## फरार अभियुक्त पक्राउ

**तनहुँ समाचारदाता**
*तनहुँ, जेठ ६ गते*

व्यास नगरपालिका–२, उत्तरशिला टोल, दमौली बस्ने ४८ वर्षीय विनोद शाक्य फरार रहेको २० वर्षपछि पक्राउ परेका छन्। जबरजस्ती करणी मुद्दामा पाँच वर्ष कैद तोकिएका शाक्य बुधबार पक्राउ परेको प्रहरीले जनाएको छ। तनहुँ जिल्ला अदालतको २०६० साल असोज २० को फैसलाले उनलाई पाँच वर्ष कैद तोकेको थियो। शाक्यलाई आफ्नै घरमा फेला पारिएको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक मोहनबहादुर खाणले जानकारी दिनुभयो।


हार्दिक श्रद्धाञ्जली



जन्मः
२०१३/०३/२४

स्वर्गारोहणः
२०८०/०१/२६

स्व. राम अयोध्या राय यादव

यस प्राधिकरणमा कार्यरत सहायक निर्देशक श्री विजय कुमार राय यादवको पुजनिय बुबा **श्री राम अयोध्या राय यादव**को ६७ वर्षको उमेरमै असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं। साथै यस दुःखद् शोकाकुल परिवारजनमा ईश्वरले धैर्य धारण गर्ने शक्ति प्रदान गरुन् भनी हार्दिक समवेदना प्रकट गर्दछौं।

अध्यक्ष तथा
नेपाल दूरसञ्चार प्राधिकरण, परिवार

नेपाल दूरसञ्चार प्राधिकरण
स्वतन्त्र कर्मचारी यूनियन



नेपाल सरकार
श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार बोर्डको सचिवालय
बबरमहल काठमाण्डौ

सूचना

सुचना प्रकाशित मितिः २०८०/०२/०७

यस बोर्ड सचिवालयबाट मिति २०७९/१२/२१ मा निःशुल्क सीप बिकास तालिम र मिति २०७९/१२/२७ मा निःशुल्क आवासिय सीप बिकास तालिम संचालनका लागि परामर्श सेवा खरिद गर्न तालिम प्रदायक संस्थाहरू (आसयपत्रदाताहरू) सँग प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्न प्रकाशित सूचना बमोजिम पेश भएका प्राबिधिक र आर्थिक प्रस्तावहरूको मूल्यांकन गरी बिषयगत र प्रदेशगत हुने गरी प्रस्तावहरू स्वीकृतीका लागि छनौट गरिएको र सो छनौट भएका प्रस्तावहरू (आसयपत्रदाता) को विस्तृत बिबरण यस सचिवालयको वेभसाइटमा सार्वजनिक गरिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उप-दफा २ को प्रयोजनका लागि यो सूचना प्रकाशन गरिएको छ।



नेपाल विद्युत प्राधिकरण
विद्युतीय सवारी चार्जिङ पूर्वाधार विकास आयोजना
सिलबन्दी दरभाउपत्र आह्वानको सूचना
(दोस्रो प्रटक प्रकाशित मिति : २०८०।०२।०७)

यस आयोजना अन्तर्गत तपसिल अनुसारका कार्यहरू गर्न इजाजत प्राप्त मू.अ.क.(भ्याट)मा दर्ता भएका, आयकर तिरेका रजिस्टर्ड फर्महरूबाट दरभाउपत्रमा उल्लेखित सर्तहरूको अधीनमा रही सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ। साथै उल्लेखित दरभाउपत्र तथा सोसँग सम्बन्धित अन्य आवश्यक कुराहरू विस्तृत रूपमा बुझ्नुपरेमा कार्यालय समयभित्र सम्बन्धित कार्यालयबाट बुझ्न सकिनेछ।

| सि. नं. | दरभाउपत्र नं. | कार्यको विवरण | दरभाउपत्र उपलब्ध हुने, दर्ता हुने एवं खोलिने कार्यालयको नाम ठेगाना | दरभाउपत्रको अन्तिम बिक्री मिति र समय | दरभाउपत्र दाखिला मिति र खोलिने समय | दरभाउ–पत्रको मूल्य रु. | बैंक तथा धरौटी खाता नं. ठेगाना | बिडबन्ड रकम रु. | बिडबन्ड अवधि |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | NEA/EV-2079/80-SQ-04-Re (पुनः प्रकाशित) | Civil works-Supply and Installation of Interlock Concrete works and accessories at Pokhara; Kalika Pump and Begnas around EV charging station. | विद्युतीय सवारी चार्जिङ पूर्वाधार विकास आयोजना फोन : ०१–४१५३०६०, ९८५११४०२३० e-mail: nea.evcidp@gmail.com | प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५औँ दिनसम्म (कार्यालय समयभित्र) | दरभाउपत्र खरिद गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको १२ बजेभित्र दाखिला एवं सोही दिनको १ बजे खोलिने। | १,०००।०० | NMB बैंक लि., मा रहेको ने.वि.प्रा. विद्युतीय सवारी चार्जिङ पूर्वाधार विकास आयोजनाको धरौटी खाता नं. २०४०००१४६००००१६ मा जम्मा गरेको बैंक भौचर। | ४२,०००।०० | ७५ दिन (दरभाउपत्र खोलिने दिनबाट) |



Nepal Electricity Authority
Transmission Directorate
Grid Operation Department
Notice Publication Date : 2080/02/07

1. Invitation For Bids

| S. N. | Name of Office | IFB No/Notice No. | IFB Name/Job Description |
|---|---|---|---|
| 1 | Nea, Grid Operation Department Telephone no.: 01-4106919, 4106965, Email : gridoperation@nea.org.np | re-GOD/ 2079/080-05 | Supply and Delivery of Transformer Oil |

२. बोलपत्र रद्द गरिएको सूचना :
मिति २०८०।०१।०४ गते गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सामान आपूर्ति कार्यको बोलपत्र आह्वान सम्बन्धी सूचनाको बोलपत्र नं. GOD/2079/080-05
(Supply and Delivery of Transformer oil) को सम्पूर्ण बोलपत्र प्रक्रिया रद्द गरिएको व्यहोरा सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

# बामे सर्दै औद्योगिक क्षेत्र

**ललिता साह**
*बोदेबरसाइन (सप्तरी), जेठ ६ गते*



तस्बिर : ललिता साह

**गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय ।**

राजविराज नगरपालिका–९ स्थित गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र भारत सरकारको लगानीमा २०४४ सालमै स्थापना भएको हो। यो औद्योगिक क्षेत्र २०५० सालमा नेपाल सरकारको पूर्ण स्वामित्व रहने गरी नेपाल सरकारलाई हस्तान्तरण गरिएको हो।

सुरूदेखि नै सरकारको उपेक्षाको कारण वर्षौंसम्म न यहाँ उद्योग फस्टाउन सक्यो न यो औद्योगिक क्षेत्रको संरक्षणमा कसैले कुनै चासो र अपनत्व ग्रहण गर्न सकेको छ। रोजगारीको समस्या र आफैँसँग भएका अवसरका यस्ता धरोहरहरूको विकासको खाँचो रहेको स्थानीय बुद्धिजिवी बताउनुहुन्छ। सप्तरी सदरमुकाम राजविराजदेखि ३ किलोमिटर उत्तर–पश्चिम राजविराज नगरपालिका र रूपनी गाउँपालिकाको सीमामा अवस्थित यस क्षेत्रको विकासले मधेश प्रदेशको विकासको भविष्यसँग जोडिएको छ।

उद्योगिक क्षेत्रमा अझैसम्म आधारभूत विकासका पूर्वाधारसमेत नभएका कारण क्षेत्रभित्र हुनुपर्ने उद्योग व्यवसाय फस्टाउन सकेको छैन। मधेश प्रदेशको एक मात्र गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र पछिल्लो समय विकासको बामे सर्दै गरेको छ। नयाँ उद्योग सुरु गर्ने उद्योगीलाई लिजमा जग्गा दिइने भएको छ।

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड केन्द्रीय कार्यालय बालाजुले वैशाख २९ देखि लागू हुने गरी दरखास्त आह्वानको २१ दिने सूचना निकालेको छ। प्रति रोपनी जग्गाको न्यूनतम कबोल मूल्य १५ हजार हुने छ। कृषि उत्पादन र रोजगारमुलक उद्योगलाई प्रोत्साहन दिइनेलगायतको पक्षमा टेन्डर मुल्याङ्कनको अङ्कलाई विभाजन गरिएको औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका इन्जिनियर पुरुषोत्तम ठाकुरले जानकारी दिनुभयो।

कुल २९४ रोपनी (साढे २२ बिघा) मा फैलिएको औद्योगिक क्षेत्रभित्र बैङ्क भवन, हुलाक, स्वास्थ्य क्लिनिक भवन, चमेनागृह, अतिथिगृह, विद्युत्, टेलिफोनलगायतका सुविधासहितका १० वटा घरेलु उद्योग सञ्चालन गर्न सक्ने सेड निर्मित छन्। अब खाली जग्गामा थप नयाँ उद्योगी भित्र्याउन १६ वटा नयाँ प्लट टेन्डर आह्वान गरी लिजका लागि टेन्डर खुला गरिएको हो। तीन सय उद्योगको क्षमता रहेको औद्योगिक क्षेत्रभित्र नयाँ उद्योग सञ्चालन गर्ने उद्देश्यले विगत दुई वर्षदेखि खाली जग्गा प्लटिङको काम भइरहेको औद्योगिक व्यवस्थापन कार्यालयका प्रमुख केशव पराजुलीले बताउनुभयो।

अहिले आर्थिक मन्दी, बढ्दो व्यापार घाटा, नेपाल राष्ट्र बैङ्कको नयाँ निर्देशिकाअनुसार बैङ्कले गर्ने कर्जा लगानीमा आधाले कटौती भएको छ। यस्ता विभिन्न कारणले यहाँ औद्योगिक क्षेत्र भए पनि अपेक्षाकृत उद्योग रहेको छैन। सरकारी करबापत न्युन रकममा औद्योगिक क्षेत्रभित्र जग्गा उपलब्ध गराउने गरी थालिएको प्रक्रिया सराहनीय रहेको उद्योग वाणिज्य सङ्घ सप्तरीका अध्यक्ष लालुप्रसाद अग्रवालले बताउनुभयो।

यस औद्योगिक क्षेत्रको विकास र सञ्चालनमा खानेपानी, ढल निकास, कच्चा पदार्थ ओसारपसारको भन्सार बाटो छैन। बजार मूल्यको अभाव जस्ता चुनौती व्याप्त छ। जसका कारण ठूला लगानीकर्ताको आकर्षण अझै सुनिश्चित नरहेको उद्योग वाणिज्य सङ्घ सप्तरीका वरिष्ठ उपाध्यक्ष रमेश साहले बताउनुभयो।

समयमा सेड वहाल, विद्युत् बिल नतिर्नेलगायतको समस्या रहेको व्यवस्थापन कार्यालयका लेखा अधिकृत केदार थापाले बताउनुभयो। अद्यौगिक क्षेत्रभित्र सञ्चालित मिलन डेरी उद्योग तथा उद्योग सङ्घका अध्यक्ष मिलन सिंहका अनुसार पूर्ण सञ्चालनमा रहेका तीन वटा उद्योग राम्रै चलेको छ तर ढल निकास र असुरक्षाको समस्याबाट गुज्रिरहेका छन्। औद्योगिक क्षेत्रभित्र लगानी गर्न चाहने निरुत्साहित हुने गरेको उहाँको भनाइ छ। ढल निकास र अन्य विकासका लागि सङ्घ सरकारले चालु आर्थिक वर्षमा पाँच करोड रकम विनियोजन गरेर गाउँपालिकाबाट काम गराउने कार्यालय व्यवस्थापन प्रमुख पराजुलीले जानकारी दिनुभयो।

## मकैले पाएन मूल्य

**सर्लाही समाचारदाता**
*सर्लाही, जेठ ६ गते*

उत्पादनको मुख्य याममा नै वर्णशङ्कर (हाइब्रिड) मकैको भाउ घट्दा सर्लाहीका किसान मारमा परेका छन्।

यहाँका किसानलाई अहिले हाइब्रिड मकै थन्क्याउन भ्याइनभ्याइ छ। सुरुमा मकैको भाउ राम्रै पाए पनि अहिले भने क्विन्टलमै एक हजार रुपियाँसम्म भाउ घटेको किसानले गुनासो गरेका छन्। हाइब्रिड मकै थ्रेसर लगाएर झार्नेबित्तिकै बिक्री हुन्छ। यहाँका किसानले सुरुमा प्रतिक्विन्टल तीन हजार पाँच सय रुपियाँमा बेचेको मकैको भाउ अहिले दुई हजार छ सयदेखि दुई हजार सात सय रुपियाँमा बेचिरहेका छन्।

बागमती नगरपालिका–१, मिलन चोकका किसान विनोद बडालले यो वर्ष मकैको उत्पादन राम्रो भए पनि उचित मूल्य भने नपाएको गुनासो गर्नुभयो। बडालले भन्नुभयो, "यो वर्ष सबैतिर मकै राम्रो फलेको छ तर भाउ खस्किँदा हामी किसान अन्यायमा परेका छौँ," "व्यापारीले जति मूल्य दिन्छन् त्यही मूल्यमा बेच्नुपर्ने बाध्यता छ।" सर्लाहीमा उत्पादित हाइब्रिड मकै विशेषगरी चितवनको नारायणगढका दाना उद्योगले लैजाने गरेका छन्। उनीहरूले मनपरी भाउमा मकै लैजाने गरेको किसानको गुनासो छ।

सर्लाहीमा २० वटै स्थानीय तहमा हाइब्रिड मकै खेती हुने गरेको छ। सिँचाइको सुविधा रहेको यहाँको बागमती, बरहथवा, लालबन्दी, हरिवन, हरिपुर, चन्द्रनगर, ईश्वरपुरलगायत क्षेत्रमा हाइब्रिड मकैको व्यावसायिक रूपमा खेती हुन्छ। किसानले पछिल्लो समय रैथाने (लोकल) मकैको साटो हाइब्रिड मकै लगाउन थालेका छन्। कृषि ज्ञान केन्द्रले उपलब्ध गराएको जानकारी अनुसार सर्लाहीमा यस वर्ष १२ हजार ५४५ हेक्टर जमिनमा हाइब्रिड मकै खेती गरिएको छ।

कृषि ज्ञान केन्द्रका प्रमुख कमलदेवप्रसाद कुशवाहाले सिँचाइ सुविधा भएका किसानले रैथाने मकै मासेर हाइब्रिड मकै लगाउन थालेका जानकारी दिनुभयो। प्रमुख कुशवाहाले भन्नुभयो, "पानी लाग्ने जमिनमा प्रतिकट्ठा तीनदेखि चार क्विन्टलसम्म मकै उत्पादन हुन्छ। सामान्य उत्पादन हुँदा पनि हाइब्रिड मकै खेतीबाट किसानले तीन महिनामै खर्च कटाएर बिघाको एक लाखभन्दा धेरै आम्दानी गर्ने गर्छन्। अरू खेतीबाट छोटो समयमा यति आम्दानी हुँदैन।"

यहाँका कतिपय किसानले वर्षमा तीन बालीसम्म मकै लगाउने गरेका छन्। व्यवस्थित ढङ्गले हाइब्रिड मकै खेती गर्ने किसानको जीवनस्तर पनि उक्सेको छ तर यस वर्ष मुख्ययाममै भाउ घट्दा मर्कामा परेको गुनासो किसानको छ।

## बजारमा देखिन थाल्यो आँप



**सिरहा समाचारदाता**
*सिरहा, जेठ ६ गते*

स्वादिलो मौसमी फल भनेर चिनिने आँप लहानको बजारमा देखिन थालेको छ। आँपको प्रमुख सङ्कलन केन्द्र मानिएको लहानमा स्थानीय आँप आउनुभन्दा अगाडि नै भारतको विभिन्न स्थानबाट भित्र्याइएका आँप पाउन थालेको हो।

स्थानीय आँपको रुखमा आँप पाक्नु तीन साताअगाडि नै लहानमा भारतको नासिर, मद्रास र तमिलनाडुबाट पाकेको आँप भित्रिन थालेको हो। लहान चोकका फलफूलका खुद्रा बिक्रेता राजन मण्डलले अहिले भित्रिएको गुलाबखास जातको आँप मिठो र स्वादिलो भएको बताउनुभयो। स्थानीय बजारमा भारतीय आँप ७० रुपियाँदेखि १२० रुपियाँ प्रति किलोग्राममा पाइने गरेको छ।

खुद्रा बिक्रेता मण्डलले भन्नुभयो, "अब स्थानीय बजारमा भारतबाट आयात हुने पाकेको आँप पाउन सुरु भइसकेको छ। एक हप्तापछि बङ्गालबाट हिमसागर र बम्बई जातको आँप भित्रिन सुरु हुन्छ। त्यसपछि असार १५ गतेतिर भारतको उत्तर प्रदेशबाट दसहरी, मालदह र चौसा जातको आँप यहाँ आउँछ तर भारतबाट भित्रिएको आँप बाहिर नगई लहान आसपासका क्षेत्रमा मात्र खपत हुन्छ।"

स्थानीय जातको आँप भने जेठको तेस्रो सातापछि मात्रै उपलब्ध हुन सक्ने फलफूल व्यापारी बताउँछन्। सुरुमा जेठको तेस्रो सातापछि स्थानीय रुखबाट बम्बई जातको आँप बजारमा भित्रिन्छ। फलफूलका थोक व्यापारी कपिल मण्डलले भन्नुभयो, "त्यसको दुईदेखि तीन सातापछि मालदह आँप आउँछ, भदौको मध्यसम्म हामीले थरी थरीका आँप उपभोक्तालाई उपलब्ध गराउन सक्छौँ।"

लहान नगरपालिकाका कृषि शाखाका प्रमुख वरिष्ठ कृषि विकास अधिकृत प्रकाश साह हलुवाईले फल्ने वर्ष भए पनि आँपको चिचिला लाग्ने समयमा यसपालि तापक्रम अत्यधिक भएको कारण स्थानीय आँपको उत्पादन विगतको वर्षको तुलनामा कम हुने जानकारी दिनुभयो। "सुरुमा स्थानीय बगैँचामा आँपको पालुवा र दाना निकै राम्रो भएर आए पनि वैशाख महिनाको पहिलो सातामा ४२ डिग्रीसम्मको तापक्रमका कारण आँपका अधिकांश चिचिला झरेको छ। हलुवाईका अनुसार फल्ने वर्ष भएको हुनाले कृषकले लगानी त गरे तर प्रतिफल थोरै आउने सम्भावना भएकोले त्यसको प्रत्यक्ष भार आँपको मूल्यमा पर्न सक्ने देखिएको छ। लहानमा विभिन्न स्थानबाट सङ्कलित भएका आँप यहाँका व्यापारीहरूले काठमाडौँ, पोखरा, नारायणघाटलगायत देशका विभिन्न सहरमा पठाउने गरेका छन्।

# मनाइयो बरसाइत पर्व

बिहानै नुहाई रातो, पहेँलोसहित विभिन्न रङको पहिरनमा नजिकको वरको रुखमुनि बसेर नवविवाहितद्वारा आफ्ना पतिका साथ पूजा गरिन्छ।

**देवरामप्रसाद यादव**
*सप्तरी, जेठ ६ गते*

विवाहित महिलाले शुक्रबार बटसावित्री अर्थात् बरसाइत पर्व मनाएका छन्। श्रीमान्को सुख, समृद्धि र दीर्घायुको कामना गर्दै शुक्रबार बरसाइत (बटसावित्री) पर्व मनाइएको हो।

यो पर्व ज्येष्ठ कृष्णपक्ष अमावश्याका दिन नवविवाहित र अन्य महिलाले फरक विधिअनुसार मनाउने प्रचलन छ। नवविवाहित महिलाले पहिलो बरसाइत अनिवार्य रूपमा ससुरालमै मनाउने गर्छन्। बिहीबार नहायखाय गरेपछि लुगादेखि चुरासम्मका सबै शृङ्गार र पहिरनका सामग्री माइतबाटै पठाइने गरिन्छ।

बिहानै नुहाई रातो, पहेँलोसहित विभिन्न रङको पहिरनमा नजिकको वरको रुखमुनि बसेर नवविवाहितद्वारा आफ्ना पतिका साथ पूजा गरिन्छ। उपलब्ध भए वर र पीपल दुवैसँगै भएको ठाउँमा वा नभए वरको रुखमुनि पीपलको हाँगा गाडेर भए पनि वर र पीपल दुवैको उपस्थितिमा पति पत्नी मिलेर पूजा गर्ने प्रचलन छ।

पति र पत्नीले पूजा गरिरहँदा पत्नीका भाइ छाता ओढाएर साक्षीका रूपमा उभिन्छन्। महिला पुरोहितले पर्वको मन्त्र उच्चारण गरी वरको जरामा पूजा गर्छन्। पानीमा भिजाएर उमारिएको चना, मुग, चामल, काँक्रो, केरा, स्याउ, अङ्गुर, आँप, लिची र नरिवल प्रसादका रूपमा वरको जरामा चढाएर सिन्दूरले रङ्ग्याउँछन्। प्रसाद चढाइसकेपछि व्रतालुले पतिलाई उभिन लगाएर वरको रुखमा सात फेरो पहेँलो र रातो धागोले बेर्छन्।

आँप र कलश लिएर तीन पटक वरको रुख र पतिको परिक्रमा गर्छन्। परिक्रमा गरिरहेका बेला व्रतालुले एक पटक वरको जरामा र अर्को पटक पतिको खुट्टामा जल चढाउँछन्। अग्निपुराणमा उल्लेख भए अनुसार व्रती महिला दिनभरि उपवास बसेर वृक्षको मुनि बसेर सावित्रीको पूजा गर्नुका साथसाथै अविवाहित तरुणी पनि गीत गाउँदै र लोकनाच गर्दै यो चाड मनाउने गर्छन्।

यस पर्वका दिनमा बिहानै विवाहित महिला उठेर नदी अथवा पोखरीमा स्नान गरी बटवृक्षमुनि सावित्रीको आराधना र अर्चना गरेर धुमधामसाथ यसलाई मनाउने गर्छन्। विभिन्न फलफूल, अक्षता, धूप, दीपसहित विवाहित महिला गीत गाउँदै बटवृक्ष भएको ठाउँमा गएर सावित्रीको पूजा गर्छन्। पर्वमा पार्वती, सावित्री र नागको पनि पूजा गरिन्छ। सावित्रीले मृत पति सत्यवान्को पुनर्जीवनका लागि यसरी नै पूजा गरेको धार्मिक पुस्तकमा उल्लेख रहेको स्थानीय पण्डित पुलकित यादव बताउनुहुन्छ।

NTWC

## नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड

(नेपाल सरकारको पूर्ण स्वामित्व भएको)

प्रधान कार्यालय, बालुवाटार, काठमाडौं

### अन्तिम नतिजा प्रकाशन सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति २०८०/०२/०७)

नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लि. को मिति २०७९/०९/०८ गते प्रकाशित आन्तरिक, खुला तथा समावेशी पदपूर्ति सम्बन्धी विज्ञापन बमोजिम लोक सेवा आयोगबाट सम्पन्न लिखित परीक्षा, सीप परीक्षण/प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता समेतको प्राप्ताङ्क अनुसार देहायको योग्यताक्रम कायम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी भएको छ ।

सफल उम्मेदवारहरूले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र निरोगिताको प्रमाणपत्र सहित कम्पनीको प्रधान कार्यालय बालुवाटार काठमाडौंमा नियुक्तिको लागि सम्पर्क राख्नुहुन समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ ।

**१.वि.नं. ०१/२०७९/८० (आ.प्र.), पदः शाखा अधिकृत, तहः६, सेवाः प्रशासन, समूहः लेखा, माग पद संख्याः १**

सिफारिस योग्यताक्रमः

| यो.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम, थर | ठेगाना | बावु/आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १. | १००२ | विजय भट्टराई | किर्तीपुर-५, काठमाडौं | मेघराज/भगवती | हिरण्यहरि |

वैकल्पिक योग्यताक्रमः

| बै.यो.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम, थर | ठेगाना | बावु/आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १. | २००४ | नमेश्वर कुमार साह | सिराहा-६, सिराहा | रामअवतार/नुपुरदेवी | उतिम |

**२.वि.नं. ०२/२०७९/८० (मधेशी), पदः शाखा अधिकृत, तहः६, सेवाः प्रशासन, समूहः लेखा, माग पद संख्याः १**

सिफारिस योग्यताक्रमः

| यो.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम, थर | ठेगाना | बावु/आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १. | २००५ | विद्या सागर कुमार यादव | राजदेवी-८, रौतहट | सहदेव/प्रेमदेवी | झोटाइल |

वैकल्पिक योग्यताक्रमः

| बै.यो.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम, थर | ठेगाना | बावु/आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १. | २०१९ | नमेश्वर कुमार साह | सिराहा-६, सिराहा | रामअवतार/नुपुरदेवी | उतिम |
| २. | २००९ | गोविन्द कुमार सिंह | धनकौल-३, सर्लाही | मनोजकुमार/लालमुनीदेवी | त्रिवेणी प्रसाद |
| ३. | २०१२ | जगदीश कुमार यादव | धनुषाधाम-३, धनुषा | बलदेव/फुलोयादवनी | रामपति |

**३. वि. नं. ०३/२०७९/८० (खुला तथा समावेशी), पदः वरिष्ठ सहायक, तहः५, सेवाः प्रशासन, समूहः प्रशासन, माग पद संख्याः ४ (खुला-२, महिला-१, अपाङ्ग-१)**

खुलातर्फ सिफारिस योग्यताक्रमः

| यो.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम, थर | ठेगाना | बावु/आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १. | ३२७९ | रमेश प्रसाद तिमिल्सैना | कमलबजार-५, अछाम | द्वारिकाप्रसाद/कुन्ता | मिनदत्त |
| २. | ३१७३ | लोकराज भट्ट | दशरथचन्द-१, बैतडी | शिवदत्त/हरू | नरदेव |

खुलातर्फ वैकल्पिक योग्यताक्रमः

| बै.यो.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम, थर | ठेगाना | बावु/आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १. | ३०१७ | अनिष गिरी | मालिका-५, गुल्मी | धनु/मोमादेवी | चुम्मा |

महिलातर्फ सिफारिस योग्यताक्रमः

| यो.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम, थर | ठेगाना | बावु/आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १. | ३११० | गिता पौडेल | गैंडाकोट-८, नवलपुर | दयाराम/कुलमाया | रिषीराम |

वैकल्पिक योग्यताक्रमः

| बै.यो.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम, थर | ठेगाना | बावु/आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १. | ३३५३ | शारदा बन्जाडे | सन्धिखर्क-१०, अर्घाखाँची | थानेश्वर/रुपा | हुमप्रसाद |
| २. | ३३७५ | सीता के.सी. | नौबहानी-६, प्यूठान | कृष्णबहादुर/डिल्लरा | दुर्गबहादुर |

अपांगतर्फ सिफारिस योग्यताक्रमः

| यो.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम, थर | ठेगाना | बावु/आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १. | ३१२० | हेमन्त तिमिल्सिना | लम्कीचुहा-३, कैलाली | हितराज/जमुना | जयरुद्र |

वैकल्पिक योग्यताक्रमः

| बै.यो.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम, थर | ठेगाना | बावु/आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १. | ३१३७ | जयहरी उपाध्याय | कनकासुन्दरी-८, जुम्ला | देवीप्रसाद/सरस्वती | नन्दलाल |

**४.वि.नं. ०४/२०७९/८० (खुला/दलित), पदः वरिष्ठ सहायक, तहः५, सेवाः प्रशासन, समूहः लेखा, माग पद संख्याः २ (खुला-१, दलित-१)**

खुलातर्फ सिफारिस योग्यताक्रमः

| यो.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम, थर | ठेगाना | बावु/आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १. | ४००६ | अनिष गिरी | मालिका-५, गुल्मी | धनु/मोमादेवी | चुम्मा |

खुलातर्फ वैकल्पिक योग्यताक्रमः

| बै.यो.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम, थर | ठेगाना | बावु/आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १. | ४११३ | सुदर्शन तिमल्सिना | बलेफी-६, सिन्धुपाल्चोक | नारायणप्रसाद/सरस्वती | लक्ष्मीकान्त |

दलिततर्फ सिफारिस योग्यताक्रमः

| यो.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम, थर | ठेगाना | बावु/आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १. | ४०७६ | प्रमोद कुमार दास | जनकपुर-७, धनुषा | रामपृत/जानकीदेवी | रामविलास |

दलिततर्फ वैकल्पिक योग्यताक्रमः

| यो.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम, थर | ठेगाना | बावु/आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १. | ४०३१ | डिल्ली चनारा | तातोपानी-२, जुम्ला | चन्नेविरे/गोरीकला | गोरे |
| २. | ४०८१ | राजेश पासवान | कोलहवी-७, बारा | भोला/रामसखिया | सकिचन |

**५.वि.नं. ०५/२०७९/८० (खुला तथा समावेशी), पदः कम्प्युटर सहायक, तहः५, सेवाः प्राविधिक, समूहः प्राविधिक, माग पद संख्याः ३ (खुला-१, महिला-१, आ.ज.-१)**

खुलातर्फ सिफारिस योग्यताक्रमः

| यो.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम, थर | ठेगाना | बावु/आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १. | ५०३१ | भगवती कुमारी ओली | गंगादेव-३, रोल्पा | ज्ञानबहादुर/दिपा | इन्द्रबहादुर |

खुलातर्फ वैकल्पिक योग्यताक्रमः

| बै.यो.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम, थर | ठेगाना | बावु/आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १. | ५०९४ | हर्कराज भट्ट | बेलडाँडी-१, कञ्चनपुर | नन्दराम/पानमती | गाडे |

महिलातर्फ सिफारिस योग्यताक्रमः

| यो.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम, थर | ठेगाना | बावु/आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १. | ५१९४ | प्रियंका साह | पकहामैनपुर-२, पर्सा | लालबावु/सरिता | इन्द्रासन |

महिलातर्फ वैकल्पिक योग्यताक्रमः

| बै.यो.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम, थर | ठेगाना | बावु/आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १. | ५२५३ | सन्जु पौडेल | आँधिखोला-४, स्याङ्जा | प्रेमराज/भुविन्द्रकुमारी | यामप्रसाद |
| २. | ५००३ | आषिका सापकोटा | दमक-२, झापा | उमेश/विमला | देवेन्द्र |

आ.ज.तर्फ सिफारिस योग्यताक्रमः

| यो.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम, थर | ठेगाना | बावु/आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १. | ५१६६ | निर्मल लामा | कमलामाई-६, सिन्धुली | बखत/शान्ता | डोकमान |

आ.ज.तर्फ वैकल्पिक योग्यताक्रमः

| बै.यो.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम, थर | ठेगाना | बावु/आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १. | ५२०० | राधेश्याम प्रसाद चौधरी | महागढीमाई-८, बारा | लाखमन/बिन्दु | हिरामन |
| २. | ५१७५ | पवन राई | रौतामाई-५, उदयपुर | विष्णु/रत्नकुमारी | दहलमान |
| ३. | ५१०० | जानकी थारू | कोहलपुर-६, बाँके | रामशंकर/वसन्ती | मायाराम |

पदपूर्ति समिति

# समाचार सङ्क्षेप

## गाईबस्तु ओसारपसारमा रोक

**उर्लाबारी** (गोरखापत्र), जेठ ६ गते । उत्तरी मोरङको लेटाङ नगरपालिकाले नगर क्षेत्रमा गाईबस्तु ल्याउन र बाहिर पठाउन रोक लगाएको छ। नगर क्षेत्रमा महामारीका रूपमा फैलिएको लम्पी स्किन रोग फैलिन नदिन नगरले यस्तो निर्णय गरेको हो।

नगर कार्यपालिकाको जेठ ४ गते बसेको बैठकले गाईबस्तु ओसारपसारमा रोक लगाएको नगरका प्रवक्ता भुम सूर्य मगरले बताउनुभयो। नगरपालिकाका पशु स्वास्थ्य प्राविधिक लेखनाथ भट्टराईका अनुसार नगरभित्र ३५ बढी गाईको लम्पी स्किनका कारण मृत्यु भइसकेको छ। भट्टराईले भन्नुभयो, "रोग लागेका २१ दिन भित्रमा पशुको मृत्यु भइसक्छ। रोकथामका लागि जेठ ५ गतेदेखि ४ जना पशु प्राविधिक परिचालन गरी भ्याक्सिन लगाउन थालेका छौँ।" पहिलो पटक लेटाङ–५ का भक्तबहादुर श्रेष्ठको लैनो गाई मरेको थियो। त्यसपछि गाउँमा गाई मर्ने क्रम बढ्दै गयो। अहिले वडा मात्रै होइन पूरै नगरमा महामारीका रूपमा रोग फैलिएको छ। पशु प्राविधिक भट्टराईले समयमा नै रोग नियन्त्रण नभए पशुपालक किसानले ठूलो घाटा बेहोर्नुपर्ने बताउनुभयो।

## कुष्ठरोगको स्क्रिनिङ घुम्ती शिविर

**हिले** (गोरखापत्र), जेठ ६ गते। धनकुटाको छथर जोरपाटी गाउँपालिका–१ मा एक दिने कुष्ठरोगको स्क्रिनिङ तथा घुम्ती शिविर सम्पन्न भएको छ।

स्वास्थ्य कार्यालय धनकुटा र छथर जोरपाटी गाउँपालिकाको आयोजनामा सञ्चालन गरिएको सो शिविरमा नियमित औषधी सेवन गरिरहेका र उपचार लिइरहेका दुई जना, कुष्ठरोगको आशङ्का गरिएका पाँच जना र अन्य छालासम्बन्धी समस्या रहेका १११ जनाले स्वास्थ्य परीक्षण गराउनुभएको थियो। यसबाहेक अन्य विभिन्न परीक्षण १० जनाले गरी १२८ जनाले सेवा लिएको छथर जोरपाटी गाउँपालिका स्वाथ्य शाखा प्रमुख सुन्दरमान डङ्गोलले जानकारी दिनुभयो। कुष्ठरोगको आशङ्का गरिएका पाँच जना थप परीक्षणका लागि रिफर गरिएको समेत उहाँले बताउनुभयो। पाख्रिवास आधारभूत अस्पतालका डा. अकित शर्मा र छथर जोरपाटी गाउँपालिकाका स्वाथ्य शाखा प्रमुख सुन्दरमान डङ्गोलले बिरामीको स्वास्थ्य जाँच गर्नुभएको थियो।

## उनन्तिस जनामा कुष्ठरोग

**दमक** (गोरखापत्रं), जेठ ६ गते । झापाको बिर्तामोड नगरपालिकामा चार जना बालबालिकासहित २९ जना कुष्ठरोगी भेटिएको छ।

बिर्तामोड नगर अस्पतालमा छ जना नयाँ कुष्ठरोगी फेला परेको बिर्तामोड नगरपालिका स्वास्थ्य शाखाले जनाएको छ। खोजीका क्रममा शङ्कास्पद लक्षण देखिएका १८ जनाको जाँच गर्दा छ जनामा पोजेटिभ भेटिएको कुष्ठरोग फोकल पर्सन तथा सिनियर अहेव दीपक सापकोटाले जानकारी दिनुभयो। सो नगरपालिक–१० मा नौ जना कुष्ठरोगी भेटिएको उहाँले बताउनुभयो। नगर प्रमुख पवित्रा महतारा प्रसाईंले कुष्ठरोग नियन्त्रणका लागि समुदायस्तरमा डटेर लाग्ने अवस्था आएको बताउनुभयो। कुष्ठरोगको जोखिम क्षेत्र रहेको वडा नं. १० मा घर घरमा पुगेर शङ्कास्पदको पहिचान गर्ने र चाँडो उपचारको प्रबन्ध मिलाउने उहाँले बताउनुभयो।

# व्यावसायिक पत्रकारिता आजको आवश्यकता



राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेललाई सम्मानित गर्नुहुँदै पूर्व सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्की ।

**सुनसरी समाचारदाता**
*इटहरी, जेठ ६ गते*

नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा पूर्वसञ्चार तथा सूचना प्रविधि मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले स्वस्थ, सिर्जनशील र व्यावसायिक पत्रकारिता आजको आवश्यकता भएको बताउनुभएको छ।

नेपाल प्रेस युनियन सुनसरीको नवौँ जिल्ला अधिवेशनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै कार्कीले सञ्चारकर्मीले सत्य तथ्य समाचार प्रवाह गर्नुपर्ने बताउनुभयो।

उहाँले सूचना र प्रविधिको प्रयोग मार्फत समाजलाई सही सूचना प्रवाह गर्न पत्रकारको महत्त्वपूर्ण भूमिका रहने स्पष्ट पार्नुभयो। सूचना र प्रविधिको विकासले विश्वलाई एउटा गाउँको स्वरूप दिएको चर्चा गर्दै उहाँले प्रविधिको दुरुपयोगले समाजमा निम्तिएका विभेदतर्फ पनि ध्यान दिनुपर्ने धारणा व्यक्त गर्नुभयो।

पूर्वअर्थ मन्त्रीसमेत रहनुभएका नेपाली कांग्रेसका केन्द्रीय सदस्य कार्कीले जटिल अर्थतन्त्रका बावजुद नेपाल श्रीलङ्का र पाकिस्तानको बाटोमा नजानेसमेत ठोकुवा गर्नुभयो। मुलुकलाई उत्साहका साथअगाडि बढाउने र देशको अर्थतन्त्रलाई लयमा ल्याएर नेपालीको विकास निर्माणको अभिलाषा पूरा गर्न हालको शुक्रबार प्रस्तुत भएको सरकारको नीति तथा कार्यक्रमले बाटो देखाएको दाबी उहाँले गर्नुभयो।

सो कार्यक्रममा नेपाल प्रेस युनियनका केन्द्रीय अध्यक्ष शिव लम्सालले विषम परिस्थितिबाट मुलुकअगाडि बढेको वर्तमान अवस्थामा सबै श्रमजीवी पत्रकारबीच एकता अपरिहार्य रहेको चर्चा गर्नुभयो।

## पत्रकार सम्मानित

**सुनसरी समाचारदाता**
*इटहरी, जेठ ६ गते*

राष्ट्रपति रामचन्द्र पौडेलका प्रेस सल्लाहकार किरण पोखरेल गोविन्द खेमकुमारी स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कारबाट सम्मानित हुनुभएको छ। नेपाल प्रेस युनियनका पूर्वकेन्द्रीय अध्यक्षसमेत रहनुभएका प्रेस सल्लाहकार पोखरेललाई युनियनको इटहरीमा शनिबार आयोजित नवौँ सुनसरी जिल्ला अधिवेशनको उद्घाटन समारोहमा ७५ हजार रुपियाँ राशीसहित सो पुरस्कारबाट सम्मानित हुनुभएको हो।

कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा पूर्वसञ्चार तथा सुचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले उहाँलाई दोसल्ला ओढाउनुका साथै नगदसहित सम्मानपत्र प्रदान गर्नुभएको थियो। त्यसैगरी युनियनकी पूर्वकेन्द्रीय उपाध्यक्ष अनिता बिन्दुलाई समेत नगद ७५ हजारसहितको सो पुरस्कारबाट सम्मानित गरिएको छ।

सप्तकोशी टेलिभिजनका समाचार प्रमुख कृष्ण भट्टराई जुनेली साथै सप्तकोशी टेलिभिजनका संवाददाता विनय प्रधान तथा धरानका पारस राई र दुहबीका पत्रकार आशिषकुमार यादवलाइ पण्डित छविलाल वलमाया पोखरेल स्मृति पत्रकारिता पुरस्कारबाट सम्मानित गरिएको छ।

# रेल मार्गभन्दा बाहिरको जग्गा फुकुवा

**विष्णुप्रसाद पोखरेल**
*दमक, जेठ ६ गते*

झापामा रेल मार्गका लागि निर्धारण भएको जग्गाभन्दा बाहिरको जग्गा फुकुवा भएको छ। मेट्रो रेल तथा मोनो रेल विकास आयोजना रेल योजना कार्यालय दमकले रेल मार्गमा पर्ने स्थानीय तहलाई पत्र पठाउँदै जग्गा फुकुवा गरेको जानकारी दिएको हो।

मेचीनगर नगरपालिका, बिर्तामोड नगरपालिका, कनकाई नगरपालिका, शिवसताक्षी नगरपालिका र कमल गाउँपालिकालाई रेल योजना कार्यालयले पत्र पठाउँदै रेल मार्ग क्षेत्रबाहिरको जग्गा फुकुवा भएको जानकारी दिएको हो। रेल मार्गबाहिरको जग्गा फुकुवा गर्न जग्गाधनीले बारम्बार आग्रह गर्दै आएका थिए।

नेपाल सरकार मन्त्रीपरिषद्‌बाट २०७७ साल भदौमा भएको निर्णयबाट रेल मार्गका लागि निर्धारण भएको क्षेत्रभन्दा बाहिरको जग्गा फुकुवा गर्ने सम्बन्धमा २०८० वैशाख १४ गते भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको (मन्त्रीस्तर) निर्णय भएको जानकारी सम्बन्धित स्थानीय तहलाई गराइएको छ।

योजना प्रमुख सञ्जय पन्थीले हस्ताक्षर गरेको पत्रमा जग्गा फुकुवाको निर्णय कार्यान्वयनका लागि मातहतका सम्बन्धित शाखा तथा वडा कार्यालयलाई जानकारी गराउनका लागि उल्लेख रहेको छ। दमक–९ का वडाध्यक्ष कुवेर भट्टराईले पत्र प्राप्त भएको र अब सोही अनुसार गरिने बताउनुभयो।

तीन दिनअघि रेल योजना कार्यालय दमकमा रेल मार्गमा जनताको जग्गा रोक्का राखेर अन्याय गरेकाले जग्गा फुकुवा गर्नेलगायतका विभिन्न माग राख्दै वाइसीएल दमकले तालाबन्दी गरेको थियो।

# खानेपानीका लागि चार करोड सहयोग प्राप्त

**धरान समाचारदाता**
*धरान, जेठ ६ गते*

धरान उपमहानगरपालिकाका प्रमुख हर्कराज राईको नेतृत्वमा भएको कोकाहा खानेपानी अभियानमा चार करोड रुपियाँभन्दा बढी सहयोग प्राप्त भएको छ। अभियानकर्ताले कोकाहा खोलाको खानेपानी श्रम अभियानमा तीन करोड ५० लाख नगद र एक करोड २० लाख रुपियाँभन्दा बढीको पाइपलगायतका सामग्री सहयोग प्राप्त भएको सार्वजनिक गरेका हुन्।

स्वतन्त्र उम्मेदवार हर्कराज राई धरान उपमहानगरपालिकाको प्रमुखमा निर्वाचित भएपछि श्रमदानकै भरमा धरान वरपरका सर्दुखर्दु, पकुवा, निशाने खोलाबाट धरानमा पानी ल्याउनुभएको छ।

गत फागुनदेखि कोकाहा खानेपानी श्रम अभियान सुरु भएको थियो। सो अभियान सुरु भएपछि फागुन २२ गतेदेखि चैत १८ गतेसम्म एक करोड २८ लाख ५९ हजार १३२ रुपियाँ, चैत १९ गतेदेखि वैशाख २३ गतेसम्म एक करोड ८७ लाख ६० हजार ३३७ रुपियाँ, वैशाख २४ गतेदेखि जेठ ४ गतेसम्म ३३ लाख ८० हजार ७९९ रुपियाँ सहयोग प्राप्त भएको सो अभियानका नेतृत्वकर्ता समिर तामाङले जानकारी दिनुभयो।

उहाँको अनुसार कुल आम्दानीमध्ये विभिन्न शीर्षकमा तीन करोड ४६ लाख ३२ हजार ५४१ रुपियाँ खर्च भएको र कोकाहा खोलाको अभियान सुरु हुनुअघिको मौज्दात रकम २७ लाख आठ हजार ३२४ रुपियाँ रहेको बताउनुभयो। त्यसमध्ये पाइप खरिदमा दुई करोड ५० लाख २४ हजार ५३५ रुपियाँ खर्च भएको श्रम अभियानको प्रमुख दत्तकुमार लिम्बूले जानकारी दिनुभयो।

# आफ्नै भवनबाट सेवा प्रवाह सुरु

**ताप्लेजुङ समाचारदाता**
*ताप्लेजुङ, जेठ ६ गते*

ताप्लेजुङको सिदिङ्वा गाउँपालिका–५ को वडा कार्यालय भवन निर्माण भएको छ। भवन निर्माण सम्पन्न भएसँगै सो वडाले आफ्नै कार्यालय भवनबाट सेवा सुरु गरेको हो।

लिम्बुदिनका वडाध्यक्ष अम्बरबहादुर इधिङ्गो लिम्बूले बुधबारदेखि आफ्नै भवनबाट सेवा दिन थालेको बताउनुभयो। आफ्नै कार्यालय भवनबाट वडावासीलाई सेवा प्रवाह गर्न पाउँदा खुसी लाग्नुका साथै वडाको प्रशासनिकलगायतका कार्य गर्नलाई सहज विश्वास लिएको वडाध्यक्ष लिम्बूले बताउनुभयो। कुल ९२ लाख ३५ हजार ४२४ रुपियाँको लागतमा भवन निर्माण सम्पन्न गर्ने गरी २०७८ असार २ गते सिदिङ्वा गाउँपालिका र निर्माण कम्पनीबीच सम्झौता भएको थियो। वडाध्यक्ष लिम्बूका अनुसार तोकिएभन्दा केही समयपछि मात्र भवन निर्माण भने सम्पन्न भएको हो।

उक्त भवन निर्माणका लागि स्थानीय गुरुप्रसाद लिम्बू र श्रीमती धनमाया लिम्बूले तीन रोपनी जग्गा निःशुल्क उपलब्ध गराउनुभएको वडाध्यक्ष लिम्बूले जानकारी दिनुभयो। नवनिर्मित दुईतले भवनमा सातवटा कोठा रहेका छन्। भवनको पालिका अध्यक्ष मानबहादुर राई र उपाध्यक्ष कृष्णकुमारी कडरियाले संयुक्त रूपमा उद्घाटन गर्नुभएको हो।

## दिक्तेल–रूपाकोट–मझुवागढी

# पूर्ण खोप सुनिश्चितता नगर घोषणा

**खोटाङ समाचारदाता**
*खोटाङ, जेठ ६ गते*

खोटाङको दिक्तेल–रूपाकोट–मझुवागढी नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता नगर घोषणा गरिएको छ। नगरपालिकाभित्रका १६ देखि २३ महिनासम्मका बालबालिकाले सम्पूर्ण खोपको मात्रा पूरा गरेको सुनिश्चित भएपछि नगरपालिकालाई बिहीबार पूर्ण खोप सुनिश्चितता नगर घोषणा गरिएको हो।

नेपाल सरकारले निःशुल्क रूपमा प्रदान गर्ने सबै मात्रा खोप नगरपालिकाका १५ वटै वडाका ३८४ जना बालबालिकाले राष्ट्रिय खोप तालिका अनुसार खोप लगाएको जनस्वास्थ्य निरीक्षक खेमराज आचार्यले जानकारी दिनुभयो।

अन्तिम खोप लगाउन छुटेको भेटिएका बाम्राङका तीन जना बालबालिकालाई पनि खोप लगाइएको छ। यस्तै १६ महिनासम्म कुनै खोप नलगाएको खार्मीमा एक बच्चा भेटिएका थिए। उनलाई पनि पूरा खोप लगाइएको आचार्यले बताउनुभयो।

नगरपालिकाभित्रका सबै बालबालिकाले खोप लगाएको सुनिश्चित भएपछि स्वास्थ्य कार्यालय खोटाङले नगरपालिकालाई पूर्ण खोप सुनिश्चितताको प्रमाणपत्र प्रदान गरेको हो। आगामी वर्षमा पनि सबै बालबालिकालाई खोपको मात्रा पूरा गर्ने, कसैलाई नछुटाउने प्रतिबद्धतासहित हस्ताक्षर गरिएको छ। नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता कार्यक्रमलाई सफल बनाउन योगदान पुऱ्याएका सबै वडाका खोप लगाउने स्वास्थ्यकर्मी र नगरपालिकाका दुई जना स्वयंसेविकालाई प्रशंसापत्रसहित सम्मान गरिएको नगरपालिकाले जनाएको छ। खोटाङलाई २०७४ पुस १४ गते ३१ औँ पूर्ण खोप जिल्ला घोषणा गरिएको थियो। २०७४ पश्चात् हरेक वर्ष पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिँदै आएको छ।

यस वर्ष हालसम्म दिक्तेल रूपाकोट–मझुवागढी नगरपालिकासँगै साकेला र वराह पोखरी गाउँपालिकालाई पनि खोप सुनिश्चितता घोषणा गरिसकिएको छ। यस जिल्लाका बाँकी रहेका सात स्थानीय तहले घोषणा गरेपछि जिल्लालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणा गरिने स्वास्थ्य कार्यालय खोटाङका प्रमुख पुण्यप्रसाद सिग्देलले बताउनुभयो।

# स्वास्थ्य सामग्री प्रदान

**दमक समाचारदाता**
*दमक, जेठ ६ गते*

झापाका विभिन्न सरकारी अस्पताल तथा स्वास्थ्य केन्द्रलाई वर्क फर नेपालमार्फत विभिन्न स्वास्थ्य उपकरण प्रदान गरिएको छ। यस पटक झापाको कमल गाउँपालिकासहित जिल्लाका विभिन्न सरकारी स्वास्थ्य संस्थालाई एक करोड ३० लाख रुपियाँ बराबरको स्वास्थ्य सामग्री वितरण सुरु गरिएको बताइएको छ।

अमेरिकास्थित हेल्पिङ हेन्ड्स फर रिलिफ एन्ड डेभलपमेन्ट नामक अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामार्फत आएको स्वास्थ्य सामग्री प्रदान गरिँदै आएको वर्क फर नेपालका अध्यक्ष तिलचन अधिकारीले बताउनुभएको छ। स्वास्थ्य, खानेपानी र जीविकोपार्जनसँग सम्बन्धित रहेर अहिले विभिन्न कार्यक्रम सञ्चालित रहेको उहाँको भनाइ छ।

मङ्गलबार कोशी प्रदेश सरकारकी स्वास्थ्यमन्त्री निर्मला लिम्बूको उपस्थितिमा सर्जिकल तथा प्रयोगशालासँग सम्बन्धित विभिन्न दुई सय प्रकारका स्वास्थ्य सामग्री उपलब्ध गराइएको अधिकारीले जानकारी दिनुभयो।

कमल गाउँपालिकाले केही समयअघिदेखि सञ्चालनमा ल्याएको कमल नगर अस्पताललाई ५० लाख मूल्य बराबरका स्वास्थ्य सामग्री प्रदान गरिएको छ। गाउँपालिका अध्यक्ष हुकुमसिं राईले यसले स्वास्थ्य संस्थाहरूको सेवालाई प्रभावकारी बनाउन सहयोग पुगेको बताउनुभयो।

वर्क फर नेपालले झापा गाउँपालिका, बाह्रदशी गाउँपालिका, शिवसताक्षी नगरपालिकालगायतका पाँच स्थानीय तहमा स्वास्थ्य र शिक्षालगायतका क्षेत्रमा सहयोगका कार्यक्रम सञ्चालन गरिरहेको र यस पटक एक करोड ३० लाख रुपियाँ बराबरको स्वास्थ्य सामग्री विभिन्न स्वास्थ्य संस्थालाई उपलब्ध गराउन लागिएको वर्क फर नेपालका कोषाध्यक्ष दिनेश सङ्ग्रौलाले जानकारी दिनुभयो।

# अपहरणमा परेको नाटक गर्ने पक्राउ

**दमक समाचारदाता**
*दमक, जेठ ६ गते*

अपहरणमा परेको तथा हराएको भनेर भ्रम छर्ने काममा संलग्न एक युवकसहित दुई जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ। वैशाख ३१ गते अपहरण गरिएको भनिएका ती युवकलाई मङ्गलबार प्रहरीले नियन्त्रणमा लिएको हो।

अपहरणमा परेको तथा हराएको भनिएका झापा बुद्धशान्ति गाउँपालिका–४ का ३२ वर्षीय पूर्ण भनिने शेरबहादुर सुहाङलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता खगेन्द्रप्रसाद रिजालले जानकारी दिनुभयो। भ्रम फैलाउन सहयोग गरेको आरोपमा अर्का ३९ वर्षीय प्रेम भन्ने फूलबहादुर गौतम दर्जीलाई पनि प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान अगाडि बढाएको छ।

भ्रष्टाचारविरुद्ध सामाजिक सञ्जाल फेसबुकमा स्टाटस लेखेको र त्यसकै आधारमा नेपाल विद्यार्थी सङ्घका स्थानीय नेता कार्यकर्ताले ज्यान मार्ने धम्की दिएका र छोरालाई बेपत्ता बनाएको भन्दै सुहाङका परिवारले इलाका प्रहरी कार्यालय धुलाबारीमा किटानी जाहेरी दिएका थिए।

लिम्बुवान भोलेन्टियर (एलभी) इन्चार्ज रहेका सुहाङलाई अपहरण गरिएको भन्दै सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चको लेटर प्याडमा विज्ञप्ति पनि निकालिएको थियो। अपहरण गरेर हत्या भएको जस्तो देखाउनका लागि भ्रम फैल्याउने सुहाङले आफूले लगाएको टिसर्ट च्यातेर, घडीसमेत चुँडाई फ्यालेको पाइएको प्रहरीले जनाएको छ।

यसरी भ्रम सिर्जना गरी सम्पर्कविहीन भएको अनुसन्धानबाट खुलेको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता रिजालले बताउनुभयो।

# सेवा प्रवाह चुस्त पार्न निर्देशन

**इनरुवा समाचारदाता**
*इनरुवा, जेठ ६ गते*

सुनसरीका सरकारी कार्यालयमा सेवा प्रवाहलाई चुस्तदुरुस्त पार्न निर्देशन दिइएको छ।

जिल्ला प्रशासन कार्यालय, सुनसरीमा बसेको कार्यालय प्रमुखको बैठकमा प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेले बिचौलियाका कारण सरकारी कार्यालय बदनाम भएको र सेवाग्राही ठगिने गरेको गुनासो आएकाले त्यसमा ध्यान दिँदै सेवा प्रवाहलाई चुस्तदुरुस्त पार्न निर्देशन दिनुभएको हो।

प्रजिअ पाण्डेले प्रत्येक कार्यालयमा सहायता कक्ष, कार्यालयको अभिलेख व्यवस्थापन, बिचौलियारहित सेवा प्रवाहलगायतको विषयमा कार्यालय प्रमुखहरूलाई ध्यानाकर्षण गराउनुभएको थियो। बैठकमा पाण्डेले जनताको सेवा गर्न आएका कर्मचारीले सेवाग्राहीलाई केन्द्रमा राखेर काम गर्नुपर्नेमा जोड दिनुहुँदै बिचौलिया नियन्त्रण गर्नुपर्ने बताउनुभयो।


## खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको लिखित नतिजा तथा अन्तर्वार्तासम्बन्धी सूचना

(गोरखापत्रमा प्रकाशित मिति : २०८०/०२/०७ गते)

कर्मचारी सञ्चय कोषको मिति २०७९/०३/२८ मा प्रकाशित खुला तथा समावेशी प्रतियोगितातर्फको देहायको विज्ञापन नं., तह र पदको लोक सेवा आयोगबाट लिइएको लिखित परीक्षामा सम्मिलित उम्मेदवारहरूमध्ये वर्णानुक्रमानुसार देहायका रोल नम्बर, नाम थर भएका उम्मेदवारहरू उत्तीर्ण भई अन्तर्वार्ताका लागि छनोट भएको हुँदा देहायको मिति, समय र स्थानमा हुने अन्तर्वार्तामा उपस्थित हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। छनोट भएका उम्मेदवारहरूले अन्तर्वार्ताका दिन आउँदा आफूले पेश गरेका सम्पूर्ण प्रमाणपत्रहरूको सक्कल प्रति, सोको एक एक प्रति फोटोकपी र प्रवेश पत्र लिई १ (एक) घण्टाअगावै कोषको केन्द्रीय कार्यालय, पुल्चोकमा अनिवार्य उपस्थित हुनु पर्नेछ। अन्तर्वार्ताको दिन सार्वजनिक विदा पर्न गएमा पनि उक्त कार्यक्रम यथावत सञ्चालन हुनेछ।

**१. विज्ञापन नं. ३०–३१/२०७८/७९ पद : उप प्रबन्धक (वित्त विश्लेषक) तह : सातौँ सेवा : प्रशासन, वित्त लि.प.सञ्चालन मिति : २०७९/१२/७ र ८ लिखित नतिजा प्रकाशन मिति : २०८०/०१/२८**

| छनोट समूह | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपांग | पि.क्षे. |
|---|---|---|---|---|---|---|---|
| माग पद संख्या | १ | १ | - | - | - | - | - |
| लिखित परीक्षामा सम्मिलित जम्मा संख्या | ६२ | | | | | | |
| अन्तर्वार्ताका लागि छनोट भएको संख्या | ४ | ४ | - | - | - | - | - |

| ब.क्र.सं. | रोल नं. | उम्मेदवारको नाम, थर | छनोट समूह | अन्तर्वार्ताको मिति र समय |
|---|---|---|---|---|
| १. | १६७ | टंक प्रसाद लम्साल | खुला | २०८०/०२/२३ गते मंगलबार बेलुका ५.३० बजे |
| २. | ११४ | प्रदिप मरासेनी | खुला | |
| ३. | २७ | मात्रिका देवी खतिवडा | खुला, महिला | |
| ४. | ११० | रंजना तिमिल्सिना | महिला | |
| ५. | १३४ | श्याम पौडेल | खुला | २०८०/०२/२४ गते बुधबार बिहान ७.३० बजे |
| ६. | १२२ | सरिता शर्मा | महिला | |
| ७. | ४८ | सिर्जना ज्ञवाली | महिला | |

**२. विज्ञापन नं. ३२–३७/२०७८/७९ पद : सहायक प्रबन्धक तह : छैठौं सेवा : प्रशासन लि.प.सञ्चालन मिति : २०७९/१२/१० र ११ लिखित नतिजा प्रकाशन मिति : २०८०/०१/२९**

| छनोट समूह | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपांग | पि.क्षे. |
|---|---|---|---|---|---|---|---|
| माग पद संख्या | १२ | २ | २ | ४ | २ | - | १ |
| लिखित परीक्षामा सम्मिलित जम्मा संख्या | ७३३ | | | | | | |
| अन्तर्वार्ताका लागि छनोट भएको संख्या | २० | १४ | ७ | ९ | ५ | - | ४ |

| ब.क्र.सं. | रोल नं. | उम्मेदवारको नाम, थर | छनोट समूह | अन्तर्वार्ताको मिति र समय |
|---|---|---|---|---|
| १. | १२९६ | अजय यादव | मधेशी | २०८०/०२/२४ गते बुधबार बेलुका ५.३० बजे |
| २. | १२८४ | अनिल सिह विष्ट | खुला | |
| ३. | २२१५ | अन्जना पराजुली | खुला, महिला | |
| ४. | ४३७ | अमर कुमार बि.क. | दलित | |
| ५. | ४४७ | अम्बिका शर्मा | महिला | |
| ६. | ९२४ | अर्चना घिमिरे | महिला | |
| ७. | ८४१ | आरती भुषाल वास्तोला | महिला | |
| ८. | १४२ | ईन्दिरा वल | आ.ज. | |
| ९. | ७६ | कमला ओझा | महिला | २०८०/०२/२५ गते बिहीबार बिहान ७.३० बजे |
| १०. | २४७४ | केशव झा | मधेशी | |
| ११. | २२६६ | गणेश चौधरी | आ.ज. | |
| १२. | २३९६ | गोपाल वि.क. | दलित | |
| १३. | २६४८ | चुरामणि लम्साल | खुला | २०८०/०२/२५ गते बिहीबार बेलुका ५.३० बजे |
| १४. | ७८९ | जनक राज उपाध्याय | पि.क्षे. | |
| १५. | ८१० | जीवन शर्मा | खुला | |
| १६. | १२८ | तारा कुमारी जोशी | खुला, महिला, पि.क्षे. | |
| १७. | १५३ | तारा देवी थापा | आ.ज. | |
| १८. | २४०० | दिनेश भट्टराई | खुला | |
| १९. | ४५ | दिपक कुमार पटेल | खुला, मधेशी | २०८०/०२/२६ गते शुक्रबार बिहान ७.३० बजे |
| २०. | ८३१ | देबकी भट्ट | खुला, महिला | |
| २१. | ७२४ | धर्मराज बुढा | पि.क्षे. | |
| २२. | २०१४ | निशा दाहाल | खुला, महिला | |
| २३. | २०४५ | प्रभा ढुङ्गाना ढकाल | खुला, महिला | |
| २४. | ८३२ | प्रेम लाल डगौरा | आ.ज. | |
| २५. | २१९४ | बिन्दु पाण्डे पन्थ | खुला, महिला | २०८०/०२/२६ गते शुक्रबार बेलुका ४.०० बजे |
| २६. | २४५९ | बिबेक घिमिरे | खुला | |
| २७. | १२८८ | बीरेन्द्र कुमर | खुला, आ.ज. | |
| २८. | २१३९ | भुमा कुमारी आचार्य | महिला | |
| २९. | ९१६ | मन्जु क्षेत्री | खुला, महिला | |
| ३०. | २६८३ | महानन्द साह तेली | मधेशी | |
| ३१. | ७२५ | महेन्द्र पन्थी | खुला | २०८०/०२/२७ गते शनिबार बिहान ७.३० बजे |
| ३२. | २३६६ | मोहम्मद अकमल आलम | मधेशी | |
| ३३. | ६८७ | रछाने लोहार | खुला, दलित | |
| ३४. | ७१२ | राम नारायण चौधरी | आ.ज. | |
| ३५. | १४७३ | रुपेश आचार्य | पि.क्षे. | |
| ३६. | ६२ | रोहनी कुमारी शाह | मधेशी | |
| ३७. | २६७ | लालमणी चौधरी | मधेशी | |
| ३८. | २४९५ | विकास ज्ञवाली | खुला | २०८०/०२/२७ गते शनिबार विहान ११.३० बजे |
| ३९. | ६७४ | विशाल नेपाली | दलित | |
| ४०. | १११ | संतोष कुमार यादव | मधेशी | |
| ४१. | ८१२ | सन्तोष कुमार साह | मधेशी | |
| ४२. | २१३८ | सन्तोष बहादुर चन्द | खुला | |
| ४३. | २७६० | सपना पाण्डे | महिला | २०८०/०२/२८ गते आइतबार विहान ७.३० बजे |
| ४४. | १५ | समीर बराईली | खुला, दलित | |
| ४५. | १७०८ | सरिता शर्मा | महिला | |
| ४६. | २२१ | सुवास पौडेल | खुला | |
| ४७. | १७३७ | हिरा बहादुर जि.सी. | आ.ज. | |

**३. विज्ञापन नं. ३८/२०७८/७९ पद : सहायक प्रबन्धक (कानुन) तह : छैठौं सेवा : प्रशासन, कानुन लि.प. सञ्चालन मिति : २०७९/१२/९, १२ र १३ लिखित नतिजा प्रकाशन मिति : २०८०/०१/२९**

| छनोट समूह | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपांग | पि.क्षे. |
|---|---|---|---|---|---|---|---|
| माग पद संख्या | - | १ | - | - | - | - | - |
| लिखित परीक्षामा सम्मिलित जम्मा संख्या | २४ | | | | | | |
| अन्तर्वार्ताको लागि छनोट भएको संख्या | - | ० | - | - | - | - | - |

यस विज्ञापन नं. मा सम्मिलित उम्मेदवारहरूमध्ये कुनै पनि उम्मेदवार उत्तीर्ण नभएको।

**४. अन्तर्वार्ता सञ्चालन हुने स्थान : कर्मचारी सञ्चय कोष, केन्द्रीय कार्यालय, पुल्चोक, ललितपुर।**

सदस्य सचिव
पदपूर्ति समिति,
**कर्मचारी सञ्चय कोष**
पुल्चोक, ललितपुर

गोरखापत्र
gorkhapatraonline.com

# अर्थबजार

सुनचाँदी (प्रतितोला रुपियाँमा)

| | | |
|---|---|---|
| छापावाल सुन | : | १०९२०० |
| तेजावी सुन | : | १०८७०० |
| चाँदी | : | १३७० |

सेयर बजार

| | | |
|---|---|---|
| नेप्से इन्डेक्स | : | १८७७.३२(+३२.३०) |
| कारोबार रकम | : | १,४७४,७६५,३८८ |
| कारोबार भएका सेयर | : | ४,४२२,१८६ |
| कारोबार सङ्ख्या | : | ३२,५७९ |
| कारोबार भएका कम्पनी | : | २६४ |

## 'अर्थतन्त्रको अवस्था फेर्ने गरी नयाँ बजेट'



**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ ६ गते*

अर्थमन्त्री डा प्रकाशशरण महतले आगामी आर्थिक वर्षको बजेट उत्पादनशीलता प्रवर्धन गर्ने दिशामा केन्द्रित हुने बताउनुभएको छ। मुलुकको अर्थतन्त्रको अवस्था र आगामी बजेटका सन्दर्भमा संसद्को अर्थ समितिले आयोजना गरेको छलफलमा मन्त्री महतले पुँजीगत खर्चको वर्तमान पद्धति परिवर्तन गर्ने पनि बताउनुभएको छ।

समिति सदस्य सन्तोष चालिसेको सभापतित्वमा सम्पन्न बैठकमा अर्थतन्त्रको वर्तमान अवस्था के हो र सरकारको आगामी कार्यदिशा कस्तो रहन्छ भन्ने सन्दर्भका प्रश्न राख्नुभएको थियो। सदस्यहरूको जिज्ञासा सम्बोधन गर्दै मन्त्री महतले अर्थतन्त्रको समस्या मुलुकको उत्पादन क्षेत्रको शिथिलतासँग बढी जोडिएको भन्दै स्वदेशी उत्पादन प्रवर्धन र रोजगारी सिर्जनामा आफ्नो ध्यान केन्द्रित हुने बताउनुभयो।

मुलुकमा विद्यमान उद्योगमा पनि 'भ्यालु एडिसन' कम रहेको भन्दै उहाँले यसलाई अझै बढाउनुपर्ने उल्लेख गर्नुभयो। "नेपाली उद्योग व्यवसायलाई प्रवर्धन गर्ने दिशामा आगामी बजेट आउँछ," उहाँले भन्नुभयो, "यसका लागि हाम्रा प्रणालीभित्र रहेका समस्यालाई धकेलेरै बाहिर फ्याँक्नुपर्ने छ।" पुँजीगत खर्च कम भएको भन्ने जिज्ञासामा मन्त्री महतले कर्मचारीतन्त्रमा पनि समस्या रहेको बताउनुभयो।

"बजेट आएको नौ महिनापछि स्रोत रिलिज गर्दिनुपर्‍यो, अब हामी ठेक्का लगाउँछौँ भनेर आउँछन्। त्यसलाई मैले रोकिदिएको छु," उहाँले प्रश्न गर्नुभयो, "नौ महिनासम्म के गरेर बसेको ? अब बजेटपछि लगत्तै काम गर्ने गरी गृहकार्य भइरहेको छ। यी कुरा यो समयभित्र गरिसक्ने भनेर कार्यतालिका बनाउँछौँ। यो भयो भने हाम्रो पुँजीगत खर्चको प्रभावकारिता बढ्छ।"

दलगत तथा व्यक्तिगत स्वार्थबाट मुक्त भएर काम गर्ने दाबी गर्दै मन्त्री महतले अर्थतन्त्रको सुधार तथा बजेटको प्रभावकारी कार्यान्वयनका लागि अन्य सरोकारवालाको पनि साथ दिनुपर्ने उहाँको भनाइ थियो।

राजस्व सङ्कलनमा आएको सङ्कुचनलाई मन्त्रालयले मिहिन ढङ्गले हेरिरहेको उल्लेख गर्दै उहाँले कमजोरी देखिएका विषयवस्तु तथा क्षेत्रमा सुधार गरिने उल्लेख गर्नुभयो। वैदेशिक ऋण मुलुकका लागि र अर्थतन्त्रका लागि हितकारी भए/नभएको समीक्षा हुन जरुरी रहेको उहाँको भनाइ थियो। "राजस्व विस्तार, ऋण व्यवस्थापनजस्ता कुरा आजको भोलि भइहाल्दैनन्, गर्दै जान्छौँ र खर्च गर्ने क्षमता पनि देखाउनु आवश्यक छ," उहाँले भन्नुभयो।

बजेट निर्माणका क्रममा कुनै व्यक्ति वा व्यापारिक घरानाको लाभ नहेरिने उहाँले स्पष्ट पार्नुभयो। अर्थतन्त्रका यावत् समस्या तत्काल समाधान भइनहाल्ने भन्दै क्रमिक रूपमा सुधार हुने उल्लेख गर्नुभयो। प्रणालीमा देखिएका समस्या एकै पटक समाप्त हुँदैनन्, क्रमिक रूपमा एक/एक गरी पन्छाउँदै स्पष्ट मार्गचित्र कोर्ने हो," उहाँले भन्नुभयो, "इमानदार र समर्पणका साथ काम गर्दै जानुपर्छ, यसमा सबैको सहयोग चाहिन्छ।"

मन्त्रालयका अर्थ सचिव तथा राजस्व सचिवसहित समितिमा पुग्नुभएका मन्त्री महतले समय अभावले बजेटमाथि सबै सदस्यको रायसुझाव तथा जिज्ञासा सुन्न नपाएपछि समितिका सदस्यले आइतबार समितिमा लिखित सुझाव पेस गर्ने गरी निर्णय भएको छ। समितिका सचिव रेखा उपाध्यायले आइतबार प्राप्त हुने रायसुझावलाई एकीकृत गरेर सोमबार अर्थमन्त्रीसमक्ष पेस गरिने जानकारी दिनुभयो।

बैठकमा एमालेका सूर्यबहादुर थापा, पदम गिरी, राष्ट्रिय स्वतन्त्र पार्टीका डा. स्वर्णिम वाग्ले, विराजभक्त श्रेष्ठ, नेकपा (एकीकृत समाजवादी) पार्टीका भवानी खापुङ, राष्ट्रिय स्वतन्त्र पार्टीका ज्ञानेन्द्र शाहीलगायतले अर्थमन्त्री डा महतलाई प्रश्न गर्नुभएको थियो।

## लगानी सम्झौतालाई निरन्तरता दिन आग्रह

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ ६ गते*

नेपालबाट निर्यात सम्भावना भएका वस्तु थप गर्ने, उत्पादन क्षमता र निर्यात प्रवर्धनमा प्राविधिक सहायता परिचालन गर्ने विषयमा छलफल

नेपाल र अमेरिकाबिच व्यापार एवं लगानीसम्बन्धी सम्झौतालाई निरन्तरता दिन आग्रह गरिएको छ।

नेपाल र संयुक्त राज्य अमेरिकाबिचको व्यापार तथा लगानी कार्य ढाँचा सम्झौता अन्तर्गतको व्यापार तथा लगानी परिषद् (टिफा काउन्सिल) को शुक्रबार काठमाडौँमा सम्पन्न छैटौँ बैठकले त्यसलाई निरन्तरता दिने छलफल गरेको छ।

नेपालको उत्पादनलाई जोड्ने गरी लगानी सहायता परिचालन गर्न छलफलले जोड दिएको बताइएको छ। नेपालबाट निर्यात सम्भावना भएका वस्तु थप गर्ने, उत्पादन क्षमता र निर्यात प्रवर्धनमा प्राविधिक सहायता परिचालन गर्ने विषयमा जोड दिइएको छ।

बैठकमा नेपालले अमेरिकासँग व्यापारमा पाउँदै आएको सुविधालाई निरन्तरता दिन आग्रहसमेत गरिएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ। विभिन्न ७७ वटा वस्तुको निर्यातमा अमेरिकाले दिँदै आएको ड्युटी फ्रीको सुविधालाई निरन्तरता दिन मन्त्रालयले आग्रह गरेको छ।

आगामी सन् २०२५ सम्म नेपालले ७७ वस्तु निर्यातमा छुटको सुविधा पाएको छ। २०७२ सालमा गएको विनाशकारी भूकम्पपछि सहुलियतका लागि भन्दै नेपालबाट आयात हुने थप वस्तुमा अमेरिकाले भन्सार सुविधा दिएको थियो।

बैठकमा व्यापार तथा लगानी कार्यढाँचा सम्झौताले समेटेका द्विपक्षीय व्यापार र लगानीसँग सम्बन्धित लगानीमैत्री वातावरण, डिजिटल अर्थतन्त्र, बौद्धिक सम्पत्ति संरक्षण र कार्यान्वयन गर्ने विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ।

उद्योग एवं वाणिज्य मन्त्रालयका वाणिज्य सचिव मधु मरासिनीले अतिकम विकसित राष्ट्रबाट नेपाल सन् २०२६ मा विकासशीलमा स्तरोन्नति हुने भए पनि आफूले पाउने सुविधालाई भने निरन्तरता दिन आग्रह गरिएको जानकारी दिनुभयो।

भन्सार र व्यापार सहजीकरण, कृषि व्यापार, बजार पहुँच र व्यापारका प्राविधि अवरोधहरू, अति कम विकसित मुलुकको समूहबाट नेपालको दिगो स्तरोन्नति र नेपाल व्यापार ग्राह्यता कार्यक्रमको उपयोगलगायतका विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ।

बैठकमा नेपालले सन् २०२५ पश्चात् नेपाल व्यापार ग्राह्यता कार्यक्रमको निरन्तरता र निर्यात सम्भावना भएका वस्तु थप गर्ने, उत्पादन क्षमता र निर्यात प्रवर्धनमा प्राविधिक सहायता विस्तार गर्ने, सूचना प्रविधि सम्बद्ध सेवाको निर्यात, पूर्वाधार विकास, अन्तर्राष्ट्रिय मूल्य शृङ्खलामा नेपालको उत्पादनलाई जोड्ने गरी लगानी र सहायता परिचालन गर्ने विषयमा जोड दिएको छ।

संयुक्त राज्य अमेरिकाको तर्फबाट नेपालले पछिल्लो समय लगानीमैत्री वातावरण निर्माणमा गरेका सुधारको प्रशंसा गर्दै निर्यात प्रवर्द्धन र अल्पविकसित मुलुकबाट दिगो स्तरोन्नतिका लागि नेपालका प्रयासमा साझेदारी गर्ने प्रतिबद्धता भएको छ।

नेपालको तर्फबाट वाणिज्य सचिव मधुकुमार मरासिनी र संयुक्त राज्य अमेरिकाको तर्फबाट दक्षिण तथा मध्य एसियाका लागि संयुक्त राज्य अमेरिकाका कार्यवाहक सहायक व्यापार प्रतिनिधि ब्रेन्डल लिन्चको सहअध्यक्षतामा बैठक सम्पन्न भएको थियो।

दुई देशबिच सन् २०११ मा भएको व्यापार एवं लगानी सम्झौता अन्तर्गत काठमाडौँमा शुक्रबार छैटौँ बैठक बसेको हो। निर्यात वृद्धि, नेपालमा अमेरिकी लगानी, अन्य प्राविधिक सहायतालगायतका विषयमा दुई मुलुकबिच उच्चस्तरीय छलफल भएको हो।

बैठकमा आगामी सातौँ टिफा बैठक संयुक्त राज्य अमेरिकाको वासिङ्गटन डिसीमा सन् २०२४ मा आयोजना गर्ने सहमति भएको छ।

## चवालिस खर्ब तरलता प्रवाह

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ ६ गते*

नेपाल राष्ट्र बैङ्कले चालु आर्थिक वर्ष २०७९/८० को नौ महिनामा ४४ खर्ब ४९ अर्ब नौ करोड (कारोबारमा आधारित) तरलता प्रवाह गरेको छ।

समीक्षा अवधिमा राष्ट्र बैङ्कबाट रिपोमार्फत चार खर्ब १३ अर्ब ९४ करोड रुपियाँ, सोझै खरिद बोलकबोलमार्फत ८९ अर्ब ७० करोड रुपियाँ, स्थायी तरलता सुविधामार्फत २७ खर्ब २६ अर्ब ८१ करोड रुपियाँ प्रवाह गरेको छ।

यस्तै ओभरनाइट तरलता सुविधा १२ खर्ब १८ अर्ब ६३ करोड रुपियाँसमेत गरी कुल ४४ खर्ब ४९ अर्ब नौ करोड (कारोबारमा आधारित) तरलता प्रवाह गरिएको जनाएको छ। यस्तै रिभर्स रिपोमार्फत पाँच अर्ब रुपियाँ तरलता प्रशोचन गरिएको राष्ट्र बैङ्कले जनाएको छ।

अघिल्लो वर्षको सोही अवधिमा विभिन्न उपकरणमार्फत खुद ६१ खर्ब ८२ अर्ब ७२ करोड रुपियाँ तरलता प्रवाह गरिएको थियो। समीक्षा अवधिमा राष्ट्र बैङ्कले विदेशी विनिमय बजार (वाणिज्य बैङ्कहरू) बाट अमेरिकी डलर चार अर्ब २७ करोड खुद खरिद गरी पाँच खर्ब ५७ अर्ब ८१ करोड रुपियाँ तरलता प्रवाह गरेको छ।

अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर एक अर्ब ६८ करोड खुद खरिद गरी अर्ब नौ करोड रुपियाँ तरलता प्रवाह गरिएको थियो। समीक्षा अवधिमा अमेरिकी डलर तीन अर्ब ५४ करोड बिक्री गरी ४६२ अर्ब १४ करोड रुपियाँ बराबरको भारतीय रुपियाँ खरिद भएको छ।

## नेप्सेमा सूचीकृत

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ ६ गते*

मर्जरपछि बनेको सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सको सेयर नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा सूचीकृत भएको छ।

साबिकको सानिमा लाइफ इन्स्योरेन्स र रिलायन्स लाइफ इन्स्योरेन्सबीच मर्जरपश्चात् कायम भएको सेयर सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सको नाममा नेप्सेमा सूचीकृत भएको हो।

नेप्सेले मर्जर प्रयोजनका लागि रोक्का राखेको सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सको सेयर कारोबार पनि फुकुवा गरिसकेको छ।

नेप्सेमा सूचीकृत भएको कम्पनीको सेयर लगानीकर्ताले आइतबारदेखि दोस्रो बजारमा किनबेच गर्न पाउने भएका छन्।

## 'गन्तव्य' मोटरसाइकल बजारमा

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ ६ गते*



नेपाली विद्युतीय मोटरसाइकल 'गन्तव्य' बजारमा आएको छ। सुन्दर अटो इन्जिनियरिङले गन्तव्यलाई बजारमा ल्याएको हो। गत आइतबार मोटरसाइकलको नम्बर प्लेट प्राप्त गरेपछि बिक्रीवितरण गरिने कम्पनीले जनाएको छ।

सुन्दर अटो इन्जिनियरिङका सञ्चालक भेषबहादुर थापाका अनुसार हालसम्म ६५ वटा 'गन्तव्य इभी १०० एस' निर्माण भइसकेका छन्। जसमध्ये ४० वटा बुक भइसकेका छन्। उहाँले भन्नुभयो, "सरकारले अनमुति दिए हामी दिनको १० वटा विद्युतीय मोटरसाइकल उत्पादन गर्न सक्छौँ। माग बढेको छ। हामी ७ गतेदेखि बिक्री सुरु गर्छौं।"

दुई लाख ५० हजार रुपियाँमा पाइने गन्तव्य एक पटक पूर्ण चार्ज भएपछि १२० किलोमिटर गुड्छ। एक पटक पूर्ण चार्ज गर्न २० रुपियाँसम्म लाग्ने थापाको भनाइ छ। कम्पनीले ब्याट्रीमा तीन वर्ष, मोटरमा दुई वर्ष र कन्ट्रोलमा एक वर्ष 'वारेन्टी' गरेको छ।

१९ वटा विद्युतीय बस सञ्चालन गरिरहेको सुन्दर यातायातले सुन्दर अटो इन्जिनियरिङमार्फत हालसम्म तीन सय स्कुटरलाई विद्युतीय स्कुटरमा रूपान्तरण गरिसेकको छ। थापाले भन्नुभयो, "विद्युतीय सवारी वातावरणका साथै सबै हिसाबले नेपालीका लागि ठिक छ, अन्य बाइकभन्दा विद्युतीय वाइक सस्तो पनि छ, २० रुपियाँमा १२० किलोमिटर हिँड्न सकिन्छ तर इन्धनको बाइकमा १२० किलोमिटर हिँड्दा कम्तीमा ५२५ रुपियाँ लाग्छ।"

नेपालमै विद्युतीय मोटरसाइकलको उत्पादन गरेर ऊर्जा आयातलाई कम गराउँदै लैजाने थापाको भनाइ छ। हाल नेपालमा विद्युतीय मोटरसाइकल उत्पादन भएका छन्। यात्री डिजाइन स्टुडियो प्रालिले विद्युतीय मोटरसाइकल 'यात्री' उत्पादन गरिरहेको छ। ८५ वटा यात्री मोटरसाइकल बिक्री भइसकेका छन् भने एउटा दर्ता भइसकेको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले नेपालमा बनेका सवारीसाधनलाई प्रोत्साहनको नीति ल्याउन र दर्ता प्रक्रिया अघि बढाउन वैशाख १० गते निर्देशन दिनुभएको थियो। लगत्तै भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको समन्वयमा यातायात व्यवस्था विभागले वैशाख १४ गते यातायात व्यवस्थापन कार्यविधि निर्देशिका २०६० संशोधन गरेर दर्ता खुला गरेको थियो।

## भित्रियो तातोपानी नाकाबाट युरिया मल

**चित्र मिजार**
*सिन्धुपाल्चोक, जेठ ६ गते*

उत्तरी सीमा तातोपानी नाकाबाट धमाधम युरिया मल नेपाल भित्रिन थालेका छन्। सिल्क मार्केटले २५ हजार र १० हजार परिमाणको दुई चरणमा ३५ हजार टन युरिया मल तातोपानी भन्सार कार्यालयमा भित्र्याउन थालेको छ। जसमा तीन हजार पाँच सय टन मल कृषि सामग्री कम्पनी लिमिटेडले बुझिसकेको छ।

सिल्क ट्रान्सपोर्टका चिफ अपरेटिङ अफिसर दामोदर सत्यालले सात हजार एक सय टन मल तातोपानी नाकामा आउँदै गरेको जानकारी दिनुभएको छ। उक्त परिमाणको मलको टेस्ट र इन्पेक्सन प्रक्रिया छिटो गरिदिन कृषि सामग्री केन्द्रलाई आग्रह गरिएको छ। तातोपानी भन्सारको स्टोरेज क्षमता सात हजार पाँच सय टन मात्र भएकाले बाँकी मल सिगात्सेमा नै रहेको छ। केही दिनमा ती मल तातोपानी भन्सारमा आइपुग्ने बताइएको छ।



**चीनबाट आयात भएको युरिया मल तातोपानी सुक्खा बन्दरगाह भन्सार परिसरको गोदामान राख्दै।**

यसअघि पनि सिल्क मार्केटले चीनबाट ल्याएको चार हजार टन युरिया मल साल्ट ट्रेडिङ कम्पनी र तीन हजार पाँच सय टन मल कृषि सामग्री कम्पनीले बुझेको थियो। उक्त परिमाणका युरिया मल किसानले खेतीबालीमा प्रयोग गरिसकेका छन्। खेतीबालीमा अति आवश्यक मल चीनबाट ल्याउने र समयमा नै कृषकको हातमा पुऱ्याउने सिल्क मार्केटले जनाएको छ। यस वर्ष समयमा नै मल आयात हुन थालेपछि किसानले उपयुक्त बेला नै रासायनिक मल पाउने भएका छन्।

**Chandragiri Municipality**
**Office of The Municipal Executive**
Balambu, Kathmandu

**Invitation for Sealed Quotation**

**Second Date of Notice Publication: 2023/05/21 (2080/02/07)**

1. Chandragiri Municipality invites electronic sealed quotations from eligible bidders for following works/goods.

| S.N. | Sealed Quotation ID. | Description of Works/Goods | Procurement Category | Estimated Amount(With VAT & PS) | Bid Security Amount |
|---|---|---|---|---|---|
| 1 | CM/SQ/15/2079/80 | Construction of Blacktop Works at Devmati Awas Chhetra and way to Pataleban | Works | Rs. 17,45,571.18 | NRs 45,000.00 |
| 2 | CM/SQ/16/2079/80 | Maintenance of Tinthana Ananda Chowk to Bhiradil Park and Radha Krishna Mandir to ward no 6 Roads | Works | Rs. 19,40,109.79 | NRs 48,000.00 |
| 3 | CM/SQ/17/2079/80 | Baskota gau hudai Miteri Chowk jane Bato Ma pitch marmat | Works | Rs. 19,41,556.34 | NRs 48,000.00 |
| 4 | CM/SQ/18/2079/80 | Ghatte Dada panchakanya Indreni Sadak pitch marmat ra gokul Pati dekhi simarcha jane sadak marmat | Works | Rs. 19,76,793.40 | NRs 50,000.00 |
| 5 | CM/SQ/19/2079/80 | Thanetar Thapagu Pralhad Khadka ko ghar muni bhu samrakshan ra bato marmat | Works | Rs. 14,54,820.79 | NRs 36,000.00 |
| 6 | CM/SQ/20/2079/80 | Lungkot Pati Nirman | Works | Rs. 19,38,395.20 | NRs 48,000.00 |

2. Deadline for Sealed Quotation Submission and Opening:

| Sealed Quotation ID. | Submission of Bid | | Opening of Bid | | Revenue a/c No. | 0102050506867009 |
|---|---|---|---|---|---|---|
| | | | | | Revenue a/c name: | GA 1.1-AANTARIK RAJASWO KHATA |
| | Date | Time | Date | Time | Bank | NIC ASIA Bank Ltd, Kalanki |
| All Above Sealed Quotation ID | $05^{th}$ June, 2023 | 12:00 Hours | $05^{th}$ June, 2023 | 13:00 Hours | Dharauti a/c No. | 10CA050686752402 |
| | | | | | Name of the Office | Chandragiri Municipality |
| | | | | | Bank | NIC ASIA Bank Ltd, Kalanki |

3. Eligible bidders may obtain further information at Chandragiri Municipality (Tel: 01-4315766, email: chandragirimun@gmail.com) or may visit PPMO's e-GP system www.bolpatra.gov.np/egp

**Chandragiri Municipality**

# काफल बेचेरै मासिक एक लाखभन्दा बढी आम्दानी

**नवलपरासी समाचारदाता**
*सिद्धार्थनगर, जेठ ४ गते*


तस्बिर : कपिल ज्ञवाली
**बुटवल बजारमा डोकोमा ल्याएर काफल बेच्दै पाल्पा देउगीका मीना र हीरा सारू ।**

पाल्पा देउगीकी ३४ वर्षीय मीना सारूको दैनिकी आजभोलि अलि भिन्न छ । झिसमिसे नहुँदै बिहान ४ बजे उठेर घरको काम सक्नुपर्ने त छँदै छ तर सिजनको व्यापारका लागि बुटवल धाउनुपर्ने अर्को काम पनि अहिले थपिएको छ। पाँच जनाको परिवारलाई हातमुख जोर्ने जिम्मा उहाँको काँधमा छ।

"४ बजे उठेपछि घरको काम बिहान ६ बजेसम्म सक्छु र झिसमिसेमै डोको बोकेर जङ्गल जान्छौँ, म मात्रै होइन छिमेकीहरू पनि," उहाँले भन्नुभयो-डोकोमा काफल बटुलेपछि बोकेर यहाँ आउँछौँ क्षणभरमै बिक्री हुन्छ।

जेठको चर्को घाम हुदाहुँदै पनि असिनपसिन हुँदै काफल बेच्दै गर्दा उहाँ बुटवल-९, कालिकानगर, टिचर पथमा भेटिनुभयो । उहाँ भन्नुहुन्छ, "कमाउने अरू कुनै आधार छैन, दिनदिनै काफल टिपेर बेच्नका लागि आउने गर्छु।"

बुटवलमा चैत महिनादेखि जेठको अन्तिम सातासम्म काफलको राम्रो व्यापार हुने गरेको छ। देउगीको काफल डोकोमा बोकेर करिब दुई घण्टा पैदल हिँडेपछि बल्ल बुटवल जाने मूल सडक सिद्धार्थ राजमार्गमा पुगेर बस चढ्ने गरेको सारूको भनाइ छ।

उहाँले अहिले काफलको सिजनमा दैनिक करिब चार हजार रुपियाँ आम्दानी गर्ने गरेको र एक महिनामा करिब एक लाख ३० हजार रुपियाँ काफल बेचेरै कमाएको बताउनुभयो।

मीनाकै गाउकी हीरा सारूको कथा पनि उस्तै छ। मीना र हीरा सँगसँगै घरको काम सकेर काफल टिप्न जङ्गलमा पुग्छन् र जङ्गलमा ठुला-ठुला रुख भएकाले काफल टिप्न उहाँहरूलाई निकै समस्या छ । "रुख चढ्न गाह्रो छ, कुनै कुनैमा चढ्न सकिँदैन तर सधैँ यही काम गर्नु परेपछि जसरी पनि काफल टिप्छौँ," हीरा सारूले भन्नुभयो।

उहाँका श्रीमान् शेरबहादुर सारू गाउँमै खेती किसानी गर्नु हुन्छ । उहाँले आफ्नी श्रीमतीलाई काफल टिप्ने काममा सघाउँदै आउनुभएको छ । काफल बेचेर आएको आम्दानीले छोराछोरीलाई पढाउने र घर खर्च पनि चल्ने गरेको छ।

पाल्पाको जङ्गलबाट काफल टिपेर बुटवल बजारमा बेच्दा उहाँहरूले मानाको १६० देखि २२० रुपियाँसम्ममा बिक्री गर्ने हुने गरेको छ । हीराले काफल बेचेर आफ्नो पाँच जनाको परिवार पाल्दै आउनुभएको छ।

चैतदेखि जेठसम्म यसरी काफल बेच्ने सिजन भएकाले पाल्पाका विभिन्न क्षेत्रबाट काफल बेच्न बुटवल आउनेको सङ्ख्या धेरै छ। गाउँमा काफलको मूल्य कम भएपछि धेरै आम्दानी गर्ने उद्देश्यले उहाँहरू बुटवल आउने गरेको बताउनु हुन्छ। उहाँहरूले हरेक वर्ष यो अवधिमा काफल बेच्ने गरेको र अरू समयमा झन् गाउँमा ऐँचोपैँचो खेती किसानीमा रमाइरहनुभएको छ । वन जङ्गलमा पाइने काफल आम्दानीको स्रोत बन्न थालेपछि उहाँहरूले घरको बारीमा समेत काफलका बोट रोप्न थालेको मीनाले बताउनुभयो।

# 'ट्रान्स फ्याट' खाना स्वास्थ्यका लागि हानिकारक




**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख ६ गते*

औद्योगिक ट्रान्स फ्याट भएका खाना स्वास्थ्यका लागि हानिकारक रहेको र ती खानामा ट्रान्स फ्याटको मात्रा निर्धारित हुनुपर्नेमा सरोकारवालाले जोड दिएका छन्।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले आयोजना गरेको औद्योगिक ट्रान्स फ्याटसम्बन्धी कार्यक्रममा सरोकारवालाले सो कुरामा जोड दिएका हुन् । विभागका महानिर्देशक डा मतिना जोशी वैद्यको अध्यक्षतामा भएको कार्यक्रममा विभागका वरिष्ठ खाद्य अनुसन्धान अधिकृत डा बालकुमारी शर्माले औद्योगिक ट्रान्स फ्याटसम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

औद्योगिक ट्रान्स फ्याट भएका खानाहरू वनस्पति घिउ, मार्गारिन, केक, बिस्कुट, पटक पटक एउटै तेलमा तारेका खानकुरा आदि रहेका छन्। त्यसले स्वास्थ्यमा पार्ने असरका बारेमा उहाँले प्रस्ट पार्नुभएका थियो । अन्तर्राष्ट्रिय क्षेत्रमा भएका औद्योगिक ट्रान्स फ्याटको नियमनसम्बन्धी कार्यहरू, डब्लुएचओको सन् २०२३ सम्म संसारभरबाट औद्योगिक ट्रान्स फ्याटको सीमा निर्धारण गर्नेसम्बन्धी नीति, नेपाल सरकारको नसर्ने रोगको रोकथाम र नियन्त्रणका लागि बहुक्षेत्रीय कार्ययोजना २०२१-२०२५ मा ट्रान्स फ्याट सीमित गर्ने नीति ग्रहण गर्ने, औद्योगिक प्रक्रियाबाट उत्पादित खानेकुरामा ट्रान्स फ्याटको मात्रा २ प्रतिशतभन्दा तल तथा विभागले तयार गरेको खाद्य पदार्थमा औद्योगिक ट्रान्स फ्याटको सीमा निर्धारणको प्रस्तावित मस्यौदाका बारेमा उहाँले प्रस्तुति दिनुभयो।

सोही कार्यक्रममा त्यसैगरी नेपाल हृदय रोग निवारण प्रतिष्ठानका वरिष्ठ मुटुरोग विशेषज्ञ डा प्रेमराज वैद्यले औद्योगिक ट्रान्स फ्याटले स्वास्थ्यमा पर्ने असरका बारेमा जानकारी गराउँदै त्यस्ता खानेकुरा खान नहुने धारणा राख्नुभयो।

भारतले अवलम्बन गरेको औद्योगिक ट्रान्स फ्याटसम्बन्धी नियमन प्रक्रियाका बारेमा जानकारी गराउँदै भारतबाट आउनुभएका डा प्रबोध हल्देले नेपालले अब औद्योगिक ट्रान्स फ्याट नियमन तथा कार्यान्वयनका लागि गर्ने सक्ने कार्य, औद्योगिक ट्रान्स फ्याट हटाउँदा आइपर्ने प्राविधिक समस्याका समाधानका उपायका बारेमा जानकारी गराउनुभएको थियो। भारतका तेल तथा घिउ उद्योगहरूले औद्योगिक ट्रान्स फ्याट कार्यान्वयनसम्बन्धी गरेका कार्यका बारेमा प्रस्तुति दिनुभयो।

कार्यक्रममा उपभोक्तावादी संस्था, तेल घिउ उद्योगी, बेकरी तथा बिस्कुट उत्पादक तथा अन्य सरोकारवालाले सरकारले खाद्य पदार्थमा औद्योगिक ट्रान्स फ्याटको सीमा निर्धारण गर्नु स्वागतयोग्य रहेको धारणा राख्दै तर त्यसका लागि सरकारले निजी क्षेत्रलाई पैरवी तथा सचेतना गर्न आवश्यक रहेको धारणा राखेका थिए।

कार्यक्रममा कृषि तथा पशुपन्छी विकासमन्त्री डा वेदुराम भुसालले औद्योगिक ट्रान्स फ्याट खानेकुराकोनियमन र जनचेतना अभिवृद्धि दुवै आवश्यक रहेको बताउनुभयो।

अन्तर्राष्ट्रिय

## पूर्वराष्ट्रपति ओबामासहित पाँच सय अमेरिकीमाथि रुसी प्रतिबन्ध

**रासस / एएनआई**
*वासिङ्टन, जेठ ६ गते*

अमेरिकाले आफूमाथि लादेको नाकाबन्दीको प्रतिकार गर्दै रुसले पूर्वअमेरिकी राष्ट्रपति बाराक ओबामासहित पाँच सय जना उच्च पदस्थ अमेरिकी नागरिकमाथि रुसले प्रतिबन्ध लगाएको छ।

रुसी विदेश मन्त्रालयले पूर्वराजदूत जन हन्टस्म्यान, सिनेटरहरूका साथै प्रख्यात टेलिभिजन कार्यक्रम प्रस्तोता जिम्मी किम्मेल, कोलवर्ट, सेथ मेइर्सलगात अमेरिकी नागरिकलाई रुस प्रवेशमा निषेध गरेको केबल न्युज नेटवर्क (सिएनएन) ले जनाएको छ।

"वासिङ्टनका दुर्भावनापूर्ण हरेक कदमको जवाफ मस्कोले दिने छ, यो कुरा उसलाई ज्ञात होस्" रुसी विदेश मन्त्रालयले अमेरिकी नागरिकमाथि लगाएको प्रतिबन्धमा भनेको छ।

करिब १५ महिनादेखि रुस र युक्रेनबीच युद्ध जारी छ। अमेरिकालगायत पश्चिमा देशले युक्रेनमाथि भएको रुसी हमलाको निन्दा गर्दै मस्कोमाथि आर्थिक नाकाबन्दी गरेका छन्।

केही महिनाअघि रुसी कदमको विरोध गर्दै विश्वका १४१ देशले युक्रनेमाथिको हमला अविलम्ब अन्त्य हुनुपर्ने राष्ट्रसङ्घीय प्रस्तावका पक्षमा मतदान गरेका थिए।

## भारत र अमेरिका प्रतिरक्षा सहयोग बढाउँदै

**रासस / एएनआई**
*वासिङ्टन, जेठ ६ गते*

भारत र अमेरिकाले पारस्परिक प्रतिरक्षा सहयोगलाई अझ सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गर्दै त्यसलाई अझ सघन बनाउनुपर्नेमा जोड दिएका छन्।

वासिङ्टनमा दुवै देशका रक्षा सचिवबीच भएको बैठकमा प्रतिरक्षा एवं औद्योगिक सहयोगलाई अझ सघन बनाउने सहमति भएको हो।

भारतका रक्षा सचिव गिरिधर अर्मने र उहाँका अमेरिकी समकक्षी कोलिन काहल नेतृत्वको द्विपक्षीय बैठकमा भारत-अमेरिका रक्षा साझेदारीको प्रगति समीक्षाका साथै त्यसलाई अझ घनीभूत तुल्याउनेबारेमा छलफल भएको रक्षा मन्त्रालयले जनाएको छ । सचिवद्वयले भारत-अमेरिका रक्षा नीति समूहको १७ औँ बैठकको सहअध्यक्षता पनि गरेका थिए।

रक्षा मन्त्रालयका अनुसार बैठकमा भारत-अमेरिका सैन्य सहायता, द्विपक्षीय प्रतिरक्षा सम्झौताको कार्यान्वयन, हिन्द महासागर क्षेत्रमा जारी सैन्य अभ्यास, साझेदारीका भावी परियोजनाका महत्त्वपूर्ण पक्षमा छलफल भएको थियो। प्रविधि साझेदारी, दीर्घकालीन अनुसन्धान र विकास, आपूर्ति शृङ्खला, सुरक्षा सुधारलगायत प्रतिरक्षा तथा औद्योगिक सहयोग अभिवृद्धिमा छलफल केन्द्रित थियो।

प्रतिरक्षासँग सम्बन्धित भारतीय र अमेरिकी प्रतिष्ठानले मिलेर काम गर्न सक्ने सम्भावित क्षेत्र र परियोजनासहित भारतमा सहविकास एवं सहउत्पादनलाई प्रवर्धन गर्नेबारेमा पनि छलफल भएको रक्षा मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

निजी र सरकारी क्षेत्रबिचको साझेदारी र सहकार्यलाई प्रोत्साहन गर्दै नवप्रवर्तनका परियोजनामा मिलेर काम गर्न दुवै पक्षले सहमति जनाएका छन्।

अमेरिकी र भारतीय रक्षा मन्त्रालयबिचको सरकारी संयन्त्र रक्षा नीति समूहले प्रतिरक्षा नीतिमा विशेष ध्यान दिँदै द्विपक्षीय रक्षा सहयोगसम्बन्धी सबै पक्षको व्यापक समीक्षा गर्दै आएको छ । समूहका सुझाव र मार्गदर्शनलाई दुवै पक्षले पालना गर्दै आएका छन्।

यसैबिच अमेरिकी विदेश मन्त्रालयका प्रमुख उपप्रवक्ता वेदान्त पटेलले प्रधानमन्त्री नरेन्द्र मोदीको आगामी अमेरिका भ्रमणलाई लिएर नयाँ दिल्ली र वासिङ्टनबिच झाङ्गिँदै गएको सम्बन्धको चर्चा गरेका छन्।

आगामी असार ७ गतेदेखि प्रधानमन्त्री मोदी अमेरिकाको राजकीय भ्रमणमा आउँदै हुनुहुन्छ।

भारतसँगको अमेरिकाको साझेदारी र सम्बन्ध प्रभावकारी रहेको बताउँदै प्रवक्ता पटेलले मोदीको भ्रमणबाट अमेरिका-भारत सुरक्षा सम्बन्ध अझ सुदृढ हुने बताए।

## सहयोग माग्दै पाकिस्तान

**रासस / एएनआई**
*इस्लामाबाद, जेठ ६ गते*

आर्थिक सङ्कटमा परेको पाकिस्तानले अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) बाट छ अर्ब ५० करोड अमेरिकी डलरको पुनरुत्थान सहायता प्याकेज प्राप्तिमा विलम्ब भएपछि मित्रराष्ट्रसँग सहयोगको याचना गर्ने निष्कर्षमा पुगेको छ।

पाकिस्तानी समाचार संस्था एआरवाई न्युजका अनुसार आइएमएफ र पाकिस्तानबीच कर्मचारीस्तरमा गत फेब्रुवरीदेखि भएका आर्थिक सहायतासम्बन्धी वार्ताको परिणाम प्राप्त हुन विलम्ब भएपछि वित्तीय सहयोगका लागि मित्रराष्ट्रहरूको मुख ताक्न सरकार बाध्य भएका हो । आइएमएमसँगको चालु ऋण कार्यक्रम आगामी महिनाको अन्तिममा मात्र समाप्त हुने र नयाँ ऋण प्याकेजका सम्बन्धमा उक्त वित्तीय संस्थाले निर्णय गरी नसकेकाले पाकिस्तान मित्रराष्ट्रसँग वित्तीय सहायता माग्ने बाध्यात्मक परिस्थितिमा पुगेको हो।

पाकिस्तानले आईएमएफलाई पुरानो ऋणको केही अंश चुक्ता गर्नुपर्ने छ। कालोसूचीमा पर्नबाट जोगिन आगामी महिनाको अन्त्यसम्ममा छ अर्ब डलरको व्यवस्था गर्न आइएमएफले सरकारलाई भनिसकेको छ।

आइएमएफका अधिकांश सर्तको पालना गर्न पाकिस्तान सहमत भएको छ। पूर्वप्रधानमन्त्री इमरान खानको कार्यकालमा भएका ऋणका कठोर सम्झौतालाई पनि वर्तमान सरकारले पालना गर्ने प्रतिबद्धता व्यक्त गरेको एआरवाई न्युजमा जनाइएको छ।

# हाइब्रिड मकैले मूल्य पाएन

**सर्लाही समाचारदाता**
*सर्लाही, जेठ ६ गते*

उत्पादनको मुख्य समयमा नै वर्णशङ्कर (हाइब्रिड) मकैको मूल्य घट्दा सर्लाहीका किसान मारमा परेका छन्।

यहाँका किसानलाई अहिले हाइब्रिड मकै थन्क्याउन भ्याइनभ्याइ छ। सुरुमा मकैको मूल्य राम्रै पाए पनि अहिले भने क्विन्टलमै एक हजार रुपियाँसम्म मूल्य घटेका कारण किसान मारमा परेका छन् । हाइब्रिड मकै थ्रेसर लगाएर झार्नेबित्तिकै बिक्री हुन्छ। यहाँका किसानले सुरुमा प्रतिक्विन्टल तीन हजार पाँच सय रुपियाँमा बेचेको मकैको मूल्य अहिले दुई हजार छ सयदेखि दुई हजार सात सय रुपियाँमा बेच्न बाध्य भएका छन्।

बागमती नगरपालिका-१, मिलन चोकका किसान विनोद बडालले यो वर्ष मकैको उत्पादन राम्रो भए पनि उचित मूल्य भने नपाएको गुनासो गर्नुभयो। "यो वर्ष सबैतिर मकै राम्रो फलेका छन् तर भाउ खस्किँदा हामी किसान अन्यायमा परेका छौँ," बडालले भन्नुभयो, "व्यापारीले जति भाउ दिन्छन् त्यही भाउमा बेच्नुपर्ने बाध्यता छ।"

सर्लाहीमा उत्पादित हाइब्रिड मकै विशेष गरी चितवनको नारायणगढका दाना उद्योगले लैजाने गरेका छन् । उनीहरूले मनपरी मूल्यमा मकै लैजाने गरेको गुनासो किसानको छ । सर्लाहीमा २० वटै स्थानीय तहमा हाइब्रिड मकै खेती हुने गरेको छ । सिँचाइको सुविधा रहेको यहाँको बागमती, बरहथवा, लालबन्दी, हरिवन, हरिपुर, चन्द्रनगर, ईश्वरपुरलगायत क्षेत्रमा हाइब्रिड मकैको व्यावसायिक रूपमा खेती हुन्छ।

किसानले पछिल्लो समय रैथाने (लोकल) मकैको साटो हाइब्रिड मकै लगाउन थालेका छन् । कृषि ज्ञान केन्द्रले उपलब्ध गराएको जानकारी अनुसार सर्लाहीमा यस वर्ष १२ हजार ५४५ हेक्टर जमिनमा हाइब्रिड मकै खेती गरिएको छ।

कृषि ज्ञान केन्द्रका प्रमुख कमलदेवप्रसाद कुशवाहाले सिँचाइ सुविधा भएका किसानले रैथाने मकै मासेर हाइब्रिड मकै लगाउन थालेका जानकारी दिनुभयो। "पानी लाग्ने जमिनमा प्रतिकट्ठा तीनदेखि चार क्विन्टलसम्म मकै उत्पादन हुन्छ," कृषि ज्ञान केन्द्रका प्रमुख कुशवाहाले भन्नुभयो, "सामान्य उत्पादन हुँदा पनि हाइब्रिड मकै खेतीबाट किसानले तीन महिनामै खर्च कटाएर बिघाको एक लाखभन्दा धेरै आम्दानी गर्ने गर्छन्। अरू खेतीबाट छोटो समयमा यति आम्दानी हुँदैन।"

यहाँका कतिपय किसानले वर्षमा तीन बालीसम्म मकै लगाउने गरेका छन्। व्यवस्थित ढङ्गले हाइब्रिड मकै खेती गर्ने किसानको जीवनस्तर पनि उक्सेको छ तर यस वर्ष मुख्य याममै मूल्य घट्दा मर्कामा परेको गुनासो किसानको छ।

राष्ट्रको सञ्चार
नेपाल टेलिकम

**नेपाल टेलिकम**
(नेपाल दूरसञ्चार कम्पनी लिमिटेड)
केन्द्रीय कार्यालय
पदपूर्ति समितिको
सूचना नं. ३४/२०७९/८०

**कार्यक्षमता मूल्याङ्कन बढुवा सिफारिस**

प्रकाशित मिति : २०८०।२।७

यस पदपूर्ति समितिको सूचना नं. २१/२०७९/८० अनुसार देहाय बमोजिमका विज्ञापनहरूमा कार्यक्षमता मूल्याङ्कन बढुवाद्वारा पदपूर्ति गर्न नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, कर्मचारी विनियमावली, २०७८ (पहिलो संशोधन सहित) को विनियम ३५ को उपविनियम २ बमोजिम सम्बन्धित सेवा समूहको एक तह मुनिको पदमा आवश्यक सेवा अवधि पूरा गरेका तथा बढुवा हुने पदका लागि अनुसूची २ बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका सम्बन्धित सेवा समूहको एक तह मुनिको पदमा कार्यरत सम्बन्धित सेवा समूहका कर्मचारीहरूमध्ये निर्धारित म्यादभित्र अनलाइन प्रणाली मार्फत रीतपूर्वक बढुवा दरखास्त फाराम दर्ता गर्ने उम्मेदवारहरूमध्ये उक्त विनियमावलीको विनियम ३५, ३६, ३७, ३८, ३९, ४०, ४१ र ४२ को अधीनमा रही विनियम ३५ (१) बमोजिम प्राप्त गरेको प्राप्ताङ्कका आधारमा उच्चतम अङ्क प्राप्त गर्ने देहाय बमोजिमको योग्यता क्रमका उम्मेदवारलाई बढुवाका लागि पदपूर्ति समितिको मिति २०८०।२।५ र मिति २०८०।२।६ को निर्णयानुसार सिफारिस गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारी तथा सोही विनियमावलीको विनियम ४३(१) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

**सिफारिस तथा योग्यता क्रम :**

क) वि.नं. १८/२०७९/८० अधिकृत स्तर, तह ६, पद : सहायक लेखा अधिकृत, प्र./ले., पद सङ्ख्या : २ (दुई)

| योग्यता क्रम | क.द.नं. | हालको पद | कर्मचारीको नाम थर | प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | ७२४२ | वरिष्ठ सहायक | अचुत कुमार ओझा | |
| २ | ७०९९ | " | राम बहादुर कटवाल | ९७.६०० |

ख) वि.नं. १९/२०७९/८० अधिकृत स्तर, तह ६, पद : सहायक प्रशासकीय अधिकृत, प्र./प्र., पद सङ्ख्या : १ (एक)

| योग्यता क्रम | क.द.नं. | हालको पद | कर्मचारीको नाम थर | प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | ७०५६ | वरिष्ठ सहायक | कुमारी कलावती अवस्थी | ९८.०० |

ग) वि.नं. २०/२०७९/८० अधिकृत स्तर, तह ६, पद : सहायक व्यापार अधिकृत, प्र./प्र., पद सङ्ख्या : १ (एक)

| योग्यता क्रम | क.द.नं. | हालको पद | कर्मचारीको नाम थर | प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | ६५४५ | वरिष्ठ सहायक | राकेश कुमार लामा | ९७.२६७ |

सदस्य सचिव
पदपूर्ति समिति

**Nepal Electricity Authority**
(Nepal Government Undertaking)
**Project Management Directorate**
Marsyangdi-Kathmandu 220 kV Transmission Line Project
(First date of Publication: April 13, 2023)
(Second date of Publication : May 21, 2023)

**Electronic Government Procurement (e-GP) System**

1) Tender invited for the following scheme of Nepal Electricity Authority (NEA), Marsyangdi-Kathmandu 220 kV T/L Project, Matatirtha, Kathmandu.

| Description of Works | Tender No. | Date for Bid purchase/Submission, Opening, Time and Place | Cost of Bid Document | Estimated Amount | Bid Validity Period | Bid Security Amount & Validity Period | Bank Details and A/c No. |
|---|---|---|---|---|---|---|---|
| **Tower protection work by construction of stream training work checkdam and retaining wall** | NEA-PMD-MKTLP-2079/080-Civil-02Re. | June 5, 2023 (2080/02/22 BS) till 12:00 Noon & 2:00 PM **Bid Opening Place:** Marsyangdi-Kathmandu 220 kV T/L Project, Matatirtha, Kathmandu Tel: +977-01-5164112 | NRs. 3,000.00 (Non-refundable, Bank deposit only) | NRs. 1,65,54,158.46 (Excluding VAT) | 120 days from the last date fixed for Bid Submission | NRs. 4,70,000.00 Valid till 30 days beyond the Bid validity Period | Everet Bank Limited, Newroad, Kathmandu Current a/c no: 00200105200681 |

Please visit official website of PPMO (**www.bolpatra.gov.np/egp**) for more details or contact at Tel. no. 01-5164112 at office time.

**नेपाल विद्युत प्राधिकरण**
(नेपाल सरकारको स्वामित्व)
वितरण तथा ग्राहक सेवा निर्देशनालय
सुदूरपश्चिम प्रादेशिक कार्यालय, अछाम वितरण केन्द्र

**सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८०/०२/०७

यस सुदूरपश्चिम प्रादेशिक कार्यालय अन्तर्गत अछाम वितरण केन्द्रहरूका लागि तपसिल बमोजिमको कार्यहरू गराउनुपर्ने भएकोले इच्छुक योग्य फर्महरूबाट Public Procurement Monitoring Office (PPMO) को वेबसाइट www.bolpatra.com.np\egp मार्फत सिलबन्दी बोलपत्र/दरभाउपत्र खरिद गरी पेस गर्नहुन आह्वान गरिएको छ।

| सि. नं. | बोलपत्र नं. | कार्य विवरण | सिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समय | सिलबन्दी दरभाउपत्र दाखिला गर्ने/खोल्ने अन्तिम मिति र समय | दरभाउपत्र फाराम दस्तुर रु. | बैंक खाता नं. | अनुमानित रकम (भ्याट सहित) | बिडबन्ड रकम रु. |
|---|---|---|---|---|---|---|---|---|
| १ | NEA-ADC-2079/080-SQ-03 | Installation/Erection of LT pole and transformer at Safebagar Minicipality, Mangelsen Municipality, Kamalbazar Municipality, Turmakhad Rural Municipality, Dhakari Rural Municipality and Bannigadi Jaigad Rural Municipality of Achham District. | सूचना प्रकाशित भएको मितिले १५औँ दिनसम्म। | सूचना प्रकाशित भएको मितिले १६औँ दिनको १२ बजेभित्र दाखिला गर्ने र २:०० बजे खोल्ने। | १,०००।०० | Account Name: नेपाल विद्युत प्राधिकरण Rastriya Banijya Bank, Mangelsen Branch Current A/C No. 4260100000033001 | १३,०१,४८४।९५ | ३४,०००।०० |

## हाफ म्याराथन विजेता रावत

**विराटनगर** (गोरखापत्र), जेठ ६ गते। नरेन्द्रसिंह रावतले हाफ म्याराथनको उपाधि जित्नुभएको छ। शनिबार ऐतिहासिक तथा पौराणिक भूमि विराट राजाको दरबार क्षेत्र र कोशी प्रदेशकै ठूलो प्राकृतिक सिमसार क्षेत्रको प्रवर्धन गर्न २३ किलोमिटर दूरीको हाफ म्याराथन आयोजना गरिएको हो।

कोशी प्रदेश पर्यटन, वन तथा वातावरण मन्त्रालयको आयोजनामा भएको हाफ म्याराथनको उपाधि जित्ने नेपाली सेनाका नरेन्द्रले एक लाख रुपियाँ पुरस्कार जित्नुभयो। उहाँले एक घण्टा १७ मिनेट २८ सेकेन्ड समय लगाउनुभयो। यसैगरी १ घण्टा १८ मिनेट उक्त दूरी तय गर्दै नेपाली सेनाकै सुशीलकुमार शाही दोस्रो तथा १ घण्टा १८ मिनेट ३३ सेकेन्डमा दौड पूरा गरी बैतडीका मोहनदेव जोशी तेस्रो हुनुभयो। सुशीलले ७५ र मोहनदेवले ५० हजार रुपियाँ पुरस्कार प्राप्त गर्नुभयो।

महिला पाँच किलोमिटर दौडमा नेपाल प्रहरीकी रेखा विष्ट प्रथम हुनुभयो। उहाँले २५ हजार रुपियाँ राशिको पुरस्कार प्राप्त गर्नुभयो। सीमा थारू चौधरीले दोस्रो र सिर्जना कुमालले तेस्रो स्थान प्राप्त गर्नुभयो। यसैगरी भोजपुरबाट प्रतियोगितामा सहभागिता जनाउन आउनुभएकी १० वर्षीय जुनी राई र ११ वर्षीय विनीता राईलाई पाँच हजार रुपियाँले प्रोत्साहन रकम प्रदान गरिएको थियो। २९ जना सहभागी महिला दौडमा जुनीले सातौँ स्थान बनाउनुभएको थियो।

### प्रधान सेनापति खुला टेनिस प्रतियोगिता
## उपाधि अभिषेक र सुनिरालाई

**काठमाडौँ** (गोरखापत्र), जेठ ६ गते। अभिषेक बास्तोला र सुनिरा थापाले प्रधान सेनापति खुला टेनिस प्रतियोतिगाको उपाधि जित्नुभएको छ। यसैगरी टिम च्याम्पियन त्रिभुवन आर्मी क्लब भयो।

पुरुष एकलमा अभिषेकले आरभ सम्राट हाडालाई हराउनुभयो। अभिषेक आइटिएफको वरीयतामा पर्ने पहिलो नेपाली हुनुहुन्छ। सो स्पर्धामा प्रनव खनाल र अकि रावत संयुक्त रूपमा तेस्रो हुनुभयो। महिला एकलमा सुनिराले नेपालकी नम्बर एक अभिलाषा विष्टलाई तीन सेटमा स्तब्ध पार्नुभयो। महिला एकलमा गङ्गा शर्मा र माहिका राणा तेस्रो स्थानमा रहनुभयो। माहिकाले मिक्स डबल्समा भने प्रदीप खड्कासँग जोडी बनाएर पहिलो स्थान हात पार्नुभयो। माहिका र प्रदीप खड्काले जोडीले फाइनलमा निशान श्रेष्ठ र प्रकृति श्रेष्ठको जोडीलाई हराएको हो।

यसैगरी भेट्रान्स ३५ वर्षमाथिका एकलमा जितेन्द्र परियार कमलबहादुर भण्डारीलाई हराएर पहिलो हुनुभयो। यसैगरी भेट्रान्स ४५ वर्षमाथि एकल फाइनलमा रोहितबहादुर सुनुवारले विमल गुरुङलाई निराश पार्नुभयो। भेट्रान्स ५५ वर्षमाथि जीवन घिमिरेलाई कृष्णराज घलेले हराएर च्याम्पियन बन्नुभयो। प्रधान सेनापति प्रभुराज शर्माले विजयी खेलाडीलाई पुरस्कृत गर्नुभयो।

# थ्रिस्टारविरुद्ध सातदोबाटोको बदला



**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ ६ गते*

सहिद स्मारक ‘ए’ डिभिजन लिग २०७९ मा शनिबार ललितपुरका दुई क्लबबिचको भिडन्तमा सातदोबाटो युथ क्लबले थ्रिस्टार क्लबलाई २–० ले पराजित गरेको छ।

यस नतिजासँगै सातदोबाटोले अङ्क तालिकामा तीन खुड्किला माथि उक्लेर चौथो स्थान बनाएको छ। सातदोबाटोको १९ खेलमा २९ अङ्क भएको छ। चार पटक ‘ए’ डिभिजन लिग जितिसकेको थ्रिस्टार पाँचौँ स्थानमा झर्‍यो। थ्रिस्टारको २६ अङ्क छ। सातदोबाटोका लागि यो जित बदला पनि भएको छ। दशरथ रङ्गशालामा नै भएको पहिलो लेगमा आदित्य शाक्यको गोलको सहयोगमा थ्रिस्टारले सातदोबाटोलाई १–० ले हराएको थियो।

दशरथ रङ्गशालामा शनिबार सातदोबाटोका विदेशी स्ट्राइकर विलियम ओपोकुको दुई गोलले थ्रिस्टार हार खेप्न बाध्य भएको हो। खेलको २४ औँ मिनेटमा थ्रिस्टारका गोलरक्षक पूर्ण चेम्जोङ र डिफेन्डर योगेश गुरुङ दुवै दीपकराज सिंह ठकुरीको ‘मिस किक’ मा झुक्किएपछि डिबक्समा राम्रो रनसहित ओपोकुले नजिकबाट गोल गर्नुभयो। मध्यान्तरपछि खेल सुरु भएको दोस्रो मिनेटमा नै ओपोकुले अग्रता दोब्बर बनाउनुभयो। डिबक्सबाहिर प्राप्त फ्रिकिकमा ओपोकुले बल सिधै गोलपोस्टमा छिराएपछि थ्रिस्टारका लागि खेल अझ कठिन बनेको हो। यस सत्रमा ओपोकुले सात गोल गर्नुभएको छ। आज ओपोकु नै ‘म्यान अफ दी म्याच’ घोषित हुनुभयो।

थ्रिस्टार उत्तरार्धमा विपक्षीमाथि दबाब बनाएको थियो तर आजको खेलमा थ्रिस्टारको फिनिसिङ राम्रो हुन सकेन। सातदोबाटोका गोलरक्षक अभिषेक बरालको प्रदर्शनले पनि थ्रिस्टारलाई रोक्यो। इन्जुरी समयमा स्थानापन्न खेलाडी सनी व्यञ्जनकारले सानो डिबक्सबाट बल गोलपोस्टमा प्रहार गरेपछि थ्रिस्टारले सान्त्वना गोल पनि प्राप्त गर्न सकेन।

# हाफ म्याराथनको उपाधि मुकेश र राजपुरालाई



*तस्बिर : रासस*
**हाफ म्याराथनको उद्घाटन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’।**

**गोरखापत्र समाचादाता**
*काठमाडौँ, जेठ ६ गते*

त्रिभुवन आर्मी क्लबका मुकेश पाल र पुलिस क्लबकी राजपुरा पछाईंले शनिबार हाफ म्याराथनको उपाधि जित्नुभएको छ। सिटी म्याराथनको अवधारणामा भएको प्रतियोगिताको हाफ म्याराथनको उद्घाटन प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले गर्नुभएको हो। यस वर्षको कान्तिपुर हाफ म्याराथनमा चार हजारभन्दा बढीको सहभागिता रहेको आयोजकले जनाएको छ।

‘लेट्स गो ग्रिन टुगेदर’ नारासहित भएको म्याराथन जित्न मुकेशले १ घण्टा ६ मिनेट ४५ सेकेन्ड निकाल्नुभयो। आर्मीकै राजन रोकाय १ घण्टा ७ मिनेट ५५ सेकेन्ड समय लगाएर दोस्रो हुनुभयो। भारतीय सेनामा कार्यरत तीर्थ पुन १ घण्टा ९ मिनेट १८ सेकेन्ड समयसहति तेस्रो हुनुभयो। महिला हाफ म्याराथनको उपाधि रक्षा गर्न पुलिसकी राजपुरा १ घण्टा १९ मिनेट १६ सेकेन्ड समय लगाउनुभयो। पुलिसकै राममाया बुढा (१ घण्टा २३ मिनेट ०७ सेकेन्ड) दोस्रो र एपीएफकी पुष्पा भण्डारी (१ घण्टा २४ मिनेट ३१ सेकेन्ड) तेस्रो हुनुभयो। हाफ म्याराथन पुरुष र महिला दुवैका विजेताले जनही एक लाख रुपियाँ पाउनुभयो। दोस्रो हुनेले ५० हजार, तेस्रो हुनेले ३० हजार, चौथो हुनेले २० हजार, पाँचौँ हुनेले १० हजार र छैटौँ हुनेले पाँच हजार पुरस्कार पाउनुभएको छ।

यसैगरी रमेश खत्रीले ह्विलचेयर, महिलातर्फ ऐश्वर्या कुमाल, कर्पोरेट रनतर्फ विकेश घिमिरे र सुनिता महर्जन विजेता बन्नुभयो। कलेज रन (७ किमी) मा पुरुषतर्फ पुकारजङ्ग बस्नेत र महिलातर्फ सुसन कार्की पहिलो हुनुभयो। प्रतियोगितामा कलेज रन पहिलो पटक राखिएको आयोजकले जनाएको छ। यसमा १८ वर्षमाथिका विद्यार्थी दौडिएका थिए। नेपाल एथलेटिक्स सङ्घको प्राविधिक सहयोगमा वार्षिक क्यालेन्डरमा हुँदै आएको छ।

# विद्यार्थीमाझ विदेशी खेलाडी

**कविराज घिमिरे**
*हिले, जेठ ६ गते*



प्लानिङ ब्वाइज युनाइटेड र वीरगन्ज युनाइटेडबिच बुधबार सम्पन्न फाइनल खेलमा रेफ्री श्याम दनुवारले खेल सकिएको अन्तिम सिटी बजाउँदा दर्शकका रूपमा आएका विद्यार्थी एकाएक खेल मैदानमा प्रवेश गरे। विद्यार्थी एक्कासि खेल मैदान प्रवेश गरे भनेर धेरैलाई उत्सुकता भयो। विद्यार्थीको लक्ष्य थियो प्लानिङ ब्वाइज युनाइटेडको तर्फबाट खेल खेल्ने विदेशी खेलाडी भेट्न उनीहरूसँग अटोग्राफ लिन। मैदानमा हेर्दा हेर्दै विदेशी खेलाडी उनीहरूले प्लानिङ ब्वाइज युनाइटेडको तर्फबाट खेलेका विदेशी खेलाडी ड्याडी जुनियर वाम्वा, यो नेपोलियनलाई नजिकबाट हेर्नका लागि बालबालिकाको भिड नै लाग्यो। ससाना बालबालिकामाझ उनीहरू घेरिए। बालबालिका उनको नाम लिँदै हल्ला गर्थे। ड्यानी पनि मुस्कानसहित हल्ला गर्दै बालबालिकासँगै नाच्थे। उनको बालबालिकासँग छिटो घुलमिल हुने बानीले फाइनल खेलपछि पनि लोभलाग्दो क्रेज देखिएको थियो। उनको अटोग्राफ लिन कागजको टुक्रा हातमा लिएर ड्याडीलाई विद्यार्थीले घेरेका थिए। ड्याडी लाइन भन्दै पालै पालो अटोग्राफ दिन्थे। आयोजकले स्कुलका विद्यार्थीलाई फाइनल खेल हेर्न निःशुल्क व्यवस्था मिलाएको थियो।

त्यसो त १५ औँ संस्करणको सहिद भीमनारायण गोल्डकपमा फाइनल खेल सुरु हुनुपूर्व नै दर्शकदीर्घाबाट ‘ड्याडी जुनियर वाम्वा’ को नाम गुन्जिन थालिसकेको थियो। प्रत्येक पटक उनको खुट्टामा बल पर्नासाथ ड्याडी शब्दले खेलमैदान नै गुन्जायमान हुन्थ्यो। प्रतियोगिताभर खेलप्रेमी दर्शकबाट उनी यति धेरै लोकप्रिय भए कि आयोजकलाई प्रतियोगिताको पुरस्कार वितरण गर्नसमेत हम्मे हम्मे परेको थियो। विशेष गरी विद्यार्थीमाझ ‘ड्यायी जुनियर वाम्वा’ अर्थात् ‘ड्याडी’ नामले लोकप्रिय थिए। ड्याडीपछि यो नेपोलियन र बेबु सेक्युस थिए।

प्रतियोगितामा सर्वोत्कृष्ट खेलाडी पनि ड्याडी वाम्वा घोषित हुनुभयो। नेपोलियन नै उत्कृष्ट स्टाइकर घोषित हुनुभयो। भीमनारायण गोल्डकपका लागि मात्रै उनी प्लानिङ ब्वाइजबाट फुटबल खेल्न आएका हुन्। प्रतियोगिताका लागि ड्याडीसहितको खेलाडीलाई क्लोज क्याम्पमा राखेर तयारी गरिएको प्लानिङ ब्वाइजका प्रशिक्षक सचिन्द्र धिमालले बताउनुभयो। क्यामरुनी खेलाडी ड्याडी नेपाली फुटबलमा परिचित नाम भएको उहाँ बताउनुहुन्छ।

प्रतियोगितामा प्लानिङ ब्वाइज युनाइटेडले भीमनारायण कप जित्यो तर उसले उपाधि मात्रै लगेन। टिमका खेलाडीले खेल हेर्न आएका दर्शकको मन पनि जिते। त्यस्तै टिमका महत्त्वपूर्ण खेलाडी रहेका ड्याडी वाम्वाले बालबालिकाको लोभलाग्दो क्रेज प्राप्त गर्नुभयो। सहिद भीमनारायण गोल्डकपको हालसम्मको इतिहासमा खेलाडीप्रतिको लोभलाग्दो क्रेज विरलै देखिएको थियो। नेपाली फुटबल टिमका कप्तान तथा गोलकिपर किरण चेम्जोङले केही वर्ष सहिद भीमनारायण गोल्डकप खेल्दा उनीप्रतिको क्रेज दर्शकदीर्घाबाट देखिएको थियो। विदेशी खेलाडीप्रति क्रेज यति धेरै देखिएको यो नै पहिलो पटक भएको धनकुटा जिल्ला फुटबल समितिका पूर्वअध्यक्ष गोविन्द राईले बताउनुभयो।

## कला / साहित्य

## ‘वेलकम टु हेम्जाकोट’ को ट्रेलर सार्वजनिक

**काठमाडौँ** (गोरखापत्र), जेठ ६ गते। समसामयिक कथामा कमेडी शैली मिश्रण गरेर प्रस्तुत गरिएको चलचित्र ‘वेलकम टु हेम्जाकोट’ को ट्रेलर सार्वजनिक गरिएको छ। ट्रेलरले चलचित्र वैदेशिक रोजगारी, बेरोजगारीले निम्त्याउने समस्या, अन्तरजातीय प्रेममा आउने उतारचढावलगायतका विषयवस्तुमा आधारित छ।

क्लोजअप सिने प्रोडक्सनको ब्यानरमा निर्माण भएको चलचित्र आगामी जेठ २६ मा देशव्यापी प्रदर्शन हुँदैछ। नेपालबाहेक जापान, अस्ट्रेलिया, अमेरिका र युरोपका केही सहरमा पनि प्रदर्शन हुँदैछ। चलचित्र गत वर्षको तिहारमा सार्वजनिक हुने भनिएको यो चलचित्र प्राविधिक कारणले केही समय पछाडि धकेलिएको थियो।

तेजप्रसाद दाहाल, जितेन्द्र गिरी, बाबुराम कार्की, सुमन खड्काको लगानीमा निर्माण भएको चलचित्रमा सरोज पौडेलको लेखन तथा निर्देशन छ भने बुद्धि तामाङ, विनोद न्यौपाने, दिनेश खड्का, प्रदीप ढकाल, सन्दीप सिग्देल, अम्बिका तामाङ, सुजाइरा कार्की, विशाल पहारी, रवि गिरी, लक्ष्मीनाथ तिमल्सिना, रश्मि भट्ट, अस्मिता पन्त, शारदा गिरी, बलदिव राई, प्रेविल कँडेल, स्व.जयनन्द लामालगायतका कलाकारको अभिनय देख्न सकिन्छ। वरिष्ठ कलाकार लामाको यो अन्तिम चलचित्र पनि हो।

मिलन श्रेष्ठको एक्सन, मित्र डि गुरुङको सम्पादन रहेको चलचित्रका डिओपी दीर्घ गुरुङले गर्नुभएको छ। चलचित्रका गीतहरूमा इन्दिरा जोशी, शान्तिश्री परियार, अस्मिता अधिकारी, राज सागर, राजन इशान, उदेश श्रेष्ठलगायतका गायकहरूको आवाज सुन्न सकिन्छ। गीतको सङ्गीत निर्देशन राज सागरले गर्नुभएको छ।

## ‘देववाणी’ को मुहूर्त

**काठमाडौँ** (गोरखापत्र), जेठ ६ गते। निर्देशक बाबु साहेब बलामीको निर्देशनमा निर्माण हुन लागेको चलचित्र ‘देववाणी’ को राजधानीको भद्रकालीमा मुहूर्त गरिएको छ। मुहूर्तमा चलचित्रका प्रमुख कलाकार कुन्दन भारद्वाज, अनुजा लेप्चा र रवीन्द्र झाले मुहूर्त सट दिनुभएको थियो। मौसम फिल्म्स प्रोडक्सन हाउस र अनुजा इन्टरटेनमेन्टको ब्यानरमा निर्माण हुने फिल्मको छायाङ्कन सिमरा, वीरगन्ज, इटहरी र काठमाडौँमा हुनेछ।

कुन्दन भारद्वाज, अनुजा लेप्चा सुनील थापा, नन्दु श्रीवास्तव, अमिता श्राप, मौसम पौडेल, देव सिंह, प्रदीप ढकाल, सरिता भण्डारी, लक्ष्मीनाथ तिमल्सिना, काजोल राघवाणी र मौसम पौडेलको अभिनय रहने चलचित्रमा निराजन मेहता मञ्जिलको कथा, हरिबहादुर घलेको छायाङ्कन र श्री श्रेष्ठको द्वन्द्व रहने छ।

मौसम पौडेल प्रस्तुतकर्ता रहेको फिल्ममा मीना खड्का र हीराबहादुर लेप्चा निर्माता हुनुहुन्छ। महेन्द्र यादव कार्यकारी निर्माता रहेको चलचित्रमा तेञ्जु योञ्जनको कोरियोग्राफी, मनोहर सुनामको सङ्गीत र तर्कराज न्यौपानेको मुख्य सहायक निर्देशन रहने छ। चलचित्र नेपाली र हिन्दी भाषामा निर्माण हुनेछ।

# गुरुकुलमा ‘आधा–अपूरो’

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ ६ गते*



भारतीय नाटककार मोहन राकेशद्वारा लिखित ‘आधे अधुरे’ को नेपाली रूपान्तरण हो, नाटक ‘आधा–अपूरो’। नाटककार राकेश (सन् १९२५–१९७२) प्रसिद्ध हिन्दी नाटककार हुन्। असारको एक दिन, आधे अधुरे, लहरों के राजहंश उहाँका हजारौँ पटक मञ्चन भएका नाटक हुन्। भारतीय रङ्ग जगत्मा उहाँको नाम अग्रपङ्क्तिमा आउँछ।

नाटक ‘आधा–अपूरो’ ले आधुनिक मध्यमवर्गीय परिवारको आन्तरिक कलह तथा समाजमा महिला र पुरुषले एकअर्कामा गर्ने अपेक्षालाई चित्रण गरिएको छ। नाटकको मुख्य पात्र सावित्रीले जे जसो गरेर भए पनि एक्लै घर धान्नुभएको छ। उहाँलाई श्रीमान् महेन्द्र व्यक्तित्वहीन र परनिर्भर हुनुहुन्छ। त्यसैले उहाँ लगातार एउटा पूर्ण मान्छेको खोजीमा भौँतारिनुहुन्छ। जति खोज्दा पनि त्यो मान्छे भेट्दिन। उहाँ कतै कुनै व्यक्तिमा पूर्ण मान्छेको विशेषता पाउनुहुन्छ। उप्रति आकर्षित हुनुहुन्छ। समयको अन्तरालमा उसलाई पनि उहाँ अपूरो पाउनुहुन्छ र निराश भइरहनु हुन्छ। उहाँलाई नै थाहा छैन कि उहाँले कस्तो मान्छे खोजिरहेको हो। त्यस्तै अर्कोतर्फ महेन्द्रलाई श्रीमतीले अपमानित गरिरहेको, आफूलाई नियन्त्रण गर्न खोजिरहेको महसुस हुन्छ। उहाँ हीनताबोध गर्नुहुन्छ। त्यसैले उहाँ परिवारबाट नै पटक पटक टाढा जाने कोसिस गरिरहनुहुन्छ र प्रत्येक पटक फर्किनु पर्छ।

बाध्यता, आवश्यकता र महत्त्वकाङ्क्षाले उत्पन्न गरेका परिस्थितिको चित्रण हो, नाटक ‘आधा–अपूरो’। शङ्कर पोखरेलको परिकल्पना र निर्देशन रहेको नाटकमा रामभजन कामत, मौसम खड्का, सम्झना भट्टराई, सुवास तिमल्सिना, विशाल देवकोटा, शर्मिला नेपाल (निराकार), रोशन चन्द, सन्तोष पोखरेललगायतको अभिनय रहेको छ। काव्य आर्ट र आरोहण गुरुकुल स्कुल अफ थिएटरको सहकार्यमा थापागाउँस्थित आरोहण गुरुकुल (कुञ्ज थिएटर) मा नाटक ‘आधा–अपूरो’ मञ्चन भइरहेको छ। जेठ ५ गतेदेखि मञ्चन भएको नाटक आगामी जेठ २२ सम्म मञ्चन हुनेछ।

निर्देशक शङ्कर पोखरेलले भारतीय नाटककार मोहन राकेशले लेखेको नाटक ‘आधे अधुरे’ लाई नेपालीमा अनुवाद गर्नुभएको हो। निर्देशक पोखरेलको यो डेब्यु निर्देशन हो।

## चलचित्र पत्रकार र कलाकार सम्मानित



*तस्बिर : राममणि दाहाल/हेटौँडा*
**चलचित्र पत्रकार सङ्घ नेपालको २४ औँ स्थापना एवं चलचित्र पत्रकार दिवसको अवसरमा हेटौँडामा शनिबार आयोजित कार्यक्रममा सम्मानितहरू।**

**मकवानपुर समाचारदाता**
*हेटौँडा, जेठ ६ गते*

मकवानपुरमा जन्मिएर कलाकारिता क्षेत्रमा योगदान पुऱ्याएका व्यक्ति र पत्रकारलाई सम्मान गरिएको छ। चलचित्र पत्रकार सङ्घ नेपालको २४ औँ स्थापना एवं चलचित्र पत्रकार दिवसको अवसर शनिबार आयोजित कार्यक्रममा राष्ट्रिय चलचिच पत्रकारिता पुरस्कार २०८० बाट चलचित्र पत्रकार राजन घिमिरे र चलचित्र पत्रकारिता पुरस्कार २०८० मकवानपुरका पत्रकार पोष्टराज अधिकारी (कुमार) लाई सम्मान गरिएको हो। त्यस्तै चलचित्र कलाकर्मी सम्मान २०८० हास्य कलाकार सुलेमान शङ्करलाई प्रदान गरिएको छ।

हेटौँडा उपमहानगरपालिका उपप्रमुख राजेश बानियाँले उहाँहरूलाई पुरस्कार तथा सम्मान प्रदान गर्नुभएको हो।

चलचित्र पत्रकार सङ्घ नेपाल मकवानपुर शाखाले हरेक वर्ष चलचित्र पत्रकार दिवसको अवसरमा चलचित्र पत्रकार र मकवानपुरमा जन्मिएर राष्ट्रियस्तरमा स्थापित कलाकारलाई सम्मान गर्दै आएको छ। राष्ट्रिय चलचित्र पत्रकारिता पुरस्कार र चलचित्र पत्रकारिता पुरस्कारको राशि क्रमशः १० हजार र पाँच हजार रुपियाँ रहेको छ। चलचित्र पत्रकार सङ्घ नेपालका अध्यक्ष समिर बलामी, हेटौँडा उपमहानगरपालि–२ का वडाध्यक्ष विष्णुगोपाल महर्जन, वडा नं. ४ का वडाध्यक्ष नवीन सिग्देल, पत्रकारहरू रुपेश दुलाल, वैकुण्ठ पराजुलीलगायतले चलचित्र पत्रकारितालाई पर्यटनसँग जोड्नुपर्नेमा जोड दिनुभएको थियो।

## निरौलाको एकल गजल वाचन

**नेपालगन्ज समाचारदाता**
*नेपालगन्ज, जेठ ६ गते*

गजलकार देवकी निरौलाको एकल गजल वाचन गर्नुभएको छ। कोहलपुरका शैक्षिक अभियन्ता तथा साहित्यप्रेमी स्वर्गीय टीकाराम सुवेदीको १३ औँ स्मृति दिवसको अवसरमा शनिबार उहाँले गजल वाचन गर्नुभएको हो। गजल गायनबाट धेरैको मन जित्न सफल गजलकार निरौलाले दर्जनभन्दा बढी गजल गाउनुभयो।

कार्यक्रममा गजलकार देवकी निरौलाको व्यक्तित्व तथा कृतित्वका बारेमा गजलकार केशव निमेशले चर्चा गर्नुभएको थियो भने स्व. टीकाराम सुवेदीको व्यक्तित्वका बारेमा साहित्यकार बद्री ढकाल हिरामनीले प्रकाश पार्नुभएको थियो। कार्यक्रममा नेपाल प्रज्ञा–प्रतिष्ठानका प्राज्ञ महानन्द ढकालले केही समयदेखि कोहलपुर यस क्षेत्रकै प्रमुख साहित्यिक गतिविधि र कार्यक्रमको केन्द्र बन्दै गएकोमा खुसी व्यक्त गर्नुभयो। सो अवसरमा बालज्योति माविका संस्थापक लक्ष्मी सुवेदी, चिरञ्जीवी सुवेदी, प्रधानाध्यापक दामोदर पौडेल, विद्यालयका शिक्षक तथा साहित्यकार प्रकाश मरासिनीलगायत साहित्यप्रेमी, सर्वसाधारणको उपस्थिति रहेको थियो।

## रोकायाको ‘हिमाल खण्डकाव्य’

**हुम्ला समाचारदाता**
*सिमकोट, जेठ ६ गते*



हिमाली जिल्ला हुम्लाका साहित्यकार वसन्त रोकायाद्वारा लिखित ‘हिमाल खण्डकाव्य’ हालै सार्वजनिक भएको छ। खण्डकाव्यको लोकार्पण गर्दै नेपाली कांग्रेसका महामन्त्री एवं सांसद विश्वप्रकाश शर्माले साहित्यकार हुन परिस्थिति मात्रै होइन, मनस्थिति पनि आवश्यक पर्ने बताउनुभयो। हिमाल खण्डकाव्य बारे टिप्पणी गर्दै साहित्यकार प्राडा मोहनप्रसाद तिमल्सिनाले कविता लेखकले भन्दा पाठकले बुझ्ने बताउनुभयो।

कृतिमा रोकायाले अध्ययन तथा अन्य सिलसिलामा हुम्लाबाट काठमाडौँ जाँदा भोग्नुपर्ने पीडा र सङ्घर्षको कथालाई प्रस्तुत गर्नुभएको छ। स्वतन्त्र ढङ्गले सत्यलाई बाहिर ल्याउने र आफ्ना भोगाइ अभिव्यक्त गर्ने कार्य खण्डकाव्यमा गरिएको छ। खण्डकाव्यमा हिमाल र यार्साको यौन, शिक्षा, स्वास्थ्य र प्रेमलाई व्यक्त गरिएको छ। खण्डकाव्यमा १० खण्ड रहेका छन्। रोकाया मानसरोवर बहुमुखी क्याम्पसका पूर्वक्याम्पस प्रमुख र नेपाली कांग्रेस हुम्लाका पार्टी उपसभापति हुनुहुन्छ। यसअघि उहाँका आठवटा कृति प्रकाशित भई सकेका छन्।

### नेपाल राष्ट्र बैङ्क
केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभाग
### नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दर
२०८० साल जेठ ७ गते (मे २१, २०२३) आइतबारको विनिमय दर

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपियाँ | १०० को | रु १६०।०० | रु १६०।१५ |

खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैङ्कको प्रयोजनका लागि)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| अमेरिकी डलर | १ को रु. | १३१।९६ | १३२।५६ |
| युरो | १ को रु. | १४२।४९ | १४३।१४ |
| पाउन्ड स्टर्लिङ | १ को रु. | १६४।०१ | १६४।७५ |
| स्विस फ्रैङ्क | १ को रु. | १४६।२८ | १४६।९५ |
| अस्ट्रेलियन डलर | १ को रु. | ८७।८२ | ८८।२२ |
| क्यानेडियन डलर | १ को रु. | ९७।९१ | ९८।३६ |
| सिङ्गापुर डलर | १ को रु. | ९८।१० | ९८।५५ |
| जापानी येन | १० को रु. | ९।५६ | ९।६० |
| चिनियाँ युआन | १ को रु. | १८।८४ | १८।९३ |
| साउदी अरब रियाल | १ को रु. | ३५।१९ | ३५।३५ |
| कतारी रियाल | १ को रु. | ३६।२१ | ३६।३८ |
| थाई भाट | १ को रु. | ३।८४ | ३।८५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को रु. | ३५।९४ | ३६।१० |
| मलेसियन रिङ्गिट | १ को रु. | २९।०८ | २९।२१ |
| दक्षिण कोरियन वन | १०० को रु. | ९।९५ | १०।०० |
| स्विडिस क्रोनर | १ को रु. | १२।५५ | १२।६० |
| डेनिस क्रोनर | १ को रु. | १९।१३ | १९।२२ |
| हङ्कङ डलर | १ को रु. | १६।८८ | १६।९६ |
| कुवेती दिनार | १ को रु. | ४२९।५३ | ४३१।४८ |
| बहराइन दिनार | १ को रु. | ३५०।०५ | ३५१।६४ |

**नोट:** यो विनिमय दरलाई बैङ्कले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ।
* वाणिज्य बैङ्कहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ।
* अद्यावधिक विनिमय दर बैङ्कको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

गोरखापत्र संस्थानका लागि कार्यकारी अध्यक्ष **विष्णुप्रसाद सुवेदी** तथा महाप्रबन्धक **लालबहादुर ऐरी**द्वारा गोरखापत्रको छापाखाना, धर्मपथ, काठमाडौँमा मुद्रित तथा प्रकाशित। पो.ब.नं. २३, काठमाडौँ, नेपाल। द.नं. ०२। गो.हु.का.द.नं. २९/०५३/५४। निमित्त प्रधान सम्पादक **शिवकुमार भट्टराई**
सम्पादकीय : फोन नं. ०१–५३२२९२१, रिपोर्टिङ : ०१–५३४४४२९, डेस्क : ०१–५३५६०८४, **E-mail : gcreportin@gmail.com,** विज्ञापन शाखा : फोन नं. ०१–५३२७४९३, ०१–५३२६५२९, **E-mail : mgorkhapatra@gmail.com,** ग्राहक सेवा शाखा : ०१–५३२०६३८, टोल फ्री नं. १६६०–०१–९४४४४

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित,
बहुभाषी राष्ट्रिय दैनिक

हाम्रो गौरव, राष्ट्रको पत्रिका

# गोरखापत्र

gorkhapatraonline.com

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।






वर्ष १२३ | अङ्क १५ | २०८० साल जेठ ७ गते आइतबार | ज्येष्ठ शुक्ल द्वितीया | नेपाल संवत् ११४३ तछलाथ्व २ | 2023 May 21 Sunday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ

## ‘श्रमिक र तल्लो वर्गलाई राहत प्राथमिकतामा’



प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’

> जनताको भरोसा र विश्वास रहेसम्म जस्तोसुकै घेराबन्दी र दबाब झेलेर पनि सुशासन र समृद्धिको पक्षमा सरकार अघि बढ्छ।

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ ६ गते*

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले सरकारले श्रमिक र तल्लो वर्गलाई राहत दिने विषयलाई प्राथमिकता दिएको बताउनुभएको छ। अखिल नेपाल ट्रेड युनियन महासङ्घका नवनिर्वाचित पदाधिकारीको पदस्थापन तथा शपथग्रहण कार्यक्रममा शुक्रबार उहाँले आर्थिक वर्ष २०८०/८१ का लागि प्रस्तुत नीति र कार्यक्रमले उत्पादन र रोजगारी सिर्जना गर्ने विषयलाई उच्च प्राथमिकता दिएको र बजेटमार्फत थप सम्बोधन गरिने बताउनुभयो। उहाँले उत्पादन वृद्धि र रोजगारी सिर्जनामा वर्तमान सरकार दृढ रहेको पनि उल्लेख गर्नुभयो।

उहाँले गणतन्त्र निरङ्कुशतन्त्र र राजतन्त्रभन्दा गुणात्मक ढङ्ले राम्रो रहेको बताउँदै सङ्घीय लोकतान्त्रिक गणतन्त्रको घोषणापछि सबै क्षेत्रमा उल्लेख्य प्रगति हासिल भएको उल्लेख गर्नुभयो। झन्डै साढे दुई सय वर्षसम्म राजतन्त्रले देशलाई कङ्गाल पारेको, विकृति र विसङ्गति, सांस्कृतिक विचलन धेरै नै ल्याएको उल्लेख गर्दै उहाँले गणतन्त्रपछि विकास र समृद्धि, शिक्षा, स्वास्थ्य सबै क्षेत्रमा प्रगति भएको बताउनुभयो।

सरकारले ठुला दबाब र घेराबन्दीका बाबजुद सुशासनको पक्षमा काम गरिरहेको पनि स्पष्ट पार्नुभयो। नक्कली भुटानी शरणार्थी प्रकरणको अनुसन्धान त्यसैको एउटा पाटो भएको बताउँदै यो मात्रै नभई भ्रष्टाचारका सबै फाइल खोलिने जानकारी दिनुभयो।

» बाँकी पृष्ठ २ मा

### मिलेनियम च्यालेन्ज कर्पोरेसन

# औपचारिक काम भदौदेखि थालिने



*तस्बिर : उपप्रधानमन्त्रीको सचिवालय*

**उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठसँग एमसिसीका उपाध्यक्ष जोनाथन ब्रुक्स शनिबार शिष्टाचार भेट गर्नुहुँदै।**

> जग्गा अधिग्रहणको काम सुरु भयो, १० जिल्ला छोएर जाने ३१५ किलोमिटर प्रसारण लाइनका लागि जग्गा प्राप्ति ऐन अनुसार सुरु भएको जग्गा अधिग्रहणको प्रक्रिया अनुसार अबको तीन महिनाभित्र मूल्य निर्धारण कार्य सम्पन्न हुने छ।



**खड्गबहादुर विष्ट,** कार्यकारी निर्देशक, एमसिसी

**चाँदनी हमाल**
*काठमाडौँ, जेठ ६ गते*

अमेरिकी सहयोग नियोग मिलेनियम च्यालेन्ज कर्पोरेसनसँगको सम्झौता अनुसार नेपालमा गठित मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समितिले प्रारम्भिक काम थालेको छ। नेपालसँग ५० करोड डलर (करिब ५० अर्ब रुपियाँ) बराबरको एमसिसी सम्झौता सन् २०१७ मा भएको हो।

एमसिसी र सरकारबिच भएको सहमति अनुसार ५० करोड अमेरिकी डलरमा नेपाल सरकारले १३ करोड अमेरिकी डलर परिचालन गर्नुपर्ने छ। यस अनुसार कुल ७१ अर्ब नेपाली रुपियाँ बराबरको खर्च विकासमा हुने छ। संसद्‌बाट परियोजना अनुमोदित भएसँगै नेपालमा कामको थालनी भएको समितिका कार्यकारी निर्देशक खड्गबहादुर विष्टले बताउनुभयो। हालसम्म पूर्वतयारीका कामको प्रक्रिया जारी छ। उहाँले भन्नुभयो, “जग्गा अधिग्रहणको काम सुरु भयो, १० जिल्ला छोएर जाने ३१५ किलोमिटर प्रसारण लाइनका लागि जग्गा आवश्यक छ।”

जग्गा प्राप्ति ऐन अनुसार सुरु भएको जग्गा अधिग्रहणको प्रक्रिया अनुसार अबको तीन महिनाभित्र जग्गाको मूल्य निर्धारण कार्य सम्पन्न हुने उहाँले बताउनुभयो। अर्को कामका रूपमा परियोजना निर्माणकर्ताको छनोट प्रक्रिया सुरु भएको जानकारी उहाँले दिनुभयो। प्रतिस्पर्धाका आधारमा छनोट हुने

» बाँकी पृष्ठ २ मा

## बुढामगरद्वारा सगरमाथा आरोहण

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ ६ गते*

आत्मबल भए संसारमा असम्भव भन्ने कुरा नरहेको रोल्पाका हरि बुढामगरले साबित गरिदिनुभएको छ। घुँडामाथिसम्म दुवै खुट्टा गुमाउनुभएका पूर्वगोरखा सैनिकसमेत रहनुभएका बुढामगरले कृत्रिम खुट्टा (प्रोस्थेटिक) को सहयोगमा सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गर्नुभएको छ।

चैत २२ गते सगरमाथा आरोहणका लागि काठमाडौँबाट आधार शिविरतर्फ लाग्नुभएका उहाँले शुक्रबार दिउँसो ३ बजे सगरमाथाको दक्षिणी मोहडाबाट सगरमाथा आरोहण गर्नुभएको हो। शारीरिक अशक्त भएका व्यक्ति पनि कमजोर

» बाँकी पृष्ठ २ मा




## अनुसन्धान प्रतिवेदन तयार

> अनुसन्धानमा संलग्न प्रहरी अधिकारीका अनुसार पीडितको सङ्ख्या झन्डै नौ सयको हाराहारीमा रहेको र सङ्गठित गिरोहले एक अर्ब रुपियाँभन्दा बढी रकम ठगी गरेको पाइएको छ।

**मित्र भण्डारी**
*काठमाडौँ, जेठ ६ गते*

**नक्कली भुटानी शरणार्थी प्रकरण**

नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाई अमेरिका पठाउने गिरोहबारे प्रहरीले झन्डै दुई महिना लगाएर तयार पारेको अनुसन्धान प्रतिवेदन आइतबार जिल्ला सरकारी वकिलको कार्यालयमा बुझाउने तयारी गरेको छ। पीडितहरूको उजुरीका आधारमा नेपाल प्रहरीले चैत १२ गतेदेखि नक्कली भुटानी शराणार्थी प्रकरणको अनुसन्धान सुरु गरेको थियो।

जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता सीताराम रिजालले अनुसन्धानमा देखिएका कतिपय विषयमा थप प्रमाणसहित पूरक प्रतिवेदन पेस गर्ने गरी अनुसन्धान प्रतिवेदन बुझाउने तयारी भइरहेको जानकारी दिनुभयो। यस प्रकरणमा प्रहरीले पूर्वउपप्रधानमन्त्री, पूर्वगृहमन्त्री, तत्कालीन गृहसचिवसहित १६ जनालाई नियन्त्रणमा लिएर अनुसन्धान सुरु गरेको थियो। २०७९ चैत १२ गते ललितपुरका सानु भण्डारी, मोरङका केशव दुलाल र टङ्क गुरुङलाई पक्राउ गरी अनुसन्धान सुरु गरिएको थियो।

अनुसन्धानका क्रममा सागर राई र सन्देश शर्मा पक्राउ परेसँगै फेलापरेका प्रमाणका आधारमा तत्कालीन गृहमन्त्री र गृहसचिवसहित ठूलो गिरोहको मिलेमतो देखिएको थियो। वैशाख १९ गते इन्द्रजित राई र २० गते पूर्वगृहसचिव टेकनारायण पाण्डेको बयानसँगै रकम लेनदेनको प्रमाणका आधारमा वैशाख २७ गते पूर्वगृहमन्त्री बालकृष्ण खाण र उहाँका सहयोगी नरेन्द्र केसीलाई प्रहरीले नियन्त्रणमा लिएको थियो। वैशाख २० गते पक्राउ पुर्जी जारी भएपछि फरार भएका पूर्वउपप्रधानमन्त्री तथा नेपाल कम्युनिस्ट पार्टी (एमाले) का सचिव (निलम्बित) टोपबहादुर रायमाझीलाई वैशाख ३१ गते र संविधान सभा सदस्य आङ्टावा शेर्पालाई जेठ १ गते पक्राउ गरिएको थियो।

त्यस्तै नेपाल हज कमिटीका अध्यक्ष शमशेर मियाँ र भुटानी मानव अधिकारकर्मी नेता टेकनाथ रिजाललाई जेठ ४ गते पक्राउ गरिएको थियो। पक्राउ परेका १६ जनालाई अनुसन्धान प्रतिवेदनसहित आइतबार जिल्ला सरकारी वकिलको कार्यालयमा बुझाउने तयारी भएको छ।

परिसर स्रोतका अनुसार पक्राउ पुर्जी जारी भएपछि फरार रहेका रामबहादुर थापा ‘बादल’का छोरा प्रतीक थापा, इन्द्रजित राईका छोरा निरज राई प्रत्यक्ष रूपमा रकम लेनदेनमा संलग्न रहेको र अन्य १४ जनाको भूमिका बिचौलिया र सहयोगीको रहेको पाइएको छ।

छुट भएका भुटानी शरणार्थीलाई तेस्रो मुलुकमा पुनर्स्थापना गराउने योजना अनुरूप

» बाँकी पृष्ठ २ मा




### क्यान अब नियामक र सेवा प्रदायक

# दुई विधेयक कानुन मन्त्रालयमा

**मीनराज भण्डारी**
*काठमाडौँ, जेठ ६ गते*

> इयुले प्राधिकरणको वर्तमान संस्थागत संरचनालाई नियामक र सेवा प्रदायक छुट्टाछुट्टै निकायका रूपमा विभाजनलाई अनिवार्य सर्त मान्दै आएको छ।

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) लाई नियामक निकाय र सेवा प्रदायक संस्थाका रूपमा विभाजन गर्ने दुई विधेयकको मस्यौदा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पुगेको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार प्राधिकरणलाई नियामक र सेवा प्रदायक संस्थाका रूपमा टुक्र्याउने गरी तयार पारेको विधेयकको मस्यौदा अध्ययन र स्वीकृतिका लागि कानुन मन्त्रालयमा पठाइएको हो।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव सुरेश अधिकारीले अहिले मुलुकको हवाई क्षेत्रलाई नेपाल नागरिक उड्डयन प्राधिकरण ऐनले नियमन गरिरहेको र छुट्टाछुट्टै ऐनमार्फत सेवा प्रदायक र नियमनकारी निकायका रूपमा नियमन गराउने विधेयक कानुन मन्त्रालयमा पुगेको जानकारी दिनुभयो।

“हाल उड्डयन क्षेत्रको सञ्चालन र नियमन एउटै निकायले गर्दै आएको छ,” उहाँले भन्नुभयो, “यही कारण देखाएर युरोपेली सङ्घ (इयु)ले नेपाली वायुसेवालाई कालोसूचीमा राख्दै आएकाले छुट्टाछुट्टै ऐन निर्माणका लागि विधेयक अध्ययन तथा स्वीकृतिका लागि कानुन मन्त्रालयमा पुगेको छ।”

उहाँले नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक र नेपाल हवाई सेवा प्राधिकरण विधेयक कानुन मन्त्रालयबाट स्वीकृत भएपछि मन्त्रीपरिषद् हुँदै संसद्‌मा लगिने जानकारी दिनुभयो।

२०७० मङ्सिर २० गतेदेखि नेपालका सम्पूर्ण वायुसेवाका विमान इयुअन्तर्गतका मुलुकमा उडान गर्न प्रतिबन्धित छन्। इयुले प्राधिकरणको वर्तमान संस्थागत संरचनालाई नियामक र सेवा प्रदायक छुट्टाछुट्टै निकायका रूपमा विभाजनलाई अनिवार्य सर्त मान्दै आएको छ। इयुको मुख्य चासो प्राधिकरण ऐन र यसले लिने संरचनागत परिवर्तनमा केन्द्रित रहँदै आएपछि एक दशकदेखि नेपालमाथिको प्रतिबन्ध हट्न सकेको छैन। इयुको

» बाँकी पृष्ठ २ मा

हाम्रो गौरव, राष्ट्रको पत्रिका

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित,
बहुभाषी राष्ट्रिय दैनिक

# गोरखापत्र

gorkhapatraonline.com

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।




कोहलपुर संस्करण | विचार | चिनियाँ आधुनिकीकरण | अर्थतन्त्रको अवस्था फेर्ने गरी नयाँ बजेट १४

वर्ष १२३ | अङ्क १५ | २०८० साल जेठ ७ गते आइतबार | ज्येष्ठ शुक्ल द्वितीया | नेपाल संवत् ११४३ तछलाथ्व २ | 2023 May 21 Sunday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ

## ‘श्रमिक र तल्लो वर्गलाई राहत प्राथमिकतामा’



प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’

> जनताको भरोसा र विश्वास रहेसम्म जस्तोसुकै घेराबन्दी र दबाब झेलेर पनि सुशासन र समृद्धिको पक्षमा सरकार अघि बढ्छ ।

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ ६ गते*

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले सरकारले श्रमिक र तल्लो वर्गलाई राहत दिने विषयलाई प्राथमिकता दिएको बताउनुभएको छ। अखिल नेपाल ट्रेड युनियन महासङ्घका नवनिर्वाचित पदाधिकारीको पदस्थापन तथा शपथग्रहण कार्यक्रममा शुक्रबार उहाँले आर्थिक वर्ष २०८०/८१ का लागि प्रस्तुत नीति र कार्यक्रमले उत्पादन र रोजगारी सिर्जना गर्ने विषयलाई उच्च प्राथमिकता दिएको र बजेटमार्फत थप सम्बोधन गरिने बताउनुभयो। उहाँले उत्पादन वृद्धि र रोजगारी सिर्जनामा वर्तमान सरकार दृढ रहेको पनि उल्लेख गर्नुभयो।

उहाँले गणतन्त्र निरङ्कुशतन्त्र र राजतन्त्रभन्दा गुणात्मक ढङ्ले राम्रो रहेको बताउँदै सङ्घीय लोकतान्त्रिक गणतन्त्रको घोषणापछि सबै क्षेत्रमा उल्लेख्य प्रगति हासिल भएको उल्लेख गर्नुभयो। झन्डै साढे दुई सय वर्षसम्म राजतन्त्रले देशलाई कङ्गाल पारेको, विकृति र विसङ्गति, सांस्कृतिक विचलन धेरै नै ल्याएको उल्लेख गर्दै उहाँले गणतन्त्रपछि विकास र समृद्धि, शिक्षा, स्वास्थ्य सबै क्षेत्रमा प्रगति भएको बताउनुभयो।

सरकारले ठुला दबाब र घेराबन्दीका बाबजुद सुशासनको पक्षमा काम गरिरहेको पनि स्पष्ट पार्नुभयो। नक्कली भुटानी शरणार्थी प्रकरणको अनुसन्धान त्यसैको एउटा पाटो भएको बताउँदै यो मात्रै नभई भ्रष्टाचारका सबै फाइल खोलिने जानकारी दिनुभयो।

» बाँकी पृष्ठ २ मा

### मिलेनियम च्यालेन्ज कर्पोरेसन

# औपचारिक काम भदौदेखि थालिने



*तस्बिर : उपप्रधानमन्त्रीको सचिवालय*

**उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठसँग एमसिसीका उपाध्यक्ष जोनाथन ब्रुक्स शनिबार शिष्टाचार भेट गर्नुहुँदै ।**

> जग्गा अधिग्रहणको काम सुरु भयो, १० जिल्ला छोएर जाने ३१५ किलोमिटर प्रसारण लाइनका लागि जग्गा प्राप्ति ऐन अनुसार सुरु भएको जग्गा अधिग्रहणको प्रक्रिया अनुसार अबको तीन महिनाभित्र मूल्य निर्धारण कार्य सम्पन्न हुने छ ।



**खड्गबहादुर विष्ट,** कार्यकारी निर्देशक, एमसिसी

**चाँदनी हमाल**
*काठमाडौँ, जेठ ६ गते*

अमेरिकी सहयोग नियोग मिलेनियम च्यालेन्ज कर्पोरेसनसँगको सम्झौता अनुसार नेपालमा गठित मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समितिले प्रारम्भिक काम थालेको छ। नेपालसँग ५० करोड डलर (करिब ५० अर्ब रुपियाँ) बराबरको एमसिसी सम्झौता सन् २०१७ मा भएको हो।

एमसिसी र सरकारबिच भएको सहमति अनुसार ५० करोड अमेरिकी डलरमा नेपाल सरकारले १३ करोड अमेरिकी डलर परिचालन गर्नुपर्ने छ। यस अनुसार कुल ७१ अर्ब नेपाली रुपियाँ बराबरको खर्च विकासमा हुने छ। संसद्बाट परियोजना अनुमोदित भएसँगै नेपालमा कामको थालनी भएको समितिका कार्यकारी निर्देशक खड्गबहादुर विष्टले बताउनुभयो। हालसम्म पूर्वतयारीका कामको प्रक्रिया जारी छ। उहाँले भन्नुभयो, “जग्गा अधिग्रहणको काम सुरु भयो, १० जिल्ला छोएर जाने ३१५ किलोमिटर प्रसारण लाइनका लागि जग्गा आवश्यक छ।”

जग्गा प्राप्ति ऐन अनुसार सुरु भएको जग्गा अधिग्रहणको प्रक्रिया अनुसार अबको तीन महिनाभित्र जग्गाको मूल्य निर्धारण कार्य सम्पन्न हुने उहाँले बताउनुभयो। अर्को कामका रूपमा परियोजना निर्माणकर्ताको छनोट प्रक्रिया सुरु भएको जानकारी उहाँले दिनुभयो। प्रतिस्पर्धाका आधारमा छनोट हुने

» बाँकी पृष्ठ २ मा

## बुढामगरद्वारा सगरमाथा आरोहण

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ ६ गते*

आत्मबल भए संसारमा असम्भव भन्ने कुरा नरहेको रोल्पाका हरि बुढामगरले साबित गरिदिनुभएको छ। घुँडामाथिसम्म दुवै खुट्टा गुमाउनुभएका पूर्वगोरखा सैनिकसमेत रहनुभएका बुढामगरले कृत्रिम खुट्टा (प्रोस्थेटिक) को सहयोगमा सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गर्नुभएको छ।

चैत २२ गते सगरमाथा आरोहणका लागि काठमाडौँबाट आधार शिविरतर्फ लाग्नुभएका उहाँले शुक्रबार दिउँसो ३ बजे सगरमाथाको दक्षिणी मोहडाबाट सगरमाथा आरोहण गर्नुभएको हो। शारीरिक अशक्त भएका व्यक्ति पनि कमजोर

» बाँकी पृष्ठ २ मा




## अनुसन्धान प्रतिवेदन तयार

> अनुसन्धानमा संलग्न प्रहरी अधिकारीका अनुसार पीडितको सङ्ख्या झन्डै नौ सयको हाराहारीमा रहेको र सङ्गठित गिरोहले एक अर्ब रुपियाँभन्दा बढी रकम ठगी गरेको पाइएको छ ।

**मित्र भण्डारी**
*काठमाडौँ, जेठ ६ गते*

नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाई अमेरिका पठाउने गिरोहबारे प्रहरीले झन्डै दुई महिना लगाएर तयार पारेको अनुसन्धान प्रतिवेदन आइतबार जिल्ला सरकारी वकिलको कार्यालयमा बुझाउने तयारी गरेको छ। पीडितहरूको उजुरीका आधारमा नेपाल प्रहरीले चैत १२ गतेदेखि नक्कली भुटानी शराणार्थी प्रकरणको अनुसन्धान सुरु गरेको थियो।

**नक्कली भुटानी शरणार्थी प्रकरण**

जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता सीताराम रिजालले अनुसन्धानमा देखिएका कतिपय विषयमा थप प्रमाणसहित पूरक प्रतिवेदन पेस गर्ने गरी अनुसन्धान प्रतिवेदन बुझाउने तयारी भइरहेको जानकारी दिनुभयो। यस प्रकरणमा प्रहरीले पूर्वउपप्रधानमन्त्री, पूर्वगृहमन्त्री, तत्कालीन गृहसचिवसहित १६ जनालाई नियन्त्रणमा लिएर अनुसन्धान सुरु गरेको थियो। २०७९ चैत १२ गते ललितपुरका सानु भण्डारी, मोरङका केशव दुलाल र टङ्क गुरुङलाई पक्राउ गरी अनुसन्धान सुरु गरिएको थियो।

अनुसन्धानका क्रममा सागर राई र सन्देश शर्मा पक्राउ परेसँगै फेलापरेका प्रमाणका आधारमा तत्कालीन गृहमन्त्री र गृहसचिवसहित ठूलो गिरोहको मिलेमतो देखिएको थियो। वैशाख १९ गते इन्द्रजित राई र २० गते पूर्वगृहसचिव टेकनारायण पाण्डेको बयानसँगै रकम लेनदेनको प्रमाणका आधारमा वैशाख २७ गते पूर्वगृहमन्त्री बालकृष्ण खाण र उहाँका सहयोगी नरेन्द्र केसीलाई प्रहरीले नियन्त्रणमा लिएको थियो। वैशाख २० गते पक्राउ पुर्जी जारी भएपछि फरार भएका पूर्वउपप्रधानमन्त्री तथा नेपाल कम्युनिस्ट पार्टी (एमाले) का सचिव (निलम्बित) टोपबहादुर रायमाझीलाई वैशाख ३१ गते र संविधान सभा सदस्य आङ्टावा शेर्पालाई जेठ १ गते पक्राउ गरिएको थियो।

त्यस्तै नेपाल हज कमिटीका अध्यक्ष शमशेर मियाँ र भुटानी मानव अधिकारकर्मी नेता टेकनाथ रिजाललाई जेठ ४ गते पक्राउ गरिएको थियो। पक्राउ परेका १६ जनालाई अनुसन्धान प्रतिवेदनसहित आइतबार जिल्ला सरकारी वकिलको कार्यालयमा बुझाउने तयारी भएको छ।

परिसर स्रोतका अनुसार पक्राउ पुर्जी जारी भएपछि फरार रहेका रामबहादुर थापा ‘बादल’का छोरा प्रतीक थापा, इन्द्रजित राईका छोरा निरज राई प्रत्यक्ष रूपमा रकम लेनदेनमा संलग्न रहेको र अन्य १४ जनाको भूमिका बिचौलिया र सहयोगीको रहेको पाइएको छ।

छुट भएका भुटानी शरणार्थीलाई तेस्रो मुलुकमा पुनर्स्थापना गराउने योजना अनुरूप

» बाँकी पृष्ठ २ मा




### क्यान अब नियामक र सेवा प्रदायक

# दुई विधेयक कानुन मन्त्रालयमा

**मीनराज भण्डारी**
*काठमाडौँ, जेठ ६ गते*

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) लाई नियामक निकाय र सेवा प्रदायक संस्थाका रूपमा विभाजन गर्ने दुई विधेयकको मस्यौदा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पुगेको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार प्राधिकरणलाई नियामक र सेवा प्रदायक संस्थाका रूपमा टुक्र्याउने गरी तयार पारेको विधेयकको मस्यौदा अध्ययन र स्वीकृतिका लागि कानुन मन्त्रालयमा पठाइएको हो।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव सुरेश अधिकारीले अहिले मुलुकको हवाई क्षेत्रलाई नेपाल नागरिक उड्डयन प्राधिकरण ऐनले नियमन गरिरहेको र छुट्टाछुट्टै

> इयुले प्राधिकरणको वर्तमान संस्थागत संरचनालाई नियामक र सेवा प्रदायक छुट्टाछुट्टै निकायका रूपमा विभाजनलाई अनिवार्य सर्त मान्दै आएको छ ।

ऐनमार्फत सेवा प्रदायक र नियमनकारी निकायका रूपमा नियमन गराउने विधेयक कानुन मन्त्रालयमा पुगेको जानकारी दिनुभयो।

“हाल उड्डयन क्षेत्रको सञ्चालन र नियमन एउटै निकायले गर्दै आएको छ,” उहाँले भन्नुभयो, “यही कारण देखाएर युरोपेली सङ्घ (इयु)ले नेपाली वायुसेवालाई कालोसूचीमा राख्दै आएकाले छुट्टाछुट्टै ऐन निर्माणका लागि विधेयक अध्ययन तथा स्वीकृतिका लागि कानुन मन्त्रालयमा पुगेको छ।”

उहाँले नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक र नेपाल हवाई सेवा प्राधिकरण विधेयक कानुन मन्त्रालयबाट स्वीकृत भएपछि मन्त्रीपरिषद् हुँदै संसद्मा लगिने जानकारी दिनुभयो।

२०७० मङ्सिर २० गतेदेखि नेपालका सम्पूर्ण वायुसेवाका विमान इयुअन्तर्गतका मुलुकमा उडान गर्न प्रतिबन्धित छन्। इयुले प्राधिकरणको वर्तमान संस्थागत संरचनालाई नियामक र सेवा प्रदायक छुट्टाछुट्टै निकायका रूपमा विभाजनलाई अनिवार्य सर्त मान्दै आएको छ। इयुको मुख्य चासो प्राधिकरण ऐन र यसले लिने संरचनागत परिवर्तनमा केन्द्रित रहँदै आएपछि एक दशकदेखि नेपालमाथिको प्रतिबन्ध हट्न सकेको छैन। इयुको

» बाँकी पृष्ठ २ मा